
# बौद्धर्षि महाप्रज्ञाको आत्मकथा


(तेस्रो खण्ड)



नेपाल अधिराज्यभित्र सबैभन्दा पहिले थेरवाद बुद्धधर्म ल्याउने

बौद्धर्षि महाप्रज्ञा

Downloaded from http://dhamma.digital



बुद्धभूमि नेपालमा राणाशासनको पुरस्कार : भिक्षुगण निष्काशन
(वि.सं. १९८२ मा देश निकाला गरिएका ५ भिक्षुगणमध्ये सबैभन्दा अगाडि महाप्रज्ञा त्यसपछि क्रमशः महाचन्द्र, महाज्ञान, महाबीर्य र महाक्षान्ति ।

## महाप्रज्ञाको अन्तिम यात्रा देहावसान (निर्वाण) २०३५ चैत्र ९ गते







Downloaded from http://dhamma.digital

साहित्यसुता, कर्मस्थानाचार्य एवं बौद्धर्षि

# महाप्रज्ञाको आत्मकथा

(तेस्रो खण्ड)


लेखक

महाप्रज्ञा

अनुवादक

सन सायमी

सहयोगी

चुनु थापा

फोन : ०१-४४२६३९४

थापामार्ग, कमलपोखरी

रश्ना शाक्य

फोन : ९८४१८९९३४६

सिनामंगल



प्रकाशक

उपासक, उपासिका

बौद्ध ऋषि महाप्रज्ञा आश्रम

घट्टेकुलो, काठमाडौं, नेपाल

फोन : ०१४७७०९२६


Downloaded from http://dhamma.digital

पुस्तकको नाम : बौद्धर्षि महाप्रज्ञाको आत्मकथा

Title of Book : An Auto-biography of
Bauddharishi Mahapragya

लेखक : बौद्धर्षि महाप्रज्ञा

लेखन समय : वि.सं. २०२१

विधा : जीवनी

अनुवादक : सन सायमी

भाषाशुद्धिकरण : रमेश खकुरेल

प्रकाशक : उपासक, उपासिका
बौद्ध ऋषि महाप्रज्ञा आश्रम
घट्टेकुलो, काठमाडौं, नेपाल

मुद्रक : SHAKYA PRINTING PRESS
कुलेश्वर, काठमाडौं

सर्वाधिकार : प्रकाशक

संस्करण : प्रथम

प्रकाशन : २०७०

मूल्य : १५०/- सहयोगार्थ

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# विषयसुची

दुई शब्द ........ क
भूमिका ........ ख
ध्यान : प्रयोगात्मक रूपबाट परिचित हुन सरल ........ ग

ब्रम्हचर्या बिग्रेकोमा दु:ख ........ १
रोगी अबस्थामा सेवा गर्नेहरू ........ २
चतुर रत्नको प्रश्न ........ ४
तपस्या भङ्ग ........ ४
दुईजनाको छलफल ........ ५
आफ्नो बिचारको फलः सुबोधानन्दको दर्शन ........ ८
गृहिणीको चासो ........ १०
मायाको जाल मुक्तिको उपाय ........ १२
म त शिवजी ........ १३
शनिश्चरको दशा ........ १४
धर्मोदय विहारमा धर्म सभा ........ १५
पुनः नेपालतिरै ........ १६
धरानबाट भोजपुरतिर ........ १८
भोजपुरमा महापरित्राण ........ १९
महापरित्राणको कविता ........ १९
श्री ५ को शालिक स्थापना ........ २२
कन्या कुमारीहरूको मनोभावना ........ २२
चैनपुर यात्रा ........ २४
धर्मोपदेश ........ २७
पण्डितलाई उपदेश ........ २७
भोजुरमा फर्केपछि ........ ३२
गृहिणीको पुनः उपकार ........ ३४
गृहजालको रहस्य ........ ३६
आलोचना ........ ३७
पिण्डपात्रः दान ग्रहण ........ ३७

Downloaded from http://dhamma.digital

ऋषिसँग धर्म सम्बाद ........ ३८
तामाङ लामासँग संवाद ........ ४०
रेलयात्राको क्रममा मधेशी व्राम्हणसँग संवाद ........ ४५
तानसेनमा धर्मोपदेश ........ ४७
शुक्रराजका पितासँग संवाद ........ ५१
चिठीको जवाफ ........ ५४
सेवा मोह हुने कुरो ........ ५५
धर्म प्रचारमा आएको मार ........ ६१
जन्म दिन मनाउने कार्यक्रम ........ ६४
चैत्यप्रभाको प्रतिक्रिया ........ ६५
सान्त्वनाको कुरा ........ ६५
पंसुकूल वस्त्र (कात्रो) ........ ६६
स्वार्थपूर्ण धर्मको रूप ........ ६८
यथार्थ कुरा ........ ६९
चाप्लुसीको जरा ........ ७१
श्रद्धावान्हरूको श्रद्धा ........ ७२
वर्षावासको कार्यक्रम ........ ७३
रिपोर्टको रिपोर्ट ........ ७४
ऋषिको स्पष्टीकरण ........ ७५
आत्मालोचना ........ ७८
यस्तो पनि भयो, होला र ? ........ ८०
कमजोर प्रबृत्ति ........ ८१
उपासकहरूको कुराकानी र प्रश्नोत्तर ........ ८४
अस्थिर बोध ........ ८७
सम्झन लायक, श्रद्धा र गुण भएकाहरू ........ ८८
ठाउँ बदलियो, सजिलो भयो ........ ९०
श्रद्धाका फलदायकहरू ........ ९१
बदलिएको कुरा ........ ९३
ऐनामा देखिएको अनुहार उघार्दा ........ ९४
पर्‍यो हैन त निष्काशन गरेको फल ........ ९५
आश्रम स्थापना ........ ९६
गुण बर्णन ........ ९६
आश्रम उद्‌घाटन ........ ९८

Downloaded from http://dhamma.digital

बुद्धमूर्ति प्रतिष्ठा र स्थिरता ........................................ ९९
पुनः मार उठयो ........................................ १००
कलहको पुनर्जन्म ........................................ १०३
पुनःस्मृतिको कुरा ........................................ १०७
बुद्ध शासनमा अस्थिरता ........................................ १०७
बिर्सन नसक्ने कुरो ........................................ १०९
धम्मवंशलाई जवाफ ........................................ १११
ठाउँको दूर्दशा र लोकको चाला ........................................ ११३
महाप्रज्ञा तत्वज्ञान ........................................ ११४
महाप्रज्ञा आश्रमको समाचार ........................................ ११६
बुद्धम् शरणम् भने पुग्छ गच्छामि होइन ........................................ ११७
शील दिने पनि होइन लिने पनि होइन पालना गर्ने ........................................ ११८
भावनाको कुरा ........................................ ११९
टेप रेकर्ड पनि भयो ........................................ १२१
श्रद्धाहुनेहरूको अनुरोध ........................................ १२१
एकै ठाउँमा बस्नेहरू शीलवान् होइनन् ........................................ १२२
यस्तो पनि सुन्नु पर्‍यो ........................................ १२२
आश्रमको नियम ........................................ १२३
महाप्रज्ञा तत्वज्ञानः पञ्च स्कन्ध परिच्छेद ........................................ १२४
निर्वाण ........................................ १२५
आयु छोटो भएको लक्षण ........................................ १२६
विराग मार्गमा परेको कुरा ........................................ १२६
सम्झेको एउटा कुरो ........................................ १२८
झ्याल ढोकाको कुरा ........................................ १२९
परमार्थको पहिलो प्रकरण ........................................ १३१
परमार्थको दोस्रो प्रकरण ........................................ १३३
धातु मात्र ........................................ १३४
तत्व भाव ........................................ १३५
स्वभाव धर्म ........................................ १३५
ज्ञान बोध ........................................ १३५
अन्तिम उपदेश ........................................ १३८
स्वतन्त्रको अर्थ ........................................ १४१
महाप्रज्ञाको शालिकको प्रस्ताव ........................................ १४२

Downloaded from http://dhamma.digital

# दुई शब्द

पूज्य गुरु श्री महाप्रज्ञाज्यूबाट नेपाल भाषामा लेखिएको अति घतलाग्दो र गहन विषयको आत्मकथा तेश्रो भाग नेपाली भाषामा प्रकाशित भै धर्मप्रेमीहरूको हातमा पुगिरहेको छ। मैले गुरुजीलाई सानै उमेरदेखि चिनेको थिएँ। मेरी आमा वहाँको शिष्या हुनुहुन्थ्यो। म आमाको पछि लागेर जाने गर्दथें। वहाँहरू धर्मको बारेमा छलफल गर्नु हुन्थ्यो र ध्यान अभ्यास पनि गर्नुहुन्थ्यो। तर त्यो बेला म सानै भएको हुनाले केही ग्रहण गर्न सकिन। जब नेपाल भाषाको आत्मकथा पढ्ने मौका पाएँ अनि थाहा भयो कि वहाँले धर्मको लागी कति दुःख पाउनु भयो, कति कष्ट भेल्नु भयो। यो आत्मकथाको किताब सर्सर्ती कथा वा उपन्यास पढे भैं पढेर बुझ्न सकिन्न, यसको वास्तविक महत्व छलफल गरेर ध्यान अभ्यास गरेर मात्र बुझ्न सकिन्छ। विपश्यना गर्ने साधक-साधिकाहरूलाई अवश्य पनि यस पुस्तकले साधनामा मद्दत पुऱ्याउने छ भन्ने आशा लिएकी छुँ।

**रश्ना शाक्य**
*सिनामंगल, काठमाडौं*

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# भूमिका

साधारणतः हामी दुःखको समयमा दुःख बिर्सन खोज्छौं। रक्सी पिएर हुन्छ कि सिनेमा हेरेर हुन्छ कि भजन-कीर्तन गरेर हुन्छ कि। हजार अलगअलग तरीका हुन सक्छन्, धार्मिक अधार्मिक अन्य यो ठूलो कुरा होइन तर मुख्य कुरा एउटै हुन्छ कि मानिस आफ्नो दुःख बिर्सन खोज्दछ।

जसले दुःखलाई विस्मरण गर्छ, उ दुःख प्रति जागृत हुन सक्दैन। दुःख पाउँदा जागरणको लागि एक शुभ अवसर सम्भन्छन् त्यस्ता व्यक्तिलाई दुःखको क्षण साधनाको क्षण बन्न सक्दछ, बनाउन सकिन्छ। त्यसैले साधकले दुःखलाई सधैं स्वागत गरी स्वीकार गरेको हुन्छ। यसको कारण यो होइन कि दुःख शुभ हुन्छ। दुःख अवसर बन्छ, बनाउन सकिन्छ, स्वयंलाई साध्न। यदि दुःखलाई स्मरणपूर्वक भोग्यौं भने त्यो सानो बनेको पाउँछौं। जति ध्यानपूर्वक दुःख या सुख स्वीकार्छौं त्यत्तिनै सानो बनी खुम्चेर जान्छ। यति सानो हुन्छ कि त्यसको अर्थनै रहँदैन। तर हामीले दुःखलाई बढाइचढाई स्वीकार गर्दा पूरा जिन्दगीलाई घेरेको जस्तो लाग्छ, तर जब ध्यानपूर्वक तिनीहरूलाई हेरिन्छ, तिनीहरू स-साना बन्छन्।

यस्तै अनेकौं अमूल्य विधिहरूलाई जीवनका अनेकन परिस्थितिहरूमा प्रयोग गरी शान्त चित्त स्थित अवस्थामा रहन सिकाउनु हुने परम गुरु महाप्रज्ञाको आत्मकथाको यो तेस्रो र अन्तिम भाग नेपालीमा अनुवाद गर्ने अनुवादक श्री सन सायमी र भाषा सुद्धीकरण गर्ने श्री रमेश खकुरेलका साथै यस पुस्तक प्रकाशनमा पूर्ण सहयोग गर्ने श्री रमेश राजकर्णिकारलाई धन्यवाद दिन चाहन्छु।

**चुनु थापा**
कमलपोखरी, काठमाडौं
२०७०



Downloaded from http://dhamma.digital

# ध्यान : प्रयोगात्मक रूपबाट परिचित हुन सरल

आजको बैज्ञानिक युगमा ध्यानको महत्व र परिणामबारे नापतौल गर्न सकिन्छ । पश्चिमका अनेकन प्रयोगशाला र विश्वबिंद्यालयहरूमा यसको असरबारे चर्चा, परिचर्चा र अन्वेषण भएको अवस्था छ । त्यसैले जीवनमा ध्यानको महत्वबारे बिज्ञानले पनि गुणगान सुरु गरिसकेको छ । उदाहरणको लागि हाम्रो मष्तिस्कमा अनेकन तरंगहरू पैदा भैरहन्छ जसलाई मेसिनबाट पत्ता लगाउन सकिन्छ । जस्तै, अल्फा, बीटा, ठीटा, गामा यी सबै तरंगमध्ये अल्फा तरंगले मानिसको जीवनमा शान्ति ल्याउँछ । जब हामी निन्द्रामा हुन्छौ, त्यस समय दोस्रो तरंग बीटा तरंगको बढी प्रभाव देखिन्छ । त्यसकारण हामी जब निन्द्राबाट ब्युझिन्छौं हामीमा एक नयाँ ऊर्जा र ताजगीको अनुभूती हुन्छ । ध्यान पनि एकप्रकारको होशले भरिएको निन्द्रा हो, जहाँ बिश्रामसँगै होशको बाहुल्यता हुन्छ । योगामा यसलाई योग निन्द्रा भनिन्छ । ध्यान अति सरल र सौम्य प्रयोग हो । बैज्ञानिक अन्वेषणबाट यो स्थितिमा हाम्रो मष्तिस्कमा अल्फा तरंगको अधिकतम प्रभाव हुन्छ, जसले गर्दा ध्यानपछिको स्थितिमा नयाँ ऊर्जा, ताजगी, बिश्रामसगै मौन र मस्ती छाएको हुन्छ । मौनले ऊर्जालाई बेह हुनबाट जोगाउँछ भने मस्तीले हृदयको चक्र खोल्न थाल्छ र हामीमा प्रेम, करुणा र मैत्रीभावको उदय हुन थाल्छ । पूर्ण बिश्राम तब सम्भब हुन्छ ,जब हामी आफनो मनको खेल साक्षी भएर हेर्न सक्छौं । साक्षी हुन आफ्नो मनको खेललाई तटस्थ भएर नियाल्नुसक्नु नै ध्यान हो । तटस्थ अवस्था भन्नु नै मनको खेलले आफूलाई प्रभाबित नपार्नु हो । दुःखी मनले, न त सुखी मनले, दुबै स्थितीमा, तटस्थ वा अछुत भएर बस्नु नै ध्यान हो । हामीमा केही यस्ता क्षणहरू प्रस्फुटित हुन्छ जून प्रयोग गरेर मात्र अनूभब हुन्छ ।

ध्यान यस्तो कृत हो जस्मा न कुनै देश, जात, धर्म, संस्कृति, रङ्ग, स्त्री न पुरुषको भेदभावबाट मुक्त भएर प्रयोग गर्न सकिने एक बहुमूल्य बिधि हो । मन्दिर, मस्जिद, गुरुद्वारा, सिनागग, बिहार, चर्च, घर, जहाँ पनि प्रयोग गर्नसकिने एक सर्बोकृष्ट कल्याणकारी बिधि हो । यस्तो लोककल्याणकारी बिधिका प्रबर्द्धक गुरु महाप्रज्ञाको आत्मकथा प्रथम, दोस्रो, यो तेस्रो तथा अन्तिम खण्ड नेपाली भाषामा अनुवाद गरी जनमानसमा प्रस्तुत गर्नसक्नु नै गुरु महाप्रज्ञाको स्वतःस्फूर्त चमत्कारी, आध्यत्मिक उपलब्धिका सोपनले हामीलाई पनि अध्यात्मको त्यो स्वाद गराउँछ । उहाँको पबित्र स्मरणलाई मेरो सानो अंशको परिश्रम अर्पण गर्दछु । उहाँको परम्पराको नेतृत्व कायम राख्ने साधीका तथा साधकहरूमा नमन् गर्न चाहन्छु ।

**स्वामी आन्नद रमेश**
**(रमेश राजकर्णिकार)**
**अध्यक्ष**
**ओशो तपोवन**
*नागर्जुन, काठमाडौं*



Downloaded from http://dhamma.digital

# महाप्रज्ञा (भाग -३)

"नमो बुद्धाय ॥ नमो धर्माय ॥ नमो संघाय ॥"

## ब्रम्हचर्या बिग्रेकोमा दु:ख

श्रीमतीले आफूले कमाएर खुवाउनु परेकोले झन् घुर्की सहन गाह्रो भयो। सकिएन भनेर पल्टेर बस्दा पनि बिरामीलाई काम दिने, सन्चो छैन भन्न नपाउने। चाडवाड अगाडि आयो घुर्की सुन्नु पर्‍यो, बैद्यकोमा जान पैसा छैन, श्रीमतीसँग पैसा माग्दा पैसा नदीकन घुर्की देखाउने भयो।

बल्लतल्ल सिपाही पुलिसको जागीर एउटा मिल्यो। मासिक पन्ध्र रूपैयाँ भित्रिने भयो। किस्ता लिएर श्रीमतीको हातमा राखी दिंदा खुसी हुने आशले पन्ध्र रूपैयाँ लगेर श्रीमतीलाई दियो। श्रीमतीले पैसा एक पल्ट हेरिन्, श्रीमान्को अनुहार एक पल्ट हेर्थिन्, रिसले चूर भएर "यही हो तिम्रो कमाइ यति पैसाले तिम्रो मात्र पनि पेट भर्न सक्ला र ? मलाई के खुवाउने हं ?" भन्दै पैसा टाढासम्म हुत्याइ दिइन्। स्वामीको मन उदास भयो "कस्ता आइमाईको फन्दामा परें म" भन्दै मन दुखाएर आफ्नो काममा गयो।

भात खान घर गएँ, घरमा श्रीमतीले अनुहार रातो पारेर बसेको देखेर केही भन्न लाज लागेर चूपलागेर बसी रहें।'

श्रीमती भुतभुताउन थालिन् "जागीर एउटा देखाएर घडी हेरेर भात खान आउँछन्, घरमा छ, छैन केही हेरेको होइन, मैले कहाँबाट ल्याएर जोरजाम गरी खुवाउने ?"

स्वामीजी भातै नखाइकन पालो बस्न गयो। श्रीमतीले भात पकाइ सके पछि श्रीमान् बाहिर नदेखेर थानामा दौडिन्, साथीहरूको अगाडि रोएर आफैले श्रीमान्को इज्जत खोलेर चिच्याइन्।

टायममै गएर खान गएको पनि "छ, छैन हेर्नु पर्दैन, घडी हेरेर भात खान आउँछन् कति लाज नभएको" भन्न थालिन्। यसैले समयमा खान जान लाज मान्यो। समयमा आएन भनेर फेरि कराउन गइन्।



Downloaded from http://dhamma.digital

"तिमीलाई बोलाउन एउटा नोकर पाल, दिनदिनै म तिमीलाई बोलाउन आउन सक्दिन" भनिन्। पुलिसको काम कहिले पालो बस्नु पर्ने, घरमा गएन कि अर्को नै शंका गरी झगडा गर्थे। स्वामीजी सुत्न पनि भएन उठन पनि भएन जति गरे पनि श्रीमतीलाई खुसी पार्न सकेन। एकदिन बिहान कोही नभएको ठाउँमा गएर आफ्नो मनलाई आफैले सराप्दै छाती पिटेर रोइरह्यो। त्यहाँ पुलिस साथीले देखेर गाली गर्‍यो "धत्तेरी मूर्ख ! किन रोइरहेको, तिमी पुरुष होइनौ ? आइमाईले दमन गराएर पनि बस्ने नामर्द ! लात हान्नु पर्छ अनि मात्र तर्सिन्छ" भनेर गाली गर्‍यो। त्यसो भने तापनि पहिले धर्म गरीरहेकोले कसलाई लात खुवाउने, हात चल्दैन, सोझो भएकोले आइमाईले आफनो मुठ्ठीमा पारी चल्न दिएकै होइन। आखिरमा स्वामीजीले त्यो पीडा असह्य भएर पानीमा हाम्फालेर प्राण त्याग गर्नु पर्‍यो। उसले जस्तै तिमीले पनि दु:ख पाउन मन छ भने आफनो व्रम्हचर्या छोड" भनेर आफूले आफैलाई बोध गरें। व्रम्हचर्य पालना गर्दागर्दै प्राण नै गए पनि दुर्गतिमा त पर्दैन" भन्ने बिचार मनमा राखी व्रम्हचर्या पालना गरीरहें।

## रोगी अबस्थामा सेवा गर्नेहरू

मेरो रोग ओछ्यानमै परिरहनु पर्ने होइन, छिन छिनमा छाती फुट्ला कि जस्तो छटपटी हुने, शिर पोल्ने, हात खुट्टा बाउँडिने गरी थकाई लाग्ने, रुन मन लाग्ने, त्यस्तो नहुँदा खेरि केही नभएको जस्तो बातचित गर्न सक्थेँ त्यसैले मलाई कतिले त 'बहुलायो' पनि भन्न थाले।

त्यस्तो समयमा सेवा गरीरहने नरमाया भन्ने गुरुङले कुचित्त राखेर मेरो तपस्या भङ्ग गर्ने कोशिश गरिन्। तिनीले आफनो घर लगेर औषधी उपचार गर्ने बिचार गरिन्। त्यस रोगी अबस्थामा खड्गसिं गुरुङले पैसाको खोलो नै बगाएर सेवा गर्‍यो। मेरै कारणले झण्डै खड्गसिं गुरुङ जेल जानु परेको थियो तर धर्मात्मालाई धर्मपाल देवताले रक्षा गर्ने सत्य रहेछन्। त्यस गुरुङको घटना कस्तो हुन गयो भने "त्यस गुरूङले पसलमा अफिम गाँजा र भाङ्ग बेच्थ्यो। पसलमा बेच्ने अफिम आदि माल सरकारसँग लिनु पर्थ्यो, ऐन बमोजिम पसल चलाउनु पर्थ्यो। गुरुङको पसलको सबै पैसा सकियो, पैसा बुझाएर अर्को माल ल्याउन सकेन। सरकारले इन्क्वाएरी गर्‍यो माल बेची सक्यो, एक पैसा



Downloaded from http://dhamma.digital

पनि कोषमा छैन । खड्गसिं जेल जाने भयो । सम्पत्ति पनि जाने, पसल पनि अरूलाई दिनुपर्ने भयो । गुरुङलाई आपत पर्‍यो । मलाई सेवा गरीरहने उपासिका चार जना छन् ' नरमाया, रत्नमाया, चन्द्रमाया, चिनिमाया ' तिनीहरू चार जना मेरो अगाडि मुख अँध्यारो पारी बसीरहेका थिए । मैले उनीहरूलाई सोधें "किन तिमीहरूको अनुहार अँध्यारो, केही भयो कि ?"

"अरू कारणले होइन भन्ते ! हाम्रा साथी उपासक खड्गसिं गुरूङलाई यस्तो दशा लाग्यो ।"

त्यो कुरा सुनेर मलाई पनि वाण लाग्यो । "त्यस्तो अबस्थामा धनी राम भन्ने मारवाडी भेट्न आयो । हामी सबैको अनुहार निन्याउरो देखेर सोध्यो "किन गुरुजी ! आज यहाँ बादल लागेको जस्तो छ ?"

मैले आफूलाई भइरहेको घटना बारे बताएँ, मारवाडी शीर निहुर्‍याएर उठेर गयो । गएर खड्गसिं गुरूङलाई बोलाएर भन्यो "बडाबाबु ! तपाईंलाई के भयो ?"

गुरूङले "आफूलाई भएको सबै हालत बताई दियो ।"

मारवाडी "बडाबाबु ! तपाईले जुवा खेलेर सिध्याउनु भएको होइन, मोजगिरी भएर सिध्याउनु भएको होइन, बदमासी गरी सिध्याउनु भएको होइन । एक धार्मिकलाई उपकार गरेर धन सिद्धिएको हो । यसमा तपाईंले केही धन्दा लिनु पर्दैन । सरकारलाई तिर्नुपर्ने रकम कति हो लिएर जानुहोस् । आफनो पसल बचाउनु होस् । मेरो रकम अदाइ नभएसम्म पसलको हिसाब म लिन्छु । तपाईंलाई बिहान र बेलुकीको खाना म खुवाउँछु, पसलमै सुत्नुहोस् । मेरो रकम अदाइ भएपछि तपाईंको पसल तपाई आफै चलाउनुहोस्, सरकारलाई कति तिर्नु पर्ने हो ?"

गुरूङले "जम्मा तेह्रहजार सातसय उन्नानचालीस रूपैयाँ सत्र पैसा तिर्नु पर्‍यो ।"

त्यति रकम मारवाडीले दिएर पठायो । खड्गसिं गुरूङले गएर पसल आफनो नाममा थमौती गर्‍यो । त्यो दिनदेखि त्यो गुरूङले बिहान बेलुकी भगवानको पूजा गर्दा "मारवाडीको मनोकामना पूरा होस्" भन्ने कामना गर्न थाल्यो ।

आइतबार पसल बन्द हुने दिनमा गुरूङले मारवाडीलाई सोध्यो "महाजन ! आज एकपल्ट म गुरूकहाँ दर्शन गर्न जान्छु ।"



Downloaded from http://dhamma.digital

'गुरूलाई लिएर जाने केही छ कि ?'

"लिएर जाने त केही पनि छैन ।"

"लेऊ, यो एक दर्जन केरा लिएर जाऊ ।"

मारवाडीले दिएको एक दर्जन केरा लिएर खड्‌गसिं विहारमा आए, केरा अगाडि राखेर बन्दना गरी एकातिर बसी मारवाडीको गुण वर्णन गरे । हामीहरूले पनि मारवाडीको गुण सम्झेर पुण्यानुमोदन गऱ्यौं ।

गुरूङले भने "यो सबै हजूरकै प्रभावले देखेर, हजूरको सेवा गरीरहेको मारवाडीलाई पनि अति नै मन पऱ्यो । मेरो जहाज डुब्छ भनेर कहीं कतैबाट हेलिकप्टर आएर मलाई बचाई दिएको जस्तो लाग्यो, धन्य-धन्य हजूरको प्रताप" भनी मन खुशी पारेर बस्यो ।

## चतुर रत्नको प्रश्न

एक दिन म बिरामी भइरहेको अबस्थामा चतुर रत्न शाक्य आयो । म ओछ्यानमा पल्टी रहें । उसले मलाई भन्यो "कसो भन्ते ! ब्रम्हचर्या पालना गरीरहेकाहरूलाई रोग नहुनु पर्ने हो, हजूरलाई कसरी रोग लाग्यो ?"

"शाक्यजु ! हजूरले यो कुरा अरूको लहैलहैमा लागेर सिक्नु भएको मात्रै हो । बिचार गरी भन्न सकेको होइन । हजूरले भने जस्तै ब्रम्हचर्यामा बस्नेहरूलाई रोग नलाग्नु पर्ने हो भने अब्रम्हचर्यामा बस्नेहरूलाई निरोग हुनु नपर्ने हो, हजूर अब्रम्हचर्यामा बसेर पनि किन निरोग भइरहेको ? भनी सोधें । चतुर रत्न शाक्य चूप लाग्यो ।

Dhamma.Digital

## तपस्या भङ्ग

बिष्णुलाल डाक्टरले भेट भए पिच्छे भन्नु हुन्थ्यो "गुरूजी ! हजूरको आफ्नो जिन्दगीलाई त्यस्तो किन ? शरीरमा केही नचाहिने भए मात्र धर्म गर्न सक्छौं । रोग निको भएपछि फेरि ब्रम्हचर्या धर्म पालना गर्न सकिन्छ" मैले डाक्टरलाई केही उत्तर नदिईकन चूपलागेर बसें । डाक्टरले त्यसो भन्दा भन्दै चार वर्षसम्म रोगको लात सही रहें । एक दिन अमृतानन्द भिक्षु पाल्नु भएर मलाई बिचार गर्ने कोही छैन फसाद भयो भनेर बजारमा लगेर चिनीमाया भन्ने विधवा आइमाईको घरमा लगेर भन्यो "चिनीमाया ! विहारमा गुरूलाई बिचार गर्ने कोही छैन, तिमी भए गुरूको उपर दया राख्छौ, गुरूलाई अलि बिचार गरिदेऊ, बेला बखत भाजुरत्न साहुजीले खर्च दिनुहुन्छ" भन्दै त्यहीं छोडेर गयो । चिनीमायाले



Downloaded from http://dhamma.digital

मलाई राम्ररी बिचार पनि गरिन् । तर भाजुरत्न साहु नेपालमा, उहाँले कहाँबाट खर्च दिनु ?

अमृतानन्द भिक्षुले भाजुरत्न साहुलाई खवर दियो "मैले कालिम्पोंगमा आवश्यकता अनुसार ठीक गरी सकें ।"

भाजुरत्न साहुले चुलपन्थ श्रामणेरलाई बोलाएर भन्नुभयो "कालिम्पोंगमा तिम्रो गुरु खत्तम भयो ।"

चुलपन्थ "किन मेरो गुरु बित्नु भयो ?"

"होइन, पछि थाहा पाउँछौ" भनी साहुजीले भन्नुभयो ।

चुलपन्थ कालिम्पोंगमा हेर्न आयो । त्यो कुरा चुलपन्थले मलाई बताए । तत्पश्चात् मेरो मनमा शंका उत्पन्न भयो कि "यिनीहरूले मलाई जालमा पार्ला जस्तो छ । भाजुरत्न साहुजीको पुरानो रिस, अमृतानन्द भिक्षुले पितालाई जेलमा राखेर आफू राजा बन्न खोज्यो" यो कुरा मैले चिनीमायालाई बताएँ । चिनीमायाले पनि "अब यो उम्केर जान लाग्यो" भनी मलाई मोहनी जस्तै औषधी गरेर मलाई त्यहाँबाट छोडेर जाने मन् हटाइ दिई । मेरो मन कस्तो हुन गयो भने एकछिन चिनीमायाको मुख नदेख्ने बित्तिक्कै कहाँ गएर हेरूँ जस्तो हुने भयो । बस्ने त्यही घर भएकोले मेरो तपस्या भङ्ग भयो । तपस्या भङ्ग भएको दिन म धेरै रोएँ, फेरी उत्तिकै मोहमा फसें । चिनीमायाले मलाई 'मोहनी गरेको' भन्ने पछि त्यो मोहनी लगाइ दिने वैद्यको मृत्यु भएपछि मैले थाहा पाएँ । त्यो मोहनी पनि खिइएर जाँदो रहेछ । समय बित्दै गएपछि मलाई होस आयो, बिचार अलि बदलें, वैराग भएर आउने, वैराग हुन थाल्यो भने चिनीमायाले मलाई तागत भएन भनेर तागत खुवाउँथी, त्यो तागतको औषधी खाएपछि मेरो मन फेरि मोहमा फस्थ्यो ।

## दुईजनाको छलफल

चिनीमाया पनि कतिको चलाख रहिछे भने म अलिकति केही लेख लेख्न थाल्यो भने मेरो हात लिएको जस्तै बेलुकी ज्ञानका कुरा सोध्थिन् "हजूर परजनलाई भने ज्ञानको कुरा बताउनु हुन्छ, मलाई भनें कहिल्यै ज्ञानको कुरा बताउनु हुन्न" भन्थी ।

अनि मैले चिनीमायालाई ज्ञानको कुरा बताएँ । ज्ञान भनेको हो होइन, असल खराब, सार असार, नित्य अनित्य, सत्य असत्य थाहा पाउने हो । थाहा पाए जस्तै अनित्य र असत्यलाई त्यागेर नित्य र



Downloaded from http://dhamma.digital

सत्यलाई धारण गर्न सक्नुपर्छ" भनें। यस प्रकारले मलाई बारम्बार सोधी। ममा अलिकति वैराग भाव देखिएमा फेरि तागतको औषधी खुवाउँथ्यी। वरोबर माया छ छैन पनि जाँची हेर्थी, अलिकति भाव फरक भएको थाहा पाउनासाथ तागतको औषधी खुवाइ हाल्थी।

पहिलो पल्ट छोरी पाएँ, बच्चीको मायाले बाँधियो। म अर्कै भएँ, पैसा कमाउनतिर कोशिश गरें। महिनामा एकपल्ट झसङ्ग गएको जस्तो भएर "मलाई के भयो ? पहिले म कस्तो थिएँ अब कस्तो हुन गयो ? भन्दै मन दुखेर आउँथ्यो, आँखाबाट आँसु झर्थ्यो। मेरो मुख अँध्यारो भयो भने शंका गरेर बेलुकी ज्ञानको कुरा सोध्थी। भोलिपल्ट तागतको औषधी खुवाउँथी। एकदिन बेलुकीको खाना खाइसकेपछि बच्चाहरूलाई घरमै छोडेर हामी दुईजना हावा खानको लागि घुम्न गयौं। थानाको अगाडि खुला ठाउँमा शीतल हावा चलिरहेको शुन्य सडकको पेटीमा बसें। श्रीमतीले सोधिन् "हजूर पहिले भिक्षु भइरहँदा र अहिले गृहस्थ जीवन यी मध्ये कुनमा हजूरलाई आनन्द लाग्छ ?

आनन्द त, भिक्षु जीवन जस्तो गृहस्थी जीवनमा आनन्द हुने त्यस्तै हो। गृहस्थ जीवनमा मलाई फाइदा यति मात्रै हो कि असह्य रोग निको भयो। त्यसको फल बच्चाहरू जन्मे। बच्चाहरूको मायाले तिनीहरूको पालन पोषणको लागि कस्ता दुष्ट दुश्मनको अधीनमा बसेर मनलाई अशान्ति पारेर बस्नु पर्‍यो। फेरि गृहस्थाश्रमको रीतिथिति चाडपर्वको झमेलामा लागिरहनु पर्ने यसले पनि मनलाई अशान्ति भयो।

श्रीमतीले "खोइ, यो झमेला मलाई पनि मन परेको होइन, मन पर्दैन भनेर के गर्नु लोकको अगाडि मान्नै पर्‍यो, लोकको अगाडि विधि गर्न सकेनौं भने लज्जित हुन्छौं अनि के गर्ने ?"

मैले भनें "म त यस झन्झट प्रपञ्चमा फँस्ने इच्छा छैन। तिम्रो दयाले मेरो एउटा रोग शान्त भयो। तिमी मेरो जीवनको लागि डाक्टर भयौ। डाक्टरको फिस जस्तै एक छोरा एक छोरी दिएँ, अब मलाई धर्मको नाममा छोड दिनू। म फेरि आफूले जग बसालेको थेरबाद शासनको उन्नति गर्न जान्छु।

"मैले के गर्ने त ?" श्रीमतीले भनिन्।

"मन छ भने तिमी पनि सँगै हिंड, तिमी पनि अनागारिका बन, तिमीलाई पनि एक ठाउँमा राखी दिन्छु, भिक्षा मागेर जीविका चलाऊ" भनें।



Downloaded from http://dhamma.digital

"बच्चाहरूलाई नि ?"

"बच्चाहरू दूध चुस्ने होइनन्, दश नंग्रा खियाएर आफनो खुट्टामा आफै उभिन सक्छन। तिनीहरूको जीवन, तिनीहरू आफैले हेर्छन्" भनें।

श्रीमती भनिन् "ओहो ! छोराछोरीको बुबा भएर पनि कति निर्दयी कुरा गरेको माया छैन र ? मेरो माया लाग्दैन र ? धर्म गर्न पुग्यो, सक्ने बेलामा सक्दो गरी हाल्यौ। अब श्रीमती, छोराछोरीको मुख हेरेर मनमा शान्ति लिएर बस्ने। अब त्यो भिक्षु बन्ने मनमा नराख्नुहोस। सक्दो काम गरेर घरमै बस्नुहोस्। म पनि काम गरी पसलमा कमाइ रहेकी छु। हजूरलाई मात्र भार बोक्न दिइराखेको छैन, मनमा वैराग उत्पन्न गर्नुपर्ने के छ र ?"

'मैले भने "त्यसो होइन देवी ! धर्म भनेको पुग्यो भन्नु हुँदैन, प्राण छउन्जेल नै धर्म गरीरहनु पर्छ। नेपालमा थेरवाद ल्याउन कत्रों तपस्या गरें। थेरवाद शासनको भिक्षु संघ स्थापना भयो। त्यो शासनलाई चिरस्थायी गर्न सक्नुपर्छ। मेरो पुरानो नाम बचाउनु पर्छ। बालुवाको मन्दिर बनाए जस्तै बनायो भने छिटै भत्किन्छ। त्यो मन्दिरलाई रक्षा गर्नुपर्छ। तिमीले मलाई गर्नुपर्ने उपकार दया राखेर उपकार गरी सक्यौ। अस्पतालमा बसेको जस्तै बसेर रोग निको पारें। यो तिम्रो दया हो, अब मलाई बिदा देऊ, म अब धर्मस्थलमा फर्केर भगवान् बुद्धको कुल थाम्न जान्छु।

"हामीलाई बिल्लिबाठ गर्ने कुरा नगर्नुहोस् केटाकेटीहरूको मुख हेरेर ममाथि करुणा राख" भनी।

मैले भनें "देवी ! यो मलाई भन कि हामीहरू कहिल्यै नछुटौं।"

"किन, छोडेर जाला जस्तो लाग्यो ?" भनी।

मैले भनें "जिउँदोमा नछुटे पनि मर्दाखेरि त एक दिन छोडेर जानै पर्छ, जसरी पनि एकदिन छुट्टिनु परेपछि अहिले नै छुट्टिएर धर्ममा बसौं भन्ने मेरो बिचार छ।"

"ए ! हजूरको त्यस्तो बिचार होइन त ? कसरी छोडेर जान्छ त हेरौं। हजूर जहाँसम्म जानुहुन्छ त्यहाँसम्म पछिपछि लागेर नआइ छोड्दिन, केटाकेटीहरू भोकाएर मरे पनि त्यो पाप तपाइँ आफैं बोक्नुपर्छ, तपाईंलाई माया छैन भने मलाई मात्र केको माया ! यो कुरा केटाकेटीले थाहा पाए भने तिनीहरूले छाती पिट्दैनन् र ?"



Downloaded from http://dhamma.digital

मेरो मनमा "योसँग कराएर बस्यो भने आफ्नो कार्य सिद्ध हुँदैन् चुपचाप मौका हेरेर कार्य सिद्ध गरेमात्र नत्र बिध्न हुन्छ" भनेर मैले बोलिनँ। चुपचाप घर फर्कें। रातभर रोएर बसें। मैले त्यो कुरामा वास्ता नै नगरेको जस्तो माया प्रिति गरे जस्तो ब्यवहार गरी आफ्नो आवश्यक इलम गरेर बसें।

## आफ्नो बिचारको फल: सुबोधानन्दको दर्शन

विक्रम संवत् २०१४ साल शुक्रबारको दिन पारेर सिलगुडी तिर लागें। शुक्रबार रातभरमै कटिहार पुगिन्छ। भोलिपल्ट शनिबार हाते पसल राखिन्छ। म धरान पुग्छु भन्नें अनुमान गर्दै गएको थिएँ। शनिबार पनि घर नफर्के पछि रुँदै कराउँदै खोजी हिंडी पत्ता लागेन।

म भोलिपल्ट नै विराटनगर पुगें। एक ठाउँमा नेवारहरू जस्तो लागेर पसलमा बस्न पुगें। पसलेलाई सोधें "साहुजी ! म नेपाल जान आएको हुँ। हवाइजहाजको टिकट लिएको छैन्, आज रातभर बास दिनुहुन्छ कि ?"भनें। पसलेसँग कुरा गरीरहँदा एउटी आइमाईले मलाई हेर्दै घरभित्र पसिन्। ती आइमाईले मलाई चिनेकी रहिछिन्, मैले भने चिनेको छैन्। माथि बोलाएर लगिन्, घरको साहुनी बाहिर निस्केर "कहाँ जानलाई आउनु भएको ? भैरवलाल ( मेरो श्रीमतीकी पहिलो देवर) हरू सबै सञ्चैछन् ?" भनेर सोधी। मलाई त के गरूँ, के गरुँ भयो, चिनेको ठाउँमा बास पर्‍यो, यिनीहरूले घरमा खबर पुर्‍याइदेला कि भन्ने डरलाग्यो। कुरा गरीरहँदा एक तरूनीले फुल तारेर च्यूरा राखेर चिया लिएर आइन्। "मलाई फुल नराख्नु होस्" भनें। ती चिया लिएर आउने युवतीले भैरवलालको आमाको अनुहार आउँछ भनिन्। मैले भने "साहुनीले मलाई चिन्नु हुन्छ, मैले तपाईलाई चिनीनं नि तपाईले मलाई कसरी चिन्नु भयो।

साहुनी "लौ ! तपाईंले बिर्सनु भएको ? हामीहरू तपाईंको घरमा आएर चिया खाइसक्यौं, तपाईंले बिर्सनु भएको ? भैरवलालको छोरालाई मेरी छोरी दिइ राखेको सम्धी भएर सम्धिनीहरू पनि नचिनेको त ? चिया पिउनुहोस्" भनिन्।

मैले "त्यो फुल निकाल्नुहोस्" भनें।

"खानुहोस् न ! लाज मान्नु पर्दैन" भनिन्।

"होइन निकाल्नुहोस्, म फुल खान्नँ।"



Downloaded from http://dhamma.digital

चिया च्यूरा खाएर बेलुकीको खाना सिध्याएर सबै जम्मा भए। धर्मको केही कुराको उपदेश भयो। भोलिपल्ट एरोड्रममा हवाइजहाजको टिकट लिन गएँ "टिकट छैन" भन्यो। फसाद भयो, मलाई फसाद परेको अनुहार देखेर दया जाग्यो क्यारे, भन्यो "सरकारी सिट दुईटा छन्, सरकारी मानिसहरू कोही नआएमा म तिमीलाई पठाइ दिन्छु" भन्यो।

"सरकारी मानिस आयो भने जान पाउँदिनँ, म बीचमा परें" भनें।

"तिम्रो सामान लिएर आइराख, म जसरी गरेर भए पनि पठाई दिन्छु भन्यो।

"त्यस्तो पनि गर्न सकिन्छ ?" भनेर सोधें।

"यदि सरकारी मान्छे आउने छ भनें अगाडि नै मकहाँ टेलिफोन आउनु पर्ने हो, आएन, त्यसैले मैले तिमीलाई दिएको हुँ" भन्यो।

म घर पुगेर एउटा झोला लिएर एरोड्रम पुगी रहें। प्लेन आइपुग्यो। मलाई बोलाएर एउटा टिकट दिएर फर्काइ दियो। एक घण्टैमा हवाइजहाज नेपाल पुग्यो। गौचरणबाट मोटर एउटा लिएर टुँडिखेलसम्म आएँ। त्यहाँबाट मोटर छोडेर (श्रीघः विहार) मा सुबोधानन्द भन्तेको दर्शन गर्न गएँ। 'भन्ते बन्दना' भनी बन्दना गरें, कुशल वार्ता गरी एकातिर बसें। भोलिपल्ट पुराना उपासक उपासिकाहरू भेट्न आए। धर्मको कुरा चर्चा भयो, यताउती निमन्त्रणा चल्यो, आठ दिन पछि सुबोधानन्द भन्तेले मलाई बनेपामा लिएर गयो। बनेपामा रामनारायण मानन्धरले आफ्नो घर विहारको नाममा दान गर्‍यो, धर्मोपदेश पनि भयो। चारदिन पछि राम नारायण मानन्धर परलोक पनि भयो। हामी भन्तेहरू जम्मा भएर संस्कार गरी दियौं। त्यहाँ एउटा राम्रो काम भयो, अन्तिम श्वास फेरिरहेका बूढालाई भन्तेहरूले घेरी रहयो, "बुद्धं शरणं गच्छामि" भन्ने शब्द गुंजिरहेको थियो। मैले भनें तपाईहरूको अन्तिममा अर्धजलमा राख्ने, छिडिमा राख्न लाने। गोवर लिपेर राख्न "राडीपाखीले छुन नहुने, यस्तो दस्तुर(चलन) छ, त्यो केही पनि नगर्ने, प्राणान्त भइरहेकोलाई दुःख नदेऊ आनन्दले प्राण जान देऊ।"

सुबोधानन्द भन्तेले भन्नुभयो "यहाँ उहाँको प्राण आनन्दले जानदेऊ, कोही पनि नरोऊ, रुवाइ थाम्न नसक्ने जति यहाँ नबस तल जाऊ भनेर कसैलाई पनि रुन दिएनन्, सूर्य अस्त भए झै आनन्दले प्राण त्याग्यो।

भन्तेहरूले नै आवश्यक पर्ने ध्वजापताका फहराएर कोही पनि नरोइकन मौन धारण गरी शवयात्रा चलाए। सम्पूर्ण बनेपालीहरू



Downloaded from http://dhamma.digital

सडकको दायाँबायाँ बसेर शवयात्रा चलाएको हेर्दै सबै कराइरहे "यस प्रकारको शवयात्रा कहिल्यै हेर्न पाएको छैनौं।" कतिले त "भिक्षुहरूको शवयात्रा ल्याएका भनें।" नदीमा लगेर बालुवा माथि राखेर अग्नि संस्कार गरी खरानी मात्र नदीमा बगाई सबैजना फर्क्यौं।

## गृहिणीको चासो

काठमाडौंमा कालिम्पोंगबाट परिवारहरूले मलाई खोज्न आए। आफूले नखोजीकन नचिन्ने मान्छेहरूलाई पठाएर ठाउँठाउँको विहारमा हेर्न पठाए। एकजना श्रीघः विहारमा पुगेर अनुरुद्ध भन्तेसँग सोधे "महाप्रज्ञा छैन र ?"

"छैन" भन्यो।

"कहाँ पाल्नुभयो ?"

"किन चाहियो ?" भन्यो।

"एक पल्ट नभेटी नहुने काम पर्‍यो।"

अनुरुद्ध भन्तेको मनमा "यो मान्छे ज्ञानको कुरा सोध्न आएको हुनुपर्छ" भनी "बनेपा गएको छ आज फर्किन्छ" भन्नुभयो।

खोज्न आउने चुप लागेर फर्क्यो अनि त्यसरी नै बतायो। कालिम्पोंगबाट आएकोले "बनेपा मेरो माइती नै हो, लौ बनेपा नै जाऊँ" भनी तिनीहरू आमा छोरा र असनको चन्द्ररत्न शाक्य गरी जम्मा तीनजना बनेपा जान्छु भनेर मोटरमा बसे, पासेंजर दुईजना नपुगेर क्लिनरले खोजीरहयो। मलाई खोज्न आउनेहरू हतारिएर "ती दुई पासेंजरको नपुग पैसा हामीहरू दिन्छौं, छिटै लैजाऊ" भन्यो। तैपनि विश्वास नलागेर मोटर नचलाइकन बसीरह्यो।

हामीहरू पनि सुबोधानन्द भन्ते र म बनेपाबाट मोटरमा बसेर आउँदा टुँडिखेलको मोटर पार्कमा लगेर रोक्यो, मलाई खोज्न आएका संगै नै रोक्यो। "लौ ! तिम्रो मान्छे" भन्ने जस्तै संगै नै रोकी दियो। मैले अर्कै फेसन गरी राखेकोले आमाचाहिंलाई होस भएन छोरा चाहिंले मलाई चिनेर "बुबा" भनेर बोलायो आमा चाहिंले "खोइ ? बुबा खोइ ?" भन्दै छटपटिई, निकै कडाको आइमाई, म बसेको मोटरमा चढेर, मैले लगाइ राखेको कानेटोपी फुकालेर हेरी, पत्ता लाग्यो।" किन, यस्तो किन ? यो के गरेको ?" भन्दै झांगलझुंगल गरी। तत्पश्चात् चन्द्ररत्न, छोरा र आमा तीनजनाले घेरेर असन बहालको चन्द्ररत्नको



Downloaded from http://dhamma.digital

घरमा लिएर गए । मैले सुबोधानन्द भन्तेलाई छोडिनँ, भन्ते पनि मसँगै पाल्नुभयो चन्द्ररत्नको घर पुगेपछि मेरो शरीरको वस्त्र च्यातच्यूत पारी च्यातेर, मेरो काखमा बसी अँगालो हाल्दै रूँदै सुबोधानन्द भन्तेलाई पनि दोष दिई “चिठी चिठीले सल्लाह गरेर बोलाउने तिमी नै भिक्षु होइनौ ? भन्ने बेला मुसावादा भन्ने शील दिने, भित्रभित्रै जाल गरेर श्रीमान् श्रीमतीलाई बिछोड गराउने होइनौ ? जाली भिक्षु तिमी नै हौ” भन्नुसम्म भनी । सुबोधानन्द भन्तेले पनि केही नबोलीकन चुप लागेर मनपरी भनेको जति सुनेर बस्नु भयो । मैले पनि मनपरी गर्न लागेको र बोलेको चुप लागेर हेरेर र सुनेर बसें । रोई, रूँदारूँदै थाकी । भन्ते पनि चुपचाप उठ्नु भयो । चन्द्ररत्नकी श्रीमतीले चिया ल्याएन् । मलाई अचानक बाघले झम्टेको जस्तै झम्टेकोले छक्क परें । बोल्दा पनि बोलिन्नँ, खाँदा पनि खाइन । बेलुकी अबेर भयो, सबै सुते । म एक्लै बसेर अडेस लिइ रहें । श्रीमती “मसँगै सुतेर मलाई” सुत्नुहोस् ! अब मनमा कुरा खेलाउनु भएन, मैले केही अपराध गरीराखेको भए क्षमा गर्नुहोस्” भनी छोराछोरीको तस्वीर निकालेर मेरो अगाडि राखेर “यस्ता केटाकेटीहरूलाई कसरी छोडेर आउन सकेको ? यी केटाकेटीहरूको के दोष छ ?” भनी ।

मैले “यस्ता निरपराधी केटाकेटीहरूको मुटु चुँडाल्नु पर्ने, सहेर पनि सहन नसक्ने के देखें होला, तिमी आफै बिचार गरी हेर, एक बखत तिमीलाई सुनाएको पनि थिएँ ।”

मेरो ज्यान हुन्जेल वैराग ज्ञान लिने बेला भएको छैन, स्वामी ! क्षमा गर्नुहोस् मलाई सजायँ दिनु पर्ने दिइसक्यौ अब पुग्यो स्वामी ! मलाई छोडेर नजानुहोस् ।”

कराउँदा कराउँदै, सुन्दा सुन्दै रात कटयो । चिनीमायाले चन्द्ररत्नलाई भनिन् “गुरूज्यू ! हामीलाई एउटा अलग्गै ठाउँ दिनुहोस् न खानपिनको बन्दोबस्त गर्नु पर्‍यो ।

चन्द्ररत्नले बैठक जस्तो एउटा कोठा दियो । हामीहरू तीनजना त्यही बस्यौं । म एक्लै निमन्त्रण जाने, तिनीहरू आमाछोरा होटेलमा गए । मलाई के गरे कुन्नि, मेरो मनले तिनीहरूलाई माया गर्न पुगें । तिनीहरूलाई मैले भनें “तिमीहरू गइराख, म एक महिना बसेर फेरि आउँछु, निमन्त्रण लिइ राखेको धेरै बाँकी छन्, अहिले तुरुन्तै तिमीहरूसँग गए भने सबैले मलाई राम्रो भन्दैनन्, तिनीहरू माने । किन मान्दैन थिए



Downloaded from http://dhamma.digital

तिनीहरूले मलाई आवश्यक तत्व मिलाइ सके "अब कहाँ जाने भन्दा, कहीं पनि जाँदैन" भन्याजस्तो सन्तोष भएर फर्के । गौचरण एरोड्रमसम्म पुर्‍याउन गएँ । 'फेरि नआइकन बस्ला' भन्ने तील जत्रो पनि शंका नगरी हवाइजहाजमा बसी फर्के ।

एक महिनापछि म पनि गौचरण पुगेर हवाइजहाजबाट विराटनगर, विराटनगरबाट जोगवनी स्टेशन रेलमा चढी कटिहार, कटिहारबाट सिलगुडी, सिलगुडीबाट मोटरमा बुधबारको दिन घर पुगें । घर पुग्ने बित्तिक्कै सबै अति नै खुशी भए अति नै माने ।

## मायाको जाल मुक्तिको उपाय

मेरो मनमा "यी केटाकेटीहरूले आफ्नो घर बनाउने रहर गरीरहेकोले एउटा घर बनाइ बन्दोबस्त गरी चुप लाग्न दिऊँ अनि आफनो बिचार गरौं" भनी ठाउँ खोज्न हिंडें । ठाउँ भेटियो, बजारमै मारवाडीहरूको घर ! घर त कामलाग्दो छैन, बनाउनै पर्छ । बजारमा परेको हुनाले २०-३० फुट जमिनको लागि १०,०००।- तिरेर किनें, भाडामा बसेकाहरू उठेर गएनन् । कति सम्झायौं बुझायौं, मानमिजासले भन्यौं मानेनन्, धेरै नबोले पनि जाली मान्छे रहेछन्, अन्तमा नालिस राख्नु पर्‍यो, तीन वर्ष अदालतमा धाउनु पर्‍यो । यसले गरेर "ब्यावहारिक यस्तो हुन्छ" भन्ने ज्ञान पाएँ ।

दुईपल्ट हामीले जित्यौं तैपनि तिनीहरू झेली भएर घर छोडी दिएन्, लामो झगडा गरीरहे । अदालतको मामला पनि यस्तो हो भन्ने थाहा पाएँ ।

दशैंको बेला बजार गएर दशैंको सामान किनमेल गरी वेलुकी खाना खाई सुत्यो । भोलिपल्ट बिहान रगत छादी मरेकोले अदालतका हाकिमले यो कुरा थाहा पाएर "मान्छे निकै झेली, झगडिया पनि झेली भएपनि निकै नै जाल गरी लड्ने भएकाले झगडिया साधु जतिकै भएकोले दुखेको मनको सराप लाग्यो, त्यसैले त्यो रगत छादी मर्‍यो" भनी हाकिमले झगडाको फैसला गरी दियो ।

तैपनि त्यो मान्छेको परिवारले घर नछोडीकन ताल्चामारी दबेर बस्यो । तिनीहरूलाई मैले खोजी रहें बल्लबल्ल चिया पसले मित्रले चिया पसलमा चिया खान आउँदा मलाई सूचना दियो । म गएर भेट्न गएँ । मैले भनें "भाइ ! तिमीहरूले यस्तो किन गरेको ? तिम्रो बुबाले दिनसम्म



Downloaded from http://dhamma.digital

दुःख दिइसक्यो, फेरि तिमीहरूले पनि घरमा ताल्चा मारी किन दबेर बसेको ? न तिमीहरू बस्यौ, न भाडा तिर्‍यौ, छोडेको पनि होइनौ, घर छोडेको भए, हामीले घर त बनाउँथ्यौ नि !"

त्यसले भन्यो "घर त छोड्ने हो गुरुजी !" बाँकी भाडाको बापतमा हाम्रो जग्गा दखल गर्छौं" भनी हामीहरूले घर नछोडीकन बसेका हौं।

मैले भनें "तिमीहरूले घर मात्र छोडीदेऊ, तिमीहरूको जग्गा दखल गर्छु भन्ने कुनै धन्दा लिनु पर्दैन।"

"कहाँ छोड्छ र ! गुरुजीले छोडेपनि हजूरको श्रीमतीले छोड्नु हुन्न।"

"ए भाइ ! मलाई चिन, मैले बोलीसकें 'दखल गर्दिन' भनेर, यसमा तिमी विश्वास गर, म घाँस खाएर कुरा गर्दिनँ। तिम्रो बुबाले गर्नुसम्म अपराध गरेर बित्यो। तिमीहरूले केही गरेका छैनौ। तिम्री आमाको खुट्टा बलियो छैन। तिमी पढ्दैछौ। तिम्री बहिनी सानै छिन्। कुनै काम गरेर खान जानेको छैन। भएको जग्गा एक टुक्रा पनि हामीले दखल गर्‍यौं भने, तिमीहरूको जीवन रक्षा कसरी हुन्छ ? तिम्रो बुबाले अपराध गरेपनि म तिमीहरूलाई अपराध गर्दिनँ, तिमीहरूले घरमात्र छोडीदेऊ, म तिमीहरूलाई केही गर्दिन" भने पछि घर छोडेर दिदीको घरमा बस्न गए।

घरको गृहलक्ष्मी मानिनन् "६ बर्षको भाडा रु. १४४०।- त्यसै छोड्छु र छोड्नु हुन्न नालिस राख्नैपर्छ" भनेर कराई।

मैले भनें "केटाकेटीहरूले कमाएर खान जानेको छैन त्यो एक टुक्रा जग्गा पनि हामीले दखल गर्‍यौं भने ती निर्दोष केटाकेटीहरू त्यतिकै मर्छन्, हुँदैन, मेरो मनमा नगर्ने बिचार छ।"

"बडो धर्मात्मा आयो, आफनो बच्चा मारेर, अर्काको बच्चा पोस्ने ! छोड्दिन त्यो जग्गा दखल गर्नैपर्छ" भनी।

"त्यसो भए तिमी नै नालिस राख्न जाऊ, तिमी नै तारिखमा जाऊ, म त यो काममा हात हाल्दिनँ" भनेर स्वतन्त्र छोडी दिएँ।

पुरानो घर भत्काएर नयाँ बनाउन शुरू गर्‍यौं। तीस हात लामो, बीसहात चौडाई पूर्व मोहडाको, हाटबजार नजिकको रेलिरोड कालिम्पोङमा !



Downloaded from http://dhamma.digital

# म त शिवजी

दैवज्ञ सिकतली भन्ने व्राम्हण एकजना छ। त्यो व्राम्हण बरोबर घर आउँथ्यो। घरकाहरूले पनि त्यो व्राम्हणसँग मेरो नाममा "ग्रहगति के कस्तो हो" भनी सोधे। व्राम्हणले भन्थ्यो "पार्वती माता, तपाईको भक्तिको बलले शिवजी स्वामी भेटाउनु भयो, त्यसैले मैले तपाईंलाई 'पार्वती माता' भनेर सम्बोधन गरेको हुँ। गुरूजी हाम्रो लागि शिवजी समान् छन्। किनभने उहाँको अगाडि बसीरहनेलाई सदुपदेश दिनुहुन्छ। नचाहिंदो कुरा, ख्यालठट्टा, परनिन्दा नगर्ने भगवानको भावना कहिल्यै मनमा नछोड्ने् भएकोले हामीहरूले उहाँ गुरूजीलाई शिवजी समान देखीरहेका छौं। गुरुमां। तपाईंको भक्तिको बलले मात्रै सँगै बस्न पाएको हो मात्र तपाईको भक्तिको बल अलि हलुङ्गो भयो कि उहाँ शिवजी सँगै नबसी अन्तरध्यान भएर लोप भइदिनुहुन्छ। तैपनि तपाईंलाई भौतिक दुःख हुँदैन, यी कुमार र कुमारी उहाँले दिनु भएको फल हो, यिनीहरूले माताको सेवा गर्छन" भनी बारम्वार भनी रहन्थ्यो।

# शनिश्चरको दशा

म पनि शरीर गृहस्थाश्रममा बसीरहे पनि मन् गृहस्थाश्रममा छैन, सिर्फ "नेपालमा स्थापना गरेको स्थविरवाद बुद्ध शासन अन्त हुन्छ" भन्ने त्राशले नेपालमै मन गइरहने। तर के गर्ने जहाँ गए पनि पछिलाग्नेले छोडेको होइन, कहिले यस बन्धनवाट मुक्त हुन्छ" भन्ने भइरहयो। चुल्समान् राई भन्ने दैबज्ञ मैले चिनीराखेको छु, त्यो राईलाई भेटे पिच्छे नै म यसरी सोध्यें" के गर्ने भाइ ? म फेरि धर्ममा बस्ने औसर आउँदैन ? के पापले म यस बन्धनमा परें।"

राई "गुरूजी ! खामोस भइरहनुहोस् तपाईको इच्छा पूर्ण हुन्छ। इस्वी १९६० साल नसिद्धेसम्म तपाईंको इच्छा पूर्ण हुँदैन, तत्पश्चात् एकसाठी लाग्नासाथ तपाईंलाई पछ्याइहेको शनिश्चरको दशा सकिन्छ, त्यस बखत तपाईको इच्छा पूर्ण हुन्छ" भन्नु हुन्थ्यो।

इस्वी १९६० साल पनि सकिन लाग्यो, गृह निर्माण पनि समाप्त भयो, गृह निर्माण सम्पूर्ण हुने वित्तिकै विद्युत्को प्रबन्ध गरें, सम्पूर्ण कार्य समाप्त भयो। १९६१ सालको पहिलो तारिखदेखि मेरो शरीर हजामलाई छुन दिइनं।



Downloaded from http://dhamma.digital

"दाह्री खौरेन, कपाल काटेन भनी घर र बाहिर सबै कराउँथे, मैले कसैको कुराको उत्तर नदिईकन आफ्नो कुरा आफ्नै मनमा राखी बसें।

## धर्मोदय विहारमा धर्म सभा

धर्मोदय विहारमा प्रत्येक रविबारको दिन सबै भेला भएर सभामा धर्मज्ञानका विषयमा छलफल गर्ने गरिन्छ। त्यहाँ उपस्थित सबैलाई मेरा मनका अभिप्राय सुनाउँथें। "म यही शुक्रबार बाहिर जाने बिचार गरेको छु, म नभए पनि हरेक आइतबार छलफल गर्न नछोड्नु होला, यसले हाम्रो जीवनको सार बुझ्ने उपाय भेटिन्छन्, संस्था रहिरहयो भने अनेक प्रकारका बिचारवान्हरू पनि आउने आशा हुन्छन्, त्यसैले बरू जसले जे भने पनि आफूले रोज्न सक्नुपर्छ। छलफल भनेको ठुलावडाले भनेको पहिलेदेखि शास्त्रमा उल्लेख भएको काण्ड भन्ने होइन, आफूले यदि नबुझेमा वा चित्त नबुझेमा द्वेषभाव नराखी छलफल गर्ने बिचार नगरी आफनो कुरा सहि नभन्ने नबुझेमा बुझनको लागि शंका निर्णय गर्नको लागि रोज्नको निमित्त बडा भनेर, पुरानो भनेर, लोकमान्य भन्दै अन्धविश्वासमा नडुबी छलफल गर्नुपर्छ। लोकमा भने यस्ता गुरूहरू पनि छन् "धर्ममा शंका गर्नु हुन्न, ईश्वरको बारेमा तर्क गर्नु हुन्न, गुरूले भनेको कुरामा विश्वास गर्नुपर्छ" भनी राखेकोले भक्तजनहरूको आँखामा पट्टी बाँधेर, मुखमा बुजो लाएर, हात समातेर लानुपर्ने जस्तै गुरूको भरमा विश्वास गर्नुपर्ने भयो। नरमष्तकै ज्ञानको भण्डार भइकन पनि बिचार ढुकुटीमा ताला लगाएर, भक्तजनहरूलाई मूक बनाइराख्यो। तसर्थ त्यो बिचारको ढुकुटी र नरमष्तकलाई विकास गर्न यस संस्थालाई जारी राख्न हामीले छलफल गरी यसमा कसैको चित्त नबुझेमा भन्नुहोस् प्रेमपूर्वक मैले जाने अनुसार उत्तर दिन्छु।

सिद्धिराज शाक्य "धन्य, धन्य महाप्रज्ञा! जस्तो बोली त्यसरी नै गरेर देखाउनु भयो, हामीलाई उपदेश दिंदै आफै उत्तीर्ण हुन लाग्नु भयो, हजूरलाई 'बहादुर' भनौं। हामीलाई उपदेश दिदैं खोतल्दै आफू सबैभन्दा पहिले जङ्गल फाँड्न लाग्नु भयो, मायाजाल जतिकै बलियो, फलामको सिक्रीभन्दा बलियो, जाललाई धागो चुँडाले जस्तै सजिलैसँग चुँडाल्न लाग्नुभयो। 'बहादुर' भन्ने हजूरलाई नै हो।"

"बहादुर भन्ने मलाई होइन साहुजी। बहादुर भन्ने तपाईंहरूलाई, मलाई त काँथर भन्नुपर्छ। किनभने मैले संसारको स्वभाव, धर्म र



Downloaded from http://dhamma.digital

प्रपञ्चको जाल देखेर तर्सेर भाग्न खोजेको हुँ तसर्थ म बहादुर होइन काँथर हुँ। बहादुर त्यस्तालाई भन्न लायक छ, जो नर्क जानु परे पनि, जतिसुकै दुःख सहनु परे पनि, मार्न र मर्न परे पनि, रुनु परे पनि, हाँस्नु परेपनि, परबन्धनमा चल्न नसक्ने गरी बाँधी राखे पनि नडराउनेलाई भन्ने हो "स्याबास बहादुर" भनी। मलाई बहादुर भन्नु लायक छैन" भनें।

सिद्धिराज शाक्य "धन्य, धन्य, महाप्रज्ञा ! हामीलाई स्पष्ट देख्ने गरी अन्धकारमा ठक्कर खाइरहने मन उडीरहेको देखाइ दिनुभयो, हजूरले बताउनु भएको ठीक-आँखा नदेख्नेलाई हात समातेर छुवाएर देखाए जस्तै, अन्धा भइरहेकालाई भित्री मन छुने गरी बताउनु भयो, योग्य गुरूले हामीलाई छोड्न लाग्नुभयो के गर्ने हामी अभागीहरू" भनी दुःख मान्नु भयो। उपस्थित सभासदहरूले आआफ्नो बिचारले देखे जस्तै मेरो विषयमा प्रशंसा गर्दै एउटा प्रमाण प्रदान गरे। तत्पश्चात् अंग्रेजहरूले पक्रेर ल्याएका बर्माका राजकुमारलाई आमन्त्रण गरी उहाँबाट 'कर्मस्थानाचार्य, भनी सभा गरी प्रमाण-पत्र प्रदान गर्नुभयो। घरका कसैलाई केही थाहा थिएन।

## पुनः नेपालतिरै

शुक्रबारको दिन दार्जलिङ्ग जान्छु भनी निस्केर रेलमा बसें। विराटनगर पुगें। विराटनगरबाट भोजपुर पुगें, त्यहाँ भए घरका मान्छेहरूले भेट्टाउन सक्दैनन् भन्ने आश थियो। धरानमा द्योव्रम्हु (पुरोहित) कहाँ बसें। भोजपुर जाने साथीहरू खोजी रहें। राइसमीलमा देवबहादुर साहुजीका माहिला छोरासँग भेट भयो। उहाँले भन्नुभयो "गुरु ! यस बखत कोही भोजपुर जाँदैन किनभने नदी बढीरहेको हुन्छ माझीहरू कोही पनि हुँदैन।" उहाँको कुरा सुनेर मैले मन बदलेर विराटनगरमै फर्केर हवाइजहाजबाट नेपाल आएँ। नेपालमा पुगेपछि पाटनको सुमंगल विहारमा सुबोधानन्द भन्तेकहाँ दर्शन गर्न गएँ र, त्यहीं बसें। म आइपुगेको थाहा पाएर पुराना उपासिकोपासिकाहरू भेट्न आए।

मेरो मनमा "म एक तपस्या भङ्ग हुँ, पहिले जस्तै मलाई कसैले मनपराउँदैनन्, त्यसो भए पनि एक ठाउँमा बस्छु, भोक लागेमा भिक्षा मागेर खान्छु, सुत्नलाई घाँस ओछ्याएर सुत्छु, जसरी भएपनि जीवन सार पारेर मृत्यु हुन्छु" भन्ने बिचार गरेको थिएँ तर त्यसो भएन। पहिले



Downloaded from http://dhamma.digital

जस्तै सबैले गुरु भनेर मान्यता दिए। विक्रम सम्वत् २०१८ सालमा भोजपुरमा महापरित्राण आयोजना गरे। त्यहाँ जान नेपालका भिक्षु, अनागारिका, उपासिकाहरू जम्मा गरेर लाने कार्य सुबोधानन्द भन्तेले गर्नुभयो, त्यसमा म पनि छानिएँ।

सबै जम्मा भएर भोजपुर जानको लागि गयौं। पौष महिनाको बखत समष्तिपुर पुग्दा हिउँको चिसो हावाले नौवत (दुःख) आइपर्‍यो। थुरथुर काम्दै प्रत्येकले गुण्टा खोलेर, सिरक ओढेर पनि जाडो नहटेकोले कोही पाइखानामा कोही गुसलखानामा गएर कठ्यांग्रिएर काम्दै बस्नुपर्‍यो। पछि हावा रोकेपछि आ-आफनो गुण्टा बाँधेर रेलमा बस्यौं। कटिहार पुगें, कटिहारबाट जोगबनी भएर त्यहाँबाट मोटरमा वसेर विराटनगर गएँ। विराटनगर पुगेको छैन अगाडिबाट आएको मोटरलाई पास दिन ड्राइभरले आफनो मोटर साइड दिंदै जाँदा, पांग्रा खाल्डोमा पर्‍यो। मोटर रोक्यो, मोटरको हेडलाइटले बाटो देखिंदैन् माथितिर फर्केको लाइट रहेछ। हामी सबै झर्‍यौ। ड्राइभरको पनि आँखा पाकेकोले कालो चश्मा लगाई राखेको छ, मोटरको दुबै प्रांग्रा ढलमा, ढल पनि निकै गहिरो थियो दुईटा प्रांग्रा ढलको पर्खालमा छुनै लागेको थियो भने दुईटा पांग्रा कुन भाग्यले अडिरहेको थियो। मोटरको माथि सामान त्यसै थियो। सुबोधानन्द भन्ते सामानको मायाले टर्चलाईट लिएर घुम्दै कराउन थाल्नुभयो कराउँदा कराउँदै त्यही खाडलबाट धम्मानन्दी भन्ने अनागारिका कुप्रिंदै घाँस टेवा लिंदै माथि आउनु भयो। "ए! तपाई एकजना कसरी खाल्डोमा खस्यो ?" भनें।

अनागारिकाले "मोटरबाट झर्दा खाल्डो छ भन्ने थाहा भएन, खाल्डोमा खसें" भन्नुभयो।

ड्राइभरले त्यही बाटोमा आएको ट्रकलाई भनेर आफनो गाडी डोरीले बाँधेर अर्को ट्रकमा पनि बाँध्न लगाएर आफूले पनि मोटर स्टॉट गरी ट्रकले तानेर निकाले बल्लबल्ल त्यही मोटरमा बसी विराटनगर पुगी आराम गरें। रातभर त्यहीं बसेर भोलिपल्ट धरान पुगेर धर्मशालामा बसें। भोजपुर जाने भरियाहरू बन्दोवस्त गरी चौतारासम्म मोटरमा गएँ, बजार पुगें, मेरो मनमा "मैले पान खाने यहाँसम्म मात्रै हो, उता पान खान पाईदैन, अब पान खाने बानी छोड्न यहाँ अन्तिम पान खाने हो भन्दै दुईटा पान एकपल्ट मुखमा बुजो लाएँ। तत्पश्चात् कोशी नदीको किनारै किनार हुँदै पैदल गएँ। बाराह क्षेत्र एक ठाउँमा भयंकर



Downloaded from http://dhamma.digital

बाटो आयो। ठाडो भीर, सानो बाटो, तल कोशीका पानीले हानीरहेको ढुङ्गो, पानीको भेल, माथि आँखा खोल्न नसक्ने गरी हावा चलीरह्यो, ४० फीट अग्लो भीर, माथिको बाटोमा बल्लबल्ल पाइला टेक्न मिल्छ, माथि हेर्नु हुन्न टाउकोमा ठोक्छ, तल हेर्दा कोशीको पानी भीरमा ठोकेर बगीरहेको देखिन्छ, अतिनै रिङ्गटा लाग्ने, आठ दश पाइला त्यस्तो बाटोमा हिंड्नु पर्दा हंशले ठाउँ छोड्यो, बल्लबल्ल डरलाग्दो बाटो काटें।

## धरानबाट भोजपुरतिर

पहिलो बास बारा क्षेत्रमा, दोस्रो रात कोशी नदीको किनार जङ्गलमा पर्‍यो। त्यही बासमा तानसेनबाट पाल्नु भएका शाक्यानन्द भन्ते, चरण भन्ते, सुगतानन्द भन्ते, रत्नमुनि साहुहरूले भेटाउनु भयो। त्यहाँबाट अरूण घाटमा डुंगा तरेर प्यखुआ नदी तर्दैतर्दै प्यखुआका बीचमा आठदश पल्ट प्यखुआ तरेपछि बास बस्नु पर्‍यो। २२ पल्ट तर्नुपर्छ, त्यो प्यखुआ नदी। दुईतिर पर्वत, खोंचमा नदीको बगर, नागबेली लिदैं बगेको नदी भएकोले त्यही नदी नै २२ पल्ट तर्नुपर्छ। त्यस्तो बगरमा रात काट्नु पर्‍यो, ओढ्ने ओछ्याउने भरियासँगै थियो, भरिया आइपुगेन तिनीहरू तल नै बास बसे, आइपुगेनन्। चिसो हावा चलीरहयो, जाडोको मौसम सबै कठयांग्रिदै थुरथुर काम्दै एक अर्कामा टाँसिदै रात कटाउनु पर्‍यो। सुबोधानन्द भन्तेले साथी लिएर गएकाहरूले दुःख मान्छ 'भनेर दुःख गरेर धर्म गर्नुपर्ने कथा सुनाउनु भयो। भोलिपल्ट बिहान सबै जान तयार भए के गर्ने ? मलाई बाथ रोग छ चिसो नदी तर्ने आँट आएन, नआएर पनि के गर्ने, एक्लै बसीरहनु भएन सँगै जानु परी हाल्यो। फेरी भन्ने ठाउँमा पुग्यौं, त्यहाँदेखि नदी तर्न सक्थ्यो। पहाड चढ्न शुरू भयो सीधा पहाड नाक नै ठोक्ला कि जस्तो पहाड चढिरहेको तलबाट हेर्दा खस्ला जस्तो देखिने। त्यो उकालो चढी जाँदा माथि पहाड पानी भन्ने ठाउँमा पुग्यौं। त्यहाँ भोजपुरका उपासकहरू भेट्न आउनु भयो। "आज यहीं बास बस्नुहोस्, भोलि हामीहरू स्वागत गर्दै लिन आउँछौं" भनी भोजपुरबाट ओढ्ने ओछ्याउने, खानपिउनको लागि आवश्यक सामानहरू ल्याई दिए। त्यो दिन त्यहीं बास बसें। भोलिपल्ट खानपिन गरी सबै बिस्तारै माथि चढयौं। भोजपुरको क्षेत्र बाहिर हामी जम्मा भएर बस्यौं। त्यहाँ धूमधामसाथ देशभरिका बाजागाजा बजाएर महिलाहरूको हातमा फूल, पुरुषहरूको हातमा धूप बालेर धूमधामसाथ



Downloaded from http://dhamma.digital

बौद्ध ध्वजापताका फहराई सिन्दूर जात्रा गरी भित्र्याइयो, देश परिक्रमा गराइयो । श्री शाक्यमुनि विहारमा महापरित्राण आयोजना गरेको रहेछ । हामीहरू पुगेको दिनदेखि नै टक्सारमा गुल्जार हुनेगरी लावालश्कर आइरह्यो गइरह्यो ।

कालिगडहरू भएको ठाउँ भएर हो कि मण्डप यति राम्रो बनाएको कि बयान गरेर साध्य नै छैन । आएका जति सबै मण्डप हेर्नमा मग्न हुन्थे ।

## भोजपुरमा महापरित्राण

माघको १८ गते भूकम्प आउँछ भन्ने हल्ला चलीरहेकोले धर्मचित्त गरी जनताहरू धेरै नै भेला भइरहे, नौ दिनसम्म महापरित्राण भयो ।

## महापरित्राणको कविता

पहिले भोजपुर टक्सारमा स्थविर बौद्ध शासन प्रतिस्था हुँदा इतिहास जस्तै इतिहासले भरिएको कवितामा अहिलेको भोजपुर पुनरागमन भएको कुरा कविताको रूपमा वर्णन म र अमृतानन्द श्रामणेर, भोजपुर यात्राको वर्णन

*उन्नाइस सय एकान्नब्बे सालमा भोजपुर आइरहें ।*
*मार्ग पर्वत सजिएर तमरा अरूण आइरहयो ठाउँठाउँमा ॥१॥*
*घाट तर्न चाहिने डुंगा नेत्र शीतल सुन्दर ।*
*थकाइ मारी अरूणतीर सुस्केरा हाल्न बसें ॥२॥*
*हुनुनु शब्द निकाल्दै आएको पिखुआ तर्दा अति नै चिसो ।*
*रिसाएर आएको जस्तो पिखुआ गर्जियो शब्द भयंकर ॥३॥*
*डराएकोले मैले हात समाती वस्त्र भिजेपनि तल पानीमा पसें ।*
*ढल्ला भन्ने डरले मेरो मन बल्झीरहयो पानीमा ॥४॥*
*बल्लबल्ल पार गरेको अहिलेसम्म डराउँछ मेरो मन ।*
*फेरि अर्को देखें पिखुआ कराउँदै बग्यो झर्झर ॥५॥*
*बल्ल सकाएँ पुनः अर्को पछ्रि पछ्रि लाग्दै फेरि ।*
*धार अति नै चिसो त्यतिकै चिप्लो ढुंगा पानी भित्रै ॥६॥*
*तीर पिखुआ पर्‍यो बास गगन सिरक ढुंगाको शिरमा ।*
*रातभर चिसोले काम्दै थुरथुर कठयांग्रिदै रात बिताएँ ॥७॥*
*बल्ल पुगें उकालो चढी माथि खिखामाछ्रा पूर्वको ।*



Downloaded from http://dhamma.digital

आए जनताहरू तछाँडमछाँड गर्दै मिलेर बसे पाटीमा ॥८॥
धर्म चर्चा हुनुको साथै बुद्ध प्रतिमा पनि प्राप्त भयो।
थेरबादले बास गरेको हेतु यही नै स्मृतिको ॥९॥
माघे संक्रान्ति आज नै उन्नाईस सय एकान्नब्बे।
आएको आज नै हो मामाहरू(सिपाहींहरू) स्वागतादि गर्न ॥११॥
आवश्यक रुलले कुशलवार्ता (केरफेर) गरी सकेपछि बन्धनमा (जेलमा) ॥१२॥
ज्ञान गुणको नित्य चर्चा बोध हुनगयो कैदीहरू।
जेल भएपनि भक्तिद्वारा पूण्यभूमि बन्न गयो ॥१३॥
जेजति छन जेलको हाल थाहा पाउँदा मामाहरूको मन खलवल।
"भएन यिनीहरूलाई जेलमा राख्न कैदी सम्पूर्ण बिगाऱ्यो ॥१४॥
बाहिर निकाली सैन्य साथमा धनकुटामा पठाइ दियो।
बीच बाटोमा ज्वरो आएर होस कति पनि छैन मसँग ॥१५॥
रून थाले अमृतानन्द मार्गमै "अब म के गरूँ" भनी त्यहाँ।
रूनु हुन्न है ! हामीहरूले आज मारलाई जित्नु छ ॥१६॥
सहनशील धैर्य भई मारलाई जित्नु पर्दछ।
जेजस्तो भएपनि धनकुटा पुग्नु छ निश्चय नै ॥१७॥
सैन्यहरूको काम सिद्ध भएमा हामीलाई पनि आनन्द हुनेछ।
शत्रु मित्र भाव नराखी मैत्री भावले जित्नु छ ॥१८॥
बल्ल पुग्यौं त्यस धनकुटामा कोत अड्डामा सुम्पी दियो हामीलाई।
भाग्यमानी भयौं त्यसैले पाहुना(कैदी) को रूपमा ! ॥१९॥
१७दिनसम्म मामाहरूकहाँ(जेलमा) भक्ति मार्ग खुल्यो।
उच्चपण्डित ब्राम्हणहरूले त्यहाँ धर्म छलफल गर्न आए ॥२०॥
मूर्ति गणपति बनाएँ स्थापना त्यहाँ हुन गयो।
भक्ति त्यहाँ पनि कैदीहरूलाई दुःख पनि सुख जस्तै हुन गयो ॥२१॥
हाकिमले सेना खटायो -
"पुऱ्याउन लैजाऊ रेलमा जोगबनी राखी राख्नु भएन दुई जनालाई।"
सैन्यसँगै पठायो हामीहरूलाई जोगबनी स्टेशनमा ॥२२॥
बन्धनमा पनि ज्ञान सुनाउँदै भक्ति गर्न लगाए कैदीलाई।
गएँ रेलबाट कालिस्पोङमा आफनै ठाउँमा बस्नपुगें ॥२३॥

पुनः/फेरि २०१८ साल पौष १८ गते

पुगेको यस भोजपुरमा पच्चीसबर्षपछि पुनः पुगें।
कोटडाँडासम्म सबैले बाजा बजाएर लिन आए ॥२४॥



Downloaded from http://dhamma.digital

*धूमधामले गाउँभरीका जनताहरूमा आयो खुशी मन हर्षले पनि ।*
*"धन्य यहाँका सम्पूर्ण जनताहरू भक्ति कति बलियो हेर ! ॥२५॥*
*त्रियानब्बे सालमा रोपेको बीज बगैंचामा फूल फुले जस्तै ढकमक्क भयो ।*
*क्लेशनाश गर्ने आशा भावले भिक्षु सेवा गर्न आयो ॥२६॥*
*हर्ष चित्तले दियो आशिष भोजपुरलाई शुभकामना ।*
*"बृद्धि होस, धर्म झन्झन् शान्ति पदको वैभव ॥२७॥*
*त्यहाँ महापरित्राण भयो भोजपुरमा ।*
*श्री शाक्यमुनि बौद्ध विहार धाममा ॥२८॥*
*निर्माण भएको सुमण्डप शोभनीय ।*
*कलाकारको बुद्धि त्यहाँ दर्शनीय ॥२९॥*
*भिक्षु जम्मा भई सकल देशहरूका र दूरका ।*
*चीवर धारण अति शान्तिको भिक्षु भेष ॥३०॥*
*पुण्यार्थीहरूको भयो भीड अति नै महान् ।*
*हेर्‍यौं मण्डप मनले दियो राम्रो मान ॥३१॥*

दर्शकहरूले भने–

*कति राम्रो दृश्य बनायो बुद्धि ।*
*जति हेरे पनि नपुग्ने कति सुन्दर चित्र बुट्टा ॥३२॥*
*भिक्षु संघ अति शीतल धर्म कान्ति ।*
*उद्देश्य उहाँहरूको 'विघ्न शान्ति' ॥३३॥*
*सप्ताह परित्राण सह धर्म चर्चा ।*
*देखाउनु भयो जनताहरूलाई त्यो भिक्षु चर्या ॥३४॥*
*परित्राण उनन्तीसवटा सबै पढ्छन् रातरात ।*
*"विश्वमा शान्ति होस् ! दुर्भिक्ष हटोस् भनी ॥३५॥*

भनी महा परित्राण सम्पन्न भयो ।

पहिले त्रियान्नब्बे सालतिर भोजपुर गएर एकपल्ट राम्रो काम गरेको हुनाले अहिले पनि म आएको छु भन्ने थाहा पाएर धेरै जनहरूको भीड भइरहयो, सञ्चो नभएर पल्टिरहँदा पनि भएन "हजूरका दर्शनार्थीहरू अति नै कराए, सञ्चो नभएमा लौरो टेकेर भएपनि एकपल्ट सभामा उभीदिनु पर्‍यो" भन्न आयो । के गर्ने ? सञ्चो नभए पनि सभामा पुगेर अनुहार देखाएँ, जानेको एक दुईवटा धर्मका कुरा बताउनु नै पर्‍यो । भन्न त एक हप्ताको महापरित्राण नौ दिनसम्म चल्यो ।

परित्राण समाप्त गरी सकल भन्तेहरू बिदाबारी भएर आ-आफ्नो



Downloaded from http://dhamma.digital

स्थानमा पाल्नुभयो, यता सुगतानन्द भन्ते (शाक्यानन्द भन्तेको भाइ, सुबोधानन्द भन्तेको दाजु) तीन दिन रोग लागेर देहछोडी परलोक जानु भयो।

## श्री ५ को शालिक स्थापना

केही दिन पछि मलाई पनि बाथको ब्यथाले खुट्टाको गोलीगाँठो सुनिएर एक महिना थला परें। त्यस्तो आपद्मा सुबोधानन्द भन्तेले मलाई अति नै गुण गर्नुभयो। श्री शाक्यमुनि विहारमा चार महिना बस्नु पर्‍यो। त्यहाँ बसुञ्जेल उपासक पुण्यधनका परिवार आमा छोरीहरूले पनि अतिनै सेवा रूपी गुण गर्नुभएको छ।

एकदिन बिहान हेम ब़हादुर शाक्य विहारमा पाल्नु भई झुकेर बस्नु भयो। मैले सोधें "किन केही कुरा छ कि ? छ भने भन्नुहोस्।"

हेमबहादुरले "हजूरलाई एकपल्ट घरमा लिएर जाने मन छ तर हजूरको भने खुट्टा दुखीरहेकोछ, के गर्ने ! भन्यो।

मैले सोधें "किन केही काम छ कि ? काम भए आइदिन्छु। एक हातले लौरो समाई अर्को हातले हेमको हात समाई विहार अगाडिको घरमा गएँ। कोठामा बसाएर काठको मूर्ति अगाडि राख्न ल्यायो "यो हजूरले चिन्नु हुन्छ ?" भनी सोध्यो। मैले लिएर हेरें। "मैले त चिन्न सकिनँ" भनेर सोधें।

हेमले भन्यो "श्री ५ महेन्द्रको सालिक बनाएको, अनुहार त मिलाउनै सकिएन त्यसैले हजूरलाई दुःख दिएको।"

"यहाँ श्री ५ को तस्वीर छ ?" भनेर सोधें।

"छ" भनी दुई किसिमका दुईटा तस्वीर अगाडि राखी दियो। तस्वीर हेरेर मेरो बुद्धिले भ्याएसम्म अलि अलि मिलाई दिएँ। अझै पनि अनुहार राम्रो भएको जस्तो लागेन। धेरै गौर गरी हेरें "ढाकाको टोपी लगाई दिंदा श्री ५ को मूर्ति दुरूष्ट भयो। मन्त्रीहरू, अञ्चलाधीशहरू सभा गरीरहेको टेबुलमा राखी दिएँ। अञ्चलाधीशले प्रशंसा गर्नुभयो। त्यही मूर्ति ढालेर त्यहीं पार्कमा शालिक राखी दियो। हेमबहादुरलाई रु.१३००।- दियो।

## कन्या कुमारीहरूको मनोभावना

एकदिन त्यहाँको द्वारे आएर भन्यो "गुरुजी यहाँकाहरूले हजूरको बचनलाई आदर गर्छन्। यहाँका कन्याकुमारीहरूलाई हजूरले भनी दिनुहोस् कि "आइमाईहरूले ब्रम्हचर्य पालन गर्नु पाप" हो भनी। यहाँ



Downloaded from http://dhamma.digital

व्रम्हचर्यामा बसेर कुमारी भईरहने धेरै छन्, तिनीहरूलाई पछि नराम्रो रोग लाग्छ" भनी हजूरले भन्नु भएको कुरा मान्छन् ।

मैले भनें "बौद्ध ग्रन्थमा आइमाई जातिले पनि आश्रव क्षय गरी निर्वाण पद प्राप्त गरेर गएका छन् । तिनीहरूलाई त लागेन, यिनीहरूलाई मात्र कसरी रोग लाग्छ ? द्वारे केही नभनी गयो ।

एकदिन एकजना कुमारीले भनिन् "भन्ते ! म यस संसारमा सांसारिक भई दुःख पाइरहेको देखेर डर लाग्छ, मेरो कुमारी नै भएर जीवन बिताउने इच्छा छ, मेरा बुबाले भने "विवाह नगरी हुन्न" भनी कर गरीरहनु भएको छ । आफनो जीवन आफनो इच्छा अनुसार नभएको किन ? केको कर ?" हजूरले एक पल्ट मेरा बुबा आमालाई भन्नु भएमा हामीलाई ठूलै उपकार हुन्थ्यो ।"

मैले भनें "के गर्ने नानी ? यो सबै धर्मगुरूहरूको जाल हो जवान छोरी घरमा राखी राख्यो भने आमाबुबा नर्कमा जान्छन् भनी तर्साई राखेका छन् । भनेको कुरामा पछि लागिरहेका छन्, बिचार गरी हेर्ने कसैको बुद्धि छैन । फेरी अर्को दाजुभाई भएकाले छोरीमान्छे घरमा राख्न चाहँदैनन्, अंशभाग दिनुपर्ने, बुहारीसँग मिल्न नसक्ने, बैंश छँदा दिन नसकेमा बदनाम हुने त्यस्तो खालको बिध्न हुनसक्ने संभावना भएकोले दाजुभाई र आमाबुबाले कचकच गरेर छोरी मान्छेलाई घरमा नराख्ने कोशिस गर्छन् । त्यसैले मैले भन्नु भन्दा तिमी आफैले बुद्धि पुर्‍याउनु पर्छ ।

"कस्तो बुद्धि पुर्‍याउने हो ? भन्ते ?"

"घरमा सबैको अगाडि एकपल्ट लेक्चर गरी सुनाऊ" म कतै जान्नँ, मलाई तपाईहरूले कहीं कतै बिहे गरेर पठाउने कुरा नगर्नुहोस्, मलाई यस संसारको ब्यवहार देखेर डर लाग्छ, सांसारिक सुख पनि पर्दैन, दुःख पनि मन पर्दैन, यस घरको अंश पनि चाहिंदैन, भाउजूहरूसंग मिल्न सकिएन् भने म अलग्गै बस्छु काम गरी खान्छु तर म कोही पुरूषको बन्धनमा परी जन्जालमा अल्झेर जीवन ब्यर्थमा गुमाउँदिन, मलाई बिहे गरेर पठाइदिने कुरा नगर्नुहोस्" भन भनें ।

कुमारीको मनमा सही कुरो उठ्यो 'पक्का' हो । यो सबै धर्मगुरुहरूको प्रवृत्ति मार्गमा ज्ञान लिएर, त्यो फेरि कुल गृहमा कलह हुन्छ भनी यस्तो जाल बनाएर राखेको हो । सबैले आ-आफ्नो स्वार्थ पूर्ण गर्न तिर मात्र लागी रहे । "खोइ, केको माया, कहाँ छ दया ? यस्तो संसारमा बस्नुभन्दा नबस्नु नै उत्तम हुन्छ" भनी बैराग चित्त गरी घर फर्किन् ।



Downloaded from http://dhamma.digital

# चैनपुर यात्रा

सुबोधानन्द भन्तेज्यूले पनि चैनपुरको निमन्त्रण स्वीकार गरीसक्नु भएको थियो। मलाई दुखेको निको भएको छैन, चैनपुरवाट एकजना मान्छे लिन आयो। सुबोधानन्द भन्तेले मलाई भन्नुभयो "के गर्ने, एम.पि. गुरु ? चैनपुरबासीहरूले हजुरलाई एकपल्ट चैनपुर पाल्नु हुन प्रार्थना गर्नुभयो" मैले "हुन्छ भनी हालें, सँगै लिएर आउँछु भन्ने वचन दिइसकें, हजूरको भने खुट्टा दुखेको निको भएको छैन, के गर्ने ?"

मैले भनें "क्षमा गर्नुहोस्, मेरो खुट्टा दुखेकोले टेक्न मिल्दैन पहाडको बाटो कसरी जाने।

भन्तेले भन्नुभयो "बिस्तारै बोकाएर भए पनि जाने बचन दिइसकें नगई हुँदैन" भनी भन्तेले मलाई नरम डोरीले राम्ररी बाँध्नुभयो।

मैले "भन्तेको बिचार" भनी चूप लागेर बसें। भन्तेले चैनपुर जाने बन्दोबस्त मिलाउनु भयो। म, भन्ते, बुद्धलक्ष्मी, गंगा र चैनपुरको मान्छे पाँच जनालाई बाटोमा खानपिन गर्न र ओछ्यान सिरक भरियालाई बोकाएर निस्क्यौं। के गरुँ खुट्टाले टेकेर मिल्दैन्, बायाँ हात चैनपुरबाट लिन आएको मान्छेसँग भर लिएर दायाँ हातले लौरो टेकी अघि बढ्यौं खुट्टा लछारेर हिंड्दा खोपिल्टामा टेक्दा प्राण जाला जस्तो हुने जाँदाजादै बास बस्यौं, खुट्टा दुखेको असह्य भयो, खुट्टा मिची दिए हुन्थ्यो भन्ने इच्छा जागेको थियो। इच्छा भएर के गर्ने ? आफूले भन्न लाज लाग्यो, तिनीहरूको मनले देखेको होइन। भोलिपल्ट त्यहाँबाट उठेर गयौं। मैले पाइला चाली रहेको देखेर सुबोधानन्द भन्तेको मनमा "यस्तो पाइलाले कहिले चैनपुर पुगिन्छ ?" भन्ने बिचारले मलाई बोकाउन भरिया खोज्न हिंड्नु भयो। मैले पर्दैन भन्दा पनि भन्तेले कुरा सुन्नु भएन भरिया खोजेर ल्याउनु भयो। तर त्यो भरियासँग डोको छैन। फेरि डोको खोज्न हिंड्यो। डोको खोजेर ल्याए पनि मक्की सकेको पुरानो सुकी सकेको थियो। त्यसलाई फेरि ठाउँठाउँमा बाँसको चिराले बाँधेर बलियो बनाएर मलाई डोकोमा राखी बोकेर लग्यो रातोमाटो भन्ने ठाउँमा झर्दा म भीरमा तर्सें, सुबोधानन्द भन्ते र भन्तेकी भतिजी बुद्धलक्ष्मी सँगैसँगै हिंडीरहनु भएको थियो। पाखामा भरिया थाकेर तोक्मा राखेर रोक्यो। तोक्मा राखेको ठाउँको ढुङ्गा पल्टेर डोको खुस्क्यो, म झन् तर्सें। ठाउँमा नपरेकोले भरियाले थाम्न सकेन्। त्यतिखेर भन्ते र बुद्धलक्ष्मीले समातेर थामी दिनु भयो, बल्लबल्ल म डोकोबाट झरें। त्यसपछि



Downloaded from http://dhamma.digital

मलाई डोकोमा बस्न डर लागेकोले बिस्तारै पैदल नै गएँ। तल पुग्यौ भरियालाई भात खुवाएर ज्याला दिएर फर्काइदिएँ। हामीहरू डुंगामा चढी पारि पुग्यौं। पारि फेरि पहाड चढ्नु पर्‍यो चैनपुरबाट "घोडा पठाइ दिन्छु"भनेको पठाएन। मैले पाइला नै टेक्न सकिएन, एकजना साथी भर लिएर लौरो टेक्दा पनि राम्ररी खुट्टाले टेक्न भएन, बाँया खुट्टा अलि अघि बढायो, दायाँ खुट्टा लछारेर अघि बढ्यौं। यस्तै प्रकारले पाइला चाल्दै गयौं। बटुवाहरूलाई सुबोधानन्द भन्तेले भन्नुभयो "ए भाइ! माथिबाट कसैले घोडा लिएर आएको छ भने तलसम्म जाऊ, बिरामी चढ्न सकेन" भनीदेऊ है भनेर पठाउनुभयो। माथिबाट घोडा ल्याउने माथि आधी बाटोमा धनकुटा र धरान जाने दोबाटोमा हामीहरूलाई पर्खेर बस्यो। बाटोमा हिंड्नेले सोध्यो "तल भोजपुरबाट आउने कोही छ ?" पथिकहरूले (बटुवा) "तल बिरामी हो कि, अन्धो हो, हात समाई ल्याइरहेको छ, कहाँको हो थाहा छैन" भनें। तत्पश्चात् जानेहरूले मेरो समाचार पुर्‍याए पछि घोडा तल ल्यायो। हामीहरू माथि दोबाटोमा पर्खी रहयौं" भन्दै घोडाको काठी र लगाम ठीक पारी दियो। मैले घोडाको घाँटीमा मुसार्दै भनें "लौ, अश्वराज! मलाई सन्चो नभएकोले तिमीलाई दुःख दिनु पर्‍यो के गरुँ, यसरी मलाई उपकार गरेको पुण्यले तिमी पनि छिट्टै घोडाको योनिबाट मुक्त होस!" भनी घोडा चढें, बायाँ खुट्टा रिकापमा राखेर, बायाँ हात घोडाको घाँटीमा भर लिएर दाँया हातले काठी समातेर चढें दाया खुट्टा घोडाको शरीर पार गर्न सकिएन। भन्तेहरूले मेरो खुट्टा कसरी छुन्छ, अरूले पनि मिलाई दिएन, घोडा अघि बढी सक्यो, म राम्ररी बस्न सकेको छैन। घोडा ल्याउनेले घोडा समाए। मैले भने "भाइ! मेरो खुट्टा एकपल्ट मिलाइ देऊ।" भाइले मेरो खुट्टा रिकापमा मिलाइदियो। "भाइ! म त घोडा चढ्न जान्दिन, लगाम नछोड्नू, समातेर हिंड" भनें। अलिकति बचन मानी दियो "हजूर, डराउनु पर्दैन, लगाम मात्र समाइ राखे पुग्छ, घोडालाई बाटो थाहा छ, हजूर आफू नखस्ने गरी समाती राख्नुहोस्" भनी घोडा छोडी दियो। घोडा पनि मोटो निकै बलियो, एक दुई पल्ट भीरको किनारामा पुग्दा आङ सिरिङ्ग हुन्थ्यो, खुब मजाले पहाड चढ्यो।

एक ठाउँमा डरलाग्दो बाटो आयो, तल खाल्डो जस्तो देखिन्छ माथि बाटो छैन, घोडा मालिकले घोडा समाती घाँटीमा बाँधिएको धागोको डोरी फुकालेर आफूले समाई मलाई भन्यो "हजूर नडराउनुहोस्, अगाडि



Downloaded from http://dhamma.digital

र पछाडि दुई हातले बलियो गरी समाउनुहोस्, घोडा बचेर जान्छ "यति भनेर घोडा मालिक डोरी समाएर घोडालाई देखाउने जस्तो गरी दगुरे, डोरीसँगै घोडा पनि त्यतातिर नै दौडेर पारि पुग्यो मैले त आफ्नो ज्यानलाई माया मारीसकेको थिएँ तर बचें त्यही बाटोमा दिनदिनै हिंडिरहने घोडा भएकोले तरिका जानेको छ केही भएन। पारि पुगेर एक दुई घडी घोडाले स्वांस्वां फ्वांफ्वां गर्दै श्वास फेरे पछि मात्र बिस्तारै पाइला चाल्यो। माथि देउरालीमा एउटा सानो बजार छ, त्यहाँ पुग्दाखेरि घाम डुब्यो। घोडा मालिकले "आज रात भर यहीं बस्नुपर्ला भन्तेहरू पनि पाल्नु भएको छैन" भनेकोले म घोडाबाट ओर्लें, रिङ्गटा लागेर भित्तामा उभिएँ, पसलेले "भित्र पाल्नुहोस्" भनी चकटी ओछ्याइदिनुभयो। म भित्र गएर बसें। बेलुकी खाना खाइसकेपछि मान्छेहरू जम्मा भए धर्मको कुरामा छलफल भयो। बेलुकी ढिला गरी भन्तेहरू पनि पुग्नु भयो। आइपुग्ने बित्तिक्कै सुबोधानन्द भन्तेले भन्नुभयो" ओहो ! एम.पि. गुरु ! त्यो खाल्डो भीरबाट कसरी आउनुभयो, डर लागेन ? त्यो खाल्डो भीर हेर्दाहेर्दै .....त्यस्तो ठाउँमा एम.पि. गुरु कसरी पाल्नु भयो भनी धन्दा भयो।

मैले भनें "त्यो ठाउँमा मलाई अरू केही भएन मनमा हुनुपर्ने जति भयो" भनें।

रातभर त्यहीं बसें भोलिपल्ट चैनपुरबाट बाटो हेर्नेहरू आइपुगे। स्कूलका विद्यार्थी, महिला वर्ग र बजारका युवाहरू हार्मोनियम र तबला बोकेर, महिलाहरूको हातहातमा एकएक गुच्छा फूल लिएर, राम्राराम्रा वस्त्र पहिरी, कोही कसैले ठूलठूला बौद्ध झण्डा बोकी पंक्तिबद्ध भएर "महाप्रज्ञा भन्ते की जय" भनी नारा लगाउँदै आए। त्यो देशमा पुग्न एक कोश हिंड्नु पर्छ त्यत्रो लामो बाटोमा दुःख गरी मलाई स्वागत गर्न आएको देखेर मलाई के भयो कुन्नि आँखाबाट आँसु झर्‍यो, ओंठ थर्किन थाल्यो।

त्यस मध्येमा अध्यक्षले मलाई फूलमाला लगाइ दियो, बाटो हेर्न आएजति सबैले फूलको गुच्छा चढाए। खुट्टा दुखेको हुनाले सबैले घेरे र सम्हालेर अघि अघि ज्ञानमाला भजन गर्दै धूमधामले स्वागत गर्दै लगे। सबभन्दा पहिले विहारमा लगेर बुद्ध मूर्ति दर्शन गर्न लगाए। विहारबाट निस्कनासाथ" यहाँ सानो भाषण गर्नुहोस् न भने"।

मैले "हुन्छ" भनें। दर्शकहरू सबै चुप लागेर बसे, मैले केही शब्द



Downloaded from http://dhamma.digital

बोलें "मैले चैनपुर भन्ने नाममात्र सुनेको थिएँ। आएको होइन, आज म धनबहादुर शाक्यज्यूको श्रद्धा र भद्धन्त सुबोधानन्दको दयाले पुगें। खुट्टा दुखेकोले बाटोमा मैले जति दुःख भोगें, त्यो सबै यहाँ आइपुग्दा सबैले स्वागत गरेकोले अहिले पटक्कै दुखेन दुखेको जति कहाँ गयो, कहाँ गयो धन्यबाद !" भनी सिध्याएँ। तत्पश्चात् धन बहादुर शाक्यको घरमा लगे, एकछिन बसें। बस्ने स्थानको बन्दोबस्त गरी दिए त्यहीं बसें।

## धर्मोपदेश

त्यहाँ हामी नौ दिन बस्दा बेलुकी भगवान् बुद्धको जीवनी सुनाउने मध्यान्हमा उत्सुकहरू छलफल गर्न आउँथे आवश्यक प्रबन्ध धनबहादुर शाक्यले गर्नुहुन्थ्यो।

बेलुकी कथा सिद्धेपछि "कोही कसैलाई केही प्रश्न गर्ने इच्छा भएमा गरे हुन्छ" भन्ने एउटा प्रोग्राम राखी दिएकोले कागजमा प्रश्न लेखेर सोध्नेहरू देखापरे। कागज धेरै जम्मा भयो, प्रश्न लेखिएको त्यस कागजको सबै उत्तर दिन भने चार दिनमा पनि नसिद्धिने देखियो। एक कागज उठाएर हेरे

"आत्मा छ कि छैन ?" भनी लेखीएको रहेछ।

मैले भनें "प्रश्नकारको प्रश्न सही छैन, त्यसैले यसको उत्तर दिन मिल्दैन।"

अर्को हेरें त्यसमा पनि सही छैन, अर्को हेर्दा पनि। त्यो दिन कसैको प्रश्नको उत्तर दिइएन।

भोलिपल्ट प्रश्नकारको सही त छ, नाम लिएर बोलाएँ "फलाना प्रश्नकार अगाडि पाल्नुहोस्, प्रश्नको उत्तर सन्तोषजनक हुने गरी छलफल गर्नु पर्छ।" तर प्रश्नकार अनुपस्थित भए उत्तर दिइएन।

अर्को कागज उठाएँ, नाम लिएर बोलाएँ, उहाँ पनि सामेल हुनु भएन, अर्कोलाई बोलाएँ, "उहाँ पनि गइसक्नु भयो" भन्यो, अर्को बोलाएँ, उहाँ पनि अनुपस्थिति भन्ने जवाफ आउँदा सबै कागज काम लागेन' भनी पन्छाउनु पर्‍यो।

## पण्डितलाई उपदेश

एकदिन मध्यान्हमा मोटो ब्राम्हण पण्डित स्वांस्वां फ्वांफ्वां गर्दै आइपुग्यो। आएर एकछिन आराम गरी दम शान्त भएपछि भन्यो



Downloaded from http://dhamma.digital

"नमस्कार गरें है महात्माजी ! पहाड चढेर आउनु परेकोले दम बढ्यो हत्तपत्त कुरा गर्न सकिएन । स्कूल माष्टर भएकोले फुर्सद छैन् । हजूरको शुभ समाचार सुने पनि एकपल्ट दर्शनार्थ फुर्सद लिन नसकेकोमा साह्रै अपशोच लाग्यो, हामीलाई पनि केही ज्ञान प्रदान गर्नु हुन्छ कि भन्ने आशले आएँ । यहाँ दर्शन गर्न आएको श्रद्धाले हो, विनाकारण विद्यार्थीहरूलाई बिदा दिएर म यता आएँ, महात्माजी ! केही उपदेश मागें" भन्यो ।

मैले भनें "पण्डितजी ! तपाईं स्वयं पण्डित भएर हामी अपण्डितजीहरूसँग उपदेशको आशा लिनु भएको त ?"

पण्डित "त्यसो नभन्नुहोस् न महात्माजी ! हामीहरू पण्डित भएको ज्ञानको लागि होइन, महात्माजी ! खानको लागि भयो, तस्मात् स्कूल रूपी पिंजडामा बसी, तलब रूपी चाराको आशाले असमर्थ भई, आ-आफ्नै पिंजडामा बस्नु पर्‍यो । महात्माजी ! यस्तो यमजालबाट मुक्त कहिले हुन्छ, मलाई कृपा गरेर यस्तो जञ्जालबाट मुक्त हुने उपदेश दिनुहोस्" भन्यो ।

पण्डितजी !

भगेन चर्म कुण्डेन दुर्गन्धेन व्रणेनच ॥

खण्डिता सर्वजगतां सदेवासुर मानुसां ॥

यस एक श्लोकले नै पण्डितको मनको पर्दा खुल्दै गयो । श्लोकको अर्थ-भग भनेको छालाका कुण्डद्वारा जुन भग दुर्गन्धको उत्पात भइसकेको घाउ समानको रक्त र पिप निस्कीरहेकोछ, त्यस्तो भग (योनी) ले देब, दैत्य, मनुष्य आदि प्राणीलाई अशान्ति गरीरहयो ।"

पण्डितले अर्थ बुझेको छ, एकछिन छक्कपरेर बस्यो "महात्माजी ! अब हामीहरू यस पापबाट मुक्त हुँदैन र ?"

"मुक्त हुन्छ, पण्डितजी ! प्रवृत्ति हुने रागलाई छोडी निवृत्तितिर लागि वैराग भयो भने मुक्त हुन सक्छ ।"

"महात्माजी ! एक एक ग्रन्थमा एक एक भगवान् ठूला भनेर देखाइएको छ, कसैले राम ठूलो, कसैले लक्ष्मण, कसैले विष्णु, कसैले शिव हामीहरू त अलमलियौं, महात्माजी ! कुन द्वारबाट प्रवेश गऱ्यौ भने लक्ष्यमा पुगिन्छ, यो हामीलाई थाहा भएन ।"

मैले भनें "पण्डितजी ! मान्नलाई मन पर्ने मान तर एकजना मात्र मान्ने गर ! सबै एउटै हो भनी अलमल नहोऊ, तर बिचार चक्षुले हेरेर,



Downloaded from http://dhamma.digital

दक्षिण हेरेर बढीरहेको संसार रूपी गंगाको धारसँगै उल्टोबाट उत्तर हेरेर माथि जाने गंगाजीको उत्पत्ति, धारको आरम्भ स्थानमा पुग्यौं भने दुःख मुक्त हुन्छ।" यति कुरा श्रवण गर्ने वित्तिक्कै पण्डितजीको मुख अलि उज्यालो भयो, मनमा अलि पस्यो जस्तो लाग्यो। तैपनि स्पष्ट भूत नभएको जस्तो लागेर मलाई सोध्यो "महात्माजी ! नदी सँगै उत्तर हेरेर माथि जाने कुरा बुझेजस्तो लाग्यो। तैपनि स्पष्ट भूत भएन, महात्माजी ! उपमा जस्तै बताएर मात्र पुगेन प्रभो ! दया गरी स्पष्ट हुने गरी आज्ञा होस्" भनी बसेको ठाउँबाट एक फुट जति अघि बढेर मन दिएर सुन्यो। मैले भने "पण्डितजी ! मैले बताएको कुरामा मन, आँखाले पनि हेर्दै जाऊ है त।"

हामी संसारमा आमाको कोखबाट जन्म हुँदाखेरि आफू, पराई, शत्रु, मित्र, सानो, ठूलो, काम, क्रोध, लोभ, कपटी, अभिमान भन्ने केही छ ?"

"छैन, प्रभो।"

"पछि कसरी भयो ?"

"आमाले शिक्षा दिनु भएपछि थाहा पायौं।"

"आमाले शिक्षा नदिनु भएको अबस्थालाई के अबस्था भनिन्छ ?"

"भेदभाव नभएको अबस्थालाई 'व्रम्ह अबस्था' भनिन्छ ?"

"त्यही अबस्थामा मृत्यु भयो भने, त्यो बच्चा मुक्त हुन सक्ला ?"

"सक्दैन।"

"किन ?"

"अज्ञान अबस्था भएकोले।"

"यदि ज्ञान थाहा पाएर त्यही अबस्थामा पुग्न सकेको भए, त्यहाँ के हुन्छ ?"

"मुक्त हुन्छ।"

"त्यो अबस्था पनि मुक्त अबस्था होइनन्, पण्डितजी ! त्यो त सिर्फ व्रम्हगति मात्र हो।"

"मुक्त भनेको कस्तो हो त ? महात्माजी !"

"पण्डितजी ! मुक्त त्यसलाई भनिन्छ, जुन ज्ञानले पुनर्जन्म लिनु पर्दैन।"

"अब हामीले के गर्नु पर्‍यो त ? महात्माजी ?"

मैले भने "महाराज ! पण्डितजी ! संसारमा शिक्षा बिनाको केही सँज्ञा छ त ? संसारमा मुखले उच्चारण भए जति संज्ञा शिक्षाको फल



Downloaded from http://dhamma.digital

हो। केवल आहार, निद्रा मैथुन यी तीनवटा बिना शिक्षाको अकुशल स्वभाव धर्म हो। बडा बन्ने उपाय पनि परको युक्ति हेरेर आफूले पनि गर्न जानेर ठूलो हुँदै राजा बादशाहसम्म हुन्छ। परजनले भनेको, परजनले गरेको, परले लेखीराखेको यो सबै शिक्षा नै हो।

दुराचार त्याग गरी सदाचारी भएर राम्रा संगतद्वारा सार असार थाहा पाई बिचार गर्न सक्ने, प्रज्ञप्त जति आलु छोडाए जस्तै बोक्रा फयांकेर भित्रको आलु क्वाप्प खाए जस्तै परमार्थ भेट्टाएर लिन सक्नु पर्छ। त्यही परमार्थलेनै मुक्त हुन्छ।

"महात्माजी ! प्रज्ञप्तलाई आलुको बोक्रा छोडाए जस्तै छोडाउने कसरी ? यो मलाई थाहा भएन।"

प्र.-"पण्डितजी ! तपाईको अगाडि को हुनुहुन्छ ?"

उ.-"हजूर, महात्मा हुनुहुन्छ।"

प्र.-"महात्मा भनेको, प्रज्ञाप्त हो कि परमार्थ ?"

उ.-"प्रज्ञप्त, प्रज्ञप्त हो।"

प्र.-"नाम मात्र।" "नाम भनेको लोकोक्ति हो कि स्वयम उत्पन्न।"

उ.-"नाम भनेको लोकोक्ति भएर नै संज्ञा भनेको हो।"

"जसलाई पनि सम्बोधनार्थ नाम राखी राखेको संज्ञा नै लोकोक्ति हो भने त्यो नाम सार पदार्थ होइन भनी थाहा पाउनु पर्‍यो। अनि महात्मा भनेको नाम मात्र हो सार पदार्थ होइन भनी मनले अनविश्वास गरे पछि के बाँकी छ त ?"

उ.-"मासु, रगत, हाड मात्र बाँकी हुन्छ।"

प्र.-"मासु, रगत, हाड भनेको के हो त ?"

उ.-"त्यो पनि संज्ञामात्र / प्रज्ञप्ति हो।"

प्र.-"बाँकी के छ त ?"

उ.-"सिर्फ लोकोक्ति /प्रज्ञप्त/संज्ञा मात्रै हो।"

प्र.-"यस्तै प्रकारले संज्ञा जति प्रज्ञप्ति भनी थाहा पाएर मनले अनविश्वास गर्‍यो भने के बाँकी रहन्छ ?"

उ.-"कृया बाँकी हुन्छ।"

प्र.-"के आधारले कृया चली रह्‍यो ?"

उ.-"त्यो पनि प्रज्ञप्तिको आधार मै हो।"

प्र.-"लाटोहरूले कृया चलाउँछ कि चलाउँदैनन् ?"



Downloaded from http://dhamma.digital

उ.-"लाटोहरूले पनि चलाउँछन ।"

प्र.-"आफ्नो शरीरमा रहेको स्वभाव धर्म मात्र परिवर्तन भइरह्यो ।" "के स्वभाव धर्म ?"

उ.-"काम, क्रोध, लोभ, मोह ।"

प्र.-"उक्त चार प्रकारका स्वभाव धर्ममा के गुण छ ?"

उ.-"उक्त चार प्रकारमा गुण छैन, केवल अपगुण मात्र छ ।"

प्र.-"अपगुणी स्वभाव धर्म परिवर्तन हुन्छ कि हुँदैन ?"

"ज्ञान र प्रयत्नद्वारा परिवर्तन हुन सक्छ ।

"ज्ञान र प्रयत्नद्वारा परिवर्तन नहुने पनि केही छ कि ?

"छ जस्तै लाग्छ ।"

"त्यो के हो ?"

"जरा मरण" यो दुईटा आजसम्म न परिवर्तन गर्न सक्ने, न कोही महात्मा उत्पन्न भयो, न कोही भगवान् नै ।"

"जरा मरण" भनेको दुःख हो कि सुख ?"

दुःख नै हो, जरा धर्म मन पराउने कोही छैन, न मरण नै मनपराउने छन्, मन नपराए अनुसार हुनेलाई कसरी सुख हुन्छ ?'

जरा मरणलाई यथार्थ थाहा पाएर "त्यसो नहोस्" भन्ने इच्छालाई छोड, "हुनुपर्ने नभई छोड्दैन, यसमा इच्छा गर्नु नै दुःख हुने हेतु हो" भनी इच्छालाई त्याग गर, त्यसले दुःख हुँदैन ।

आश्वास प्रश्वास पनि स्वभाव धर्म हो, नाडीको चाल पनि स्वभाव धर्म हो । शरीर भित्र के के कृया भइरहेको हुन्छ त्यो सबै स्वभाव धर्म हो । स्वभाव धर्म दुई प्रकारका छन्, एउटा सुधार गर्‍यो भने सुधार हुने, अर्को यथार्थ बुझेर आफ्नो अधीनमा नभएको भन्ने थाहा पाउने । अनात्म भाव बोध भएर शान्ति लिने हो ।

सुधार गरेमा सुधार हुनेलाई सुधार नगरेमा आफैले दुःख पाउने र जरा मरणको कारण हुन जान्छ । आफ्नो अधीनमा नभएकोलाई अधीनमा राख्ने इच्छा गर्ने पनि दुःखको कारण मात्र हुन्छ । आफूले भने जस्तो हुने होइन ।

काम, क्रोध, लोभ, मोह, मान, दिट्ठि यो छ वटा पनि स्वभावले उत्पन्न हुने हो । तैपनि सुधार गरेमा सुधार हुन्छ । जरा मरणादि स्वभावले धर्मलाई जजस्तो गर्न लगाए "यो स्वभाव धर्म हो, यो तत्व मात्रै हो, यसमा कसैको अधीन छैन, आ-आफ्नो तत्व स्वभावअनुसार



Downloaded from http://dhamma.digital

परिवर्तन भईराखेको हो" भन्ने थाहा पाएर सन्तोष भएर बस्ने हो ।

चित्त = चेतन मात्र हो = ( महसुस गर्ने तत्व) स्वभाव धर्म हो । त्यसमा वाह्य विषयले स्पर्श गर्‍यो कि मन उत्पन्न भएर संसार बनाउन आउँछ, त्यो मनलाई पनि सम्हाल्न सक्नुपर्छ, नत्र दुःखको भुमरीमा पर्छ । चेतन महसुस भइरहन्छ, सांसारिक कार्य केही पनि गर्दैन । जस्तैः मोटरमा क्वायर छ, क्वायरले केही पनि गर्दैन, क्वायरले फलाम पदार्थ छुने बित्तिक्कै झिल्का आउँछ, त्यही झिल्काले आवश्यक कार्य गर्छ । त्यसरी नै क्वायर ठोकेर चित्त तत्व, झिल्का ठोकेर मन हो ।

कर्म बनाउने मन हो चित्त होइन ।

सम्हाल्नु पर्ने त्यो मार हो, त्यस मारलाई सम्हाल्न सजिलो छैन तै पनि बलियो भएमा सम्हाल्न सक्छ, निरोध गरेमा निरोध पनि हुन्छ ।

त्यो मन ज्ञानीको संगत परेमा, अभ्यास गरेमा ज्ञानी भएर ज्ञान विकास पनि हुनजान्छ ।

जन्म भएपछि बनाउँदै लगेको, बिगार्दै लगेको, लोक ब्यवहार गर्दै गएको बुद्धि बलले माथि माथि चढ्दै जाने सबै लौकिक भन्ने थाहा पाएर लोकोत्तर शान्तिको आशा छ भने प्रज्ञप्त र लौकिक बुद्धिलाई ज्ञान बिचारले त्यागेर हेर त्यहाँ के बाँकी हुन्छ ? त्यहाँ उही आमाको गर्भबाट जन्म भएको अबस्थामा पुग्छ ।

आमाको गर्भबाट निस्केको अबस्था हो अज्ञानको अबस्था, यसलाई व्रम्ह अबस्था भनिन्छ ।

पछि ज्ञान थाहा पाई लौकिक बुद्धिलाई पनि ज्ञानले काट्दै फर्किने पहिलेकै अबस्थामा आइसक्नुलाई मुक्त अबस्था भनिन्छ ।

पण्डितजी ! यस कुरामा एक चोटि बिचार गरी हेर्नुहोस्, केही चित्त नबुझेको भए क्षमा गर्नुहोस्" यति कुरा सुनाएपछि पण्डितले भन्यो "आहा ! महात्माजी ! कति सरल तरिकाले उपदेश गर्नुभयो, धन्य, धन्य ! मैले कति धर्मग्रन्थ पढिसकें यति सरल तरिकाले ज्ञान लिन सकिनँ, आज मैले यति बुझें कि कुन तरिकाले लोक उत्पत्ति भईरहेको हो उसलाई उल्टोबाट फर्किनु नै मुक्त अबस्थाको साधन हो ।"

पण्डितले यति भनेर प्रणाम गरी बिदा लिएर फर्क्यो ।

## भोजुरमा फर्केपछि

चैनपुरमा नौ दिन बसेर दसौं दिनमा धनबहादुर सँग बिदा लिएँ,



Downloaded from http://dhamma.digital

उपासक उपासिकाहरू सबै आएर बिदा दिए, घोडा चढाएर फर्काउँछु भनेर ल्याएको घोडा फर्काइ दिएँ, पहाडबाट तल झर्न घोडा चढ्ने आँट आएन ।

चैनपुर छोडेर भोजपुरमै फर्कें । भोजपुरमा पुग्ने बितिक्कै सुबोधानन्द भन्तेज्यूले मलाई एउटा काम दिनुभयो कि "एम.पि.गुरु, भगवानको जीवनी एक पद्यमा लेख्नु भए हुन्थ्यो ।

भोजपुर चार महिना बस्दा बुद्धजीवनी एक पद्य लेखें । बीचबीचमा मलाई स्नेह मारले दुःख दिन आउँथ्यो । पुत्र मदन कुमार १४ बर्षको मेरै अगाडि भएको जस्तो मारले ल्याएर रूवाइ दिन्थ्यो, कल्पना भन्ने पनि यस्तो मार हो कि दुरूस्त हुने गरी मनमा स्नेहले ब्याकुल गरीदिने । मैले आफूले आफैलाई नै कविता रचेर कविता पढें, कविताले गाली गरें पुत्र सम्झिंदा कविता पढेर मार हटाएर पठाउने गरें, बारंबार गरेपछि क्रमशः मार हटेर गयो । मन शान्त भयो ।

एकदिन त्यहीं भोजपुरको डुंरे भन्ने मुखिया आएर के भन्यो भने "गुरुजी ! हजूरलाई एउटा अर्जी चढाउनु छ, त्यो के भने यहाँ भोजपुरमा धेरै नै महिलाहरू कन्या भएर बसेका छन्, त्यसरी महिलाहरू कन्या जीवन बिताउन थाले भने पुरुष बिना नारी वर्गलाई भयंकर रोग लाग्ने भय छ । फेरि जवान छोरी माइतीमा बसी रहिन् भने घर अपवित्र हुन्छ । त्यसैले हजूरले ती महिलालाई अति राम्ररी उपदेश दिनुहुन्छ कि, हजूरले भनेको कुरामा विश्वास गर्छन्" भन्न आयो ।

मैले सुनेको थिएँ त्यो गाउँको मुखियाको मन अलि राम्रो छैन, राम्री केटी देख्यो भने उसलाई चाहिने भन्ने, मैले मुखियालाई यही उत्तर दिएँ "मुखिया जी ! संसारमा महिला वा पुरुष कति रोगी छन्, कति बिरामी छन्, कति भोगी छन्, कति त्यागी छन्, कति ब्रम्हचारी पनि छन्, कति व्यभिचारी ! सबै उस्तै हुँदैनन् । तपाईंले भनेको कुरामा मलाई अलि विश्वास भएन, किनभने संसारमा कुनै महिलाहरू अरहन्त भएर जन्म मरणको चक्रबाट मुक्त भएर गएका पनि छन्, तिनीहरूलाई किन रोग लागेन होला ? फेरि वर्तमान समयमा पनि कति महिलाहरू ब्रम्हचारिणी भएर भक्ति गरीरहेका छन्, तिनीहरूलाई पनि त्यसरी आइमाई रोग लाग्यो भन्ने सुनेको छैन, यस भोजपुरमा मात्रै कन्या भएर बसेकाहरूलाई रोग लाग्छ भने थाहा छैन । मैले यो कुरामा बिचार गर्दाखेरि "पूर्ण वैरागीहरू, संसारको दुःख थाहा पाउनेहरू, भक्ति चित्तहरू, महिलाहरूलाई त्यो रोग



Downloaded from http://dhamma.digital

लाग्दैन जस्तो छ । त्यस्तो रोग त यस्ता महिलाहरूलाई मात्र हुन्छन् जस्तो लाग्छ कि जसको चित्तले पुरूष भनेर बस्छन् तर अप्ठयारो परेर वा पुरुष नभेटेर वा परतन्त्रको कडीमा परेर केही कार्यवश विवाह हुन नसकेमा त्यस्तालाई सायद आइमाई रोग हुन सक्छ जस्तो लाग्छ । एउटा यो पनि हो कि मुखियाजी ! म एक व्रम्हचारी भएर पनि के मैले व्रम्हचारी हुने उपदेश नदिउँला र ? मैले सकेसम्म "सांसारिक दुःखले मुक्त हुन मनपर्छ भने व्रम्हचर्य पालना गर्नुपर्छ" भनी उपदेश दिने गर्छु । नत्र अव्रम्हचारी हुने उपदेश दिन सुहाउँदो छैन ।

यति भन्नासाथ गाउँको मुखिया उठेर गयो । भोजपुरमा चार महिना बसेर सबैसँग बिदा लिई फेरि काठमाडौं फर्के । काठमाडौं आईपुगेपछि भोजपुरमा लेखेको काव्यात्मक बुद्ध जीवनी प्रेसमा छाप्न लगाएँ । त्यसमा सुबोधानन्द भन्तेज्यूले स्व. सुगतानन्द श्रामणेर सुबोधानन्दको साहिंलो दाजुको तस्वीर राख्न लगाउनु भई सुगतानन्द श्रामणेरको नाममा प्रकाशित भयो । त्यसैमा कालिम्पोंगका गणेश राज शाक्यका माता श्रीमती लक्ष्मीमायाले पनि रु.४५०। सहयोग गर्नु भएको थियो ।

तत्पश्चात् अष्टादश लक्षण र वैराग मार्ग भन्ने पुस्तक पनि द्वितीय संस्करण प्रकाशित गरें ।

तत्पश्चात् निर्वाण मार्ग भनें = अष्टाङ्ग मार्गको नेपालभाषा-योग साधकलाई उपयोगी हुने गरी लेखेर छापेर प्रचार गरें ।

तत्पश्चात् शान्तिको सिंढी नामको पुस्तक नेपालभाषामा लेखेर छापेर प्रचार गरें ।

## गृहिणीको पुनः उपकार

२०२० सालमा कालिंम्पोङ्गमा आफूले छोडेर आएको घरमा काम परेकोले जानु पर्‍यो । कारण के भयो भने घरमा श्रीमतीको पेटमा मासुको डल्लो बढेर अन्तिम श्वास लिइरहेकी छिन् भनेर छोराछोरीले खबर पठाए । मेरो मनमा "फेरि मलाई गृह बन्धनमा पार्छ कि" भन्ने डरले वास्ता नगरी बसें । फेरि टोलका इष्ट मित्रहरूले "गुरूजी ! तपाईंको घरमा बच्चाको आमा अन्तिम अबस्थामा पुगी सकिन्, यस्तो अबस्थामा तपाईं एकपल्ट नआई भएन, नत्र मृत्यु हुनु पर्ने मृत्यु भएर जान्छन्, धन सम्पत्ति छ्यालब्याल भएर छोराछोरीले दुःख पाउँछन् । तपाईंको धर्म प्रेमलाई कुनै बाधा आउँदैन, कसैले रोक्दैनन् एकपल्ट छिटै



Downloaded from http://dhamma.digital

पाल्नुहोस्" भन्ने खबर पठाए। त्यो कुरा सुदर्शन भन्तेले थाहा पाएर मलाई भन्नुभयो "महाप्रज्ञाजी यस्तो अवस्थामा त्यसरी वास्ता नगरी बस्नु हुन्न, जानुपर्छ, जाऊँ, नगइ हुन्न है।"

मैले सकेसम्म नजाने युक्ति गरें, सुदर्शन भन्तेले "जानै पर्छ नगई हुन्न" भनी रु. ३०।- दिनु भयो। साथै सुदर्शन भन्तेले कालिम्पोंगमा तार पठाइ दिनुभयो "महाप्रज्ञा फलाना दिनमा त्यहाँ आइपुग्छ" भनी।

म नेपालबाट कालिम्पोंगतिर डर मान्दै गएँ। रेलमा भीड देख्दा एकपल्ट त विरक्त भएर आयो त्यागी भएर पनि कसैको आधार लिई रहुञ्जेल स्वतन्त्र हुँदो रहेनछ, पुनः मलाई स्वगृह बन्धनमा पार्छ कि? के के? यी भन्तेहरूलाई मन परेन कि क्याहो, छोडेर आइसकेको घरमा फेरि मलाई कर गरेर पठाए" भनी मनमा तर्क वितर्क गर्दै स्वप्नामा जस्तै सिलगुडी पुगें, रेलबाट झरेर मोटरमा बस्न गएँ। ड्राइभरले सोध्यो "तपाईं दिलदाइको ससुरो होइन र?" भन्यो।

मैले "हो" भनें।

ड्राइभरले "बज्यैको अप्रेशन गरेकाले अहिले अलि सन्चो भयो" भन्यो।

त्यहाँ मोटर चढेर कालिम्पोंग पुगें। थानाको अगाडि मोटरबाट झरेर सानुकाजी (सौतेनी छोरो) को पसलमा गएँ। सानुकाजीले मलाई अस्पतालमा लिएर गयो। अस्पतालमा अप्रेशन गरेको तेह्र दिन भयो भन्ने थाहा पाएँ। बिरामीले बिस्तारै टाउको फर्काएर मेरो अनुहार हेरिन् र भनीन् "बुबालाई एउटा मेच राखी देऊ।" छोराछोरीले बिरामीको अगाडि एउटा मेच राखी दिए, म बसें। बिरामी भएको हाल सबै बताए।

मलाई त "रिसले अनुहार नै हेर्दैन" लाग्याथ्यो। रिस नदेखाईकन केही छैन भन्ने जस्तो मिजासले नै सबै हालखबर बताइन्। बेलुकी पुत्रसँगै घरमा सुत्न गएँ, भोलिपल्ट बिहान अस्पताल गएँ। सात आठ दिनपछि बिरामीलाई घर लगें।

घरमा मेरो भाग भनेर अलग्ग बैठक एउटा बनाईराखेको छ। म त्यही बैठकमा बसें। म आएको थाहा पाएर भेट्न आउनेहरू धेरै थिए। नेपालबाट पनि बरोबर चिठी आइरह्यो। आएको चिठीमा "मलाई छिट्टै फर्कनुहोस्" भनी लेखीराखेको देखेर घरमा बस्नेहरूको मनमा "यो कसरी? जसको त तपभङ्ग भइसक्यो? उसैलाई नै यस्तो मान? यस्तो मान भएको मान्छे घरमा बस्ला त? बस्दैन यो" एकपल्ट मलाई



Downloaded from http://dhamma.digital

एकान्तमा सोधिन् "हजूर फेरि नेपाल फर्कनु हुन्छ ?"

"तिमी बिरामी सिकिस्त भनेकोले भन्तेहरूले "जाऊ, जाऊ! एकपल्ट हेरी आऊ भनी पठाएको हो, म त्यहाँ फर्किएन भने त्यहाँको सम्पूर्ण कार्य बरबाद हुन्छ" भनें।

"पुग्यो अब त, इच्छा पूरा गरेर आउनु भयो, वृद्ध अवस्थामा किन दुःख गरीरहने, जानु पर्दैन, भैगो" भनिन्।

"म बच्चै बेलादेखि भिक्षु भइरहेकोले गृहस्थीको जञ्जालमा बस्ने इच्छा छैन" भनें।

"त्यस्तो भन्न मिल्छ! बच्चा पाएर त्यतिकै बरबाद गर्नुहुन्छ ?" भनिन्।

"केको बरबाद हुन्छ! तिम्रो हातमा इलम छ, छोराछोरी पनि नाबालक होइन, बस्नलाई घर भइहाल्यो, घरबाट भाडा उठ्छ, मैले धर्म गरेकोमा तिनीहरूको पनि राम्रो हुन्छ। बच्चाहरूलाई पनि "फलानाका छोराछोरी" भन्ने सुनाम हुन्छ। मैले तिमीहरूलाई छोडेर अर्को घरबार गरेको भए मात्र मलाई पाप लाग्छ, धर्ममा गएर पाप लाग्छ?" भनें।

"नेपाल गए पनि बरोबर घर आउन नछोड्नु होला, मलाई यहाँ कतिले हेला गरी सके, तपाईं पाल्नु भएकोले हेला गर्नेहरूको मुख बन्द भयो। त्यसैले मलाई हेला नहोस्, हजूरलाई म रोक्दिनँ" भनिन्।

राजमान साहूको चिठी एक पोका आयो "गुरु! मेरी छोरी पनि यो लोक छोडी परलोक गई, यस्तो बखतमा हामीहरूको चली आएको बुद्ध पूजा समाप्त हुन लागेको छ तसर्थ त्यसलाई भ्याउने गरी हजूर पाल्नुहोस्"।

त्यो चिठी पढेर सुनाएँ "लौ म जानुपर्‍यो" भनी ठीक ठाक गरेको देखेर "पर्खनोस् न, आफनो घर आउनु भएर पनि एक दुई महिना नबसी कति हतार गरेको" भनीन्।

## गृहजालको रहस्य

तिनीहरूको कुरा सुनेर त्यहाँ दुई महिना बसें। रोगीलाई राम्ररी आनन्द भएपछि म पुनः नेपाल फर्कें। गणमहाविहारमा भन्तेहरूको दर्शनार्थ जाँदा भन्तेहरूलाई वन्दना गरें, भन्तेहरूको अनुहार अँध्यारो देखिन्छ। एकजना उपासकले मलाई सोध्यो "गुरुको घरमा बिरामीलाई आराम भयो ?" भनी।



Downloaded from http://dhamma.digital

त्यस उपासकलाई सुदर्शन भन्तेले “लौ चुप लाग, फर्की सकेपछि कुरा नै सिद्धियो” भनी हकार्नु भयो । तब मात्र थाहा भयो कि “भन्तेलाई म मन नपरेर घर पठाएको रहेछ । “घर पुगेपछि श्रीमतीको जालमा फँस्छ, फर्किन सक्दैन, हामीलाई सञ्चो हुन्छ” भनी पठाएको रहेछ, म फर्केपछि उहाँको इच्छा पूर्ण भएन ।

मेरो पूर्व जन्ममा पुण्य संस्कार नपुगेकोले लोकले भने पनि मान्दो रहेछ तसर्थ चित्त बुझाउन गाह्रो भन्तेहरूले छुटाउन पनि गाह्रो, सँगै राख्न पनि मन छैन । किन यसरी उहाँहरूले भेदभाव गर्नुभयो केही थाहा छैन् । पछि हुँदै गए पछि मलाई कथा सुनाउने पालो पनि दिएनन् ।

## आलोचना

एकपल्ट के हुन गयो भने पाल्पा तानसेनमा महापरित्राण आयोजना गरे । त्यहाँ मलाई पनि निमन्त्रणा पठाइयो । यता सुबोधानन्द भन्तेले तानसेनमा खबर पठाउनु भयो ।

“महाप्रज्ञा त्यहाँ पाल्नु हुन गाह्रो हुन्छ, बाथरोग लागेको, पहाड चढ्न सक्दैनन् ।” उताबाट जवाफ आयो “पहाड माथि आउनलाई बुटवलदेखि घोडा हुन्छ । उहाँ महाप्रज्ञालाई जसरी पनि लिएर आउनु पर्छ” भन्ने जवाफ आयो पाल्पा तानसेनमा गएँ, म एक भिक्षु नभएको हुनाले कहिले तल, कहिले पछाडि, कहिले कुनामा ! जनताहरूले सोधे “खोइ, महाप्रज्ञा छैन ?” भनी यताउति हेर्न थाले, कथा सुनाउन पनि मलाई नै खोजी रहने ! मैले भने ग्रन्थ अध्ययन गरेको छैन, सिर्फ सुनी राखेकोले आफूलाई विश्वास भएको कुरो र आफूले अनुभव गरी, पत्ता लगाएका कुराहरू मात्र बताउने हुँ । तैपनि जनताहरूलाई म नै मनपर्छ । अश्वघोष भन्ते रिसले चूर भएर भन्नुभयो “जो पनि महाप्रज्ञा ! महाप्रज्ञा !” महाप्रज्ञा एकजना मात्र निमन्त्रण गरेर महापरित्राण गरे पुगी हाल्थ्यो नि, हामी काम नलाग्नेहरूलाई किन निमन्त्रण गर्नुपर्‍यो ?” भनी धूमधाम रिसाउनु भयो ।

त्यसो भएर नै “भन्तेहरूलाई म मन नपरेको” भन्ने प्रतीक देखा पर्‍यो ।!

## पिण्डपात्रः दान ग्रहण

एकपल्ट बुद्धघोष भन्तेले के भन्नुभयो भने “महाप्रज्ञाजीलाई म



Downloaded from http://dhamma.digital

एउटा कुरो भन्छु नरिसाउनुस् है"।

"हुन्छ भन्नुहोस्" भनें।

"अरू होइन, महाप्रज्ञाजी ! हजूरलाई थाहा नभएको होइन, हजूर भिक्षु भइसक्नु भएको, नियम सबै थाहा छ, भिक्षु नभएर पनि भिक्षुहरूको लाईनमा बसेर दान लिनु सुहाउँदैन, अर्को कुरा पिण्डपात्र दान पनि लिनु हुन्न, हजूरले नै बिचार गर्नुहोस्" भन्यो।

यो कुरा मैले सुबोधानन्द भन्तेलाई बताएँ "फलानाले मलाई यस्तो भन्यो" भनें।

सुबोधानन्द भन्तेले यस्तो भन्नुभयो "जसले जे भने पनि भन्न देऊ, हजूरले भनेर लिने होइन, दाताको श्रद्धा अनुसार दिएको लिएर के हुन्छ ? पिण्डपात्र दान लिनु पनि गृहस्थीमा बसेर मदमांस खानेहरूले पिण्डपात्र दान लिनु हुन्छ भने एक गृहस्थाश्रम त्यागेर मदमांस सेंवन नगरी धर्ममा बसीरहेकोले पिण्डपात्र दान लिन नहुने किन ? लिनुहोस्" भन्नुभयो।

त्यस बखतमा म सुबोधानन्द भन्तेसँग पाटनको सुमंगल विहारमा बसीरहेको थिँए। सुबोधानन्द भन्ते भोजपुर जानुभयो, प्रज्ञारश्मि बस्न आउनु भयो। प्रज्ञारश्मि भन्ते पनि पाल्पा तानसेनतिर पाल्नुभयो। सुमंगल विहारमा म एक्लै भएँ। पछि पश्चिम रिडीको बुद्धघोष भन्ते बस्न आउनु भयो। धम्मानन्द भन्ते पनि बस्न आउनु भयो।

## ऋषिसँग धर्म सम्बाद

त्यही सुमंगल विहारमा बस्दाखेरि व्रम्हमाभ्कको ऋषि पाल्नु भई धर्म संवाद गर्नुभयो। साथीहरू पनि लिएर आउनु भएको थियो। बुद्धघोष भन्तेसँग छलफल भइरहयो। बुद्धघोष भन्तेले पुस्तकमा लेखिए अनुसार, बिचारले कुरा गर्नु भएन, पुस्तकको विपरीत भएमा भ्कोकिनु हुन्थ्यो।

ऋषिले भन्नुभयो "हजूर भ्कोकी हुनुहुन्छ, हजूरसँग वात मार्नु सुखकर हुँदैन। मलाई निर्देश गर्दै भन्नुभयो। उहाँ हेर्नुहोस् त कति शान्त, उहाँसँग कुरा गर्छु हजूर सँग मिलेन" भनी मतिर हेरेर प्रश्न गर्नुभयो "महाशयजी ! बुद्ध धर्ममा भ्कोंक निकाल्नुमा दोष छैन र ?" भनी सोध्नु भयो।

"भ्कोंक निकाल्नुमा दोष छ तर यहाँ कसैले भ्कोंक निकाले जस्तो लागेन, कसले भ्कोंक निकाल्यो ?" भनें। धर्म संवाद अघि बढाउन सबभन्दा पहिले मैत्री भाव सम्भिन्नु पर्दछ। तत्पश्चात् सत्य साक्षी राखी,



Downloaded from http://dhamma.digital

मनमा करुणा उदय गरी प्रश्नकारलाई चित्त बुझ्ने गरी शंका बाँकी नराखी बताउन अनुकंपा गरी प्रेमपूर्वक संवाद गर्नुपर्छ" भनें ।

ऋषिले "हो ! यस्तो पो कुरा कति आनन्दको कुरा, अच्छा ? ! महाशयजी ! हामीलाई चाहिने ज्ञान कुन हो ?"

"ऋषिजी ! हामीलाई चाहिने यथार्थ ज्ञान हो ।"

"यथार्थ ज्ञान भनेको के हो ?"

"यथार्थ ज्ञान भनेको संसारको गतिविधि थाहा पाउने हो ।"

"संसारको गतिविधिलाई थाहा पाएर जानेको होइन, संसारलाई छोडी व्रम्ह पहिचान गर्नु नै उत्तम जस्तो लाग्छ ।

"ऋषिजी ! संसार उत्पत्ति स्थिति भङ्ग भएर गइरहेको थाहा हुनु नै व्रम्हज्ञान हो । संसारलाई नै व्रम्हाण्ड भनिन्छ, व्रम्हाण्डको गतिविधि थाहा पाउनुलाई नै व्रम्हज्ञान भनिन्छ ।" संसारमा सबै प्रकारका साकार प्राणी अप्राणी उत्पन्न हुँदै विनाशतिर लागीरहेको र विनाश भएर गएको स्वभावलाई यथार्थ बोध हुने नै व्रम्हज्ञान हो । उत्पन्न हुँदै विनाशको धारमा पडीरहेको कुशलाकुशल गरी, पुण्य पापको कर्ता भएर विपाकको भागी भइरहेको नै "अविद्या" हो । त्यही विनाशको धारमा परेर पनि काम, क्रोध, लोभ, मिथ्या, मान दृष्टिले पडिरहेको संसार हो बाँकी स्वभाव धर्म व्रम्हाण्ड हो । त्यो व्रम्हाण्डको गतिविधिलाई यथार्थ बुझेको व्रम्ह ज्ञान हो । व्रम्ह ज्ञान बुझेको नै व्राम्हण हो । त्यही भिक्षु हुन् र श्रमण हुन् । यसलाई भगवान् बुद्धले "सर्व संस्कार अनित्य" भन्नुभयो । अनित्य भन्ने थाहा नपाएर दुःख भयो, मन नपरीकन दुःख भएकोलाई अनात्मा ( अनाधीन) भन्नुभयो । संसारमा समान भावले स्वभाव प्रवर्त्तन हुन्छ ।

ऋषिजी "महात्माजी ! महात्माजीले पनि आज्ञा गर्नुभएको हामीहरूले मानी रहेको व्रम्ह समाजमा मिल्दैन ।"

"हजूरहरूको व्रम्ह समाजमा कसरी मिल्दैन, व्रम्ह समाजको सिद्धान्त के ?"

"व्रम्ह समाजको सिद्धान्त" व्रम्ह सत्य जगन्मिथ्या' भनेको छ, हजूरले भन्नुभयो "संसारको नाम नै व्रम्हाण्ड" भनी ।

"क्या फसाद हगि" व्रम्ह सत्य' भन्नु नै यो व्रम्ह सत्यले हो तर त्यो परिवर्तनशील भइरहेको जगत् भएकोले 'मिथ्या' हो । उत्पन्न हुँदै आइरहेको भएकोले व्रम्ह भनेको हो । उत्पत्ति तत्वलाई 'व्रम्ह' भनिन्छ,



Downloaded from http://dhamma.digital

स्थिति तत्वलाई बिष्णु र संहार तत्वलाई 'महेश्वर' भनी राखेको छ। उत्पन्न र विनाशको बीचको स्थितिको अबस्था जति छ, त्यतिलाई 'जगत्' भनी राखेको छ। त्यो स्थितिको स्वभाव विनाशतिर बढीरहेकोले 'मिथ्या' हो। उत्पत्ति स्थिति विनाशको सुदर्शन चक्र(ज्ञान चक्षुले दर्शनीय संसार चक्र) भएकोले त्यो चक्रको ज्ञान यथार्थ हुने गरी बुझ्यौ भने मात्र मोक्ष पद प्राप्त हुन्छ। त्यही चक्र अखण्ड चलीरहेकोले अनादि अनन्त परिवर्तन भइरहेकोले पनि "व्रम्ह सत्य" भनेको हो। मात्र जगत्लाई एकातिर पन्छाएर शून्यको आधारमा बस्यो भने त्यो ब्यक्ति व्रम्ह समाजबाट बाहिरिएको हुन्छ।

बौद्ध सिद्धान्तमा "संसारको आदि अन्त छैन तर त्यो परिवर्तनशील भएकोले 'अनित्य' हो। प्रिय पदार्थ अनित्य भई दुःख भयो, मन नपर्ने दुःख मात्रै भइरहेकोले अनात्मा अर्थात् आफ्नो अधीनमा छैन्। प्रकृतिको स्वभाव अनुसार परिवर्तन संसार हो। यसमा प्रकृतिको स्वभाव धर्ममा निरञ्जन निराकार जगत्मा दुःख सुखको जननी भइरहेको 'इच्छा' हो। त्यो इच्छाले सुखदुखलाई जन्म दिएर संसारमा सुख दिने इच्छा र दुःख नहुने कामना कुन तरिकाले प्रयत्न गरी लागिरहेका छन्। त्यही नै संसार हो। त्यो संसारको दुःखबाट मुक्त हुन मनपर्छ भने पहिले त्यो संसारको हेतुलाई अन्बेषण गरी पत्ता लगाएर, त्यो हेतुलाई विदर्शन ज्ञानले अशेष हुने गरी काट्न सक्नुपर्छ अनि मात्र दुःख मुक्त हुन्छ।"

ऋषि "महात्माजी ! यो कुरा मलाई चित्त बुझ्यो, म मात्र चित्त बुझेर पुगेन, म प्रवेश गरीरहेको समाज मान्दैन, तिनीहरू पनि यही लाइनमा आए भने मात्रै हुन्छ।"

"त्यो त तपाईंलाई व्रम्ह समाजको डोरीले बाँधी राखेकोले आफूले जानेको ज्ञान आफूले गर्न, व्रम्ह समाजको नाममा सम्प्रदायले बन्धनमा बाँध्यो, तपाईंलाई मेरो आफनो पौष्टिक निचोरेर रस दिइसकें, त्यो रस तपाईंले भाँडो उल्टो पारेर थाप्नु भयो भने त्यो हजूरलाई नै थाहा छ मैले के गर्ने ?" भनें। एकछिन ऋषि झुलेर पछि उठेर जानुभयो।

## तामाङ लामासँग संवाद

यस्तै प्रकारले दार्जिलिङमा लामा धर्म मान्नेहरूसँग पनि संवाद भयो। पंचकको लक्ष्मी पूजाको दिन म दार्जिलिङको गुन्द्री बजार घुमी रहेको थिएँ। त्यहाँ तामाङ गुम्वाको कोंगर(पूजारी) भेट भयो। त्यो



Downloaded from http://dhamma.digital

पूजारी (माहिला लामा) चिन्छु ।, देख्ने वित्तिक्कै नमस्कार गर्‍यो । कुशल वार्ता गरी भन्यो "गुरुजी ! भरे बेलुका फुर्सद भएमा गुम्बामा एकपल्ट पाल्नुहोस् न ! एकजना ठूला लामा पाल्नुभएको छ ।"

म वेलुकी तामाङ गुम्बामा गएँ । ठूला लामा अग्लो धर्मासनमा बसीरहनु भएको थियो । बाँकी ठाउँमा उपासक उपासिकाहरू भरी भराउ थिए । म भित्र पसेर दायाँ कुनामा खम्बाले छेकेर बसें । त्यो गुम्बाको मूल देवता पद्मसंभवको छोपूजा गरीरहेको थियो । ठूला लामाको दाँया हातमा सुवर्ण बाँधी राखेको दन्तको साना डमरु, बाँया हातमा बहुमूल्य घण्ट थियो । ङा (ध्यांग्रो), ग्यालिं (सहनाइ), लबा(काहा), चुङ(शंख) आदि बजाएर गुम्बा नै गुनुनुनु गुञ्जीने गरी पूजा गरीरहे । पूजा सिध्याएपछि छो(प्रसाद) बाँड्यो । मैले बेलुका खान नहुने भएकोले प्रसाद हातमा थापेर नखाईकन त्यसै राखें ।

भिक्षुहरूको चीवर यस्तो वस्त्र हो जहाँ जसको पनि दृष्टि आकर्षण गर्ने वस्त्र हो । त्यस धर्मासनमा बस्ने लामाको दृष्टि मेरो चीवरमा पर्‍यो । प्रसाद खाँदै ठूला लामाले पूजारीलाई सोध्यो "कोंगर ! त्यों कुनामा पहेंलो वस्त्रधारी को हो ?" प्रसाद नखाइकन त्यतिकै राख्यो ।"

रिम्पोछे (गुरूरत्न) उहाँ पनि एक भिक्षु हुनुहुन्छ घ्यागर ध्येलां (भारतको भिक्षु) भन्यो "घ्यागर ध्येलाहरू प्रसाद खानु हुन्न ?" भनी सोध्यो ।

माहिला लामाले मलाई सम्बोधन गर्दै भन्यो "गुरुजी ! हजूरले किन प्रसाद खानु भएन ?" भनेर सोध्नुभयो ।

मैले भनें "लामा साहेब म परें कुनामा, कुनामा बसेर गरेको कुरा त्यहाँ बस्नेले सुन्न सक्ला ?"

पूजारीले ठाउँ मिलाएर "यहाँ अगाडि बस्नुहोस्" भन्यो ।

म उठेर अगाडि बस्न गएँ "लौ अब भन्नुहोस्, के भन्नु पर्‍यो ?"

पूजारीले पुनः त्यही कुरा दोहर्‍यायो ।

मैले भनें "लामा साहेब ! मैले यसमा प्रसाद देखिन, प्रसाद राखेको भए कहाँ बाँकी राख्छु र ।"

लामाले भन्यो "त्यो प्रसाद होइन र ?"

मैले भने "खोइ, यसमा प्रसाद कहाँ छ, यसमा त मकै, भटमास, बदाम, नरिवल, छोहरा, चकलेट मात्र छ, प्रसाद छैन ।"

धर्मासनमा विराजमान भएका लामाले हेर्दाखेरि म पट मूर्ख रहेछु,



Downloaded from http://dhamma.digital

नास्तिकले जस्तै कुरा गरीरह्यो भन्ने ठान्यो ।

गुरुरत्नले मलाई सम्बोधन गर्दै भन्नुभयो "ध्येंलों ! देवताको प्रसादलाई त्यत्तिकै बच्चाहरू खेलेको जस्तो कुरा गर्नुहुन्छ ?"

प्र.-"देवता भनेको नै मैले देखेको छैन, खोइ देवता ?"

उ.-"अगाडि विराजमान गराइराखेको, के त्यो देवता होइन ?"

प्र.-"त्यो त मानिसले बनाएको माटोको मूर्ति हो, त्यो कसरी देबता हुन्छ ? देवता होइन ?"

उ.-"मनुष्यले बनाएको माटोको मूर्ति हो। त्यही मूर्तिको भित्र गर्भमा "जुं" राखेर, प्रतिष्ठा गर्नासाथ देवता भयो। त्यसलाई माटोको मूर्ति भन्न मिलेन, ध्येंलों ! पाप लाग्छ।"

प्र.-"जुं" भनेको के हो ?

उ.-"जुं" भनेको न्यास मन्त्र, जसमा देवता जीवित हुन्छ।

प्र.-"न्यासमन्त्र राखेर यदि देवता जीवित हुन्छ भने मृत कुकुरलाई पनि न्यासमन्त्र राखेर जीवीत गर्न सक्नुपर्ने हो, सकिन्छ ?"

"त्यो मिथ्या दृष्टिको कुरा भयो ध्येंलों ! त्यस्तो कुरा गर्‍यो भने नर्कमा जानुपर्ला, होश गर है।"

"रिम्पोछे ! म मिथ्या दृष्टि भएर कुरा गरीरहेको होइन। मलाई पनि नर्क जान मन पर्दैन। मैले पनि कालिम्पोंगमा गुम्बा बनाएर मूर्ति स्थापना गरेंर पूजापाठ गरीरहेको हुँ। खिष्टान, आर्यसमाज, मुसलमान, प्रणामी कतिले मूर्ति मान्दैनन्, तिनीहरूले मूर्ति खण्डन गरेर कुरा गर्छन्। तिनीहरूलाई मैले प्रत्युत्तर हजूरले जस्तै भन्थें, तिनीहरूको चित्त बुझ्दैन। तिनीहरूलाई छोडौं, बर्तमान समयका विद्यार्थीहरूले विश्वास गर्दैनन्। "न्यास राख्दैमा देवता जीवित हुन्छ" भन्ने कुरा त्यस्तालाई प्रत्युत्तर दिन जान्नको लागि हजूरसँग मैले यो जिद्द गरीरहेको हुँ।"

लामाले भन्यो "खोइ, ध्येंलों ! त्यस कुराको प्रत्युत्तर दिने शास्त्रमा नै छैन, मैले के भन्नुँ ?"

मैले उहाँ लामालाई अलि कडा शब्दले भनें "हो, त्यस्तो ठूलाठूला गुरू आचार्यहरू भएर नै संसारमा शंकराचार्यले बौद्ध धर्म नाश गरेको थाहा छ ? यदि यति कुरा नै शास्त्रमा प्रत्युत्तर दिने छैन भने त्यस शास्त्रलाई आगोमा हाली बाली दिए भयो। अर्थयुक्त नभएको मूर्ति बिगारेर फयाँके पनि भयो। यस्तो कुरामा शंकराचार्य दोषी होइन, हजूर जस्तै बिद्वान् ठूलाठूला गुरू आचार्यहरूको दोष हो" भनें।



Downloaded from http://dhamma.digital

पुजारी लामाले प्रश्न गर्‍यो "गुरुजी ! मौका मिल्यो यस मूर्तिको निर्णय गर्नु पर्‍यो कि, अब हामीले मूर्तिलाई कुन प्रकारले मान्नु पर्‍यो ?"

"लामा साहेब ! यदि यो कुरा सुन्ने हो भने माथि बसेकालाई तल बसेर बताउनु हुँदैन, हातले नमस्कार नगर्नेलाई पनि बताउनु हुँदैन" भनें ।

गुरुरत्न भइरहेको लामाले बिचार गर्‍यो "मूर्तिको बारेमा त कुरा सुन्नु पर्ने हो, यसरी मैले कुरा सुन्नको लागि आसनमै बस्यो भने सुनाउँदैन, आसनबाट तल आउँ भने यति बिध्न तामाङहरूको अगाडि कसरी म सानो बनूँ भनी अनकनाइ रह्यो । पूजारीले गुरूरत्नको अनुहार हेरेर भन्यो "रिम्पोछे ! आजभोलिको जमानामा हाम्रो पुराना कुरालाई लोकले मान्न छोडी सके, यदि यथार्थ कुरा सिक्न आवश्यक छ भने यो कुरा त सुनी राख्नुपर्ने हो ।"

पूजारीले त्यत्ति भने पछि गुरूरत्न बिस्तारै आसनबाट उठ्नु भयो । पूजारीले आसन बनाइदियो । लामा तल आसनमा बस्नुभयो ।

मैले मूर्तिको विषयमा वर्णन गर्दै सुनाएँ । जस्तो कि "मैले भगवान् बुद्धको मूर्ति माटोले बनाएँ । त्यो माटोको मूर्ति नबनेसम्म त्यो माटोलाई कसैले भगवान् भनेनन् । जब त्यो माटो बुद्ध मूर्ति बन्यो, आकार आउनासाथ जसले पनि भगवान् भनेर सम्झे । न्यास भनेको नै जब अंग पूर्ण भयो त्यहाँ न्यास बस्यो किनभने "न्यासः राख्नु भन्नु नै मूर्खहरूलाई विश्वास दिलाउनु हो । मूर्ख त किन आकार देख्ने बित्तिकै सर्व साधारणको चित्तले नतमस्तक गर्ने चित्त हुन गयो तर उहाँको गुण थाहा पाएको भए । उहाँ बुद्ध भगवान्‌को विशेषता नै थाहा छैन भने, उहाँ भगवान् बुद्ध "जातभात नमान्ने समानभाव देख्ने, अहिंसाका उपदेशक, शान्ति स्वरूप करूणामय" भनी सबैले थाहा पाइराखे पनि आकार गुणरूप मूर्ति देखेर मात्रै नतमस्तक गर्छन् । यसलाई न्यास राख्ने भनेर अनेक प्रकारले ढोंग गरेर देवतालाई जीवन दिने भनेर आफूलाई आम्दानी गर्ने षडयन्त्र मात्र हो । आजभोलिको वैज्ञानिक समयमा जुनसुकै विषयमा पनि अर्थ सहित हुनुपर्छ । मूर्खहरूलाई मात्र बिश्वास दिलाएर हुँदैन्, बिचारवान् विद्वान्‌हरूलाई पनि विश्वास हुने गरी अर्थ सहित हुनुपर्छ । अब हामीलाई के चाहियो भने "कस्तो मूर्तिलाई देवता भनेर मान्ने, त्यसको वा देवताको देन(गुण) द्वारा भक्तजनहरूको उपकार भइरहेको ज्ञानको कुरा प्रचार गर्नुपर्छ । जस्तै मेरो पिताको तस्वीर एउटा



Downloaded from http://dhamma.digital

कुनै कागजमा आकीर्ण भएको देखें। पिताजीको रूप देख्ने वित्तिक्कै मलाई गरीराखेको गुण स्मरण भएर आँखाबाट आँसु झर्‍यो। त्यसरी नै देवताको पनि गुण सम्झेर श्रद्धा चित्तमा उत्पन्न हुनुपर्छ।

भगवान् बुद्धले हामीलाई तारिदिनु हुन्छ, भगवान् बुद्धले पहिले धेरै लोकहरूलाई तारि दिनुभयो भनेर मान्ने हिसाबले कथा सुनाएर पुग्दैन। अहिले हामीलाई मनले महसुस गरेको गुण दिइरहेको वर्णन ब्याख्यानको प्रचार गर्नुपर्छ। जस्तै

प्राणीहरूको हर्ता, भर्ता, कर्ता आ-आफ्नो मन हो, असल, खराव, पाप, धर्म, गर्ने मन हो। नर्क स्वर्गको सुखदुःख भोग गर्ने पनि मन नै हो। मन राम्रो हुनु नै सुखको हेतु हो, मन बिग्रिनु नै दुःखको हेतु हो। तसर्थ मनलाई असल मार्गमा लैजानको लागि गुणले युक्त भएको राम्रो शान्त देवताको मूर्ति र देवस्थल पनि सुन्दर र आनन्दको हुनुपर्छ। सुन्दर मूर्ति आँखालाई मनपर्छ,, शान्त मूर्ति मनलाई मनपर्छ, गुणकारक मूर्ति बिचारवान्लाई मन पर्छ। मनपर्ने, सुन्दर, शान्त मूर्ति जसलाई पनि मनपर्छ। मन परेकोले मन टाँसीरहे पछि त्यो मूर्ति सम्झी रहुञ्जेल मनले पाप गर्दैनन्, पापबाट बचुञ्जेल मनमा आनन्द भइरहन्छ, आनन्द अनुभव हुनु नै पुण्यको फल हो। मूर्ति दर्शन गर्नु पुण्य हो, पापबाट बचेर आनन्द अनुभव गर्नु नै पुण्यको फल हो। आनन्द अनुभव गर्दा गर्दै नै मृत्यु हुनु सुगति प्राप्त गर्नु हो। तसर्थ देवस्थलमा सफासुग्घर गर्नु, सकेसम्म सजाएर राख्नु, दर्शकहरूको मन आनन्द हुने किसिमले नियम बनाएर धर्म पालन गर्नु नै पूजा हो, आनन्द प्राप्त हुनु नै प्रसाद हो, आनन्द हुने ज्ञान नै उहाँको रश्मि हो।

उहाँको मूर्ति पूजाद्वारा अहिले नै हामीलाई स्पष्ट हुने गरी आ-आफ्ले फल अनुभव गरीरहेको थाहा पाउने गरी र ज्ञानचक्षु प्राप्त गर्ने उपदेश प्रचार गर्नुपर्ने आवश्यक भएको बिचारको ढोकामा ताल्चा मारी भएको आँखा बन्द गरी आँखा नदेख्ने जस्तो गरी आफैले हात समाती लगेमा मात्र धर्ममा पाइला राख्न जान्ने अनुसार आफू नभई नहुने तरिकाले गुरूमुष्ठि रचेर स्वार्थपूर्ण हुने जाल रचेर जनतालाई भेडा बनाएर आफू झाङ्गिएर स्वार्थ पूरा गरीरहने गुरू आचार्यहरू भएर नै शंकराचार्यद्वारा बौद्धधर्म ध्वंश गरी दिएको थाहा छ ?

गुरूरत्न नरिसाउनुहोस्, क्षमा गर्नुहोस, समाजलाई अज्ञानी बनाई आफ्नै मात्र स्वार्थपूर्ति गरीरहेका गुरूहरू आफू कतातिर हो आफैलाई



Downloaded from http://dhamma.digital

थाहा छैन् । आफू र समाजलाई पनि सफा, सीधा, आँखाले देखेजस्तो मनको आँखाले संसार देख्न सक्ने र संसारबाट छुटेर जन्म मरणको चक्रबाट मुक्त हुनसक्ने ज्ञान विकास गर्ने प्रयत्न गरी सिकीराखेको भए त्यो राजा साथ लिएर दिग बिजय गरिराखेका ब्राम्हणले हामीलाई ध्वंश गर्न सक्ला ?"

यस प्रकारले मैले भन्दै गएपछि तामाङ समाजको सेक्रेटरी भइ राखेका नोर्बु लामाले भन्यो "ध्येंलों साहेब, तिमीले त हाम्रा बडा गुरुलाई पनि, धर्मलाई पनि खण्डन गरी कुरा गऱ्यौ, तिमीलाई के थाहा छ, धर्म थाहा छ कि देवता थाहा छ, बाहिर जाऊ । तिमीजस्तो मान्छे हामीहरूको समूहमा बस्न योग्य छैन, बाहिर जाऊ ।"

नोर्बु लामालाई पूजारीले जवाफ दियो "आश्यां ! तपाईंलाई पनि धर्म थाहा छैन, ध्येंलों साहेबले हामीलाई खण्डन गरेको होइन् बिर्साइरहेको बाटोमा राम्ररी स्पष्ट देख्ने गरी बत्ती बालेर बाटो देखाइदिएको हो, राम्ररी बिचार गरेर बुझ, सही बाटोमा जाने हो भने ।"

गुरुरत्न लामाले भन्यो "ध्येंलोंले भन्नुभएको कुरा बिचारणीय छ । कालिम्पोंगको बौद्धसिं लामा, सोरिङ्ग बस्तीको तकलिं लामा, खर्साङ्गको काँगेर र यहाँका कान्छा लामाहरू सबैलाई बोलाऊ । पूर्णिमाको दिनमा मिटिङ्ग बसेर ध्येंलोले भनेको कुरा पेश गरी छलफल गरौं, तामाङ समाजले यस कुरामा समर्थन गर्नु नै पर्ने जस्तो छ नत्र जहाँ गए पनि ठक्कर खाएर बस्नुपर्ने हुन्छ ।"

## रेलयात्राको क्रममा मधेशी ब्राम्हणसँग संवाद

एकपल्ट म तीर्थयात्रा गर्न जाँदा रेलमा मधेशी ब्राम्हण पनि म सँगै थियो । भोजन गर्ने समय भयो स्वारी, आलु तरकारी किनेर खाएँ । त्यो मधेशी ब्राम्हण रेलबाट झरेर स्वारी तरकारी किनेर थपक्क एकठाउँमा बसेर खायो । एउटा कुकुर उसको अगाडि आएर पुच्छर हल्लाउँदै स्वाद लिदैं आश गरेर बस्यो । त्यो मधेशीले स्वारी तरकारी सबै खाएर पात समेत चाटेर फयांकेर उठेर गयो । कुकुर खाने आशमा पात सुँघेर हेऱ्यो, खानेकुरा केही नभएर कुकुरले खुट्टा उचाली पिसाब फेरेर गयो । मधेशीले खाइ सकेपछि हात धोएर रेलमा बस्यो ।

मधेशीले मलाई भन्यो "हजूर हेर्दा खेरि एक महात्मा जस्तो देखिन्छ, सर्वजात बसीरहेको रेलमै बसेर खानुभयो, कस्तो महात्मा हो ?"



Downloaded from http://dhamma.digital

"म महात्मा होइन, म एक संसारमा उल्टोबाट गइरहेको उल्टो हुँ" भनें।

मधेशी मेरो कुरा सुनेर आश्चर्य मानीरह्यो। पछि मलाई सोध्यो "महात्माजी ! हजूरले के भन्नु भएको ? मैले त केही बुझिन !"

"तिमीले भनेको पनि मैले बुझेको छैन, के भनेकों ?"

"मैले भनेको यही हो कि सर्वजात भएको रेलमा बसेर खायौ ?"

"यहाँ रेलमा मनुष्य जात मात्रै छन्, सर्वजात कसलाई भन्ने ?"।

"हुन्छ, हुन्न, गर्नु हुन्छ, गर्नु हुँदैन भन्ने पनि महात्मा हुन्छ ?" भन्यो।

"पहिले त अलि अलि थाहा थियो, अहिले त थाहा नै भएन, पहिले त जानेको पनि थिएँ, अहिले त जानिनं" भनें।

"थाहा पाएको पनि कसरी थाहा भएन, जानेको पनि कसरी जानेनौ ?" भन्यो।

"थाहा भएको कसरी थाहा भएन, भनेको थाहा नपाएको थाहा पाउँदै गएर, थाहा भएपछि छोडें त्यसरी नै नजानेको सिकें, सिके पछि छोडें" भनें।

"थाहा नपाउञ्जेल थाहा भएन, सिकेपछि किन छोड्नु भयो ?"

"छोड्नु पर्ने कारण के हो भने आमाबुबाले सिकाउनु पर्ने सबैकुरा सिकाउनु भयो, सिकाए जस्तै मैले पनि मानें, मान्दै गएपछि मन अशुद्ध भयो, मनमा शंका उठ्यो, मन अशान्ति भयो, थाहा पाएदेखि पाप लाग्न थाल्यो" भनें।

"कस्तो कुरा गरीरहेको ? थाहा नपाएर नै अनेक प्रकारका पाप गर्छन्, थाहा पाएपछि कसरी पाप गर्छ" भन्यो।

पहिले म बालक अबस्थामा जातपात भनेको केही थाहा नहुँदा वास्ता नगरी जसले दिए पनि खाइदिन्थें। जब मेरो व्रतवन्ध भयो बुबा आमाले जल्ले पायो त्यसले छोएको र दिएको खाने कुरा खानु हुन्न भन्ने शिक्षा दिनु भयो, त्यो शिक्षा मैले मानें। त्यो शिक्षाले भोक लाग्दा पनि खानु भएन, कसैले स्वादिष्ट खाने कुरा तल्लोजातले दियो भन्ने थाहा पाएर खानु भएन भनेर भोकाएर बस्नु पर्‍यो। शुद्धजातले दिए पनि कसैले छोयो कि भनेर शंका उत्पन्न हुन्थ्यो। जाति भेद र मनमा शंका, के मनमा शान्ति भयो त ? पहिले सानो र ठूलो पनि थाहा थियो, अहिले त्यो पनि थाहा भएन, धन भएकोलाई ठूलो भनी रहें, धन नभएकोलाई सानो ! अहिले त्यो पनि भन्न छोडी सकें। जसलाई ठूलो भनी रहेको हो,



Downloaded from http://dhamma.digital

त्यसको स्वभाव धर्म अर्थात् प्रकृति तत्व कस्तो हो ? गरीबको पनि त्यही तत्व हो भने त्यहाँ सानो ठूलो कसरी हुन्छ ? धनले ठूलो हुँदैन, जातले ठूलो हुँदैन, गुण र ज्ञानले मात्र ठूलो हुन्छ । गुण ज्ञान भएको कोमल हुन्छ, ठूलो मान्छे बन्दैन, त्यसैले मेरो बिचारमा संसार उल्टा भएको देखेको हुनाले थाहा भएको जानेको थाहा छैन जानेको छैन भइरहेको हो ।"

## तानसेनमा धर्मोपदेश

२०२२ सालमा पुनः एकपल्ट पाल्पा तानसेनका उपासक उपासिकाहरूको समूहले बोलाए । त्यो चिठीको जवाफ सुबोधानन्द भन्तेले दिनु भयो "उपासक नीलकाजी, दशरथलाई आशिर्वाद छ, महाप्रज्ञा तानसेन आउनलाई खुट्टा दुखेको छ, पहाड चढ्न सक्दैन, बुटवलसम्म एउटा घोडा पठाइ दिनु पर्ला, अनिमात्र आउन सक्छ ।"

तानसेनबाट "आवश्यक सब कुरा ठीक पारी राख्छु, साथै हवाईजहाजको खर्च पनि पठाए । हवाईजहाजबाट भैरहवासम्म गएँ । त्यहाँदेखि मोटरमा बसेर बुटवल बजार पुगें । त्यहाँ रातभर बसेर भोलिपल्ट घोडा चढी तानसेन पुगें । तानसेनका उपासक उपासिकाहरूले हात हातमा फूलको गुच्छा लिएर टाढादेखि बाटो हेर्न आए । पूरै पहाडमा फूल फूलेको जस्तो पुरुष महिलाहरू चित्र विचित्रको वस्त्र धारण गरी राखेकोले पर्वत फूलबारीमा फूल फूलेझैं सुन्दर देखियो । म तिनीहरूको अगाडि पुगेपछि मेरो हातमा फूलको गुच्छा दिन भीड गरे, घोडा अघि बढी नै रह्यो फूल दिई नै रहे, हातमा दिन नसक्नेले टाढैबाट चढाएर ल्याए । शाक्यानन्द महास्थविर, नीलकाजी, सानुकाजी, बाबुकाजी, मोतिकाजी, मथुरा सेंठको एक हुल आइपुगे । शाक्यानन्द महास्थविरको अगाडि पुग्नसाथ म घोडाबाट ओर्लन खोजे, शाक्यानन्द भन्तेले "भयो, भयो तल झर्नु पर्दैन, अलिकति चढ्नु पर्छ, हजूरको खुट्टा दुखेको छ, नझर्नुहोस्" भनी रोक्नु भयो । माथि आनन्द विहारमा पुग्नासाथ घोडाबाट ओर्लेर शाक्यानन्द भन्तेको विहारमा गएँ पूर्णघट राखेको प्रवेशद्वारबाट भित्र पसेर विहारमा बुद्ध प्रतिमाको दर्शन गरें । शाक्यानन्द भन्तेको चरणमा वन्दना गरेपछि देखाएको आसनमा आराम लिएँ । उपासक उपासिकाहरू भर्याङ्गमा अटाइनअटाई हेर्न आउनेहरू आएको आइ नै दर्शकहरूको भीड भयो ।



Downloaded from http://dhamma.digital

भोलिपल्ट देखि धर्मश्रवणार्थ र साकच्छार्थलाई फुर्सद भएन । मैले शाक्यानन्द भिक्षुलाई बिन्ती गरें "भन्ते ! हामीहरूले एउटा नियम बनाउनु पर्‍यो" बिहान नौबजेसम्म दर्शनार्थीहरूलाई समय दिने, दिउँसो दुई बजेदेखि चारबजेसम्म छलफल गर्ने समय, बेलुकी आठबजेदेखि नौ बजेसम्म धर्मोपदेश ! यस प्रकारले प्रोग्राम गरेमा सबैको आ-आफ्नो इच्छा पूर्ण हुन्छ ।"

शाक्यानन्द भन्तेले नियमको घोषणा गर्नुभयो, नियम मुताबिक दिन चर्या चल्न थाल्यो । भोजनमा मात्र नियम छैन्, श्रद्धावान्हरूले घर घरमा निमन्त्रण गरेर भोजन गराउने भयो ।

एकदिन नीलकाजी शाक्य र दशरथ शाक्यहरू भेला भई हात जोडी प्रार्थना गर्नुभयो "गुरु ! हाम्रो प्रार्थनामा दया राख्नुहोस् हजूरलाई दुःख दिएका अरू कारणले होइन यहाँ शाक्यानन्द महास्थविरले हजूरको गुणगान गरेर सुनाउनु भएको छ कि "बुद्ध भगवान्को मूर्ति" हजूरले बनाउन जान्नु हुन्छ" भन्ने । बुद्धको मूर्ति निर्माण गर्न हजूरलाई यहाँसम्म दुःख दिएका हौं, हजूरले ज्ञान गुणको उपदेश गर्नु भएर जनतालाई कृतार्थ बनाउनु भयो, जनताहरू पल्के, बुद्ध मूर्तिको काम एकातिर हुन लाग्यो, अहिलेलाई बुद्ध मूर्ति बनाउनतिर लाग्नु पर्ला, मूर्ति सिद्धिएपछि बरु फेरि धर्म प्रचारतिर प्रोग्राम बनाउनु पर्ला, गुरु ! दया राख्नुहोस् ।"

"हुन्छ ! सामान ठीक पार्नुहोस्, कुरा पनि गर्दै गरुँ, काम पनि गर्दै गरुँ ।"

आवश्यक सामान सबै ठीक पारी दिए, मूर्तिको काम प्रारम्भ भयो । सिमेन्टको काम गरेकोले बाथ रोग लाग्यो । बैद्यले गर्नुपर्ने उपचार पनि गरीरह्यो, मैले पनि मूर्तिको काम गर्दै गएँ, प्रश्न गर्नेहरूलाई प्रत्युत्तर पनि दिइरहें ।

साहिंला काजी भन्ने महाजन मकहाँ पाल्नु भई एक दुई कुरामा छलफल गर्नुभयो मनमा श्रद्धा उत्पन्न भएर आफैले नै मालिस गर्ने भैषज्य (औषधी) लिएर आउनु भयो "मेरै हातबाट गुरुको सेवा गर्छु" भनी दिनदिनै घाममा राखेर मालिस गर्नुभयो । मालिस गर्दै परमार्थ विषयमा छलफल गर्दै आफ्नो इच्छा पूर्ण गर्ने र मलाई पनि आराम गराइ दिनु भयो ।

हिन्दू धर्माबलम्वी भएकोले हिन्दू धर्म गाँठो परेकोले सब गाँठोलाई फुकालेर सन्तोष भई भने "गुरूदेव ! बुद्धिष्टहरू सँग पनि यस्तो ज्ञान छ



Downloaded from http://dhamma.digital

भन्ने थाहा नभएको आज मैले थाहा पाएँ, धन्य, धन्य ! भनी पंचांगपूर्ण वन्दना गर्‍यो ।

कवीरपंथीहरू पनि छलफल गर्न आउँथे । उनीहरूको सिद्धान्त "मन नै सर्वेसर्बा, मनकामना पूर्ण हुने नै धर्मको फल प्राप्त भएको हो" भन्ने रहेछन् । क्रमश: कवीर पंथीका आचार्यहरूले पनि मेरो समाचार थाहा पाएर मलाई बोलाए, म त्यहाँ गएँ । आचार्यको आश्रममा प्रवेश गर्न जुत्ता फुकालेर हातगोडा धोई टाँख भएको वस्त्र लगाएर पस्नु हुँदैन्, मैले पनि त्यसै गरी प्रवेश गरें । बाहिर कसैले केही ल्याएमा, पसलमा केही किनेर ल्याए पनि पखालेर भित्रयाउने नियम थियो !

मलाई आसन चकटी ओछयाई दिए, बसें आचार्य पनि आफ्नो आसनमा बस्नुभयो, धेरै बेरसम्मन मौन भएर बसें । अगाडि कसैले बोलेनन् । पछि आचार्यले सोध्नु भयो "महात्माजी ! बौद्धधर्मको उपदेश एकपल्ट मलाई पनि सुन्ने इच्छा छ । एकपल्ट बताउनुहोस् न" भन्नुभयो ।

मैले भनें "हजूरलाई उपदेश आवश्यक छ जस्तो लाग्दैन । हजूरलाई आवश्यक यो हुन सक्छ "आफूले मानेको धर्म र बौद्ध धर्मको सिद्धान्तमा के कति फरक हुन्छ ?" भन्ने तुलना गर्न आवश्यक छ । बौद्ध धर्मको विषयमा शंका भएको, स्पष्ट बुझ्न नसकेको छ भने भन्नुहोस्, मैले थाहा पाए जस्तै उत्तर दिन्छु ।" भनें ।

आचार्य "बौद्ध सिद्धान्तमा आत्मा मान्दैन भन्ने सुनेको छु, हो र महात्माजी ?"

"बौद्धहरूले आफूले जानेको, थाहा पाएकोलाई मात्र मान्छन्, अन्दाजी वा परिभाषा मात्रलाई मान्दैनन्" भनें ।

"महात्माजी ! अगाडि नै थाहा पाउने र बुझ्ने शक्ति हुन्छ ?" ।

"थाहा नभएको र नबुझेको कुरामा विश्वास गर्नु अन्धविश्वास हो, थाहा नभएको नजानेको सत्संग छलफल गरी निशंसय भएमा मात्रै दृढ विश्वास हुन्छ, जानेर बुझेर मात्रै रसास्वाद प्राप्त हुन्छ । रसास्वादले प्रीति उदय भएर आनन्द फलको भागी हुन्छ । त्यसको लागि बौद्धहरूले बुझ्ने कोशिश गर्छन्, नबुझेसम्म विश्वास गर्दैनन्" भनें ।

आचार्यले एकपल्ट मौन भएर बिचार गरेर भन्नुभयो "महात्माजी ! त्यस्तो भयो भने अशिक्षितहरूलाई धर्मको द्वारमा ढोका खोल्दैन, अज्ञानीहरूलाई के गर्ने ?

"अज्ञानीहरूलाई शिक्षा दिनुपर्छ, प्रथम शिक्षा माताले दिनुहुन्छ,



Downloaded from http://dhamma.digital

साहित्य शिक्षा अध्यापकले दिनुहुन्छ, धनार्जन शिक्षा स्वार्थले दिन्छ, शिल्प शिक्षा अभ्यासले दिन्छ, वैराग शिक्षा प्रपञ्चले दिन्छ, त्यागको शिक्षा बिचारले दिन्छ, निर्वाणको शिक्षा प्रज्ञाले दिन्छ।"

आचार्य "अनि के आत्मा भएको ठहरेन र ? ।

"आत्मा नभएको होइन भ्रमले छ। यदि भ्रम भन्ने मननीय हो भने आत्मा छ। यदि भ्रम भन्ने अमननीय हो भने भ्रमलाई भेट्दा आत्मा छ, छैन त्यहीं निर्णय हुन्छ" भनें।

"हामीमा यो ज्ञाता भइरहेको को ? आत्मा होइन र ?"।

"केलाई थाहा पाइरहेको ज्ञाता ?" भनी सोधें।

"जे पनि थाहा पाइराखेको त्यो आत्मा होइन र ?"।

"जे पनि नभएमा ज्ञाता हुन्छ कि हुँदैन ?"।

"छ भने छ, छैन भने छैन भन्ने थाहा पाउने शक्ति एउटा त छँदैछ, त्यही नै आत्मा हो।"

"त्यो शक्ति कहाँ रह्यो ? एउटा आधार नभईकन कसरी वर्तमान रहन्छ ?"।

"सर्बव्यापी"।

"सर्वव्यापी भनेको कस्तो ?" जड पदार्थमा पनि छ कि ?।

"उहाँ नभएको ठाउँ कतै छैन"।

"यदि जड पदार्थमा पनि आत्मा छ भन्ने हो भने आत्मा भनेको ज्ञाता नभईकन लाटो पनि भयो"।

"अनि के त आत्मा भनेको छैन त ?"।

"आत्मा छ, त्यो हो भ्रम। "जसरी अन्धकारको स्थानमा डरछेरुवा (काँतर) बसी रह्यो भने त्यो डरछेरुवा डराउँछ, डराउनेले ख्याकको रूप कल्पना गर्छन, डरछेरूवाको मनमा ख्याक सिबाय् अरू केही सम्भना हुँदैन। जसमा एकचित्त हुन्छ त्यो चीज चल्छ, आफूले जेजस्तो शंका गर्छ त्यस्तै-त्यस्तै चल्छ। त्यस बखतमा त्राशले डरछेरूवाको प्राण समेत जान्छ। त्यस अबस्थामा कसैले आलोक (प्रदीप) लिएर आयो भने त्यहाँ के ख्याक हुन्छ त ?" "हराएर जान्छ" जस्तै बुद्धले बताउनु भएको ज्ञान रूपी प्रदीप प्राप्त भयो भने त्यहाँ भ्रमले रहेको आत्मारूपी ख्याक हटाएर हराएर जान्छ"।

यति धेरै शाराँस सारमा आत्मा अविनाशी भनी मानेर आएका छन् के सबै नै ब्यर्थ भयो त ?"।



Downloaded from http://dhamma.digital

"ब्यर्थ हुँदैन, संसारमा शास्वत भएर जन्म मरणको चक्रमा घुमीरहेको हुन्छ। सृष्टि कर्ताको शासन दीर्घकालसम्म पनि चिरस्थायी हुन्छ। तैपनि आत्मा अविनाशी भन्ने विश्वास अन्ध विश्वास हो, यथार्थ होइन। विश्वास भनेको पनि एक अत्यन्त नै प्रत्यक्ष हो। विश्वास नभएको पनि भएर आउँछ, नभएको पनि भएर आउँछ। असत्य पनि सत्य हुन्छ। यथार्थमा संसार सबै तत्व मात्र हो, बाँकी सबै भ्रम मात्र हुन्। तत्वले काम गरीरहेको सबै स्पर्शको हेतुले हो, हेतुले उत्पन्न भएको सबै नाशवान छन्। आत्मा पनि हेतु मात्र हो सिवाय न आत्मा स्वयम्भू हो, न आत्मा अहेतु हो, न आत्मा अविनाशी नै हो। हजूरले आत्मालाई जुन प्रकारले साक्षात्कार गर्नुभयो त्यो निर्देश गरेर बताउनु होस्, मैले त्यो प्रत्ययको हेतु देखाइ दिन्छु। जवर्जस्ती गरेर हुँदैन, यथार्थ बुझ्न सक्नुपर्छ। आचार्यहरूको सिद्धान्त पुष्टि गर्न समर्थन गरेर मात्र पुग्दैन, बुझेर आफनो जीवन पनि सारमा पुर्‍याउन सक्नुपर्छ। संस्था बनाएर समाज स्थापना गरी दर्जा दिएर आ-आफ्नो सिद्धान्त विकास गर्नको लागि माया रची राखेकोले स्वार्थ समर्थन गर्नुभन्दा त्यसमा भएको यथार्थ ज्ञान खोजेर आफ्नो जीवन सार गर्नु सार्थक हुन्छ नत्र सम्प्रदाय मात्र हो त्यो परमार्थ होइन।"

आचार्य मौन भएर बस्नु भयो। पछि आचार्यले "यो कुरा बिचारणीय छ, एकपल्ट म फेरि बिचार गरी हेर्छु" भन्नुभयो। मैले पनि "बिचार गरेर हेर्नुहोस न आजलाई म बिदा हुन्छु" भनी उठेर आएँ।

पछि एकपल्ट फेरि बोलाउन पठाए म गइनँ। किनभने आचार्य पद लिएर माथि बसीसकेकोले पुनः साधारण पदमा बसेर अर्को ज्ञानलाई स्वीकार्न गाह्रो छ। प्राप्त पद त्याग्न सजिलो छैन, प्राण त्याग हुन्छ तर आचार्य पद त्याग हुँदैन चाहे आफ्नो गति मृत्यु पश्चात् जे सुकै होस्। यथार्थ ज्ञान थाहा पाएर र महसुस गरी आचार्य पद पनि त्याग गर्न सक्ने ब्यक्ति श्रोतापति पद प्राप्त भएको भने हुन्छ।

## शुक्रराजका पितासँग संवाद

त्यसरी नै एकपल्ट कालिम्पोंगको प्रज्ञा चैत्य महाविहारमा बस्दा खेरि त्यहाँका राई साहेब मदन कुमार प्रधानको घरमा आदिभक्त सुब्बा (शुक्रराज शास्त्रीको ससुरो र उक्त राई साहेबको पनि ससुरो) छोरी कहाँ आइरहेको थियो। त्यस आदिभक्तले मलाई हप्ता दिन सिधा दिएर खुवाइ



Downloaded from http://dhamma.digital

राख्यो, उसले आफनै कोठामा नै मलाई एउटा आसन बनाइराखेको थियो जुन म त्यहाँ जाँदा खेरि बस्नको लागि हो ।

त्यही घरमा एकदिन शुक्रराजका पिता माधवराज शास्त्री पाहुना बन्नु भयो । आदिभक्त र माधवराज सम्धी दुईजना एउटै कोठामा बसे । एकदिन माधवराज मेरो आसनमा बस्यो आदिभक्तले "सम्धी साहेब ! त्यस आसनमा जो पायो त्यही बस्नु हुन्न, यता खाटमा बस्नुहोस्" भन्यो ।

माधवराजले "किन, को बस्छ यो आसनमा" भनी उठेर खाटमा बस्यो

आदिभक्तले "यहाँको पर्वतको टुप्पोमा बस्ने प्रज्ञा चैत्य महाविहारका अध्यक्ष महाप्रज्ञा भन्ने भिक्षु पाल्नु हुँदा बस्नु हुन्छ" भन्यो ।

माधवराजले "त्यस्तो पनि त्यतिको मान्यवर हुन्छ, हुन्छ त ? स्वधर्मलाई लात हानेर परधर्मलाई स्वीकार्ने त्यसैले त चन्द्र शम्सेरले देश निकाला गरेको हो । मैले भेटेमा उसलाई झर्पाछु" भन्यो । त्यस वखत मकहाँ पाटनको नेवार 'त्रिरत्न' भन्ने बज्राचार्य एकजना बसीरहेको थियो । उसले पनि आदिभक्तको जवाहरात लिएर यताउती साहुहरूकहाँ बेच्न हिंड्थ्यो । एकदिन त्रिरत्न बज्राचार्य सँगै माधवराज शास्त्री पनि त्रिपाई डाँडाको श्मशानतिर घुमेर प्रज्ञाचैत्य महाविहारमा पसे । मैले पनि "आउनु होस्, बस्नु होस्" भनी स्वागत गरें । दुबैजना भित्र आएर बसे । माधवराज शास्त्री आर्य समाजी भएकोले मूर्तिलाई नमस्कार गरेन ।

शास्त्रीजीले "गौतम बुद्धको नियम नीति सबै राम्रा सिद्धान्त एउटा नराम्रो पर्‍यो" भन्यो ।

मैले "किन ? कसरी सिद्धान्त राम्रो परेन ?" भनी सोधें ।

शास्त्रीले "त्यही हो ! जुन संसार सृष्टि गरी राखेको हामीले देखी राखेकै छौं, त्यही सृष्टिकर्ता परमेश्वरलाई यस गौतमले मानेन, अनि के साँचो भयो त ?"

मैले "बाजे ! मलाई यो मन नपर्ने, दुःख कहिले नहर्ने, मन नपराईकन भइदिने संसार ईश्वरले किन बनाएको हो ?" भनी सोधे ।

शास्त्रीले "त्यसैले त तिमीहरू बच्चै छौ केही थाहा छैन, जाऊ ! गुरु कुलमा गएर विद्या अध्ययन गरेर आऊ अनिमात्र ज्ञान हुन्छ" भन्यो ।

मैले "बाजे ! तपाईं जस्ले गुरुकुलमा विद्या अध्ययन गरेर शास्त्री



Downloaded from http://dhamma.digital

बन्नु भएको, आफनो मातृभाषाले उपदेश गर्ने, मेरो भाग्य अगाडि भएको छोडेर ठाउँ थाहा छैन, चिन्दैन, भाषा नजान्ने ठाउँमा जानुपर्छ र, तपाईंले नै दया राखेर बताइ दिनु भयो भने पुगी हाल्छ" भनें।

शास्त्रीले "के बताउने तिमीहरू जस्तो मूर्खहरूलाई, आँखै अगाडि देख्ने गरी देखाइरहेको सृष्टिलाई पनि विश्वास नभएका मूर्खहरूलाई के सुनाउने ?" भन्यो।

मैले "बाजे ! सृष्टि भइरहेको मैले पनि देखीरहेको छु, यो सृष्टि गर्नेले अर्पण गर्नुपर्ने भएर कसैले कर गर्‍यो वा नर्क देखाएर तर्सायो, वा दर्जा दिएर फकायो भनेर आफूले यथार्थ भइरहेको थाहा पाएर पनि दर्जाको लोभमा नर्कको डरले समाजको भयले नराम्रोलाई पनि करले स्वीकार गरेर लिइरहने सिर्फ मतलबको व्यवहार मात्र हो, अज्ञानीको चिन्ह, अबोध भएको लक्षण हो। मात्र त्यो कुनै सम्प्रदाय नभए पनि कुनै परमार्थ हुन्छ ?" कसैको झण्डाको तल बसेर भाषण पनि गर्दिनँ, कसैको पक्ष लिएर मानको आशा पनि राख्दिनँ कुरा पनि गर्दिनँ, कसैले तर्साए पनि डराउँदिन, राजनीतिमा भाग लिन्न, स्वतन्त्र भएर भगवान्‌ले बताउनु भएको परमार्थ ज्ञानमा आफूले जानेको धर्मरस पान गरेर इच्छुक र मुख्य भिक्षुहरूलाई समानभावले बताइरहन्छु। थाहा भएकोलाई थाहा भए अनुसार बताउँछु, थाहा नभएको थाहा छैन भनी तल बसेमा गल्ती हुँदैन र तल पर्ने होइन, धोका पनि हुँदैन श्रोताहरू भ्रममा पर्दैनन्। यसलाई नै भगवान बुद्धले "सुपतिपन्नो र उजुपतिपन्नो" भन्नु भएको छ।

गृहस्थीले पशुपन्छीलाई आफनो बन्धनमा राखेको जस्तै धर्म समाजमा दीक्षाको डोरीले बन्धनमा राखेर गुरु हुनेले एक एक कारण देखाएर पूजा आदिको हेतु देखाएर आफ्नो स्वार्थ पूरा गरीरहेको हुन्छ। यो यथार्थ परमार्थ धर्म होइन, सम्प्रदाय मात्र हो। सम्प्रदायको अर्थ एकपल्ट बिचार गरी हेरौं।

कसैको कृति नामले बिख्यात भयो भने आ-आफ्नो स्वार्थ पूर्ति गर्न एक भगवान्‌को प्रतिमा स्थापना गरौं "उहाँ यति ठूला देवता हुन्, उहाँको भक्ति गर्नेलाई यस्तो वरदान दिनुहुन्छ, भक्तवत्सल, उहाँको भक्ति गर्दागर्दै निर्धनी पनि धनी भयो, निसन्तानलाई पनि सन्तान प्राप्ति भयो। आदि। फेरि "उहाँ फलानाले देवतालाई निन्दा गरेकोले मूर्खलाई यस्तो रोग लाग्यो, धनजन नाश भयो, जागीर खोसियो, नर्कमा यस्तो प्रकारको दुःख पायो" भन्ने कथा बनाएर अज्ञानीलाई आँखामा छारो हालेर आफनो



Downloaded from http://dhamma.digital

स्वार्थ पूरा गर्ने धर्मलाई सम्प्रदाय भनिन्छ । समूह मिली संगठन बलियो पारी कसैले बिगार्न नसक्ने गरी रक्षा गरी राख्नु पर्ने धर्मलाई सम्प्रदाय धर्म भनिन्छ । ठूलाबडाको आधारमा रक्षा हुनुपर्ने धर्म यो पनि सम्प्रदाय हो, झगडा गरेर तर्साएर थाम्नु पर्ने धर्म पनि सम्प्रदाय नै हो । भगवान् बुद्धको धर्म सम्प्रदाय होइन, बिचारवान्ले बिचार गरी शान्त र स्वच्छ ज्ञान खोजेर लिने अधिकार भएको स्वतन्त्र धर्म हो ।

एकपल्ट म पाटनको सुमंगल विहारमा बस्दाखेरि कालिम्पोंगको "वार्लेस अप्रेटर डि.वि.सुब्बा" भन्ने पुलिसले चिठी पठायो, त्यो चिठीको विवरण यस प्रकार छ ।

"गुरुजी सादर वन्दना ! हजूरले कालिम्पोंग छोडेर जानु भएकोले हामीसँग सत्संगत गर्ने कोही भएन, पहिलेको गुरूलाई पनि छोडें, अहिलेको तपाईं गुरू पनि छुट्नु पर्‍यो । कसरी जीवन सुधार गर्ने ? पंखा हम्कीरहुञ्जेल मात्र शीतल भए जस्तै हजूरको संगत हुञ्जेल मेरो मन् शीतल भयो । अहिले बिछोडेदेखि शान्ति लिन सकिएन, के गरुँ भनेर उदास मानी घुम्न जाँदा एक कबीर पंथी आचार्य भेट भयो । उहाँको कुरा राम्रो भए तापनि सम्प्रदाय अनुसार बताउनु हुन्थ्यो । त्यसमा केही कुरा नबुझेर प्रश्न गर्‍यो भने "दीक्षा लिनु पर्ला कि" इत्यादि ।

## चिठीको जवाफ

श्रीमान डि.वि.सुब्बाको सपरिवारलाई शुभ आशीर्वाद । धर्मको ज्ञान लिन छलफल र अभ्यास आवश्यक छ, दीक्षा होइन । दीक्षा भनेको सम्प्रदायको बन्धन हो । दीक्षाचार्यहरूले दीक्षाको प्रथा सृष्टि गरेको नै संस्था वा समूह बढाउनको लागि हो र त्यो समूह फुटेर नजाओस् भन्नको लागि हो । दीक्षा लिने बित्तिक्कै त्यो गुरूको बन्धनमा पर्‍यो । त्यो गुरू बाहेक अरू गुरूको उपदेश जति राम्रो भए पनि ग्रहण गर्न नहुने नियमले बाँध्छन् । त्यो दीक्षा छोड्नु पनि भएन । छोड्यो कि बज्र नर्कमा खस्छ भनी त्रास दिएर राख्छन् । तसर्थ सुब्बाज्यू ! दीक्षा सबैभन्दा पहिले लिने होइन, ज्ञानको कुरा छलफल गर्दै आफनो मनमा यथार्थ विश्वास भयो भने त्यस्तो अबस्थामा दीक्षा लिने वा नलिने भन्ने आफूमा बिचार उत्पन्न हुन्छ ।" इति ।

एकपल्ट सुगतमान भन्ने पत्रकारले मलाई भन्यो "गुरुजी ! हजूरले सम्प्रदाय धर्मलाई मन नपराएको पाराले कुरा गर्नुहुन्छ, हजूरले कुन धर्म



Downloaded from http://dhamma.digital

मान्नु हुन्छ।" मैले बुद्ध भगवान्‌ले बताउनु भएको ज्ञानलाई मानीरहेको छु।

सुगतमान "त्यसो भए हजूर पनि सम्प्रदायमै पर्‍यो हैन र?"

मैले "सुगतमान! तपाईंलाई पनि सम्प्रदायको अर्थ थाहा छैन्। सम्प्रदाय भनेको कसैको ज्ञानलाई सुनेर आफनो बिचारले रोजेर हो होइन थाहा पाएर मान्नेलाई भनिदैन, सम्प्रदायको विवरण मैले माथि बताइ सकें। रुढी, जबर्जस्तीले लोभ देखाएर, डर देखाएर, आफ्नो धर्म प्रचार वा रक्षा गर्ने धर्म रक्षार्थ युद्ध गर्नेलाई सम्प्रदाय भनिन्छ, सुगतमान" हो होइन रोजेर, स्वीकार गरी मान्ने धर्मलाई सम्प्रदाय भनिंदैन।

## सेवा मोह हुने कुरो

२०२३ सालमा म पाटनको सुमंगल विहारमा बसीरहँदा एकजना व्रम्ह समाजका उपासक आएर मलाई सोध्यो "ऋषिज्यू! व्रम्हचर्या पालना गरीरहेका उपदेशक, ग्रन्थकर्ताहरूलाई स्त्री जातिहरूले सेवा गराएर बस्नु हुन्छ कि हुँदैन?

उत्तर "महाशयजी! परमार्थ ज्ञानको दृष्टिकोणले हेर्दा खेरि स्त्री पुरुषको भेदभाव छैन तैपनि जुन व्रम्हचारीले इन्द्रियलाई वशमा राख्ने ज्ञान छैन, जसले मनको लगाम समाउन सक्दैन त्यस्तो व्रम्हचारीले स्त्री जातिलाई सेवा गराउन योग्य छैन। जस्तो कि वर्मा देशमा एकजना विद्वान काषाय वस्त्रधारी आचार्य रहेछन्। ती आचार्य परमार्थ ज्ञान प्रचारक भएर स्त्री पुरुषमा भेदभाव छैन भनी स्त्रीलाई सेवा गराउने रहेछन्। क्रमशः आचार्यको मन स्त्रीहरूले सेवा गर्ने भएकोले नारी स्पर्शमा मोह भएर अर्को ढङ्गले सेवा गर्ने उपदेश पनि दिन थाले। क्रमशः आचार्यले हात सम्हाल्न सकेनन् सेविकाहरूको शरीर स्पर्श गरी मजा अनुभव गर्न थाले। सेविकाहरू पनि "त्यत्रा ठूला आचार्यले शरीरमा स्पर्श गरेकोले त्यही नै मुक्त पद प्राप्त गरेको अनुभव गर्न थाले। आचार्यको मनमा मोह अन्धकारले ढाक्यो। तसर्थ स्त्री जातिहरूको शरीरमा स्पर्श गर्न व्रम्हचारीहरूको लागि योग्य छैन।

प्र."भन्ते! यदि स्त्रीहरूको शरीर स्पर्श नगरी बस्यो भने तिनीहरूले सेवा गरेमा के हुन्छ?"

उ."उपासक! व्रम्हचारीहरूलाई सेवा गर्ने पुरूष जाति मात्र योग्य छन् स्त्री जाति योग्य हुन्छ म भन्न सक्दिनँ।"



Downloaded from http://dhamma.digital

प्र."हजूरले भन्नुभयो, परमार्थ दृष्टिकोणले हेर्दा स्त्री पुरुषको भेदभाव छैन" भन्नुभयो, कुरा गर्नु हुँदा अति नै भेदभाव गरेर बताउनु भयो, हजूर ... परमार्थको ज्ञान छैन र ?"

... परमार्थ ज्ञान भएका संसारमा कमै मात्र छन्, व्रम्ह समाजमा प्रवेश ग... सबैले व्रम्हज्ञान बुझेका हुँदैनन् । अभिधर्मको कुरा बताउन सक्यो भन्दैमा अभिधर्म बुझेको हुँदैन, केबल पुस्तकमा लेखिएको अनुवाद गरेर बताएको हुन सक्छ । यदि परमार्थ ज्ञान यथार्थमा बुझेको भए उसको लागि स्त्री पुरुषको भेदभाव अवश्य हुँदैन । तर संसारमा परमार्थीहरू अति नै कम छन्, कुरा गर्दा खेरि निकै परमार्थी देखिए पनि साधना अपुग भयो भने स्त्री जातिको नै पुरूष जातिको मनमा मोहले आर्कषण गर्न सक्छ । त्यही वर्माको आचार्य बिमारी हुँदा पिंडौंलाको मासु फर्केर पीडा भएको देख्न नसकेर हतारिएर सेविकाहरूले पिंडौंला समातेर मासु झारी दिए । आत्तिएर आचार्यले सेविकाहरूको शरीरमा अडेस लगाउन पुगेछ । कोमल शरीरको स्पर्श गर्ने इच्छाले बिस्तारै एक एक बहाना बनाई कोमल शरीरमा आलिङ्गन पनि गर्न थाल्यो । पुरूष जातिले आलिङ्गन गरे पछि स्त्री जातिको चित्तमा पनि मोह उत्पन्न भएर आचार्यले आलिङ्गन गरेको मन पराउन थाले । स्त्रीले पनि सेवा गर्न मन पराउन थाले भने आचार्यले पनि प्रेम गर्न थाल्यो ।

यस्तो हुनसक्छ उपासक ! यसको लागि व्रम्हचारीहरूले स्त्री जातिलाई सेवा गराउन योग्य छैन ।"

प्र."भन्ते ! स्त्री जाति एक्लै बसेर सेवा गरेमा मात्र यसरी दुराचार हुने भय हुन्छ । यदि दुई तीन जना भएमा त्यस्तो नहुन सक्ला कि ?"

उ."उपासक ! त्यस आचार्यकहाँ तीनजना सेविका छन् -सुबर्णकेशरी २७ बर्षकी, चन्द्रकेशरी ३१ बर्षकी र मोती सुन्दरी ५० वर्षकी ! त्यसमध्येमा सुवर्णकेशरीको शारीरिक लक्षण पनि राम्रो, बोली बचन र चालचलन पनि ! तिनीसँग आचार्यको मन भुल्यो । त्यस मध्येमा चन्द्रकेशरी झन राम्री, राम्री भए पनि आचार्यले प्रशंसा गर्नु भएन । कोमल शरीर स्पर्श, आलिङ्गन र उरफल ग्रहणको मोहनी लागेर आचार्यको मनमा अर्को कल्पना आएन । एकदिन अनुहार नदेखेमा मन छटपटी हुने । सुवर्णकेशरीले बुझिन् "आचार्य मप्रति आशक्त हुनु भयो, लोकजनले थाहा पायो भने मलाई के मात्र भन्दैनन्, आचार्यले मलाई छोड्नु भएन, अब के गर्ने ?" यो कुरा चन्द्रकेशरीले थाहा पाएर मन पोल्यो, मोती सुन्दरीले पनि थाहा



Downloaded from http://dhamma.digital

पाए तापनि वास्ता गरिनन् । चन्द्रकेशरीले गुरूलाई आफूतिर आकर्षित गर्न धेरै प्रयास गरिन् तापनि आचार्यले वास्ता गर्नु भएन । दिनरात सुर्वणकेशरीलाई नै खोजी हिंड्नु हुन्थ्यो । सुवर्णकेशरी नेदेखेमा आचार्य बिरामी हुन्थ्यो । बिरामी पर्नासाथ चन्द्रकेशरीले आचार्यको खुट्टा मिचेर आफूतिर आकर्षित पार्न खोज्थिन् । आचार्यले भने चन्द्रकेशरीलाई वास्तै गर्नु भएन । जति सेवा गरे पनि आचार्यले वास्ता नगरेपछि चन्द्रकेशरीले शुवर्णकेशरीलाई त्यो मठमा प्रवेश गर्न नदिने प्रयास गरिन् । मठमा गर्नुपर्ने सबै काम आफैले गरेर सुवर्णकेशरीलाई कुनै काम गर्न दिइएन । चन्द्रकेशरीले सुवर्णकेशरीको निन्दा चर्चा फैलाएर नराम्रो मान्छे भन्न लगाएर आचार्यको मठमा चन्द्रकेशरी राम्रो मान्छे बनिन् । सुवर्णकेशरीको मनमा "ठीकै भयो, आचार्य मप्रति आशक्त भएकोले यो सबै गडबड भएको हो, अब म मठमा नजानु नै राम्रो सम्झी रहिन् । सुवर्णकेशरीको अनुहार नदेखेपछि आचार्यको मन बिग्रेर खान मन गरेन, कोहीसँग पनि बोलेन, सञ्चो छैन भनेर पल्टेर बसीरहन्थ्यो । मठमा आउने उपासक उपासिकाहरूको मनमा तुफान चल्यो "यो मठमा के भयो ? अँध्यारो देखिन्छ ? नरमाइलो लाग्छ, यो कसरी भयो ?" भनी हलचल भयो । स्त्री जातिहरूले सेवा गरीराख्नुको फल यस्तो हुन गयो । त्यसैले धार्मिक मठमा स्त्री जातिले सेवा गरीराख्नु योग्य छैन् ।

प्र. भन्ते त्यो आचार्यको बिषयमा यति धेरै कुरा हजुरले कसरी थाहा पाउनु भयो ।

उ."मैले यो सब कुरा कसरी थाहा पाएँ भनें उहाँ आचार्य मेरो पुरानो साथी हुनुहुन्छ । उहाँ आचार्य पहिलेको पुण्यको प्रभावले आफूलाई भइरहेको समस्या होश भएर आयो । पछि सम्हालेर पहिले जस्तो थियो त्यस्तै भएर बस्नुभयो । सम्हाली सकेपछि आफनो कुरा स्वयं आफैले बताउने क्रममा यस्तो भइसकेको मुश्किलले बचें, मैले भिक्षुहरूको विहारमा स्त्री जातिले सेवा गरीरहेको देख्दा आफूलाई भएको कुरा सम्झना आउँछ" भनी मलाई बताउनु भयो, त्यसैले मैले सम्पूर्ण वृतान्त तपाईलाई बताउन सकेको हुँ ।"

उपासक "भन्ते ! मैले यो कुरा हजूरलाई सोधीरहेको कारण पनि त्यही हो कि स्त्री जातिले सेवा गरीरहेका भिक्षुहरूको शील पनि शुद्ध होला जस्तो लाग्दैन, तैपनि म मात्रै मूर्ख भएँ कि, मैले मात्र बुझिन कि ?" हजूरलाई सोधें ।



Downloaded from http://dhamma.digital

स्त्री जाति भनेको व्रम्हचारीहरूको लागि बाधा हुन् भन्ने अनेक ग्रन्थमा प्रमाण दिईराखेको छ । यथार्थमा स्त्रीहरूको दोष होइन, मनलाई सम्हाल्न नसकेकोमा दोष हो । मन सम्हाल्न सक्नेलाई कुनै बाधा छैन । मन सम्हाल्न नसक्नेलाई भविष्यमा के गति हुने हो, बिचार भएकोले मन सम्हाल्न सक्छ । भविष्यको बिचार भएकोले आफ्नो मनमा भएको काम रागको हेतु उत्पत्ति हेतु थाहा पाएर त्यो हेतुलाई त्यागपूर्वक स्मृति बलियो बनाएर बस्न सक्ने महात्माको लागि नारी शरीर अशुभ घृणाको दृष्टिले स्पर्श नै भए पनि काम उत्तेजना हुँदैन, तर यस्ता महात्माहरू भने धेरै पाउन सकिन्नँ । उपासकले "भन्ते ! अनि उहाँ आचार्य पछि के हुनुभयो ?"

आचार्य पछि सच्चिनु भयो । तर अगाडि एकपल्ट धर्ममा निकै हानि भयो । मोती सुन्दरीले बिचार गरिन् "हाम्रा आचार्यलाई मारले समायो अर्थात् सुवर्णकेशरीसँग आशक्त भयो, तिनी साह्रै नै कोमल भएकीले आचार्यले भनेको जस्तो मान्ने भएकीले आचार्यको मन बिग्र्यो । यसमा सुवर्णकेशरीको कुनै दोष छैन, दोष आचार्यको पनि होइन् । दोष त्यही हो स्त्री जातले शरीरमा छोएर सेवा गर्नु नहुने गरिन् । त्यही दोष भयो । अब यो सुवर्णकेशरीलाई छुट्याइ दिनु पर्‍यो ।" मोती सुन्दरीले सुवर्णकेशरीलाई बोलाएर एकान्तमा राखेर भनिन् "सुवर्ण ! हामीले आचार्यको सेवा गर्दा आचार्यलाई बेस्मृति भए जस्तै छ । हामीहरू एकपल्ट एकान्तमा बसेर ध्यान गर्न जाऔं । आचार्यलाई आवश्यक व्यवस्था गरी दिऊँ, आचार्यले आफ्नो आवश्यकता अनुसार गर्नुहुन्छ ।

सुवर्णकेशरीले भनिन् "दिदी ! आचार्यलाई सूचना नदिइकन जानु हुन्छ ? आचार्यलाई एकपल्ट सोध्नुहोस् ।"

मोतीसुन्दरीले आचार्यसँग प्रार्थना गरिन् । आचार्यले भन्नुभयो "मोती ! ध्यान भावना त गर्नुपर्ने हो । स्त्रीजाति एकान्तमा बस्न मिल्छ र आज भोलिको समय राम्रो छैन, युवाहरू बदमाश भइरहेका छन्, सुवर्णकेशरी जवान नै छे, जवान केटी एकान्तमा बसीरहेको थाहा पायो भने युवाहरूले अवश्य पनि बाँकी राख्तैनन् । हिजो मात्रै तल एक जवान केटीलाई मारेर नदीमा फयाँकी दिए जसको शरीरमा एक टुक्रा वस्त्र पनि छैन् । तिमीहरू ध्यान गर्छौं भने घर घरमै गर, बाहिर एकान्तमा बस्ने कुरा मलाई त चित्त बुझ्दैन ।"

आचार्य सुवर्णकेशरीको अनुहार नहेरी बस्न सक्दैनथ्यो । मोतीसुन्दरीले



Downloaded from http://dhamma.digital

छुट्याउने बिचार गरी भन्ने थाहा पाएर अनेक प्रकारले घुमाई कुरा गरे पनि मोतीसुन्दरीले एकोहोरो आफनै मात्र कुरा गरीरहिन्। आचार्यले मोतीसुन्दरीलाई पसल पठाएर सुवर्णकेशरीलाई सोध्नुभयो" सुवर्ण ! कुरा त राम्रो गरेको हो, ध्यान अभ्यास बलियो बनाउनु पर्छ। तर मलाई के भयो कुन्नि, तिम्रो अनुहार नहेरी बस्न सक्दिनँ। तिमी भइनौ भने म त बहुलाउँछु। तिमी बिचार गर। यदि मलाई जे भए पनि होस् भनी जाने भए जाऊ" भन्दै रुञ्चे स्वर निकालेपछि सुवर्णकेशरीलाई आचार्य प्रति माया जाग्यो र भनिन् "आचार्य मलाई त त्यत्तिकै जंगलको एकान्तमा बसेर ध्यान गर्ने आँट आएको होइन, मोती दिदीले नै भन्नुभएको हो। मलाई मोती दिदीले भन्नुभयो, मैले आचार्यज्यूलाई सोध्नुहोस्" भनें। मोतीसुन्दरी पसल गएर आउनुभयो, पुनः त्यही कुरा दोहोर्याउनु भयो। सुवर्णकेशरीले भनिन् "स्त्रीहरू यसरी एकान्तमा बस्न जाने समय होइन, मलाई त जान इच्छा छैन।"

आचार्यले भन्नुभयो "मोती ! एकान्तमा बसेर ध्यान गर्ने हो भने घर घरमा बसेर गरे पनि हुन्छ, स्त्रीजात बाहिर एकान्तमा बस्नुमा म पनि राजी छैन।

मोतीसुन्दरीले बारंबार त्यही कुरा देहोर्याइरहिन। आचार्यले बिचार गऱ्यो "यस मोतीले मेरो मुटु चुँडालेर लान खोजी। अब यिनीहरूबाट माया पाइराख्नु दुःखको हेतु हो" भन्दै मुटु फुट्ला भने जस्तो छातीमा हातले थामेर गहभरी आँसु पारी उठेर जानुभयो। आचार्य उठेर गएपछि दिदीबहिनी बीचमा कुराकानी भयो "तिमीले भन भनेकोले मैले भनें, मैले भनेको कुरामा समर्थन नगरीकन बिरुद्धमा गयौ। अघि नै तिमीले नभन भनेको भए मैले भन्दिनथें" मोतीले भनिन्।

सुवर्णकेशरीले भनिन् "आचार्य नमान्ला भनेर, तिमीले एकपल्ट भनेर हेर भनेको हुँ, तिमीले भनेको कुरामा अस्वीकार गरें भने तिम्रो मनमा 'म नै मतलबी' हुन्छु भन्ठानेर' भनी हेर' भनेकी हुँ।

भोलिपल्ट दिदी बहिनी दुबैजना आचार्यकहाँ पुग्दा आचार्य मानसिक रोगले छटपटीरहेको थियो। त्यो देखेर मोतीसुन्दरीले भनिन् "आचार्यलाई हामीले भन्न नहुने कुरा भन्न पुग्यौं क्षमा गर्नुहोस्" भन्दै आचार्यको खुट्टा मिचेर आचार्यलाई श्रद्धा नभएर छोडेर जाने बिचारले गरेको होइन, आचार्यले दिनु भएको ज्ञानलाई नै बृद्धि गर्न बिन्ती गरेकी हुँ।"

आचार्यले भन्नुभयो "तिमीहरूको कुनै दोष छैन मोती ! दोष मेरै



Downloaded from http://dhamma.digital

हो ! तिमीहरूले मेरो सेवा गरीरहेकोले माया लाग्यो, माया गरेर नै मैले हृदय थाम्न सकिन । पहिले म गृहस्थाश्रममा बस्दा मलाई यस्तो माया भन्ने थाहा थिएन, आज मलाई यो मार आएको हुनुपर्छ । कति उत्तम भएर हृदय सफा भइसकेको आज मलाई यो के भयो ? थाहा छैन, तिमीहरूको अनुहार नहेरी बस्न नसक्ने भएँ । यस मायालाई हटाउन सक्नु नै पर्ने हो, मजस्तो मूर्खलाई तिमीहरूले आचार्य भनेर मानेर बस्यौ । आफनो मन एउटालाई बशमा राख्न नसक्ने, अब मैले बुझें यतिसम्म दुःख दिने मनलाई बशमा लिन म कोशिश गर्छु, तिमीहरूले पनि आफ्नो जीवनलाई सुधार गर्नतिर हेर ! म रोए पनि रून देऊ, यस मायाको बशमा परेर बस्ने आचार्य होइन, अज्ञानी हुँ, अज्ञानी रोए पनि रुन देऊ, अज्ञानीको लागि आफ्नो जीवन बर्वाद नगर, तिमीहरूको भलाइ तिमीहरूले नै हेर ! मैले पनि पहिलो पल्ट छोड्न गाह्रो होला, पछि हुँदा बिर्सेर जान्छन्, पछि बिर्सिएर गएपछि मन आनन्द हुन्छ ।"

सुवर्णकेशरी र मोतीसुन्दरी दुवैजना दिनको एकपल्ट आचार्यकहाँ दर्शनार्थ जान्थे, सेवा गर्ने प्रथा छोडे । दुई दिनपछि सुवर्णकेशरीले बिचार गरेर हेरिन् । "आचार्यले के खानु भयो होला" भनी ! आचार्यकहाँ चारैतिर बिचार गरेर हेरिन् भाँडाकुँडा जहाँको तहीं छन् । खानेकुरा पनि केही घटेको छैन "आचार्य ! हजूरले केही खानु भएन र ? भाँडाकुँडा त पहिले कै ठाउँमा जस्तोका तस्तै छन् ।"

आचार्यले गह भरी आँसु पारी केही आँसु पुछे । परस्पर छाती जोडेर प्रेम गरी सकेकोले मन थाम्न नसकेर सुवर्णकेशरीले आचार्यलाइ मनपर्ने खाना तात्तातै पकाएर ख्वाइन् । आचार्यले सुवर्णको स्नेह देखेर एकपल्ट आलिङ्गन नगरी बस्न सक्नुभएन । आचार्यले भन्नुभयो "सुवर्ण ! यो मेरो अन्तिम आलिङ्गन हो, तिम्रो स्नेहको गुण अपरम्पार छ । तैपनि यो गुण लौकिक मात्र हो, लौकिक गुणले लोकोत्तरमा पुर्‍याउँदैन, हामीले गरीरहेको काम लोकोत्तरको लागि हो । सुवर्ण मलाई जे सुकै होस्, मेरो माया नलेऊ, मायाले गरेर यस लोकमा पनि शान्ति लिन सकिन्न, परलोकमा पनि सुगति प्राप्त गर्न सक्दैन लोकोत्तर त कहाँ ? कहाँ ?"

सुवर्णकेशरीले "हजूरले यसरी भोजन गर्नु भएन भने झन्झन् कमजोर भएर गएको हामीहरूले हेरेर बस्न सकूँला र ? आचार्य ! हजूरको जीवन रक्षाको लागि के गर्नुपर्ला ? आज्ञा होस् ! हामीले सक्दो सेवा गर्छौं । हजूरको जीवन रक्षा भयो भने हजूरले भने जस्तो गर्छौं । हजुरको



Downloaded from http://dhamma.digital

चरणमा यो जीवन अर्पण गरीसकें, आफ्नो इच्छाले केही नगरीकन आचार्यको आज्ञा पालना गर्ने हामीहरूको कर्तब्य हो, आज्ञा होस्।"

आचार्यको बिचारमा "धिक्कार मेरो जीवन, मलाई आचार्य भनीरहनेहरूसँग कति ज्ञान शक्ति बलियो भएको, त्यति नै मेरो बलियो छैन्। अब म कसरी अगाडि चामल हुँदाहुँदै एकादशीको ब्रत बस्नेहरू नखाइकन बसेको जस्तो म पनि यो प्रेम मूर्तिहरू अगाडि भए पनि मनलाई बाँधी आफ्नो कर्तब्य पालना गर्छु, भनी सम्यक् संकल्प गरी खाने कुरा पकाएर खानु भयो।"

मलाई उहाँले आफूलाई भएको सम्पूर्ण बृतान्त किन बताउनु भएको भने "आयुष्मान्! मलाई भएको यो अनुभवको बृतान्त हजूरलाई किन बताइरहेको भने हजूर एक हितकर लेखक भएकोले यो कुरा पनि उल्लेख गरीराख्नु भयो भने पछि शान्ति इच्छुक धार्मिकहरूलाई हित हुन्छ अथवा स्त्री जातिसँग सम्पर्क राख्नु अघि होश राखेर आफू बच्ने उपाय गर्छन्" भन्नुभयो।

उपासकज्यू! जुन पण्डितले स्त्रीद्वारा सेवा गराईरहन्छन् त्यो विद्वान नै भए तापनि बिचारमा बादल लागेर लागेको घाम छेकेको जस्तै अँध्यारो, आँखा धमिलो भएर ढलमा डुबेर छटपटाइ रहनुपर्ने हुन्छ।

उपासक "त्यो कुरा सत्य हो भन्ते! मलाई पनि अनुभव भएको छ। मैले मलाई त बताउने आँट आउँदैन भन्ते! त्यस बर्माको आचार्यलाई धन्यबाद छ। आफूलाई भएको घटना अरूलाई हुन नदिन श्रद्धाले लाज नमानीकन प्रकाश गरी बताउनु भयो, त्यसैले नै उहाँ त्यस्तो जालले मारको पाशले बच्न सक्नु भयो धन्य, धन्य!"

## धर्म प्रचारमा आएको मार

वि.सं. २०२३ सालदेखि गणमहाविहारमा बस्दाखेरि बरोबर धर्म प्रचार गर्ने मौका प्राप्त भयो। आफ्नो बिचार हो भगवान् बुद्धले बताउनु भएको धर्ममा भनिएको छ कि "पच्चतं बेदितब्बो विञ्ञुं हि" भनेर, यसको कुरा कति राम्रो "धर्म भनेको बिचार गरी आ-आफैले बुझ्नु पर्ने हो।" यो कुरा मलाई साह्रै नै घत लाग्यो। जबसम्म धर्म भनेको आफूले बुझ्दैनन् तबसम्म 'रे' भन्ने कुरामा विश्वास गर्न थाल्यो भने अन्धविश्वासमा परी रहन्छन्। आजभोलि गुरु आचार्य हुनेहरू पनि सकेसम्म भक्तजनहरूलाई आफू नभई नहुने तरिकाले षडयन्त्र गरी



Downloaded from http://dhamma.digital

आफू माथिल्लो स्थानमा बस्न खोज्नेहरू धेरै भेटिन्छन् । यसको लागि मैले यही बिचार र ज्ञान नै बिकास गर्ने इच्छा गरेको छु ।

१. प्रत्येक संकान्तिको दिन डिल्लीबजारमा हिरालाल नकर्मीको घरमा छलफल ।
२. प्रत्येक चतुर्दशीको दिन वागबजारमा रत्नबहादुरको घरमा धर्म कक्षा हुने ।
३. प्रत्येक पूर्णिमाको अघिल्लो दिन भक्ति लालको घरमा ।
४. प्रत्येक कृष्णपक्ष अष्टमीको दिन ह्यूमत द्योमय्जुको घरमा ।
५. प्रत्येक शुक्लपक्ष अष्टमीको दिन असनको भाइसाहुको घरमा ।
६. प्रत्येक आइतबार असनको सर्वज्ञ साहुको घरमा ।
७. प्रत्येक बुधबार डिल्लीबजार बाबा मैयाँको घरमा ।
८. प्रत्येक शनिबार ज्याबहाल र पञ्चबहादुरको घरमा ।
९. महिनाको एकपल्ट शुक्रबार अमरमानको घरमा ।
१०. प्रत्येक सोमबार ठिमीको पाटी बहालमा ।

यति ठाउँमा आफ्नो बिचारले ज्ञानको उपदेश धर्मोपदेश गरी आफनो कर्तब्य पालना गरीरहें ।

गणमहाविहारमा पनि नित्य अष्टाङ्ग मार्गको पाठ र तदर्थको शिक्षाद्वारा उपासक उपासिकाहरूलाई बिचारको चश्मा राख्न लगाएर बुद्धको अमृत ज्ञान यथार्थ बोध हुने किसिमले धर्म चर्चाको बृद्धि भयो । गणमहाविहारमा अकस्मात् मार आएर अष्टांग मार्ग पाठमा गडबडी मच्च्यो ।

अगाडि कसैले केही भन्दैनन्, फलानाले यस्तो भन्यो भन्ने निर्देश केही छैन, सिर्फ 'यस्तो भन्यो रे' भन्ने हल्ला मात्र चलिरहयो । "एउटा विहारमा दुई पार्टी हुनु भएन, महाप्रज्ञाका शिष्यहरूले सेतो वस्त्र धारण गर्‍यो रे, महाप्रज्ञा एक भिक्षु होइन गृहस्थ नै हो, आफैं ऋषि भएका कसैले दीक्षा दिएर ऋषि बनेको होइन रे, स्त्रीहरू जम्मा गरी पाठ गरी राख्यो रे, स्त्रीहरूलाई गोडा मिचाएर राख्यो रे, महाप्रज्ञाको शिक्षाले भन्तेहरू पनि धर्मको बारेमा छलफल गर्ने भएर निस्के रे, क्रमशः कथा वाचन पनि रोक्न थाल्यो रे ।"

पछि मैले थाहा पाएँ "बिचार ज्ञानतिर ढल्केर जनप्रिय भएर बताउने भएकोले ठूला बडा जेठोबाठो अध्यक्ष भइरहेकाहरूले आ-आफ्नो हक थाम्नको लागि मलाई दवाउन खोजेको रहेछ । मैले त्यो पाठ गराउने पनि छोडी दिएँ । निमन्त्रणा जान पनि छोडें । खाना खाने पनि, भिक्षुहरूको



Downloaded from http://dhamma.digital

लाइनमा बसेर भोजन र दान ग्रहण पनि सबै त्याग गरी दिएँ।

विहारमा सेवागर्न आउने उपासक उपासिकाहरूलाई सही कुरा ज्ञान भएन। ठूला वडा, हक्की, तर्साउन सक्नेले भने जस्तो गरेर बस्ने भएकोले विहार भित्र के भइरहेको छ त्यो केही थिएन, अन्धविश्वासको पछि लागेका थिए।

मेरो बिचार यो हो कि "भिक्षुहरूसँगै बस्नुपर्ने भएकाले उहाँहरूको चित्त नबुझेका कामहरू नगरे असल हुन्छ कि भनी छोडेको मात्र हुँ।" उपासकउपासिकाहरूलाई त्यो कुरा केही पनि थाहा थिएन। तिनीहरूको मनमा "गुरू किन यस्तो हुनुभयो ? विहारमा बसेर पनि विहारमा भोजन नगरीकन बाहिर खान थाल्नुभयो, उपासिकाहरूले मात्रै मन बिगारी दियो कि ? भनी हल्लाखल्ला मच्चियो। उपासकहरूले भिक्षुहरूलाई सोद्धा भिक्षुहरूले "महाप्रज्ञा विरामी हुँदा उपासिकाहरूले खुट्टामा मालिस गरेर मीठा राम्रा खानेकुरा खुवाएर मन बिगारी दियो भने।"

त्यसबेलादेखि उपासक उपासिकाहरूको आँखामा मलाई अर्कै ठाने। एक दुईजना उपासकहरूले मलाई सोधे "आजभोलि गुरूलाई के भयो ? विहारमा भोजन पनि गर्नु हुन्न, बिहान उठेर बाहिर निस्कनु हुन्छ, बेलुकी सुत्नलाई मात्र फर्कनु हुन्छ, भन्तेहरूको मनले पनि मानेन बुद्धेश कालमा यस महाप्रज्ञालाई के भयो ? कहाँ पाल्नु हुन्छ ? के खानु हुन्छ ?" मन दुखाएर बस्नुहुन्छ ? किन के भयो ?" म अति नै फसादमा परें, जसले म उपर जाल गरीरहेको त्यसैले नै कुरा अति नै दया राखेर कुरा गर्थ्यो मलाई त कुरा गर्न अप्ठेरो पर्‍यो।

म उपर दया राखेर कुरा गर्नेहरू देखेर म झन् डराएँ किनभने आफू एकजना असल बनेर म प्रति दया राखेर कुरा गर्ने पछाडि चुक्ली लगाएर आफूले सक्ने ठाउँसम्म हुल्याहाहरूलाई लगाएर बाहिर बाहिर धर्म प्रचार गर्नमा बाधा खडा गरी दियो। फेरि स्त्रीहरूलाई प्यार गर्ने बदमाश भनी हल्ला फैलाई दियो। आफूले भने माया गरेर देखाउने कति डरलाग्दो जाल! लोक जनमा पनि बुझ्ने शक्ति छैन। दर्जा भएकाहरूको पक्ष लिंदोरहेछ, सम्प्रदायको नियमले भेषधारीलाई नै ठूलो बनाइ दियो। तसर्थ भेषधारी नै उत्तम ठान्यो। मसँग भेष छैन, भएको जस्तो वस्त्र धारण गरीरहेकोले मैले जतिनै परमार्थ ज्ञान बुझ्ने गरी बताए पनि भेष नभएको हुनाले भगवान्ले दिनु भएको अमृत बचन नै उत्तम किन नहोस् त्यहासम्म आँखामा छारो हालेर बिचारमा पर्दा राखेर



Downloaded from http://dhamma.digital

हँसियाको धार आफूतिर फर्काएर स्वार्थ पूर्ण गरीरहेको मैले थाहा पाएँ। त्यस बेलादेखि त्यस्ता भिक्षुहरूलाई पंचांग प्रणाम गर्न छोडी दिएँ।

## जन्म दिन मनाउने कार्यक्रम

"यस वर्ष ज्येष्ठ शुक्ल द्वितीयामा मेरो जन्मदिन" भन्ने मेरो जन्मदिन कविता देखेर चैत्यप्रभा उपासिकाले गुरुको जन्मदिनको उपलक्ष्यमा उत्सव मान्ने श्रद्धा राख्नु भयो। तर के गर्ने आफू निर्धनी ! चैत्यप्रभा शोभा गुरूमाको घरमा गएर सल्लाह गर्दा गुरूमां खुशी भइ रु. १००। दिनुभयो। त्यही दामको आधारमा उपासक उपासिकाहरूको समूहमा सल्लाह भयो "प्रिय धर्म साथीहरू ! तपाईंहरूको अगाडि मैले सल्लाह मागी रहेकी छु, हुन्छ वा हुन्न जवाफको आशा गरेकी छु। अरू केही होइन यही ज्येष्ठ शुक्ल द्वितीयाको दिन हामीहरूले मान्दै आएका ज्ञान निर्देशक गुरु महाप्रज्ञाको जन्मदिन हो। यसमा तपाईंहरू सबैले सहमति दिनु भयो भने यो कार्यक्रम गर्ने छौं।"

परिषद्का सबै खुशी भएर "साधु ! साधु।" भने, त्यस समूहमा एक उपासकको मनमा यस्तो बिचार उठ्यो "यो चैत्यप्रभा उपासिका धन भएकी होइनन्, यस्तीले यत्रो ठूलो काम आँटिन्, यही नै चन्दा उठाएर गर्ने होलिन्, भनेर जन्म उत्सव मान्न नदिनलाई बाधा पुर्‍याएर" कुरा गर्‍यो।

भिक्षुहरूकहाँ पुगेर चैत्यप्रभाले सल्लाह मागिन्। त्यसमा सुबोधानन्द भन्तेले "हामीहरूको जन्मदिनमा भने यस्ता उत्सव गर्ने हैनन्, आज त्यो ऋषिको जन्मदिनमा यस्तो उत्सव गर्न लाग्यौ, हामीलाई हेला गरेको त होइनौं ? कल्पबृक्ष दान गर्न दिन्नँ, एक छाक भोजन गराउने भए हुन्छ" भन्नुभयो।

चैत्यप्रभाले "भन्ते ! कल्पबृक्ष दान गरे के हुन्छ, भन्तेहरूलाई नै दान प्राप्त हुने हो, न गुरूलाई हो, न हामीलाई हो" भनिन्।

भन्तेले "कुरा धेरै लामो नगर, भिक्षुहरूको अगाडि एक ऋषिको जन्मदिन मनाउन यस विहारमा ठाउँ छैन, कमिटीसँग अनुमति लिनुपर्छ" भन्नुभयो।

चैत्यप्रभाले "कमिटीमा को को छन् ? कसलाई सोध्नु पर्ने हो ?" भनिन्।

भन्तेले कमिटीका सदस्यहरू देखाएनन्। चैत्यप्रभाले २/३ पल्ट



Downloaded from http://dhamma.digital

सोधेपछि बल्ल तल्ल २/३ जना देखाए। सुबोधानन्द, सुदर्शन, राजमान, चन्द्रबहादुर यी ४ जनाको नाम बतायो। ९ जना कमिटीको बल्लतल्ल ४ जनाको नाम बताए।

चैत्यप्रभा सुदर्शन भन्तेकहाँ सोध्न पुगिन्, खुशी भएर स्वीकृति दिनुभयो, राजमानलाई सोद्धा "गर्न त गर तर चन्दा उठाउन पाउँदैनौ" भन्यो। चन्द्रबहादुरलाई सोद्धा "रिसले चूर भएर भन्यो "मनपर्छ भने मनाऊ मन पर्दैन भने नमनाऊ, भिक्षुहरू एक जना पनि हुँदैनन्, यदि भिक्षुहरू आउनुभयो भने म यस विहारको पानी पनि पिउँदिन।"

चन्द्रबहादुरले सम्पूर्ण भिक्षुहरू र उपासक उपासिकाहरूलाई उक्साउँदै हिंडे।

## चैत्यप्रभाको प्रतिक्रिया

पछि एउटा कुरो निस्क्यो "मदन कुमार (महाप्रज्ञाका सुपुत्र) बाट उठाए हुन्थ्यो। त्यो एक स्त्री चैत्यप्रभा किन अघि सरेको होली ? त्यस उत्सवमा कसैले चन्दा दिन पाउँदैन, कोही उत्सवमा सामेल हुन पाइँदैन" भनी हल्ला चलाएर बसे। चैत्यप्रभाको साह्रै नै मन दुख्यो, घर पुगेर मुटु नै फुट्ला जस्तो गरी रोइन्। रुँदारुँदै यस्तो भनिन् "यो भिक्षुहरूको अन्याय हो। राँगो काटेर मासु बेचेर कमाएको पैसा दान लिनु हुन्छ रे, बजारमा बेश्या भएर कमाएको धन दान लिनु हुन्छ रे, जाँडरक्सी बेचेर कमाएको धन दान लिनु हुन्छ रे ! म एक गरीब भए पनि मेरो जीवनलाई सार गर्न ज्ञान उपदेश दिनुहुने गुरुको जन्मदिनका लागि भगवान् बुद्धका श्रावक संघलाई दान दिने श्रद्धा राखेर गरेको कार्य हो। मैले यसमा दिएको दान लिन्नँ भन्ने किन ? के मैले हिंसा गरी कमाएको हुँ ? बेश्या भएर कमाएको हुँ ? जाँडरक्सी बेचेर कमाएको हुँ ? उक्त तीन प्रकारको दान लिने तर मैले दिएको दान लिन नहुने किन ? उक्त तीन प्रकारको भन्दा नराम्रो मैले के गरेको छु, मैले दिएको दान लिन नहुने किन ?" इत्यादि।

## सान्त्वनाको कुरा

रोइरहेकी चैत्यप्रभालाई एक उपासिका गएर सम्झाइन् "नानी नरोऊ धैर्य गर, संसारमा आरिस भन्ने एउटा हुन्छ। त्यो आरिसले गरेर यस्तो गडबडी निस्केको हो। आरिस हुनाको कारण यो हो कि महाप्रज्ञा



Downloaded from http://dhamma.digital

गुरूले जनतालाई श्लोकको अर्थ मात्र होइन भावार्थ पर्यन्त मन छुने गरी बताइदिने भएकोले जनप्रिय हुनगयो। यसले गर्दा भिक्षुहरूको हक मेटेर जान्छ कि भन्ने डरले महाप्रज्ञा गुरूलाई दबाउन खोजेको हो। महाप्रज्ञा गुरू अनुभवी हुनु भएकोले धर्मको भावार्थ हातमा राखेर देखाए जस्तै देखाउन सक्नुहन्छ। त्यसैले भिक्षुहरूले हेर्न सक्नु भएन। भिक्षुहरू तिमीलाई मन पराउँदैन् किनभने "उपासक उपासिकाहरूको समूहमा भिक्षुहरू उपदेशक भएर कथा सुनाएर पंण्डित भइरहनु भएको हो। त्यस समूहमा जान्ने भएर निस्क्यो भने भिक्षुहरू माथि पर्दैनन्। तसर्थ उपासक उपासिकाहरूलाई श्रद्धावन्त मात्र गरेर आफू एकजना मात्र जान्ने सुन्ने भएकोले तिमी एकजना मात्रै जान्ने भएर भिक्षुहरू सँग पनि आलोचना गर्न सक्ने देखा परेको तिनीहरूलाई सह्य भएन। त्यसैले तिमीसँग पनि तिनीहरूको रिस छ।

भिक्षुहरू सज्जन भएर बस्नुहुन्छ, नराम्रो कामको भार बोक्नेहरू राजमान र चन्द्र बहादुर हुन्। भिक्षुहरूले भन्नुभएको जस्तो भनीरहेका मात्र हुन्। कसैले प्रमाण खोज्न आएमा तिनीहरूले "हामीलाई के थाहा छ ? जे जे भन भन्यो, त्यही त्यही भन्ने के भयो र ?" भन्छन्।

अनेक प्रकारका कुरा निस्कीरहे। अगाडि बढेर मुख अगाडि हाकाहाकी भन्न सक्ने कोही छैनन्। यो कसरी हुनगयो भनेको त अब थाहा भयो "यो सबै स्वार्थी भिक्षुहरूको जाल रहेछ। विहारमा नराखीकन निकालि दिऊँ भने जनताले मन पराएको, राखी राखुँ भने भिक्षु भइसकेकोले भिक्षुको सबै नियम थाहा पाइसकेको, नियममा कुनै गडबडी गर्न नमिल्ने, परिस्थिति अनुसारले चलन नियममा कुनै न कुनै गडबडी हुन्छ नै।"

यसमा मुख्य भिक्षुहरूले उपासकहरूले सिकीराख्नु पर्ने 'विनय' केही पनि सिकाइ राखेनन्। उपासकहरूले भिक्षुहरूलाई गर्नुपर्ने नियमहरू थाहा नपाए पनि भिक्षुहरूलाई बातैपिच्छे आपत्ति भइरहेको वास्तै राखेनन्।

## पंसुकूल वस्त्र (कात्रो)

फेरि अर्को प्रत्येक पक्ष पूर्णिमा र औंसीमा एक योजन भित्र भएका भिक्षुहरूले ज्येष्ठ महास्थविरको विहारमा जम्मा भएर भिक्षुले गर्नुपर्ने पापदेशना र उपोसथ कार्य गर्नुपर्ने कार्य गरेनन्। एकपल्ट



Downloaded from http://dhamma.digital

पाक्षिक समागम भएर सांघिक उन्नति हुने सल्लाह गर्नुपर्ने नगरेकाले भिक्षुहरूको आ-आफ्नो खुशीले ब्यक्तिगत बिचार हुन गयो। कोही कसैले अनागारिकाहरूको सेवा गर्न लागे, कोही स्कूल, कोही ब्यापारी, कोही बैद्य, कोही झ्रांक्री, ठेकेदार, लमी, पण्डित भएर आफूलाई मनलागे जस्तो गरी हिंड्न थाले। उपासक उपासिकाहरूलाई उपदेश यही राखे।

"भन्तेहरूलाई आलोचना गर्नु पाप, भन्तेहरूले भन्नुभएको कुरा श्रद्धा राखेर सहर्ष स्वीकार गर्नुपर्छ। भन्तेहरूलाई गौरव गरी बन्दना गर्नुपर्छ। भन्तेहरूलाई दानद्वारा सेवा गर्नुपर्छ। भन्तेहरूसँग शील ग्रहण गर्नु पर्छ। परित्राण भन्तेहरूले नै पाठ गर्नुपर्छ। मृत्यु अबस्थामा भिक्षुहरूलाई श्मशानमा पंसुकूल वस्त्र (कात्रो) दान गर्नुपर्छ। चीवरधारीहरूको दोष खोज्नु हुँदैन्। दानले नै निर्वाण प्राप्त हुन्छ, शीलले होइन। अनाथपिण्डिक विशाखा आदि यिनीहरू सबै दानले नै मार्गफल प्राप्त गरेका हुन्" भन्ने उपदेश दिएर उपासक उपासिकाहरूलाई शील, समाधि, प्रज्ञा ज्ञान नपर्ने दान नै दिए मात्र पुग्ने उपदेश दिएर जनताहरूलाई आँखामा पट्टी बाँधेर भिक्षुहरूले हात समाएर लगे जस्तै भिक्षुहरूले स्वार्थ भनेको हो, नबुझ्रेर धर्म ठानेर भिक्षुहरूले भनेको जस्तै गर्ने भएर नै दुःख मुक्त हुने मार्गमा बाटो बिराइरहे।

श्मशानमा पंसुकूल (कात्रो) दान लिने काम पनि मलाई चित्त बुझ्दैन। किनभने गृहपतिहरूले दान दिएको वस्त्र पंसुकूली हुँदैन्, पंसुकूली भनेको यो हो कि मृतक शरीरमा बेरेर लगेको मृतकवस्त्र, श्मशानमा फयांकेको कसैलाई काम नलाग्ने वस्त्र भिक्षुहरूले लिनुहुन्छ त्यही वस्त्रलाई पंसुकूल वस्त्र भनिन्छ।

पंसुकूल वस्त्रको के महत्व छ भने यो वस्त्र जस्तो पायो त्यस्तो भिक्षुले धारण गर्न सक्दैन्। पंसुकूल चीवर धारण गर्नु नै तृष्णासँग संघर्ष गर्नु हो, अहंभावसँग संग्राम गर्नु हो, लोकमा मिलेर नबस्नु हो, मानलाई त्याग गर्नु हो, मार्ग प्राप्त गर्नु हो जन्ममरणको चक्रबाट मुक्त हुनु हो। पंसुकूल चीवर धारण गर्ने भिक्षा मागेर जीवन बिताउने, सबै खानेकुरा एकै ठाउँमा राखी मुछेर खाने, लोकमा सम्बन्ध नभएको वसपोल हो, निर्वाणको यानी संसार चक्रले वैराग हो। त्यस्ता आर्य पुद्गलहरूले नै दुःख मुक्त भएर लिन्छन। पंसुकूल भनेको धुलोमा लतपत भएको, कसैलाई काम नलाग्ने भएर फाटेको टुक्राहरू जम्मा गरी टुक्रा टुक्रा गासेर पहिरिने वस्त्र हो। जुन वस्त्र पहिरेर म राम्रो छु, मलाई सुहाउँछ,



Downloaded from http://dhamma.digital

दामी वस्त्र, चोरले चोर्ने, मुसाले काट्ने, आगो लाग्न सक्ने, हराउँछ भन्ने भावना हुँदैन । त्यस्तो भावना नभएको नै चित्त परिशुद्ध भनिन्छ । जुन वस्त्र धारण गर्नेको चित्त परिशुद्ध हुन्छ त्यस्तो वस्त्रलाई नै 'चीर'=वस्त्र, 'वर'=उत्तम वस्त्र भनिन्छ ।

श्मशानमा रोइरहेकाहरूले दिएको दान के त्यो त्यस्तो वस्त्र हो ? होइन । पछि भिक्षुहरूले शब्द परिवर्तन गरे जस्तै "पंसुकूल नभनी मतकवत्थ='मृतकवस्त्र' भनी शब्द परिवर्तन गरेर लगे । के भगवान् बुद्धको वाङ्मय हो भने भिक्षुहरूले शब्द परिवर्तन गर्न मिल्छ ? कदाचित् परिवर्तन गर्न मिल्दैन । जहाँ शब्द परिवर्तन गर्‍यो त्यहाँ त्यो खेलवाड भयो, होइन त ?

## स्वार्थपूर्ण धर्मको रूप

भगवान् बुद्धको धर्म स्वतन्त्र हो, परमार्थ यथार्थ हो, बिचारणीय हो, रीतिवाज बौद्धहरूको परम्परा भन्नु यो सम्प्रदाय धर्म हो । यो भगवान् बुद्धको वाङमय उपदेश होइन् ।

आजभोलिका भिक्षुहरूले ब्राम्हणहरूले जातीय हक जमाएको जस्तै भिक्षुहरूले पनि चीवरधारीहरूको हक जमाएर परमार्थ ज्ञानलाई लुकाएर आ-आफ्नो स्वार्थयुक्त उपदेश गरेर भगवान् बुद्धले आज्ञा गर्नुभएको भनेर "चीवर पहिरीरहेका भिक्षुहरू देवताहरूले पनि वन्दना गर्नु योग्य छन्" भनेर मूर्ख, दुराचारी भएपनि चीवरधारीलाई नै उत्तम भनी भगवान्ले नै भिक्षु संघलाई माथि राखेर मान गरीराखेका भिक्षु संघहरू भनी ब्याख्यान गर्दा रहेछन् ।

भगवान् बुद्धले श्रावक संघ बनाएर मान्यता दिइराखेको थियो । त्यो साँच्चि कै बुद्धले बताउनु भएको धर्मलाई बुझेर पनि लोकमा प्रचार गरेर बुद्ध शासनलाई जीवन्त राख्ने भिक्षुहरूको स्वार्थ पूर्ण गर्नको लागि होइन् । भगवान्ले बताउनु भएको ज्ञानलाई पछाडि पारी केबल बुद्ध भगवान्को गुण वर्णन ब्याख्यान गरेर मात्रै भगवान् बुद्ध निर्वाण दाता, दुखीहरूको तारणकर्ता हो । भगवान् बुद्धको धर्म भनी भिक्षुहरूलाई आवश्यकता अनुसार पूरा गरी राम्रा विहार बनाएर भन्तेहरूलाई आदर राखी बन्दना गर्ने, भन्तेसँग शील लिने र भिक्षुहरूलाई सक्दो दान गर्नु नै धर्म हो भनी कथा बनाएर उपासक उपासिकाहरूलाई बुद्धू बनाएर आफू मात्रै देवता बनी स्वार्थ पूरा गरीरहे ।



Downloaded from http://dhamma.digital

भगवान् बुद्धले भिक्षु संघ स्थापना गर्नुभएको आफ्नो नामको लागि होइन्, आफ्नो कीर्ति थाम्नको लागि पनि होइन। भिक्षु संघ स्थापना गरेको कारण यही हो कि संसारमा रहेका धर्म, धर्मको नाममा स्वार्थीहरूले आ-आफ्नो स्वार्थ पूरा गरीरहेका पुजारी, पुरोहित, गणाचार्यहरूले देवताको महात्म्य बताएर जजमानहरूलाई आशीर्वाद दिएर, सभासदलाई मान दिएर धर्मको नाममा आ-आफ्नो स्वार्थ पूरा गरीरहे। दुःखदेखि मुक्त हुने, शान्ति प्राप्त गर्ने र जन्म मरणको चक्रबाट मुक्त हुने उपदेश दबाएर आफूले प्राप्त गरेको यथार्थज्ञान तत्वज्ञान, विदर्शनज्ञान, हेतुज्ञान, प्रज्ञाज्ञान लोप हुन नदिनको लागि भिक्षु संघको स्थापना गर्नुभएको हो। भगवान बुद्धले प्राप्त गर्नुभएको धर्म रक्षा गर्न संघहरू समागम भएर पाक्षिकमा एक पल्ट एक योजन भित्र रहेका भिक्षुहरूको ज्येष्ठ महास्थविरको विहारमा जम्मा भएर आवश्यक कर्म वाचा अनुसार काम गर्नुपर्छ। आवश्यक सल्लाह गरी प्रातिमोक्षको अनुसार काम गर्नुपर्छ। विनय भनेको नियम हो, नियमले शासन बलियो हुन्छ। शासनले धर्म रक्षा हुन्छ। धर्मले ज्ञान विकास भइरहन्छ, बिकसित ज्ञानले श्रद्धावन्तहरूलाई दुःखबाट मुक्त हुने मार्ग देखाईदिन्छ। यसको लागि भगवान् बुद्धले भिक्षु संघ स्थापना गर्नुभएको हो। भगवान् बुद्धले बताउनु भएको अमृतपथ जति प्रचार हुन्छ उति नै भगवान् बुद्धको गुण देखा पर्दछ। गुणलाई दबाएर केबल उहाँलाई महान् भनेर ब्याख्यान गर्नु यो एक प्रकारको ईश्वरबादी भने पनि फरक पर्दैन। भगवान् बुद्ध यथार्थबादी हुनुहुन्छ।

## यथार्थ कुरा

संसारमा कुनै पनि पदार्थ आफूले भनेको जस्तो नहुने भएकोले कोही पनि सुखी छैनन्। दुःखको कारण इच्छा हो। इच्छा त्याग गरेर नै अनन्त आनन्द प्राप्त हुन्छ। इच्छा त्याग गर्ने साधना गरेमा इच्छा अवश्य नै त्याग हुन्छ।

संस्कार छउञ्जेल जन्म अवश्य हुन्छ, जन्म भएका सबैको मरण अवश्य हुन्छ।

संसारमा उत्पन्न भए जति नित्य हुँदैन् स्वयं क्रमशः अनित्य भएर जान्छ, 'म' भन्ने भाव=आत्मा एक प्रकारले आ-आफै नाश हुन सक्दैन तर तत्व ज्ञाताहरूले तत्व ज्ञानले बुझेर 'आत्मा' भनीरहेको भ्रम मात्रै



Downloaded from http://dhamma.digital

हो, त्यो साँच्चैको भएको होइन । छैन भनुँ भने संसारको मूलबीज नै आत्मा हो । तर त्यो तत्व किरण=शारीरिक तत्व जीवित भएको कारणले रहीरहेको हो । जहाँसम्म जन्म हुन्छ, त्यहाँसम्म निराकार रूपले पछि लागिरहेको हुन्छ । जस्तो कृषकहरूले खेतमा कुनै पदार्थ रोपेर फेरि अर्को अन्न उब्जाउँछन् । त्यसमा पनि बीज बाँकी राख्छन् । जहाँसम्म बीज राख्ने परम्परा रहीरहन्छ, तबसम्म अरू फल्दै गर्छ । त्यसरी नै संसारमा बडाबडा प्रख्यात महात्माहरूले पनि मैले भन्ने गरेको आत्मा एउटा बाँकी राखेरै समाधि बलले निराकार व्रम्हलोकमा गएर ८४,००० कल्पसम्म निर्विकल्प भइरह्यो भने पनि आत्माको बीज बाँकी रहेकोले व्रम्हलोकमा आयु सिद्धिनासाथ फेरि मर्त्यलोकमा आएर जन्म ग्रहण गर्न आउँछन् ।

त्यो आत्मा साँच्चीकै नभए पनि "छ" भन्ने विश्वासले साँच्चिकै छ भन्ने भाव भइरहेकोले विश्वास नभए पनि छ नै भन्ने भाव भइरहेकोले आत्मालाई चुपीले हाने पनि टुक्रा हुँदैन अग्नि दाह गरेपनि भष्म हुदैन । नभएकोले त्यो आत्मा नाशवान् होइन भनी राखेको हो । आत्मालाई रशादि खुवाइ राख्नेहरू नै आत्मावादीहरू हुन् । डरूवाले अँध्यारोमा ख्याक देखेजस्तै प्रज्ञाज्ञान नभएकोले आत्मा छ भनी विश्वास गरी रहन्छन् । यदि कसैले एउटा बत्ती लिएर आइदियो भने त्यहाँ ख्याक हुँदैन । साँच्चि कै छ भने त्यहाँ बत्ती बाल्दा पनि हुनुपर्ने हो । यसरी नै अज्ञान रूपी अँध्यारो अबस्थामा म भन्ने आत्मा छ भन्ने विश्वासले यदि ज्ञानले नाम रूपको तत्व फोडेर हेर्‌यो भने म भन्छु आत्मा छैन भन्ने निर्णय हुन्छ । त्यही अनात्मा ज्ञान नछुटाइकन अप्रमादी भयो भने दुःखदेखि मुक्त हुन्छ, जन्म मरणको चक्रदेखि उत्तीर्ण हुन्छ ।

विश्वास भनेको एक अत्यन्तै आश्चर्यको भाव हो । दृढ विश्वास जसमा भयो, त्यो नभए पनि 'हो' भइदिन्छ, नभए पनि 'छ' नै हुन्छ । यस्तो तत्व थाहा पाएका स्वार्थी आचार्यहरूले अन्धविश्वासमा पार्ने तरिका बनाएर जनतालाई अन्धविश्वासमा पारेर आ-आफ्नो स्वार्थ सिद्ध गरीरहेका आचार्यहरू यो संसारमा कम छैन् । यस्ता अन्धविश्वास रूपी बादललाई हटाउने वायु जस्तै प्रसिद्ध बुद्ध शासन चिरस्थायी गर्नको लागि भगवान् बुद्धले भिक्षु संघ प्रतिष्ठा गर्नु भई बुद्ध, धर्म, संघ =त्रिरत्न भनी त्रिरत्नमा प्रवेश गराउनु भएको हो । त्यस्तो भिक्षु संघमा प्रवेश गरेर भेष धारण गरी मुख्य चाहिएको बुद्ध वचनामृत सद्धर्मोपदेशित मध्यम



Downloaded from http://dhamma.digital

मार्गको ज्ञान लुकाएर सिर्फ बुद्ध भगवान्‌को व्यक्तित्व मात्रै व्याख्यान गरेर जनताहरूको आँखामा छारो हालेर आ-आफ्नो स्वार्थ पूर्ति गर्नेलाई भगवान्‌को श्रावक संघहरू होइन । अहिले त यहाँ ब्राम्हणले ब्राम्हणत्वको हक बलियो बनाए जस्तै भिक्षुहरूले पनि भिक्षुत्वको हक बलियो बनाएर जन्म मरणसम्ममा पनि परित्राण पाठ गर्ने, शील प्रदान गर्ने, कथा वाचन गर्ने समेत हक जमाएर क्रमश: थकाली (ज्येष्ठ) बन्ने नम्बरको रूल बनाएर, जानोस् या नजानोस् दु:शील भए पनि क्रमश: संघराज हुने प्रथा बनाएर हकको प्रथा बनाउँदैं गए । म काम नलाग्ने तरिका बनाउँदै ल्याए ।

## चाप्लुसीको जरा

धम्मावती अनागारिका पनि वर्मामा गएर त्रिपिटक अध्ययन गरी आचार्य पास गरेर आउनु भयो, उहाँ राम्ररी कथा वाचन गर्न सक्नु हुन्छ । जनप्रिय हुँदै गए पछि उहाँलाई पनि कथा वाचन गर्ने हक नदिने उपाय गर्न थाले । भिक्षुहरू भने कथा बाचन गर्न नभ्याउने, कोही स्कूलका माष्टर, कोही बैद्य डाक्टर, कोही व्याज उठाउन जानुपर्छ । कोही ब्यापारी, अरूको हक मेटाएर आ-आफ्नै बेफुर्सद ! यस प्रकारले पनि बुद्ध शासन चिरस्थायी हुन्छ त ? शासन बृद्धि हुने काम नगरीकन आ-आफ्नै स्वार्थ तिर मात्रै ध्यान राख्ने भिक्षु कस्तो हुन्छ ?

मलाई गणमहाविहारमा बस्न अति अप्ठेरो भयो । भिक्षुहरूको लागि म आँखाको कसिंगर बन्न पुगें । निकाला गरी दिउँ भने उपासक उपासिकाहरू सबै भिक्षुहरूको बिरुद्ध उठ्ला भन्ने डर ! ननिकालौं भने आफूलाई अप्ठेरो भयो । विहारका अध्यक्ष भइरहेका भिक्षुले यस्तो षडयन्त्र गर्नुभयो कि जसमा जाऊ भन्न नपर्ने गरी आफै छोडेर जान्छ ।

“स्त्री जातिहरूलाई उपदेश दिइरहने, विरामी भएर देखाउने, स्त्री जातीलाई गोडा मिच्न लगाएर सेवा गर्न लगाउने त्यो मात्रै असल होला त ? श्रेष्ठ जात भिक्षु हुन आएको, मांसाहारी भिक्षुहरूलाई निन्दा गर्ने, बुद्ध शासनलाई नष्ट गर्न आएको हो, त्यो ऋषिको कुरा नसुन, त्यसले स्त्रीहरूलाई मोहनी लाउँछ । अगाडि पनि त्यस्तै भएर भिक्षु चर्या छोडेर ऋषि बन्नु पर्‍यो । फेरि अर्को कथावाचन गर्दा हिन्दू धर्मलाई पुष्टयाईं गर्ने, उसले बताउने कुरा बुद्धको उपदेशसँग मिल्दैन् । आत्मा छ भन्ने, महादेव र गणेश ठूला हुन् भन्ने कथा सुनाउने यस्तो ऋषिलाई



Downloaded from http://dhamma.digital

तिमीहरूले विश्वास गर्ने ? यो तिमीहरूको अज्ञान हो ।"

अर्को अध्यक्षले भन्यो "महाप्रज्ञा एकजना नेपालमा स्थविरवाद भित्रचाउने प्रथम भिक्षु हुनुहुन्छ । तसर्थ संघनायक प्रज्ञानन्द, अमृतानन्द, सुबोधानन्द, विवेकानन्द, प्रज्ञारश्मि, प्रज्ञारस, प्रज्ञासार, विमल ज्योति, रत्नज्योति, शासन ज्योति, लंकाको 'मैंतय्य' चटगाउँको 'आनन्द मित्त' यहाँ सबैका गुरू हुनुहुन्छ ।"

फेरि अनागारिका मध्येमा नेपालमा स्थविरवादको पहिलो अनागारिका भएकाहरू इन्द्रचोकको धंछिमी, जनबहालको चन्द्रमाया, किलागलको पुण्यतारा, पछि यिनीहरूको नाम "धंछिमी-धर्मपाली, चन्द्रमाया -संघपाली, पूण्यतारा-रत्नपाली" भयो । त्यस बखतमा उपासिका भइरहेकाहरू-लक्ष्मी नानी, दानमाया, ज्ञानदेवी यिनीहरू पनि अनागारिका भएर लक्ष्मी नानीको धम्मचारी, दानमायाको विशाखा, ज्ञान देबीको सुचिता भनी नामाकरण भयो । यिनीहरू सबैका गुरू हुन् मेरो पनि गुरु हुनुहुन्छ । उहाँ आज बूढा र रोगी भएर बस्नु पर्‍यो । के भएर कोदेखि रिसाउनु भयो कुन्नि ! विहारमा भोजन पनि गर्नु हुन्न, दिनभर विहारमा पनि बस्नु हुन्न, कहाँ के खानुभयो ?" इत्यादि । माया गरेर कुरा गर्ने, मेरो अगाडि अति नै मिल्ने साथी जस्तै कुरा गर्न थाल्यो । राजमान चन्द्रबहादुर र ज्ञानकाजीलाई जाल गर्ने कुरा सिकाएर मलाई विहारमा बस्न नसक्ने किसिमले भोटे कुकुर छोडेको जस्तै छोडिराखेका रहेछन् ।

## श्रद्धावान्हरूको श्रद्धा

यो कुरा थाहा पाएपछि मलाई विहारमा बस्न इच्छा भएन, ठाउँ खोज्न हिंडें । ज्ञानमांकाजीले आफनो घरमा कोठा दिएकोले एक दुईवटा बस्तु सारें । ज्ञानमांकाजीले प्रेम गरेर ठाउँ त दिनुभयो, भिक्षुहरूको पेटमा धर्म नभएको कुरा गर्दै मेरो मन चोरेर सबै कुरा ओकल्न लगाएर सबै कुरा भिक्षुहरू र चन्द्र बहादुरलाई सुनाउन जानुहुँदो रहेछ ।

म उपर श्रद्धा भएका उपासक उपासिकाहरूलाई चुक्ली लगाएर श्रद्धा घटाइ दिने रहेछन् । मलाई त्यो कुरा केही थाहा भएन । पछि उपासकहरूले यो षड्यन्त्र थाहा पाए । थाहा पाएदेखि उपासकहरूको एक गुप्त सभा खडा गरी बारम्बार मिटिङ्ग गरेर निर्णय गरे । "महाप्रज्ञाले हामीहरूलाई ज्ञान गुणका कुरा गाह्रो नमानी मनभित्र पस्ने गरी सम्झाउने, बिर्सन नसक्ने गरी छुट्टै छुट्टै राम्ररी बुझाउनु हुन्छ । उहाँलाई



Downloaded from http://dhamma.digital

विहारबाट निकाल्नु हुन्न । भिक्षुहरूले हामीलाई कथा वाचन गरेर मात्र समय बिताए, ज्ञान दिने तरिकाले हामीलाई शिक्षा दिएन्, सधैं अज्ञानी ठानेर आ-आफू मात्रै पण्डित भएर कुरा सुनाइरहने, खोइ, आजसम्म हामीहरूले केही जानेनौं । महाप्रज्ञाबाट हामीलाई पालीभाषाको एक एक शब्दको अर्थ बताउनु भयो । हामीहरूले एक दुईवटा पाली शब्दको अर्थ थाहा पाएँ । यति मात्र होइन हामीले एक दुइवटा कुराहरू पनि हो, होइन रोज्न सक्यौं । भिक्षुहरूसंग छलफल पनि गर्न जान्यौं, हामीहरूले अलिअलि जानेको नै गुरू महाप्रज्ञाको दयाले हो । अब भिक्षुहरूको टाउको दुखेर आयो तसर्थ महाप्रज्ञा गुरूलाई हामीले छोड्नु हुँदैन । विहारमा अधिकार चलाउने भिक्षुले नै कपाल दुखाउने भएकोले अधिकारीसँग नै अनुमति लिनु परेको छ, हामीहरू सबै जम्मा भएर विहारका अधिकारी सँग प्रस्ताब राखौं । यदि अनुमति दिनु भएन भने हामीहरू एकजना पनि विहारमा प्रबेश गर्दैनौं भन्ने कुरा राखौं" भने ।

एकजना उपासकले भन्यो "अधिकारीले अनुमति दिन्छ, नदिने होइन, अनुमति त दिन्छ तर थाहा नै नपाईकन होशै नभईकन बिगार्छ, यो हामीले होश गर्न सकेनौं भने षडयन्त्रकारीहरूले गुरू शिष्यलाई नै झगडा गराइ दिन्छन् । मुख्य त हामीहरूले षडयन्त्रकारी चिनेर तिनीहरूको कुरा सुन्नु हुँदैन ।"

## वर्षावासको कार्यक्रम

२०२६ सालमा श्रावण शुक्ल प्रतिपदाको दिन वर्षावासको अधिष्ठान कार्य समाप्ति पछि उपासकहरू सबै मिलेर अधिकारी भिक्षुको ढोकामा भीड गरेर उभिन पुगे । उपासकहरूले भने "भन्ते वर्षावासको दिनचर्यामा एउटा नियम बनाउनु पर्ला ।"

बिहान सवा छमा बुद्ध पूजा, सवासातदेखि धर्मचक्रपाठ, आठ बजेदेखि धम्म साकच्छा ! प्रतिपदा देखि धर्मचक्र पाठ र धम्म साकच्छा प्रारम्भ भयो ।

गुंला (श्रावण शुक्ल प्रतिपदादेखि) शुरु भएदेखि ठिमीको पाटीबिहारमा गुरुबार (आइतबार) र चन्द्रबार (सोमबार) बेलुकी धर्मोपदेश गर्न जान्थें । पाटनको मूलचोकमा गुंलाको एक महिना प्रत्येक आइतबार दिउंसो पाँच बजे धर्मोपदेश गर्न जाने अनुमति पनि प्राप्त भयो । नघलस्थित श्रीघट विहारमा प्रत्येक मंगलबार, ओमबहाल गल्ली पञ्च बहादुरको



Downloaded from http://dhamma.digital

घरमा प्रत्येक शनिबार धर्म साकच्छा हुने । थानाबहाल स्थित अमर मानको घरमा प्रत्येक महिनाको शुक्रबार धर्म साकच्छा छलफल गर्ने । डिल्लीबजारस्थित हिरालालकोमा प्रत्येक संक्रान्तिको दिन धर्मको विषयमा छलफल गर्ने । बागवजारस्थित रत्नबहादुरको घरमा प्रत्येक चतुर्दशीको दिन धर्म साकच्छा । प्रत्येक शुक्लपक्ष अष्टमीको दिन असनस्थित भाई साहुको घरमा छलफल गर्ने । प्रत्येक कृष्ण पक्षको अष्टमीको दिन ह्युमतस्थित द्योमय्जुको घरमा धर्म विषयमा छलफल गर्ने । प्रत्येक शुक्लपक्ष चतुर्दशीको दिन खिचापोखरीस्थित भक्तिलालको घरमा धर्मको विषयमा छलफल गर्ने ।

## रिपोर्टको रिपोर्ट

गणमहाविहारमा धर्मचक्र पाठ गर्न बन्द गरी राखेकोले धेरै उपासकहरू भेला भएर विहार नायकको ढोका अगाडि प्रार्थना गरेपछि अनुमति दिन कर लाग्यो । अनुमति त दियो तर ओढ्ने भित्र औंला ठड्याएर अनुमति दियो । भोलिपल्ट देखि धर्मचक्र पाठ शुरु भयो । शब्दार्थ र भावार्थ मर्म समेत नबुझ्नेको मन छुने गरी बुझाएँ । जनप्रिय हुन थालेपछि विहार नायकको मनमा डाहा भयो । जनप्रिय भएको भङ्ग गर्ने कोशिश गर्न थाल्यो । यताउति नराम्रा श्रद्धाहीन हुने कुरा गर्दै हिंड्न थाल्यो । जति कुरा फैलाए पनि त्यति नै जनताले त्यस्तो कुरा गरी हिंड्नेहरूको जालचक्र थाहा पाउँदै आए । मलाई श्रद्धा वृद्धिले गणमहाविहारमा धर्मोपदेश गराउने कोशिश गर्‍यो । विहार नायकले मुखले ठीक पारेर हुन्छ, हुन्छ भन्ने मनमनै इर्ष्या गरी आफनो कुरा लामो पारेर समय नदिने । एउटा बहाना बनाउने "एम.पि.गुरूले हिन्दू धर्म मिसाएर बताउनु हुन्छ" भनी मलाई कथा बाचन गर्ने समय दिएन । विहार नायकले यस्तो जाल गरेदेखिन उहाँको कथा मधुरोपनदेखि मनमा श्रद्धा नै भएन ।

विहार नायकले राजमान र चन्द्रबहादुरलाई आनन्दकुटीमा अमृतानन्द भिक्षु कहाँ रिपोर्ट गर्न पठायो । "भन्ते ! आजभोलि महाप्रज्ञा गणमहाविहारमा बसेर बौद्ध शासन भङ्ग गर्ने काम गरी रह्यो" भन्यो ।

"किन, के गरी रह्यो ?"

"भन्ते ! महाप्रज्ञाले आफना शिष्यहरूलाई मात्रै अलग्ग सेतो वस्त्र पहिरन लगाई धर्मचक्र सूत्रको पाठ शब्दार्थ, भावार्थ समेत शिक्षा दिएर



Downloaded from http://dhamma.digital

भन्तेहरूको समेत आलोचना गर्ने हुन थाल्यो ।"

"अब के भो त नचाहिंदो गर्‍यो त ?"

"नचाहिंदो पनि गरेको जस्तो छ, भन्ते ! जवान केटीहरूलाई शिक्षा दिने पनि असल हुन्छ भन्ते !"

"त्यो कुरा मलाई भनेर के गर्ने ? पहिले मात्रै मेरा गुरु थिए । अब म लंकामा उपसम्पन्न भएदेखि मेरा गुरू बजिर ञाण महास्थविर हुन् । महाप्रज्ञाले चीवर पनि छोड्नु भयो, अब मेरा गुरू होइन, त्यो कुरा मलाई भन्ने होइन" भन्यो ।

अमृतानन्दले वास्ता नगरेपछि विहार नायकले चन्द्र बहादुरलाई मन्त्र दान दियो, नारीवर्गवाट बद्रीदेवी मानन्धरलाई पनि ! चन्द्र बहादुरले ज्ञानमानलाई भन्यो "ज्ञानमान ! महाप्रज्ञा र तिनीका शिष्यहरूलाई छुटाउने युक्ति गर्नुपर्‍यो"

ज्ञानमानले भन्यो "त्यो कुरा त मेरै हातमै छ, तिनीहरूलाई छुटाउने जिम्मा मेरै भयो ल ! तपाईं ढुक्क भएर बस्नुहोस् ।"

त्यहाँदेखि ज्ञानमान एक षड्यन्त्रकारी (जाली) भएर निस्क्यो । मसँग कुरा गर्दा शिष्यहरूले गुरूमा दोषारोपण गरेको, शिष्यहरूसँग कुरा गर्दा "गुरूले तिमीहरूलाई यो शैलीले कुरा गरेन, यो गुरू असल होइन, जहाँ गए पनि जवान केटीहरू बिगार्दै हिंड्ने, एकदिन तिमीहरूलाई पनि केही गर्न सक्छ" भन्थ्यो ।

## ऋषिको स्पष्टीकरण

त्यसमा शान्तिप्रभा भन्ने उपासिकाले जवाफ दिइन् "ज्ञानमान गुरुज्यू ! यो तपाईंले के भन्नु भएको ? तपाईं पनि उहाँ गुरूकै शिष्य होइन र ? त्यसरी गुरूको निन्दा गर्नु हुन्छ ? गुरूले दिनु भएको ज्ञानलाई शीरमा नराखी त्यत्तिकै ढलमा फ्याँक्नु हुन्छ ? यति धेरै गुरुको सेवा गरीसक्यौं, आजसम्म हामीहरूले गुरूको काय, वाक्, चित्तले नराम्रो काम गर्नुभएको हामीलाई थाहा छैन । तपाईंले के बिचारले यस्तो कुरा गर्नुभएको ? हामीले तपाईंलाई ध्यानी भनी रहयौं । तपाईं त गुरूको दोष खोजेर गुरूलाई ढाल्ने कोशिश गर्नेतिर लागेको रहेछ । अबदेखि हामीहरूलाई त्यस्तो गुरूको निन्दा चर्चा नसुनाउनुहोस् । गुरूले हामीलाई सन्तोषजनक, शान्तिप्रद ज्ञान उपदेश गरीरहनु भएको गुण कहिल्यै छोड्न सक्दैनौं" भनिन् ।



Downloaded from http://dhamma.digital

ज्ञानमानले भन्यो "के तिमीहरूले हेर्दा खेरि म महाप्रज्ञाको शिष्य भनेको ? महाप्रज्ञाले के जानेको छ ? म त महाप्रज्ञाभन्दा तीनतह माथि पुगीसकेको छु । म कहाँको महाप्रज्ञाको शिष्य हुन्छ, पहिले भिक्षु भइरहेको हो, अब कसरी ऋषि भयो ? तिमीहरूलाई थाहा छ ? तिमीहरू जस्तै सेवा गरीरहने नारीहरूलाई बिगारेको हुनाले ऋषि बन्नु परेको हो, थाहा छ ?"

"गुरूले चीवर छोडेर ऋषि हुनु भएको हामीलाई पनि थाहा छ, हामीलाई थाहा भएको जति तपाईंलाइ थाहा नहोला, सुन्नुहोस् म बताउँछु" इस्वी सन् १९९४ सालमा गुरुलाई रक्तचाप रोग लाग्यो त्यो रोगले हातखुट्टा बट्टारिन्थ्यो, दिमाग गरम हुन्थ्यो, छातीमा ग्याँस बढेर रुन मनलाग्ने, बट्टारिएको सहन नसकेर उठेर भाग्ने यस्तो रोगले च्यापेको हुनाले भाजुरत्न कंसकारले गुरुलाई सबै आवश्यक ब्यवस्था गरी दिएको थियो । उहाँले गुरुलाई खानपिन पुर्‍याइ दिएर आफ्नो अधीनमा राख्ने बिचार थियो । गुरूले उहाँको अधीनमा नबस्ने किसिमले बैराग साथ लिएर स्वतन्त्रतापूर्वक बाँच्न मुक्त हुन खोजेकोले भाजुरत्नको रिस बाँकी थियो ।

अमृतानन्द भिक्षु महाप्रज्ञा गुरुकै शिष्य हुन् । उहाँ बुद्धिमान्, बहुश्रुत, चलाख, लोकनीतिज्ञ भिक्षु भएकोले माथि माथि पुग्ने बिचारले प्रयत्न युक्ति गरी सरकारी अफिसरहरू, मन्त्रीहरू हातमा लिएर महाराजाधिराज त्रिभुवनसम्मको दायाँ हात भइसक्नु भयो । तर के गर्ने गुरु बाँकी भएकोले गुरुको शिरमा टेकेर माथि चढ्न नमिल्ने भएकोले अप्ठेरो मानेर बस्नु भएको रहेछ ।

गुरूको औषधि उपचार गर्ने डाक्टर क्षेत्री भएकोले बौद्ध धर्मको उन्नति भएको देख्न नसकेर गुरुलाई च्यूत गर्ने इच्छा गरीरहेको थियो ।

उक्त तीनजना धनी भाजुरत्न, बुद्धिमान् अमृतानन्द, युक्तिवान डा. बिष्णु दीक्षित तीनजना मिलेर षडयन्त्र गरी धातुस्थानमा जम्मा भएर आएको धातु बिष भएर आउने रोग हो, यो रोग निको पार्न शरीरको माया भए चीवर त्यागेर गृहस्थाश्रममा बस्नुपर्छ, नत्र भने यो रोगले दिमाग नै बिग्रिने भय छ भनेर तर्साए । त्यस कुरामा गुरुले तिरस्कार गर्नुभयो, चार बर्षसम्म कष्ट भोग गर्नुभयो, चीवर त्याग गर्नु भएन ।

त्यही बजारमा चिनीमाया श्रेष्ठ भन्ने विधवाको छोरी ३ र छोरा १ जना रहेछन् तिनीलाई छोराछोरी हुर्काउन सामर्थ्य नभएकोले त्यस विधवालाई



Downloaded from http://dhamma.digital

महाप्रज्ञा गुरु साथ भएमा मेरा सन्तान हुर्किन्छ भने कल्पना गरीरहेको थिइन् के खोज्छस् कानो आँखा भन्या जस्तै अमृतानन्द भिक्षुले आफना गुरुलाई बोक्न लगाएर त्यही विधवा कहाँ लगेर भन्यो "चिनीमाया ! लौ बा मेरा गुरू तिम्रै भरोसामा छोड्न आएँ, हामीहरू भने बसीरहनलाई फुर्सद छैन । तपाईंलाई म बेलाबखतमा खर्च पठाउँछु, गुरुको सेवा पनि गर्नुहोस्, ज्ञान गुण पनि आवश्यक परे अनुसार सिक्नुहोस् ।"

यति भनेर अमृतानन्दले त्यस आइमाईलाई ४०।- रूपैयाँ हातमा राखी दिएर मान्न लगाएर गुरुलाई त्यहीं छोडी नेपाल पुगेर भाजुरत्नलाई भन्न गयो । "गुरुलाई भीरको छेउमा सुताएर आएँ । त्यहाँ गुरु बेहोसमा चल्नु भयो भने भीरबाट खस्ने भयो ।"

भाजुरत्न खुशी भएर चुलपंथ, महापंथ श्रामणेरलाई बोलाएर भन्यो "तपाईंका महाप्रज्ञा गुरू खत्तम, गुरू नै त्यसो भयो भने शिष्यहरू कस्ता हुन्छन् ? चुलपंथ र महापंथ कालिम्पोंगमा मलाई हेर्न आए । तिनीहरूले "भाजुरत्नले यस्तो भन्यो" भनेर बतायो । त्यहाँ मैले थाहा पाएँ कि "षड्यन्त्रकारीहरूको जालमा पर्‍यो" भनी यो कुरा क्रमशः षड्न्त्रकारीहरूले मलाई बदनाम गरी दियो । बदनाम भइ सकेपछि मैले चीवर पहिरीरहनु राम्रो होइन भनेर साधारण पहेंलो वस्त्र धारण गरीरहें ।

डाक्टरले पनि भन्नुभयो "स्वामीजी हजूरलाई ज्यू ज्यानको माया भए, हजूरले ब्रम्हचर्याको माया नगर्नुहोस् । हजूरलाई बाथरोग छ । हजूरले रोगको परवाह नगरी ढुङ्गाको गुफामा नाङ्गै बस्नु भयो । त्यसै कारणले बाथ बायु प्रकोप भएर धातुका स्थानलाई विष गरी दियो । त्यो धातुस्थानमा भएको धातुले छाती पोल्छ, दिमागमा पुगेर स्मृति हीन बनाई दिन्छ, छटपटिन्छ तसर्थ धातुस्थानमा भइराखेको धातुलाई नाश गर्नु पर्‍यो (कम गर्नु) अनि मात्र हजूरको रोग कम भएर जान्छ ।"

गुरुले "डाक्टर साहेब ! एकदिन मर्नै पर्ने शरीर हो, ब्रम्हचर्य भङ्ग गर्ने इच्छा छैन, भन्नुभयो ।

डाक्टरले भन्नुभयो "मरेर गएमा त ठीकै छ, यो रोगले मर्ने पनि होइन् । केबल छाती पोल्छ, टाउको भारी हुन्छ, मन छटपटिन्छ, धैर्य गर्न सक्दैन । बहुला जस्तै हुन्छ, बोक्सी आए जस्तै रोइरहन्छ ।"

डाक्टरले त्यसो भन्दा भन्दै पनि चार बर्षसम्म ब्रम्हचर्य भङ्ग नगरीकन बस्नुभयो । अन्तमा बेस्मृति पारेर ब्रम्हचर्य भङ्ग गरी दियो । आज उहाँ गुरूले आफ्नो दोषलाई गुप्त नगरीकन ऋषि भेषमा बस्नु



Downloaded from http://dhamma.digital

भयो । विषयको आधारमा रोग निरोध गरी पुत्रपुत्रीलाई आवश्यक प्रबन्ध मिलाएर पनि पुनः आफुले अपनाएको धर्ममा हिड्न पुनः नेपाल आउनु भयो । आएको तेह्रौं दिनमा कालिम्पोंगबाट घरको जहानले भेट्टाएर फर्काएर घर लगे । कालिम्पोंग पुगेर बिहान बेलुका बुद्धपूजा गर्दा मनमा बिरह हुने "आफ्नो जीवन आफूले भनेको जस्तो नभएको संसारमा के गरी मैले सिकेको धर्म पालना गर्न सकुँला ?" भनी रूँदारूँदै बुद्ध वन्दना गरीरहनु हुन्थ्यो । रोएको थाहा पाएपछि गृहलक्ष्मीले मन भुलाउने कोशिश गर्थिन् । तैपनि उहाँ गुरूले परिबारहरूलाई मन राख्नलाई जग्गा किनेर घर बनाउनु भयो नयाँ घरमा गुरूले परिवारहरूलाई बसाएर पुनः दाउ फेला पारी घर छोडी नेपाल आउनु भयो । उहाँ गुरूले आफ्नो तपस्या भ्रष्ट भएको गोप्य गरी नराखीकन ऋषि भेषमा बसी चीवर त्याग्नु भएको हो । यदि उहाँले आफ्नो दोष लुकाएर चीवर ग्रहण गरी पूजा लिइरहेको भए त्यसरी निन्दा गर्न लायकको हुन्छ । हामीहरूलाई गुरूले आफ्नो जीवन सबै बताउनु भएको छ" भनी चैत्यप्रभाले ज्ञानमांकाजीलाई जवाफ दिइन् ।

## आत्मालोचना

यस्तो प्रकारले मलाई मार आइरह्यो । म पहिले भिक्षु भइसकेको हुनाले भिक्षुहरूको नियम यस्तो भनी थाहा पाएकोले नियम गडबड भएको थाहा छ । अहिलेका भिक्षुहरूले नियमलाई वास्ता नगरी मनपरी गरी हिंड्छन् । म एक जना भएकोले भिक्षुहरूको लागि आँखाको कसिंगर बन्न पुगें ।

एकदिन राजमान साहुले मलाई भन्यो "हजूरले धर्मचक्र सूत्र पाठ गर्न लगाएको राम्रो हो । तर हजूरले सिकाउनु भएका उपासकहरूले वन्दना गर्न समेत छोडे । त्यसैले भन्तेहरूले हजूरको उपर शंका गर्नुभयो" महाप्रज्ञाले धर्मचक्र पाठ गराउने वहाना बनाएर एउटा फरक पार्टी बनाएर भिक्षुहरूलाई नराम्रो भयो" भनेर शंका गरे ।

मैले भनें "साहु ! क्षमा गर्नुहोस्, मैले फरक पार्टी खोलेको पनि छैन भन्तेहरूलाई अपमान गराएको पनि छैन । नेपाल देशको पहिलो भिक्षु भएर बुद्ध गया गएर स्थविरवाद भिक्षुसँग प्रवज्या श्रामणेर ग्रहण गरी दुई तीन पल्ट जेलमा बसेर भिक्षु बनाएर शिक्षा दिएर नेपाल पठाएर स्थविरवाद धर्म प्रचार गरीरहें । आज म गृहस्थाश्रममा परेर पनि एउटा



Downloaded from http://dhamma.digital

छोरा एउटी छोरी भएपछि मैले नेपालको नराम्रो समाचार सुनें नेपालमा भिक्षुहरूले नहुने नहुने काम गरे रे" भन्ने समाचार सुनेर घरपरिवार छोडी पुनः शासनको मायाले दौडेर आएँ। मैले नै अहिले भिक्षुहरूलाई नराम्रो गरें होला र ? बिगारीरहेकालाई अप्ठयारो परेर म नराम्रो भएको हुँ।" बौद्ध शासनलाई भिक्षु शासन गरेर ल्याए। चीवरलाई नै मान्यता दिएर कुरा गर्छन्, विनयलाई होइन। विनयलाई वास्ता नै गरेन् केबल चीवर पहिरिने बित्तिकै आचार्यहरूले भन्छन् कि फलानो बुद्ध शासनमा प्रवजित भएर चीवर लगाई सक्यो। त्यसपछि उहाँ चीवरधारीलाई व्रम्हादि देवताहरूले पनि वन्दना गर्न योग्य भयो भनी उपासक उपासिकाहरूले पनि वन्दना गरे भयो। अरू देवताहरूलाई बर्षौसम्म दिन दिनै नित्य अखण्ड वन्दना गर्नुभन्दा चीवरधारीलाई एकपल्ट वन्दना गर्नु उत्तम" भनी ब्याख्या गरी नियम शील जस्तो भए पनि निन्दा नगरी दान प्रदान गर्ने उपासक वा उपासिकाहरूलाई समाजमा माथि राखी दिए। उपासकउपासिकाहरूलाई पनि बुद्ध शासन चिरस्थायी कसरी हुन्छ थाहा छैन, सिर्फ सभाको समूहमा भिक्षुहरूले नाम उच्चारण गर्नका लागि सपरिवार निहुरेर ढोग्दै, दान प्रदान गर्दै विशाखा जस्तै नाम प्रचार गर्ने आशाले दगुरिरहेका छन्।

प्रज्ञारश्मि भन्ते भिक्षु पनि म भिक्षु भइरहँदा मैले नै प्रवज्या गरेको भिक्षु हुन्। पछि लंकामा विद्या अध्ययन गर्न पठाएँ। त्यहाँ गएर आएपछि प्रज्ञारश्मि भिक्षु अर्कै भएर निस्क्यो। 'जनता बटुलेर धन कमाऔं' धन भयो भने सबैले ठूलो मान्छे भन्छन् भनेर जनप्रिय बन्ने बिचारले उपासक उपासिकाहरूको निमन्त्रणा विना घर घर गएर पनि कुशल वार्ता गरी केटाकेटीहरूलाई प्यार गरेर बिरामीलाई बिचार गरेर सबैले मन पराए। युवतीहरूलाई अनेक ठाउँ घुमाउन लग्यो। युवतीहरूको शरीर सुमसुम्याउदै प्यार गर्न थाल्यो। बाटोमा पनि युवतीहरू जम्मा गरेर "त्यहाँ के हो हेर।" भनी हात समातेर तानेर देखाउँथ्यो यो दृश्य देखेर सबै जनताहरूले निन्दा गर्न थाले। कोही कसैले संघ नायककोमा रिपोर्ट गर्न गयो। भिक्षु नायकले भन्नुभयो "अब के गर्ने होला, भिक्षुहरूलाई निन्दा गर्नु हुँदैन् भिक्षुहरूको दोष खोजी हिंड्नु हुन्न ठूलो पाप लाग्छ, भिक्षुहरूको निन्दा गर्नु नै बुद्ध भगवान्को निन्दा गर्नु हो, नगर्नुस है ! चुप लागेर बस्नुहोस् ! भन्नु हुन्थ्यो। किनभने नायक पनि उस्तै थिए। दुईजना युवतीलाई कपाल खौरन लगाई पुरुषको वस्त्र



Downloaded from http://dhamma.digital

पहिरन लगाएर सँगै सुत्थ्यो। पछि ती दुई युवती भन्ने सबैले थाहा पाएपछि ती दुईजनालाई अनागारिका बनाएर सँगै राखी राख्यो।

## यस्तो पनि भयो, होला र ?

२०२० सालमा एकपल्ट पाटनमा लंकाबाट एक जना भिक्षु आईपुग्नुभयो। उहाँको आचार बिचार देखेर पाटनका उपासक उपासिकाहरूको साह्रै श्रद्धा जाग्यो। उपदेश गरेको राम्रो जनताको मन सन्तोष भयो उहाँ एकपल्ट भिक्षुनायक प्रज्ञानन्द स्थविरको दर्शन गर्न जानुभयो। शाक्यसिंह विहारको तल छिंडीमा ढोका लगाइराखेको थियो। भन्तेहरू कोही छैन् र ? भनी सोध्नु भयो। अरूहरूले बोलाइ दियो। सत्यशीला भन्ने अनागारिकाले ढोका खोली दिइन्। लंकाको भिक्षु माथि पाल्नु भयो। बैठकमा सत्यशीलाले चकटी ओछ्याएर बस्नु होस् भनी सत्यशीला भर्याङ्ग माथिको कोठामा पसिन्। प्रज्ञानन्द महास्थविर तल्ला थपेको नयाँ घरको कोठामा बसीरहनु भएको थियो। त्यही कोठाबाट ज्ञाणशीला अनागारिकाले बिस्तारै ढोका उघारी हेरिन् लंकाको भिक्षुले देखेर भन्नुभयो "कस्तो यो विहार भन्ने ठाउँमा भन्तेको दर्शन गर्छु भनी आउँदा प्रत्येक कोठा पिच्छै आइमाईहरू छन्, भन्तेहरू छैनन् र ?" भनेर सोध्नु भयो। भित्र प्रज्ञानन्द महास्थविर चीवर लतारेर हातमा ट्रान्जिष्टर बोकेर बाहिर निस्कनुभयो। लंकाका भिक्षुले भन्तेको हातमा ट्रान्जिष्टर र नाडीमा घडी देख्नु भयो। हातमा भएको ट्रान्जिष्टर टेबुलमा राखेर दराजमा भएको ठूलो रेडियो खोल्नु भयो र महास्थविर ओछ्यानमा बस्नु भई पाहुना भिक्षुलाई सोध्नु भयो "आयुष्मान्। कहाँबाट पाल्नु भएको हो ?" पाहुना भिक्षुलाई मनमा असन्तोष भइरहेकोले बोल्न मन नलागेर बोलेनन्। महास्थविरले सोध्नुभयो "किन आयुष्मान् ! सञ्चो भएन कि ? अनुहार हेर्दा सञ्चो नभएको देखिंदैन किन जवाफ दिनु नभएको ?"

लंकाको भिक्षुले भन्नुभयो "मेरो त मन बिग्रयो, त्यसैले बोल्न मन लागेन लंकाका भिक्षुले महास्थबिरलाई वन्दना नगरेकोले महास्थबिरको मनमा द्वेष भाव, नियम वास्ता नभएको महास्थविर देखेर पाहुना भिक्षुमा द्वेष भाव। दुबै गरम भए महास्थविरले भन्नुभयो "कसो आयुष्मान् ! विनय पढ्नु भएन र ? 'आवसिक वत्त, आगन्तुक वत्त' भन्ने थाहा छैन र ?

पाहुना भिक्षु "विनय पढेर मात्रै के गर्ने खोइ ? विनय पढेर पनि



Downloaded from http://dhamma.digital

महास्थविर भइरहेकाहरूले नै नियम पालना गरीरहेको देखिन, विनय के गर्नलाई खोइ" ।

प्रज्ञानन्द महास्थविर रिसले चूर भएर भन्नुभयो "किन, यहाँ तिमीले के देख्यौ ? हामीहरू के भयौं ?"

पाहुना भिक्षु गललल हाँसेर पछि जोश निकाल्दै भन्नुभयो- जुन भिक्षुहरूको नायक उहाँ आफैले विनय वास्ता नगर्ने, त्यस नायकको समाजमा विनय पालना गर्ने भिक्षुहरू होला ? मलाई त विश्वास लागेन । हातमा नाडीघडी, दराजमा रेडियो, ट्रान्जिष्टर, कोठामा जवान अनागरिकहरू, विहारमा ग्यारेज, उपासकहरू राँगो काटेर मासु बेच्ने ! मैले सुनें यहाँ भिक्षुहरूको न संघ उपोषथ छ न पुद्‌गालिक उपोषथ नै छ । भिक्षुहरूलाई नियन्त्रण गर्न नसक्ने नायक भएर नेपाल देशमा बुद्ध शासन भङ्ग गरी भिक्षु शासन प्रकाश गरी पुरोहित भइरहेको, तपाईं नै हो संघका नायक भनी धुमधाम गर्नुभयो ।

## कमजोर प्रबृत्ति

नेपालमा भिक्षु शासन निर्माण गरी क्रमशः नायक बन्ने प्रथा चलाए । जाने पनि, नजाने पनि, नियममा भए पनि, नभए पनि, शील पालना गरे पनि, नगरे पनि, दुराचारी नै भएपनि पालैपालो नायक बने । बुद्ध शासनमा त्यसरी होइन, पहिले भइरहेको नायक मृत्यु भएमा वा चीवर त्यागेमा अथवा ठाउँ छोडेर गयो भने नायक छानिन्छ । जान्ने सुन्ने, नियम शील पालना गर्ने, विद्वान् प्रभावशाली सम्झाउने बुझाउन सक्ने नायक छानेर 'संघ नायकको स्थानमा प्रतिस्था' गर्नुपर्छ, नत्र भने बुद्ध शासनको आयु छोटो हुन्छ ।

उपासकहरूले अष्ट परिष्कार वा केही वस्तु संघदान भनी दान गर्छन् । त्यो दान चार जनाले मात्र बाँडेर लिनु हुन्न । विहारमा लगेर सांघिक भण्डारमा जम्मा गर्नुपर्छ । मनले सक्छ भने विहारमा प्रवेश गरेका भिक्षुहरूको यदि परिष्कारमा केही कमी भयो भने कमी भएको बस्तु भण्डारबाट झिकेर दिनुपर्छ, त्यसो भएमा मात्र संघदान हुन्छ । चार जना भिक्षुलाई भनेर चारजनाले मात्र बाँडेर लिनु हुँदैन । चार जना भिक्षुलाई संघ भनेर 'उपोषथ र पाति देशना' गर्दा खेरि भनिन्छ ।

उपासकहरूको घरमा मर्दा पर्दा खेरि भिक्षुहरूले कर्मकाण्ड गरिंदैन । खाँटी उपासकहरूले मर्दापर्दा (जन्ममृत्यु) लोकाचार कर्मकाण्ड गर्दैनन् ।



Downloaded from http://dhamma.digital

भगवान्‌को उपदेश मुताविक आफुले गरेको कर्मको फल आफैले नभोगी सुख छैन, कर्मकाण्ड भनेको त लोकाचार मात्रै हो ?" भनी कर्मकाण्डमा विश्वास गर्दैनन् ।

अर्को फेरि भिक्षुहरू जान्ने सुन्ने भनी उपासकहरूले विहारमै ल्याएर वा विहारमा नै खाना पकाएर खुवायो भने खाँदैनन् । कारण के भने सिक्न बाँकी, अध्ययन गर्न बाँकी भएकाहरूलाई जीवन निर्वाह गर्न गाह्रो छ । ठूलाबडा नै भिक्षाटन गर्ने परम्परा गर्‍यो भने सबैले भिक्षाटन गर्छन् । भिक्षा लिन जाने परम्परा भयो भने जो पनि लाज मान्दैनन् । फेरि अर्को दाताले पनि सजिलैसँग पुण्य कमाउँछन् । समाजमा मेम्बर बनाएर मेम्बरहरूलाई भोजनको पालो दिएर करमा पारेर भिक्षुहरूले जीवन यापन गर्दैनन् । भिक्षाजीवी भिक्षुहरू देखेर भगवान्‌ले पनि प्रशंसा गर्नुभएको छ। लोकले पनि प्रशंसा गर्छन, भिक्षुको आफ्नो मनमा अभिमान रहँदैन । सम्यक् आजीविका पनि हुन्छ ।

फेरि अर्को उपासकहरू पनि अनित्य भएर श्मसानमा लाँदाखेरी भिक्षुहरूलाई बोलाउँछन् किनभने अशुभ दर्शन गर्नको लागि ! भिक्षुहरू श्मसानमा गएर मृतक शरीरमा अग्नि संस्कार गरेको हेरेर "मरणानुस्मृति भावना गर्छन्, अशुभ भावना गर्छन्, मृतकको वस्त्र 'पांसुकूल' भनी भिक्षुले चीवर बनाउनलाई लिन्छन् । वस्त्र नै चीर हो, उत्तम भनेको नै वर भनेको हो, उत्तम वस्त्रलाई नै चीवर भनिन्छ । मृतकको वस्त्रलाई किन उत्तम भनियो भने "जुन वस्त्र पहिरिंदा अभिमान नाश हुन्छ, जुन वस्त्र च्यातेर नष्ट भए पनि चित्त दुख्दैन, हराउने भय हुँदैन, जुन वस्त्र लाउनाले क्लेश नष्ट भएर जान्छ, त्यस्तो वस्त्रलाई नै उत्तम वस्त्र भनिन्छ ।

पांसुकूल वस्त्र भनेको गृहस्थीले दान गरेको उत्तम हुँदैन, बेचेर खान हुने वस्तु पनि उत्तम हुँदैन । उद्देश्य राखी राखेको अर्थात् फलाना भिक्षुलाई भनेर बाटोमा फ्याँकीरहेको भए पनि त्यो वस्त्र पांसुकूल हुँदैन । काम नलाग्ने, कसैलाई लोभ नभएको, फ्याँकीरहेको वस्त्र नै उत्तम वस्त्र भनिन्छ । धुतंग शील तेह्र वटा मध्ये पांसुकूलि कंग भन्ने प्रकारणमा भनीराखेको छ । पांसुकूल मृतकको नाममा दान दिंदा पांसुकूल हुँदैन । यस्तो पांसुकूल चीवर धारण गरेर भिक्षाजीवी भएका भिक्षुको दर्शन उत्तम हो । उहाँ जस्तै भिक्षुहरूले मात्रै बौद्ध शासन रक्षा गर्छन् । त्यस्ता भिक्षुहरू हुन्जेल संसारमा बौद्ध शासन रहिरहन्छन । बाँकी मीठो खाने,



Downloaded from http://dhamma.digital

राम्रो लाउने, सुखमा बसेर भिक्षुले नै भिक्षुको गुण वर्णन गरेर दान मान र पूजा थापेर बसीरहेका भिक्षुहरूले बौद्ध शासनलाई मेटाउँछन् ।

पाल्पा तानसेनमा २०२१ सालतिर महापरित्राण आयोजना भयो । सात दिनसम्म परित्राण पाठ गरी विसर्जन हुने दिनमा धूमधाम भयो । भिक्षुहरूलाई दान भाग राख्दा चित्त नबुझेर कुकुरहरू झगडा गरे जस्तै गरे, दाताहरूले नछुटाइ दिएको भए हातपात नै हुन्थ्यो ।

'कठिन दान' जुन भिक्षुको दाता छैन, जुन भिक्षु धुतंगधारी, भिक्षाजीवी, वर्षावासमा अधिष्ठान गरी वर्षावास पूर्ण गर्छन् त्यस्तो भिक्षुलाई दिने दान नै कठिन दान भनिन्छ । सिमा घरमा भिक्षुहरू जम्मा भएर विनय अनुसारले त्यो चीवर "यो चीवर कठिन चीवर हो, यहाँ कठिन वर्षावास पूरा गर्ने को हो उसलाई दिनुहोस्" भनेर जिम्मा दिन्छन्, त्यो चीवर संघ नायकले योग्य भिक्षुलाई अर्पण गर्छन्, अब त नेपालमा भिक्षु शासनले नियम बनाइसक्यो, कठिन चीवर ज्येष्ठलाई दिने" भन्ने ।

सुशील दुशील सबै भिक्षुहरूलाई समान भावले आदर राख्ने उपासक वा उपासिकालाई भिक्षु संघले "महाउपासिका" भन्ने दर्जा दिन थाल्यो । दर्जाको लोभले उपासक उपासिकाहरूले पनि चीवर मात्र धारण गरे पनि, पाराजिका भए पनि आदर मान राखी राखे ।

काम गरेर खानु नपर्ने, गृह जञ्जालमा नअल्झी देवताले पूजा ग्रहण गरे जस्तै मान ग्रहण गरेर खान पाए जो पनि भिक्षु हुन्छन् । भिक्षुहरू धेरै भए भने भिक्षु शासन उन्नति भयो भनिन्छ । बौद्ध शासन बिग्रेको वास्ता छैन । भिक्षु शासन उन्नति भएकोमा गर्व गर्ने भयो । बौद्ध शासन चिरस्थायी गर्नको लागि भिक्षुहरू आवश्यक भएका हुन् । त्यसरी नभइकन बौद्ध शासन जे सुकै होस्, भिक्षु शासन हुञ्जेल बौद्ध शासन हुन्छ भनी बेइलमी सबैलाई भिक्षु बनाएर, भिक्षुहरूको संख्या बढाएर संघ नायक ठूलो बनेर पूजा, दान, मान आदि लिएर भोज गरीरहेछन् । बिनय जति ब्राम्हणले वेद दबाएको जस्तै उपासकहरूलाई आँखामा छारो हालेर आ-आफ्नो स्वार्थ पूरा गरीरहे ।

यो बौद्ध शासन थामौं भनेर मैले कोशिश गरीरहें । जतिजति मैले बौद्ध शासनको लागि सुखको आशा नगरी दुःखको परवाह नगरी जनप्रिय हुने किसिमले धर्म प्रचार गरीरहें, त्यतित्यति अरूको मनमा छटपटी हुँदै गयो । सभा बोलाई, मिटिङ्ग गरी "महाप्रज्ञाले भिक्षु शासन नष्ट गर्न थाल्यो, पहिले भिक्षु भएर २२ वर्षसम्म आचार्य भइसकेकोले विनय



Downloaded from http://dhamma.digital

सबै थाहा छ, उपासकहरूलाई विनय बारेमा बतायो, उपासकहरूले विनय जान्न थालेपछि तिनीहरूले भिक्षुहरूलाई निन्दा गर्न थाले" भनी आनन्दकुटीमा मिटिङ्ग भयो ।

मिटिङ्गमा निम्न कुराहरू पास गरे "अबदेखि महाप्रज्ञालाई कथा वाचन गर्न नदिने, महाप्रज्ञालाई अपमान हुने तरिकाले जान्ने मान्छेहरू पठाएर बदनाम गरि दिने, बदनाम हुनासाथ कसैले श्रद्धा राख्दैनन्, श्रद्धा राखेनन् भने उसको कुरा कसैले सुन्दैनन्, अनि उसले जसलाई जे भनेपनि कसैले विश्वास गर्दैनन् ।

प्रज्ञारश्मि भिक्षुले आनन्दकुटीकाहरू रिसाउने तरिकाले र उहाँले जाल रची भन्नुभयो "महाप्रज्ञाले भिक्षुहरूले मांस खाएको कुरा जहाँ तहीं भन्दै हिंड्ने, भिक्षुहरू म देखेर रिसले चूर हुने" आदि ।


## उपासकहरूको कुराकानी र प्रश्नोत्तर

मैले लेखेको परमार्थ ज्ञान दर्शन र परमार्थ कविता उपदेशद्वारा शाक्य मुनि उपासक र आशा भाइ आदिले मप्रति विश्वास भएकाले एक दिन परस्पर कुराकानी भयो "हाम्रा गुरुले के कस्ता कुरा बताए, कविता लेखेर देखाए मन भित्र पस्छ, चित्त बुझ्छ, ज्ञानको आँखा खुल्यो तर केही भिक्षुले यस्तो उपदेश दिएकै छैन । सिर्फ किताबको कुरा, बुद्धपूजामा मेवा मिष्ठान्न नैबैद्य, फलमूलादि चढाउनु पर्ने, भिक्षुहरूलाई दान गर्नुपर्ने, भिक्षुहरू ठूला भएकोले मानेर आदर र गौरव गर्नुपर्ने, भिक्षुहरूको अगाडि अरू भिक्षु नभएकालाई मान मर्यादा राख्नु हुँदैन भनी उपासक उपासिकाहरू जान्ने सुन्ने भयो भने हामीलाई मान्दैनन् भने कपट चित्तले जति सिकाए पनि नसिक्ने तरिकाले लाटो देशमा गाँडो तन्नेरी भने जस्तै नजान्नेहरूको समूहमा आफू मात्र जान्ने सुन्ने भएर पूजा ग्रहण गरीरहनेले हाम्रा गुरू महाप्रज्ञालाई निकाल्ने नै कोशिश गरीरहे । त्यसरी भएन "हामीहरू मिलेर गुरुलाई अलग्गै एउटा स्थान बनाइ दिऔं ।.........................................................

*यहाँ गुरु कपिको ४ पृष्ठ (८३८ देखी ८४१सम्म) हराएकोले प्राप्त भएन ।*



Downloaded from http://dhamma.digital






Downloaded from http://dhamma.digital

गणमहाविहारमा नित्य बुद्धपूजा हुन्छ । बुद्ध पूजापश्चात् उपदेश दिएर ठाउँ ठाउँमा प्रश्नोत्तर पनि गर्छन् । उपासिकाहरूलाई सोध्यो "महाप्रज्ञा गुरूले शिक्षा दिनु भएकाहरूले धेरै जानेका होलान् । म एउटा प्रश्न सोध्छु, मेरो प्रश्नको जवाफ देउ ।

प्र. "हामीमा कतिवटा तृष्णा हुन्छन् ?" भनी सोधे ।

उ. चैत्यप्रभा उपासिकाले भनिन् तीनवटा हुन्छ" भन्ते !

"तृष्णा तीनवटा मात्रै हो त ? १६२ वटा छन्, त्यही हो तिमीहरूलाई महाप्रज्ञाले सिकाइ राखेको ? खुब सिकाइ राख्यो" भन्दै कराउन थाल्यो ।

चैत्यप्रभा "भन्ते १६२ वटा तृष्णाको बारेमा केही थाहा छैन हामीलाई बताउनुहोस् न ।"

सुबोधानन्द "अभिधर्म पढ अनि जानिन्छ ।"

चैत्यप्रभा "अध्ययन गरेका भिक्षुहरूले बताइदिए भइहाल्थ्यो नि ।"

सुबोधानन्द "सुन है ! म बताउँछु ........ इन्द्रिय छ, विषय छ, विज्ञान छ, गरी १८ वटा भएन र ? १८ वटामा राग, द्वेष, मोह ३/३ वटा राखेर गुणन गर्दा ५४ भयो हगि ? अतीतमा ५४, अनागतमा ५४, वर्तमानमा ५४ वटा कतिवटा भयो ? १६२ वटा भएन र ?" भन्यो ।

चैत्यप्रभा "भन्ते ! इन्द्रिय ६, विषय ६, विज्ञान ६ वटालाई त स्वभाव धर्म मात्र भनिन्छ, होइन ? तृष्णा भनिंदैन । इन्द्रिय र विषयमा संयोगले उत्पन्न भएको विज्ञान हो, त्यो पनि धातु मात्र हो । तृष्णा भनिंदैन ।"

सुबोधानन्द भिक्षु झोक्किएर भन्नुभयो "खुब जान्यौ तिमीले ! महाप्रज्ञाले सिकाइ राखेको त्यही हो ?"

चैत्यप्रभा "महाप्रज्ञा गुरूले हामीहरूलाई दन्त्यकथा सुनाउनु भएको होइन भन्ते ! धर्मचक्र सूत्रमा चार आर्य सत्य मध्येमा दुःख समुदाय आर्य सत्यमा 'काम तृष्णा, भव तृष्णा, विभव तृष्णा, भनी ३ वटा मात्रै बताइएको छ ।"

सुबोधानन्द भन्ते "जान्ने भएर कराएर नबस, भिक्षुहरूभन्दा माथि बसेर कुरा नगर, नकराऊ" भनी हकार्नु भयो ।

त्यहाँ भएका सबैले चैत्यप्रभालाई भने ।"नानी ! भन्तेहरूसँग त्यसरी जवाल सवाल गरेर कराउनु हुन्छ ?"

चैत्यप्रभाले भनिन् "भिक्षुहरूले पनि सत्य कुरालाई असत्य भन्नु हुन्छ ?"

सुबोधानन्द भिक्षु मुर्मुरिएर आँखा रातो पार्दै कराउनु भयो "किन,



Downloaded from http://dhamma.digital

मैले कुन सत्य कुरालाई असत्य भनें" भनी झोकिंनु भयो ।

चैत्यप्रभाले "भन्ते ! नरिसाउनु होस्, चतुरार्य सत्यले भनी राखेको कुरा, कहाँ फयाँक्ने ? धर्मचक्र सूत्र नै हजूरलाई विश्वास भएन भने त्यो किताब सबै रद्दि भन्नुहोस्" भनिन् ।

त्यसमा बिचारवान् सबैले भिक्षुको दोष देखे, बिचार गर्न नसकेका जतिले चैत्यप्रभालाई दोष दिए ।

## अस्थिर बोध

त्यो बेलादेखि गणविहारवासीहरूलाई धर्मचक्र पाठ गरेको मन परेन धर्मचक्र पाठको शिक्षा दिने पनि मन परेन, धर्मचक्र पाठ सिकेर गएकाहरू पनि मन परेनन् । त्यहाँदेखि तिनीहरूले हामीलाई आँखाको कसिङ्गर ठानी हेर्न चाहेनन् । धर्मचक्र पाठ गर्नेलाई नचाहिंदो बहाना बनाई हकार्ने, ठूलो ठूलो स्वरले गाली गर्ने, पाठ गर्दा गीत गायो भनी निन्दा गर्न थाले । चीवरधारी भिक्षुहरूलाई गौरव नराखी एक ऋषि भएर पनि विहारमा आचार्य भएर उपासकउपासिकाहरूलाई शिक्षा दिइरहेको देखेर चन्द्र बहादुर र ज्ञानमांकाजीलाई असह्य भयो । चन्द्रबहादुर रिसाएर बाहिर कराउदै हिंड्ने । ज्ञानमांकाजीले पाठकहरूलाई भाँडेर बिगार्न खोजे । जति भाँडे पनि पाठकहरू नभाँडे पछि सुबोधानन्द झन् रिसाउनु भयो । मलाई विहारमा नराख्ने बिचारले मलाई त्यहाँ टिक्न नसक्ने गरी अप्रत्यक्ष रूपमा बोक्सीले दुःख दिए जस्तै बाहिर जाली कुरा गरेर मलाई सुनाउन मान्छे पठाएर हल्ला फैलाइयो । मलाई विहारमा खान पनि अप्ठयारो नखान पनि अप्ठयारो पारी दिए । बाहिरबाट आउने निमन्त्रणा पनि दबाउन थाले । मेरो अगाडि माया गरेर बोल्ने बाहिर नराम्ररी जाल फिंजाएर बसे । "स्त्री जातिहरू भेला गरेर उपदेश गर्ने,उपदेश गर्दागर्दै आइमाईहरू बिगार्ने, भिक्षुहरूलाई आदर नगर्ने, बुद्ध धर्म मानेर पनि मांसाहार नगर्ने, विहारमा बसेर विहार भाँड्ने काम गर्ने, यस्तालाई विहारमा राख्न योग्य छैन" इत्यादि बदनामी गर्दै हिडे ।

"निस्केर जाऊ" भनेर निष्काशन, गरेको पनि होइन, बस्न नसक्ने गरी दुःख दिन थाले । आफै छोडेर जाऊँ आफूलाई नराम्रो हुने भयो, बँसू भने बस्न नसक्ने भयो । मनमा शान्ति नहुने गरी जाल फिंजाएर हुँदै नभएका कुरा गरेर निष्काशन गर्ने कोशिश गरीरहे ।

गणेशमाया उपासिका स्वर्गलोकको नारदपाठ गर्न लगाएर



Downloaded from http://dhamma.digital

भिक्षुहरूको कुरा मलाई सुनाउँथिन् र मेरो मनपेट लिएर मैले भनेको सबै कुरा भिक्षुहरूलाई सुनाउन जान्थिन्। दुबैतिर रिस यताउति गरे पनि मलाई रिस उठ्दैनथ्यो। जति रिस उठाउने युक्ति गरेपनि मलाई तिनीले सकिनन्। भिक्षुहरू कहाँ जाँदा हुँदै नभएको कुरा बनाएँ भनेर भिक्षुहरूसँग जिस्किन्थिन्।

सुबोधानन्द भिक्षुले किण्डोलका अनागारिकाहरूलाई कुरा लाएर मप्रति रिस देखाउन थाल्यो। मलाई मात्र होइन, म कहाँ शिक्षा लिइरहेका उपासिका र अनागारिकाहरूलाई मन नपर्ने कुराहरू लाइ दियो। अनागारिकाहरूले यताउति भनेर हिंडे "महाप्रज्ञाका शिष्यहरू सेता वस्त्रधारी कति छिटो बढेको बुद्ध पूजामा जाँदा भन्तेहरूलाई कुल्चेर हिंड्ने, अनागारिकाहरूलाई पनि दुई हात जोडी नमस्कार गर्दैनन्। ज्ञान प्राप्त भएपछि कोमल पो हुनुपर्छ, त्यस्तो पनि धर्म हो ?" भन्दै फैलाई हिंड्यो।

गणमहाविहारमा धर्म चक्र पाठ गर्न लगाएर शब्दार्थ, भावार्थ, परमार्थको उपदेश गरी सिकाउन थालेपछि उपासकउपासिका खुशी भएको देखेर सुबोधानन्द भन्तेको मन डाहा भएर आफ्नो मान हानि हुने भयले एक सज्जन बनी आफनो मुट्ठीभित्रका चन्द्रबहादुर, ज्ञानमान, गणेशमाया छोरीचा यिनीहरूलाई उक्साएर "एकै ठाउँमा दुईटा धर्म मान्नु हुँदैन" भनी हल्ला गर्न लगाए। सीधा मलाई भनेको भए मैले जबरजस्ती गर्दिनथें क्यारे मलाई केही पनि भनेनन्। बाहिर बाहिर बदनाम गर्न कराई हिंड्थ्यो।

भिक्षुहरूलाई मन नपरेको अनुसार विहारबाट निष्काशन गरौं भने दोष देखाउन सकिंदैन, धर्म बलियो भएर आएकोले तिनीहरूलाई अप्ठेरो भएको कुरा बाहिर बताउनु भएन। त्यसैले केही भन्न नसकेर टिक्न नदिन जाल बुन्दै ल्याए। तिनीहरूलाई मन परेन भन्ने थाहा पाएँ, मलाई पनि बस्ने इच्छा भएन। छोडेर गएँ भनें अर्कै किसिमको दोष लगाउँछन् भागेर गयो भनी तर्साउने पनि छन्। त्यसैले बस्न पनि भएन, जान पनि भएन दोधारमा परें। भोजन पनि आ-आफ्नै खान थालें।

## सम्झन लायक, श्रद्धा र गुण भएकाहरू

मेरो चालचलन, मनोभाव बुझेर मनमा दया राखी म उपर श्रद्धा राख्ने उपासकहरूले मलाई सहायता गर्न थाले।



Downloaded from http://dhamma.digital

**मेरो मर्म बुझ्ने उपासकहरू:**

१. कमलपोखरीका कृष्ण पाउरोटी भण्डारका साहू-महाजन राजकर्णिकार
२. बागवजारका आशा बहादुर
३. टेबहालका शाक्यमुनि
४. यट्खाको चिनिया
५. ओमबहालका पञ्च बहादुर
६. असन धालसिक्वका सर्वज्ञ साहू
७. बागबजारका रत्नबहादुर
८. लगनका भूपेन्द्र मुनि

**उपासिकाहरू:**

१. खिचापोखरीका चैत्यप्रभा
२. डिल्लीबजारका शान्तिप्रभा (बसुमाया)
३. असन, धालसिक्वको लक्ष्मीप्रभा
४. कमलपोखरीका चुनुमाया थापा
५. लगनको कदमकुमारी
६. नानीछोरी
७. ज्याबहालको चिनी नानी
८. चारढुङ्गे बाङ्गेमूढाको नानी छोरी

**सर्वसाधारण :- छलफलले बिचारले श्रद्धा राख्नेहरू**

१. हयूमतका - बलराम, सुगतमान, गोबिन्दमान
२. क्वहितिका -भान्नारां
३. ताहाचलका -काजी साहेब र मीर सुब्बा
४. न्हूघलका -कम्पाउण्डर
५. बैंक मांष्टर -अमरमान
६. झोछेंका -न्हूछेंमान
७. टेबहालका-आशारत्न
८. रत्नमान
९. मखनका -पूर्णमान स्थापित
१०. डिल्लीबजारका- हिरालाल
११. कोटेश्वरको -पण्डित बाजे
१२. असनका -सिद्धिरत्न
१३. पाटनको सत्यमोहन



Downloaded from http://dhamma.digital

१४. झोछेंका- सिद्धिचरण
१५. डिल्लीबाजारका -बुद्धरत्न
१६. पाटनका- भीमराज
१७. -रत्नराज
१८. भक्तपुरका -न्हूच्छेरत्न
१९. धुलिखेलका -पूर्णमाया
२०. तिब्वत/भोट -धर्मरत्न
२१. ठिमी -चन्द्र बहादुर
२२. कालिम्पोंगका -दिलबहादुर राई अप्रेटर-आकासबाणी
२३. पोखरा - धर्मशीला
२४. विवेकाचारी
२५. पाल्पा - अनागारिका उप्पल वर्णा
२६. बाबुकाजी
२७. नीलकाजी
२८. स्येते
२९. दशरथ
३०. डिल्लीबजारको - बुद्धरत्न
३१. सानु

## ठाउँ बदलियो, सजिलो भयो

लोकउक्ति र छलफलले निर्णय हुने कुरा मिल्दैन। लोकउक्तिको खोट बोकेका रूढिवादी सबैलाई छलफलबाट निर्णय भएको कुरामा विश्वास छैन। परमार्थीहरूले सार छानेर गरेको कुरा रूढिवादीहरूको चित्त बुझ्दैन। रूढिवादीहरूले परमार्थीहरूलाई "नास्तिक" भन्दो रहेछन्। तसर्थ परमार्थ विश्वास गर्नेहरू धेरै हुँदैनन्। भिक्षुहरू पर्यन्त नै भगवान्ले बताउनु भएको सारज्ञान दबाएर सिर्फ दानशील, अर्को चीवर धारण गर्नासाथ देवताले नै नमस्कार गर्नुपर्ने कथा मात्र सुनाउँथे। भिक्षुहरूलाई भोजन दान गर्ने दाताहरूलाई दित्थधम्म फल प्राप्त हुने कथा सुनाएर अभिधर्म भनी बुझाएर बुझाउनै गाह्रो संग्रहको उपदेश गरेर परमार्थ ज्ञानलाई छोपेर स्वार्थ पूर्ण गरीरहेकोले उनीहरूले मलाई आँखाको कसिङ्गर ठानेर छुटाए। उपासक उपासिकाहरूलाई मूर्ख बनाएर नबुझ्ने नजान्ने शिक्षा दिएर समूहमा आफैंमात्र जान्ने सुन्ने भएर पूजा


Downloaded from http://dhamma.digital

ग्रहण गरी दान, मान, लाभ लिइरहेकाले उपासक उपासिकाहरू जान्ने सुन्ने भएर आएकाले हेर्न नसकेर मलाई विहार बस्न अप्ठयारो पार्न जाल रच्न थाले। राजमान साहू एक विहारको कर्ता भनी आफै माथि बस्न खोज्ने भएकोले भिक्षुहरूको आदेश शिरोपर गरी झगडा गर्नुपर्ने ठाउँमा झगडा गर्ने, कराउनु पर्ने ठाउँमा कराउने, माग्नुपर्ने ठाउँमा मागेर भिक्षुहरूलाई चढाउँथ्यो। भिक्षुहरूको दोष जति लुकाएर भिक्षु शासनको उपकारक दाता भइरह्यो। २०२६ सालमा तीर्थयात्रा गरी फर्केपछि तिनीहरू सल्लाह गरी म बसेको कोठा भत्काएर भान्छा घर बनाउनु पर्‍यो, मलाई लाइब्रेरीमा सर भनेर राजमान साहूजीले भन्नुभयो।

मेरो मनमा "बल्ल मौका प्राप्त भयो" भनी मैले भनें लाइब्रेरीमा सिमेन्ट छ त्यसमा पनि मेरो खुट्टा दुखी रहने, म बस्दिन, अहिलेलाई म बलम्बुमा बस्छु" भनी सबै सामान निकालें, त्यही दिनमा कोठा भत्काउन शुरु गर्‍यो। म त्यहाँबाट बलम्बू विहारमा गएँ। त्यहाँ बसेको खबर थाहा पाएर उपासक उपासिकाहरू भेट्न आए।

यता गणमहाविहारमा सुबोधानन्द भिक्षुले महाप्रज्ञालाई निष्काशन गर्‍यो भन्ने हल्ला फैलियो। सुबोधानन्द भन्तेलाई 'के गरूँ, कसो गरूँ भएर आफ्ना मुठीमा भएका उपासिकाहरूलाई बोलाएर "अब के गर्ने, हामीलाई साह्रै नै नराम्रो भयो, लौ तिमीहरू घर घरमा गएर यस्तो भन्न जाऊ, "महाप्रज्ञालाई भन्तेहरूले निष्काशन गरेको होइन। ज्यापुनीहरूले लिएर गए भन" भनी घरघरमा भन्न पठायो। सुबोधानन्द भिक्षु आफै किण्डोलमा पुगी अनागारिकाहरूलाई पनि त्यसरी नै बतायो। अनागारिकाहरूले पनि त्यही कुरा हल्ला फैलाइ दिए।

## श्रद्धाका फलदायकहरू

म बलम्बु विहारमा बसेको पाँचौं दिनमा खुट्टा दुखेर बिरामी भएँ। भोलिपल्ट डिल्लीबजारका बसुमायाको दाजु नारांभाइले आफनो घरमा लिएर गयो। त्यहाँ सकल उपासक उपासिकाहरू जम्मा हुन आए। तिनीहरूले मलाई बस्नको लागि एउटा ठाउँ बनाइदिने सल्लाह गरे।

आशाभाइले जग्गा दिने भयो। धालसिक्वका सर्वज्ञ साहुले रु. ५००।- भाइसाहुले ५००।-, बसुमाया उपासिकाले १०००।-, चुनुमायाले ५००।-, शाक्यमुनिले ५००।- राखी चिनियाँ, पञ्चबहादुर, रत्नकाजी, गम्भीरमान, चैत्यप्रभा, नानीछोरी, कदम कुमारी आदि मिलेर समिति खडा गरी



Downloaded from http://dhamma.digital

मिटिङ्ग बस्यो । उक्त कमिटीले निम्न लिखित कुरा पास गर्‍यो ।

"महाप्रज्ञा गुरुलाई बस्ने स्थान उपलब्ध नभएसम्म हामी सबै मिलेर खानाको लागि रु.६०।- दिनुपर्ला ।" चन्दा उठाउँदा माघमा रु.४३।- फागुनमा रु. ३८।- र चैतमा रु.३३।- उठ्यो । चन्दा दिने मैम्बरहरूले "त्यत्रो चन्दा उठेको के गरी सिध्यायौ ?" भने ।

त्यो कुरा सुनेपछि मेरो मनमा लाग्यो "म जीवन यापन जसरी पनि गर्न सक्छु, परजनको मनमा पीर पारी सम्यक् आजीविका हुन सक्दैन" भनी चन्दा उठाउने प्रथा बन्द गरी दिएँ । त्यस्तो अबस्थामा मलाई उपकार गर्ने तीन जना दाता देखा परे । ती हुन् -

(१) कमलपोखरीका - महाजन राजकर्णिकार साहु

(२) टेबहालका - शाक्यमुनि

(३) असनका - सर्वज्ञ तुलाधर साहु

**उपासिकाहरू-**

(३) चुनु थापा

(२) शान्तिप्रभा

(३) चैत्यप्रभा

यी ६ जना उपासक उपासिकाहरूले मेरो जीवनमा उपकार गर्नुभयो । रोगी अबस्थामा उपकार गर्नेहरू-

उपस्थापक

शाक्यमुनि

भुकेन्द्रमुनि

चिनियाँ

रत्न बहादुर र आशा बहादुर

बास प्रदायक

धम्मबंश भिक्षु, मेधंकर भिक्षु

रत्नबहादुर, कदम कुमारी

चैत्यप्रभा, भोटे - पूर्णमाया

बिचार ज्ञान बुझेर लिनेहरू

चैत्यप्रभा

शान्तिप्रभा

महाजन साहू

चुनु थापा



Downloaded from http://dhamma.digital

शाक्यमुनि
चिनीनानी
आशा बहादुर
बुद्धरत्न
बिचार ज्ञानका प्रशंसक
माथि भनिएका सम्पूर्ण
गम्भीरमान
पञ्चबहादुर
कदमकुमारी
नानीछोरी - चारढुङ्गे, बाङ्गेमुढा
चिरीकाजी

विहार बनाउनलाई जग्गा - आशाबहादुरले २ आना जग्गा प्रदान गर्‍यो । रत्नबहादुर, कृष्णबहादुर, सर्वज्ञ र शाक्यमुनि, चिनियाँहरूको सल्लाहले विहार बन्ने भयो ।

## बदलिएको कुरा

मैले गणमहाविहार छोडेर आएपछि उपासकहरू विहारमा जाँदा म बस्ने कोठा भत्काइ राखेको देखेर उपासकहरूले सुबोधानन्द भन्तेलाई सोधे "भन्ते ! महाप्रज्ञा गुरू कहाँ पाल्नु भयो ? कोठा पनि भत्काइ सक्यो ।"

सुबोधानन्द भिक्षु झोक्किएर भन्नुभयो तिमीहरूको गुरू कहाँ गयो "आफै निस्कनु भयो, मलाई के थाहा" हामीहरूले गलहत्याएका छैनौ, आफै निस्कनु भयो भनी हकार्‍यो । सोध्न आउने जतिलाई हकारेको हुनाले उपासक उपासिकाहरू पनि रिसाएर विहारमा आउन छोडे । सुबोधानन्दको भण्डारी भइरहेका छोरीचालाई सोद्धा "छोरी ! गुरु कहाँ पाल्नुभयो ?" भन्दा छोरीचाले अँध्यारो मुख पार्दै भनिन् "राम्रो गर्छु भनी मन्दिर बनायो तर जग समेत नै पल्ट्यो ।" मन्दिर दर्शन गर्न आउने भक्तजनहरू पनि आउन छोडे ।

सुबोधानन्द भन्तेले आफ्नो दोष छुपाउन मलाई दोष देखाएर मेरो बदनाम गर्दै प्रचार गर्न थाल्यो । कराउन थालेपछि लोकजनहरूले भिक्षुको चरित्र बुझेकोले कोही पनि विहार नजाँदाखेरि त्यो पनि मलाई नै दोषारोपण गर्दै महाप्रज्ञाले "विहारमा आउने उपासक उपासिकाहरूलाई



Downloaded from http://dhamma.digital

भड्काउँदा विहारमा कोही पनि आएनन्" भन्नथाल्यो। त्यसमा गणेशमाया उपासिकाले जवाफ दिइन् "विहारमा आएका जतिलाई कुकुरले भुकेको जस्तै हकारेपछि, अनि आउँछ ?"

गणेशमायालाई राजमानले हकाऱ्यो "तिमी नै हौ, यताको कुरा, उता, उताको कुरा यता गरेर झगडा गराउने ! जासूसी भएर, चुकडी गरी मान लिइरहने। ज्ञानमान काजीको अनुहार पनि रातोपिरो भयो, सुबोधानन्द भिक्षुको पनि अनुहार बिरामीको जस्तो देखिन्थ्यो। त्यसैले राजमानले भन्यो "हलेदो भनेपछि कोटयाइरहनु पर्दैन भनेको जस्तो कुरा गरेर महाप्रज्ञालाई बस्न नसक्ने गरी जाल रच्यौ। अब नाना प्रकारका कुरा काट्ने, अब बल्ल भन्तेहरूको पनि आँखा खुल्यो, उपासकहरू पनि बिउँझे अब महाप्रज्ञा यहाँ पाल्नुहुन्छ भन्ने आशा छैन, लाख युक्ति गरे पनि आउनु हुन्न।"

सुबोधानन्द भन्ते अक्क न बक्क भएर बस्नु भयो। सधै भीड जमाएर पण्डित भएर मानसम्मान पाइरहेका भिक्षु विहारमा कोही प्रवेश नगर्दा लाज लागेर जनता जम्मा गर्ने तरिका सोचे। असनका साहूजीहरूका चेलीहरूको स्वयम्बर विहारमा गर्न लगाएर मान्छेहरू जम्मा गर्ने योजना बनायो। "हामी बौद्ध उपासक उपासिकाहरू कर्म गर्न महायानका बज्राचार्यहरूसँग नगरीकन विहारमा भिक्षुहरूबाट सम्पन्न गर्‍यौं भने उपासकहरू पक्का उपासक हुन्छन्" भन्नुभयो।

यसमा आशा बहादुरले आलोचना गरेर गर्नुभयो "भन्ते ! भिक्षुहरूले पुरोहित कार्य गर्नु हुन्छ त ?"

सुबोधानन्द भन्तेले उत्तर दिनुभयो "तिमीहरूलाई के थाहा छ, भगवान बुद्धले भिक्षुहरूको लागि मात्र उपदेश दिएको होइन, गृहस्थीहरूको लागि पनि ब्यावहारिक नियम बताउनु भएको छ" रिसले हकार्नु भयो।

२०२६ साल माघ २१ गतेको दिन स्वयम्बरको कर्म चल्यो। यस कार्यले गणमहाविहारको उपहास चल्न थाल्यो।

प्रज्ञारश्मि भिक्षुले अर्कै किसिमले निन्दा गर्न थाल्नु भयो "विहारमा नआउने जति नै महाप्रज्ञा (दाह्रीवाला) को पार्टी। महाप्रज्ञाका पार्टी सबै नै अर्हन्त भइसकेका भनी खिसी गरेर हल्ला फैलाउन शुरु गर्‍यो।"

## ऐनामा देखिएको अनुहार उघार्दा

एकदिन बेलुकी उपासक उपासिकाहरू मकहाँ जम्मा भएर सोधे



Downloaded from http://dhamma.digital

"गुरु ! हजूर भन्तेहरूसँग किन नमिलेको ?"

मैले भनें "म पहिले २२ बर्षसम्म भिक्षु भएर आइसकेको हुनाले भिक्षु विनय अलि अलि भए पनि सिकेर नियम पालना गरीसकेको हुनाले भिक्षुहरूलाई अप्ठयारो परीरह्यो । कोही उपासकले विनय बारेमा केही सोध्यो भने मैले थाहा पाएको बताइ दिन्थें । उपासकहरूले विनयको बारे जानी सकेपछि भिक्षुहरूको कसूर थाहा पाएर विश्वास गर्न छोडेकोले मलाई भिक्षुहरूको समूहले मन नपराएका हुन् ।

फेरि अर्को भिक्षुहरूले उपासक उपासिकाहरूलाई सिक्ने किसिमले शिक्षा दिएको छैन् । भिक्षुहरूलाई आदर गर्नुपर्ने, भिक्षुहरूलाई देवताहरूले पनि वन्दना गर्नुपर्ने, भिक्षुहरूलाई दान दिएमा निर्वाण पदमा पुग्ने आदि । पुण्यानुमोदनद्वारा पितृहरू तरिन्छ इत्यादि कथा सुनाउने, चीवर धारण गरेर मात्र निर्वाण पद प्राप्त हुन्छ भन्ने काम नलाग्ने कथा सुनाएको हुनाले आलोचना गर्ने उपासक उपासिकाहरू हुन थालेपछि "महाप्रज्ञाले शासन बिगार्‍यो" भनी दोषारोपण गरी मन नपरेको संकेत देखाए । त्यसैले मैले बिचार गरें कि मैले घरबार त्यागेर भगवान्ले बताउनु भएको ज्ञान प्रचार गरूँ भनेर आएको हुँ । धर्ममा लागेर आफूले पाएको ज्ञान पनि पछि पारेर सम्प्रदायको मिथ्या दृष्टिमा लागेर आफ्नो नर रत्नको महत्व बरबाद गर्नु हुन्छ ? भनी मेरो चित्तमा बिचार उठ्यो । त्यसैले म गणमहाविहारमा नबसेको हुँ ।"

## पर्‍यो हैन त निष्काशन गरेको फल

फागुण २१ गतेको दिन द्रब्यरत्न साहूकी सुपुत्रीको स्वयम्बर गणमहाविहारमा सम्पन्न भयो । पुरोहित सुबोधानन्द बनेको थियो । त्यही नै भगवान् बुद्धको मूर्ति अगाडि कन्यादान पनि सुबोधानन्दको पुरोहितत्वमा भयो । त्यस कार्यक्रममा सहभागी भएका वरियातहरूलाई पनि त्यहीं भोजको ब्यवस्था पनि गरियो ।

तत्पश्चात् उक्त कुरा थाहा पाउने जतिले भिक्षुको उपहास गरे । देशभर नै हल्ला फैलिएर "अव्रम्हचारीलाई पनि विहारमा व्रम्हचारीको पालना गर्नुपर्ने प्रवज्या दिने विहारमा अव्रम्हचर्याको प्रथा चलायो भन्ने कोलाहल मच्यो । त्यो कोलाहल सुनेर भिक्षु सुबोधानन्द चैतको २० गते भोजपुर जानु भयो ।

यता गणमहाविहारमा भिक्षु प्रज्ञारश्मि एकजना मात्र बाँकी थियो ।



Downloaded from http://dhamma.digital

त्यो भिक्षु पनि लोक निन्दनीय भइरहेकोले त्यो भिक्षु स्वतन्त्र हुनाले झन्झन् मन लागेको जस्तो गर्न थाल्यो । झनै निन्दा चर्चा बढ्दै गयो । विहारको इज्जत जान्छ भनी उपासक उपासिकाहरूले भिक्षुहरूको दोष लुकाउँदै हिंडे । भिक्षुले जे गरे पनि नबोलीकन मन अप्रशन्न गरी बसे ।

फेरि भिक्षुले भन्न थाल्यो "महाप्रज्ञा कहाँ कोही पनि नजाऊ, महाप्रज्ञा भिक्षुहरूको विरोधी हो । त्यसकहाँ जाने उपासक उपासिकाहरू साच्चीकै का उपासक उपासिका हुन सक्दैनन् ।"

## आश्रम स्थापना

म बनेपा, भक्तपुर, ठिमी, बलम्बु र लगनमा ठाउँ फेर्दै बास बस्न थालें । सर्वज्ञ साहू, रत्नबहादुर, शाक्यमुनि, चिनियाँ, आशारत्न र उपासिका चुनु, चैत्यप्रभा र शान्तिप्रभाहरू मिलेर मलाई बस्नको लागि ठाउँ बन्दोबस्त गरी दिए । आशारत्न उपासकले एक टुक्रा जग्गा दान दियो, सम्पूर्ण उपासक उपासिकाहरू मिलेर बैशाख १२ गतेको शनिबारको दिन २०२७ सालमा जग हाल्ने काम भयो । त्यो ठाउँ महत्वपूर्ण हुने गरी 'धर्मचक्र आश्रम' बन्ने भयो । त्यसका उपासक उपासिकाहरू बिचारवादी हुने भए । यसमा अति नै कोशिश र परिश्रम गर्नेहरू रत्नबहादुर, शाक्यमुनि, सर्वज्ञ साहू काम गर्न सहयोग गर्नेहरूलाई खाजा ख्वाउनमा परिश्रम गर्ने चैत्यप्रभा हुन् ।

## गुण बर्णन

मलाई बारम्बार बाथ रोगले पीडा दिने भएकोले औषधि उपचार गरी दिने कमलपोखरीका महाजन साहू हुन् । उहाँकै दयाले मैले धर्म प्रचार गर्नमा साहस गर्न सकें । उहाँको गुण कहिल्यै बिर्सिन्नँ ।

मेरो भोजनको प्रबन्ध शाक्यमुनि उपासक, चैत्यप्रभा उपासिकाले आफै कहाँ गरी दिएको हुनाले उहाँहरूलाई पनि बारम्बार धन्यवाद ज्ञापन गर्छु ।

जलपान, भोजन पकाएर खुवाएर सेवा गर्ने चैत्यप्रभा उपासिकालाई धन्यवाद् मात्र होइन, ज्ञान गुण पनि दिएर शिष्य स्वीकारें । शिष्यहरू मध्ये पनि मुख्य शिष्य हुन् । सांसारिक विषयले बिरक्त भएर बिचार पूरा भएका परमार्थ ज्ञानको रसानुभव भइसकेकोले कसैले जुनसुकै धर्म पनि उत्तम धर्म हो भनेर ब्याख्या गरेपनि बिचार गरेर सार छान्न सक्थिन् ।



Downloaded from http://dhamma.digital

तस्मात् सम्प्रदाय धर्मका आचार्य भिक्षुहरूले हिंसा चित्त खण्डन गरी कुरा गर्ने रहेछन् । गुरू र शिष्य दुईजनाको सम्बन्धमा फाटो ल्याएमा यिनीहरूको प्रथा बिचारवादी हीन भएर जान्छ भनेर गुरू शिष्यमा सम्बन्ध बिगार्न अनेक मान्छेहरू लगाउँछन् । अनेक जाल रच्यो तैपनि गुरू र शिष्यलाई फाटो ल्याउन नसकेपछि के गरुँ, के गरूँ भएर नराम्रा शब्दहरू प्रयोग गरे बदनाम हुने काम गरेर मेरो प्रथा नष्ट गर्ने कोशिश गरे । तर जति जाली कुरा गर्न थाल्यो त्यति नै लोकजनले "जाली" भन्ने थाहा पाए । क्रमशः मतिरै श्रद्धा राख्न थाले ।

शान्तिप्रभा उपासिकाले पनि आफ्नै जग्गामा गुरूलाई आश्रम बनाइ दिनु भन्थिन् । गुरू नजिक भयो भने आफू र गाउँलेले ज्ञान प्राप्त गर्न सकिन्छ भनेर पैसा जम्मा गरेर ल्याए । त्यो रकम पनि धर्म चक्र आश्रम मै खर्च गरें । फेरि म एक रोगी भएकोले सेवा टहल गरीराखेको थिए ।

चुनुमाया उपासिका पनि बिचारवादी ज्ञानमा लागेर निकै बिचार गर्न सक्ने भएर धर्म थाहा पाएर आश्रम बनाउनमा अन्त्यन्त प्रेरणा दिएर लागेकी ब्यक्ति थिइन् ।

चिनीनानी र कदम कुमारी, नानीछोरी यिनीहरू ३ जना पनि बिचारवादी प्रथा अत्युत्तम हो भनी विश्वास गरीरहेका थिए ।

लक्ष्मीप्रभा साहूनी, नानी हिरा यी दुईजना पनि बिचारवादी प्रथालाई श्रद्धा राखेर आफूले सक्दो सहयोग गरीरहेका थिए । पञ्चबहादुर र गम्भीरमानहरू पनि यथा श्रद्धा सहायता दिइरहेका थिए ।

बनेपाका नवराज, रामभक्त, विष्णुप्रसाद, कृष्ण, बुद्ध, पूर्णमाया, बेतिमाया, धर्मरत्न यिनीहरू पनि बिचारवादीमा सहमत थिए ।

बलम्बूका गणेशलाल, सुकुर र धनकृष्ण, न्हुच्छे बहादुर, हरि, हरिकृष्ण ।

टेबहालका शाक्यमुनि उपासक पनि मैले दिएको जस्तो उपदेश कसैले सुनाए पनि सुन्न पाएको छैन । कुनै पुस्तकमा लेखिएको पनि हेरेको छैन् । यो कुरा अध्यात्ममा भइरहेको स्वभाव धर्म, वाह्यात्म भनेको आफ्नो सम्बन्ध गाँठो परेको, परमार्थ मात्रै हो भनी श्रद्धा राखेर अखण्ड हेरबिचार गर्नुभएको हो ।

बागवजारमा धर्मचक्र आश्रम निर्माण गर्नमा अति नै परिश्रम गर्नुहुने रत्नबहादुर उपासक हुन् । उहाँ आफनो नाम राख्नमा अत्यन्त उत्सुक हुनुहुन्छ । त्यसरी नै परमार्थमा पुग्नसक्नु भएको छैन । उहाँलाई सहयोग



Downloaded from http://dhamma.digital

गर्नमा अल्छी नमानी दुःख पाइरहेकी चिनिया उपासक हुन्।

चैत्यप्रभा उपासिका गुरूलाई आश्रम बनाइ दिएकोले खुसी भएर बारम्बार ज्यामीहरूलाई खाना खुवाउन जानु हुन्थ्यो।

## आश्रम उद्घाटन

२०२७ साल जेष्ठ शुक्ल दुतिया अर्थात जेठ २५ गते आश्रमको उद्घाटन र मेरो जन्मोत्सव मनाउन अग्रसर भई योजनाकार (१) शाक्यमुनि (२) चैत्यप्रभा (३) शान्तिप्रभा र बिचारशील चुनु यी ४ जनाले आवश्यक प्रबन्ध गरी जन्मोत्सव कार्यक्रम तयार गरे। जन्मोत्सव अति नै राम्रो भयो। बिभिन्न विहारका सम्पूर्ण उपासक उपासिकाहरू उपस्थित भए। कति उपासक उपासिकाहरूलाई भिक्षुहरूले रोके "जुन ऋषिले आफ्नो जन्मोत्सव मनायो, त्यस ऋषिले भिक्षुहरूलाई निमन्त्रणा गरेन, भिक्षुहरूलाई निमन्त्रणा नगरेको ठाउँमा उपासक उपासिकाहरू जान पाउँदैनन्।" "कति डराएर गएनन्, कतिले निमन्त्रणा गरेको ठाउँमा किन नजाने ? भिक्षुहरूले रोके पनि, बाटो छेके पनि हामी जान्छौं" भनी आए। धुलिखेल, बनेपा, भक्तपुर, ठिमी, बलम्बू, कीर्तिपुर, नगाउँ, पांगा, हाँडिगाऊँका जम्मा भए। फेरि साहित्यिक संस्था च्वसापासा, नेपालभाषा परिषद्, कवि, लेखक, इतिहासकार आदि जम्मा भएर मेरो वर्णन/ब्याख्यान गरे। "सिद्धिरत्न कविले धर्म साथी भएर साथै धर्म गरेको विषयलाई लिएर भाषण गरे। कमलानन्द बज्राचार्यले हाम्रा जिजुबुबा "निष्ठानन्द पण्डितको समयमा नेपालमा सबैभन्दा पहिले स्थविरवाद भिक्षु भएर निस्कनु भएका महाप्रज्ञा हुन्" भन्नुभयो।

भू.पू.मन्त्री धर्मरत्न यमीले "महाप्रज्ञा त्यागी र धर्म प्रचारक हो भन्ने विषयमा बर्णन गर्नुभयो। शान्त स्वरूप बिद्वान्ले "महाप्रज्ञा एक भिक्षुहरूका गुरू भएर पाल्नु भएका हुन्" भन्ने विषयमा भाषण गर्नुभयो।

महाकवि चित्तधर 'हृदय'ले "महाप्रज्ञा एक च्वसापासाले प्रमाण-पत्र दिइराखेको मातृभाषाका गद्यपद्य लेखक भएर बौद्ध धर्म प्रचारक हुनुहुन्छ" भन्ने विषयमा भाषण दिनु भयो।

स्कुल माष्टर कुञ्ज बहादुरले "महाप्रज्ञा गुरुको प्रेरणाले नै मैले मातृभाषा (नेपालभाषा) बि.ए. जाँचमा प्रथम प्राप्त भएको हो" भन्ने विषयमा लेक्चर दिए।

उत्सव अति नै राम्रो भयो। एक हजार मान्छे जम्मा भए। यस



Downloaded from http://dhamma.digital

योजनाका अग्रगामी चैत्यप्रभा उपासिका हुन्। तसर्थ चैत्यप्रभालाई सहस्र धन्यवाद नदिइ रहन सक्तिन।

शाक्यमुनि उपासकले "कर्मस्थानाचार्य बौद्ध ऋषि महाप्रज्ञाको ७० बर्ष जन्मोत्सवको उपलक्ष्यमा संक्षिप्त जीवनी" लेखे छापेर वितरण गरे।

## बुद्धमूर्ति प्रतिष्ठा र स्थिरता

२०२७ सालको कार्तिक पूर्णिमाको दिन तथागत सम्यक् सम्बुद्धको मूर्ति प्रतिष्ठा भयो। त्यस मूर्तिको खर्च सबै साहू श्री मणिहर्ष ज्योति र उहाँका दिदी लक्ष्मी प्रभाको श्रद्धाबाट भएको हो। निर्माता आफैं र उपासिका चैत्यप्रभा दुबै जना मिलेर निर्माण भएको हो। यसमा सहयोग गर्ने खड्गबहादुर र चिनियाँकाजी हुन्।

मूर्ति प्रतिष्ठा गर्नु अघि एकादशीको दिन धर्मचक्र आश्रममा बस्न गएँ। सो दिनमा धूमधाम नै भयो, बाजा बजाएर सिन्दूर जात्रा गर्दै फूलमाला लगाई दिएर भित्रचाए। धर्मचक्र आश्रम झकिझकाउ हुने गरी लावा लश्कर भेला हुँदा धर्मोपदेश पनि भयो।

प्रत्येक शनिबारको दिन धर्म चर्चा वा धर्मको विषयमा छलफल हुने भयो। पूर्णिमा, औंसी, अष्टमीको दिनमा बुद्धपूजा र धर्मोपदेश हुन्थ्यो। प्रत्येक मंगलबार खिचापोखरीस्थित चैत्यप्रभाको घरमा धर्मचक्र सूत्र र अनन्तलक्खण सूत्र पाठ गर्थ्यौं। प्रत्येक शुक्लपक्ष चतुर्दशीको दिन बुद्धिमान् भक्तिलालको घरमा धर्मचक्र र अनन्तलक्खण सुत्र पाठ गर्थ्यौं। प्रत्येक औंसीको दिनमा डिल्लीबजारको बसुमायाको घरमा धर्मचक्र अनन्तलक्खण सूत्र पाठ गर्थ्यौं। प्रत्येक संक्रान्तिको दिन डिल्लीबजारको हिरालालको घरमा धर्मचक्र र अनन्तलक्खण सूत्र पाठ गर्थ्यौं। पाठ गर्नेहरू :

| | |
|---|---|
| महाप्रज्ञा | चिनीकाजी |
| रत्नबहादुर | शाक्यमुनि |
| सर्वज्ञरत्न | चैत्यप्रभा |
| नानीछोरी | नानीहिरा |
| शान्तिप्रभा | दानबहादुर |
| पुतली | सिर्मीया |
| चुनु थापा | चिनी |
| कदमकुमारी | नानीछोरी |

जम्मा १६ जना भए, पछि लक्ष्मी कुमारी १ जना पनि थपिइन्।



Downloaded from http://dhamma.digital

# पुनः मार उठयो

धर्मचक्र पाठ प्रचार हुँदै गएपछि गणमहाविहारका भिक्षुहरूले सहन नसकेर धर्मचक्र आश्रमका मुख्य उपासक हातमा लिएर चुक्ली गरेर षडयन्त्र रचेर झगडा गरी अशान्ति ल्याए। त्यो कलह गर्ने उपासकले मलाई बन्धनमा राखेर स्वतन्त्र धर्म गर्न नदिने तरिका गर्न थाल्यो। मैले भनें "तपाईहरूको संस्थाको सभा बोलाएर मिटिङ्ग गर्नुहोस् मिटिङ्गमा पास भए मुताबिक नियम बनाउनु होस्, त्यही नियम वमोजिम चल्छु" भनें।

त्यस धर्मचक्र आश्रममा धर्म उन्नति हुँदै गएपछि गणबहालको हावाले धर्मचक्र आश्रम ढलमलायो। रत्नबहादुर तण्डुकारलाई गणमहाविहारको बोक्सी प्रवेश गरी नाना प्रकारले बकेर अशान्ति मच्चाएर उपासक उपासिकाहरूलाई भाँडी दियो। पछि सबैजना मिलेर त्यस बोक्सीलाई खुर्सानीको धूप हाली आउन लाज मान्नुपर्ने हुने गरी तर्साएर भगाए।

उहाँ एक्लैको बिचार कमिटीमा नमिलेकोले सभामा राजीनामा दिनुभयो। राजीनामाको जवाफ केही दिएन। सेक्रेटरीले भन्यो "सभा नै छैन्, कसैले राजीनामा दिइरहनु पर्दैन, राजीनामा स्वीकार गर्ने र जवाफ दिने कोही नभएकोले सभा विसर्जन भयो।

राजीनामा दिनु नै आफूले आफैंलाई खुर्सानीको धूप हाल्नु हो। उसले सभालाई दोष दिएर प्रपोगण्डा गरी कराएर हिंड्यो। बिभिन्न ब्यक्तिलाई कुरा सिकाएर भन्न पठाउँथ्यो। अनेक प्रकारले जाल रची प्रबेश गर्ने कोशिश गरीरहेको थियो। कहिलेकाहीं म नहुँदा झगडा गरेको जस्तै कराएर हिंड्थ्यो भन्ने कुरा सुनें।

आफ्नो बिचार यो हो कि धर्मचक्र आश्रम धर्मस्थल हो, गुठी होइन। ज्ञानको आकांक्षा भएका, सिक्ने इच्छा भएकाहरू, शंका निवारण गर्नुपर्नेहरू, धार्मिकहरूलाई आह्वान गर्नुपर्दैन, आफै नै श्रद्धा राखेर आउँछन्। पाल्नु हुने इच्छा नहुनेलाई कर छैन्, धर्म स्वतन्त्र हो। इच्छुकलाई रोकतोक छैन, इच्छा नभएकालाई कर छैन्। धर्ममा राजीनामा गर्ने बिचारवान्हरूलाई भलो गर्दैनन्। समाजमा राजीनामा दिएको हो भने उहाँको राजीनामाको स्वीकार वा अस्वीकारको जिम्मा लिएको कोही छैन।

धर्मचक्र सूत्र पाठ गर्ने र गराउनेहरूको नाम सूची लेखेर टाँसेको बारेमा उहाँलाई चित्त बुझेन, रिसले दंगा गर्नुभयो, उहाँको बिचार



Downloaded from http://dhamma.digital

आश्रममा पाल्नु भएका कसैलाई राजी छैन । उहाँ एक्लैको बिचार भएर बहुमतले अस्वीकार गर्‍यो । त्यसैले उहाँले बहुमतलाई स्वीकार नगरीकन रिसले प्रपोगण्डा गरी कराएर हिंड्नु भयो । उहाँको प्रस्तावलाई समर्थन गर्ने धालासिक्वका सर्वज्ञरत्न र आफ्नै भान्जा आशारत्न तण्डुकार अरू सबै बहुमत एकै स्वर भए । बहुमतले भने "त्यो कागजमा पाठ गर्न लगाउनेहरूको लिष्ट मात्रै हो, श्रोता वा पाठकलाई सूचना मात्रै हो, के भयो र ?"

रत्नबहादुरले भन्यो "त्यसमा भएको दोषको कुरा थाहा छैन सिर्फ यो हो कि मलाई चित्त बुझ्दैन ।"

बहुमतले भने "दोष केही नभईकन, तपाईलाई चित्त नबुझेको किन ?"

रत्न बहादुर "मलाई चित्त बुझ्दैन, निकाल्ने भए निकाल होइन भनें म आउँदिन" भनेर राजीनामा दिए । राजीनामा कागज कोषाध्यक्षको हातमा राखी दिए, कोषाध्यक्षले पनि सेक्रेटरीको हातमा दिएर "त्यस राजीनामाको जवाफ दिनुहोस्" भन्यो ।

सेक्रेटरीले "साहूजी ! यो राजीनामा कसलाई दिएको हो ? कसैको नाम छैन् । संस्थाको नाममा दिएको भए संस्था कहाँ छ ? संस्था भएको भए संस्थाको नियम हुनु पर्ने हो । सेक्रेटरीसँग केही रिपोर्ट छैन, कोषाध्यक्षसँग कानाकौडी नै छैन, सभापतिको सही कतै छैन, आफैले चन्दा उठायो र खर्च गर्‍यो । मिटिङ्गमा पास भए अनुसार काम नगरीकन त्यही एक्लैले आफू खुसी काम गर्नाले केको संस्था ? कसले त्यसको राजीनामा स्वीकार गर्ने ? बच्चा खेलेको जस्तो काम गर्ने संस्था पनि संस्था हुन्छ र ? म त सेक्रेटरी पनि होइन्, राजीनामाको जवाफ पनि दिन्नँ ।"

राजीनामाको केही जवाफ नआएपछि "यिनीहरूले मलाई वास्तै गरेनन्, मैले राजीनामा दिन पुगेछु, यिनीहरूलाई मान्न लगाउँछु भन्दा मलाई छोडयो" भनेर फेरि अर्को एउटा बहाना बनाएर भजन गर्न आउने कुरा निकाल्यो । भान्जा मकहाँ कुरा गर्न आयो ।

मैले भनें "भजन गर्नु राम्रो हो । तर भजन गर्नुभन्दा ज्ञानको कुरा छलफल गर्नु उत्तम हुन्छ जस्तो लाग्छ । तर तिनीहरू भजन नै गर्न आए । बेलुका आठ बजेदेखि दश बजेसम्म भजन गर्न आफैले हार्मोनियम र तबला लिएर आए । क्रमशः तबलची आउन छोडेपछि एक्लैले हार्मोनियम बजाएर गीत गाएर दश बजे बन्द गरेर जान्थे । बैशाख पूर्णिमामा साप्ताहिक कार्यक्रम शुरु भएदेखि भजन बन्द भयो ।



Downloaded from http://dhamma.digital

पछि फेरि रत्नबहादुरले जाल रच्यो । त्यो कस्तो भने यो महाप्रज्ञा बूढो निमन्त्रणा दियो भने जान्छन, भिक्षुहरूकहाँ पर्व दिन पारेर निमन्त्रणा दिन लगाउँ यो बुढो गइहाल्छ, पछि यहाँ पनि पर्ब दिन पारेर भिक्षुहरूलाई निमन्त्रण गर्ने वहाना हुन्छ" भनी मलाई भक्तपुरमा विवेकानन्द कहाँ वर्षबास सकिएको दिनमा निमन्त्रणा गर्‍यो । बनेपामा महापन्थकहाँ पनि वर्षाबास सिद्धिने पर्व दिनमा निमन्त्रणा गर्‍यो ।

म ऋषि भइरहेकाले मैले वर्षाबास सिध्याउनु पर्छ भन्ने छैन । तसर्थ मैले मकहाँ वर्षाबास सिध्याएको बहाना नपाएर अप्ठेरो परिरहयो ।

विवेकानन्द भिक्षु जहाँ बसे पनि झगडा गर्ने खालको भएकोले बलम्बू विहारमा पनि बस्न सकेन भोजपुर गयो । त्यहाँ पनि झगडा भयो । त्यहाँ नबसीकन गणमहाविहारमा बस्यो । त्यहाँ पनि मिल्न नसकेपछि भक्तपुरमा गयो । त्यहाँ पनि बखेडा निकालेर म बसेको धर्मचक्र आश्रम ताकेर यस आश्रमका उपासकहरू रत्न बहादुर, आशा बहादुर र भक्तिलाल हातमा लिएर झगडा गराउने युक्ति निकालेर झगडा गराउन थाल्यो ।

एकदिन आशा बहादुरले विनम्र भएर कुरा गर्‍यो "गुरू ! यहाँ कोही दाताले श्रद्धा राखेर भन्ते ल्याएर कथा सुनाएर दान प्रदान गरेमा हजूरलाई केही आपत्ति छ ?" भन्यो ।

मैले भनें "कथा वाचन गर्न लगाउनु पनि राम्रो, दान प्रदान गर्नु पनि राम्रो, नराम्रो पनि होइन, मलाई पनि आपत्ति छैन । विहारमा भन्तेहरू भएको ठाउँमा कथा सुने हुन्छ, विहारमै दानप्रदान गरे पनि हुन्छ । म यहाँ एक्लै आनन्दले बस्नु पर्ने कहाँ भीड नगर" भनें ।

आशा बहादुरले "यो आश्रम धर्म गर्ने ठाउँ हो । त्यसैले यहीं नै भन्तेहरूलाई निमन्त्रण गर्ने श्रद्धा भयो" भन्यो ।

मैले भनें "त्यस्तो जर्बजस्ती कुरा किन गरेको ? आशाभाइ ! म भिक्षुहरूसँग मिल्न नसक्ने भनेर नै तिमीहरूले यो ठाउँ बनाइ दिएर मलाई प्रदान गर्‍यौ । अहिले फेरि यहाँ पनि भिक्षुहरू ल्याएर सम्बन्ध बढाउने नै किन ?"

आशाले भन्यो "अरू भिक्षु त होइन, हजूरसँग हित चित्त मिल्ने भिक्षुहरू मात्रै बोलाउँछु ।"

मैले भने "भिक्षु जतिलाई नै मैले मांस सेवन नगरेको भनी अलग्ग गरी राखेको हूँ, त्यसैले मसँग हित चित्त मिल्ने भिक्षुहरू कोही



Downloaded from http://dhamma.digital

पनि देखिनँ ।"

आशाले सोध्यो "विवेकानन्द सँग मिल्छ होइन ।"

मैले भनें- "विवेकानन्दसँग मिल्छ, भिक्षुसँग होइन ।"

आशाले भन्यो- "उहाँले हजुरलाई निमन्त्रणा गर्नुभएपछि हजुरले पनि उहाँलाई किन निमन्त्रणा नगर्ने ? भनी मलाई अँठ्यायो ।

मैले भनें "त्यसरी मलाई बीचमा पार्नलाई निमन्त्रणा गरेको भन्ने थाहा भएन म गएँ ।"

आशाले सोध्यो "यसरी नै धर्मकर्म गर्नलाई भनेर नै यो ठाउँ बनाएका हौं, यहाँ किन धर्म गर्नु हुन्न" भनी कचकच गर्न थाल्यो ।

मैले भनें "किन कचकच गर्ने ? यो ठाउँ बनाएर मलाई दान दिएको हो भने मलाई अप्ठेरो पारेर तिमीहरूले धर्म गर्छु भनी बहाना बनाएर किन मलाई अशान्ति हुने कुरा गरीरहन्छौ ? तिमीहरूलाई मन नपरेमा 'निस्क' भन म निस्केर जान्छु, होइन भने तिमीहरूलाई मनपरी गर्ने हक छैन" भनें ।

## कलहको पुनर्जन्म

आशा बहादुरका मामा रत्नबहादुरले मिटिङ्ग बोलायो । कोषाध्यक्ष सर्वज्ञरत्न साहूको घरमा मिटिङ्ग बस्यो । सबै जम्मा भएपछि सेक्रेटरी श्री शाक्यमुनि साहूले सोध्नु भयो "आज किन मिटिङ्ग बोलाएको हो ?"

आशाले भन्यो "मामा आउनु हुन्छ । मामा आएपछि कुरा शुरू हुन्छ ।"

मामा रत्नबहादुर पनि आइपुग्यो । सेक्रेटरीले कुरा शुरु गरे रत्न बहादुर पाल्नु भएपछि आशा बहादुरको फुर्ति बढ्यो छाती फर्काएर भन्यो "धर्म गर्ने भनेर ठाउँ बनाएँ, आज हामीले धर्म गर्न पाएनौं, महाप्रज्ञाले हामीलाई धर्म गर्न दिएन ।"

सेक्रेटरीले भन्यो "यो आश्रम महाप्रज्ञाको लागि नै बनाएका हौं । जसको लागि आश्रम बनाएको हो, त्यसैको नै हक लाग्ने भएकोले जसलाई जेजे गर्न मनमा लाग्यो त्यो हक हुँदैन ।"

रत्नबहादुरले भन्यो "हाम्रो टोलमा बनेको आश्रममा हाम्रो हक लाग्छ हामीलाई मन परेको जस्तो गर्छौं, कसैलाई बास्ता हुँदैन । 'मेम्बरहरूले बोले "हामीहरूले चन्दा राखेको गुरूका लागि हौं । तिमीहरूलाई धर्म गर्नको लागि चन्दा राखेको होइनौं । गुरूलाई अप्ठ्यारो पार्न, तिमीहरूलाई



Downloaded from http://dhamma.digital

मनपरी गर्न चन्दा राखेका पनि होइनौं, गुरूलाई बस्नको लागि चन्दा दिएका हौं, कि हाम्रो चन्दा फिर्ता गर, गुरूलाई दिक्क नगर ।" आशाले भन्यो कसैको चन्दा फिर्ता गर्ने कबुल गरेको छैन ।

मेम्बर "कि तिमीहरूले दिएको २ आना जमिनको पैसा लेऊ, कि हामीले दिएको चन्दा फिर्ता गर, कि गुरूलाई आनन्दले बस्न देऊ, गुरूलाई अशान्ति हुने कुरा नगर" भने ।

रत्नबहादुरले भन्यो "चन्दा राख्ने तिमीहरू मात्रै होइनौ, हाम्रा टोल छिमेकीहरूले पनि राखेका छन्, सबैले धर्मको लागि राखेका हुन, तिम्रा गुरुका लागि होइन । तिमीहरू के भनेर कराउन आउँछौ, तिमीहरूले कति चन्दा राखेका छौ, तिमीहरूको के हक छ ?" यस प्रकारले मामा भान्जा हुल्याहापन गरी छाती ठोकेपछि घुँडाले टेकीरहेकाहरू उठेर गए । रोक्न खोजे पनि जबर्जस्ती बलले उठेर गए ।

पछि सेक्रेटरीले कागज गरे "हामीले गुरुलाई भनी आश्रम बनाएका हौं । गुरुद्रोही भएर झेल्याहा कुरा गर्नु हुँदैन । तिम्रो मामाले राजीनामा दिइसक्नुभयो । यहाँ आएर कराउने हक छैन मुख्य कुरा तपाईसँग नै हो । यस धर्मचक्र आश्रम महाप्रज्ञा गुरूको लागि बनाइएको हो, गुरूलाई अप्ठयारो पार्ने काम गर्नु हुन्न, लौ भन अब के गर्ने ?" गुरूलाई अप्ठ्यारो पर्ने गरी केही गर्दिन्नँ, गुरूको अनुमतिबिना आश्रममा केही गर्दिन्नँ" भनी यस कागजमा सही गर भनी कागज देखाए पछि आशा बहादुरले कागजमा सही गर्‍यो । तत्पश्चात् मामाको कुरा सुनेर आशा बहादुरले आश्रममा शिलापत्र राख्न ल्यायो । शिलापत्रमा दाताको नाम कुँदिएको छ, दानपात्रको नाम छैन् । त्यसैले उपासक उपासिकाहरू जम्मा भएर भने "आशाभाइ ! तपाईंले यो शिलापत्र राख्नु भएको साह्रै राम्रो, तर त्यसमा दानपात्रको नाम छैन, दान लिने गुरु महाप्रज्ञा हुन, गुरुको नाम नभएको किन ?"

आशाले भन्यो "गुरुलाई जिन्दगी भर बस्नको लागि कागज गरी दिएकै छौं, शिलापत्रमा नाम भए पनि के ? नभए पनि के ?"

सेक्रेटरीले भन्यो "आशाभाइ ! शिलापत्रमा नाम एउटा राखेर तपाईंलाई के हानि भयो ? शिलापत्रमा गुरुको नाम नभएकोले बिचारवान्ले बुझ्छन कि "यिनीहरू मिल्दैनन्" भनी ।

आशाले भन्यो "त्यसो भए तिमीहरूको आ-आफ्नो इच्छा अनुसार शिलापत्र बनाएर राख ।" मामाको सल्लाह नभईकन आशाले जवाफ



Downloaded from http://dhamma.digital

दिन जानेको होइन । आफ्नै कुरामा अडिग भएर बस्यो । मामाचाहिं भने आफैले राजीनामा दिएर आफ्नो हक नभएकोले रिसाएर मलाई बदनाम गर्न प्रपोगाण्डा फैलाएर बस्यो ।

गणमहाविहारका भिक्षु सुबोधानन्द, प्रज्ञारश्मिहरूले महाप्रज्ञाले २२ वर्षसम्म भिक्षु भएर भिक्षुको सबै नियम जान्ने, फेरि अर्को परमार्थी भएकोले उहाँको उपदेश सुनीसकेकोले भिक्षुहरूलाई श्रद्धा राख्दैनन् तसर्थ महाप्रज्ञालाई नेपालमा बिक्न नदिन प्रपोगाण्डा फैलाउन सकेमात्र नत्र त्यसले भिक्षु शासनको जरा पनि बाँकी राख्दैन भनी राजमान र चन्द्रबहादुरलाई मन्त्र दान दिई राखे । ती दुई जनाले रत्नबहादुरलाई गाइजात्राको मन्त्री बनाई दिएकोले उनीहरू सँगै लागेर बदनाम गर्न कराएर हिड्न थाले । फेरि मकहाँ आउने उपासकउपासिकाहरूलाई कुरा सुनाएर भाँड्न खोज्यो । नयाँहरू म कहाँ आउन डर माने । मेरो बानी थाहा पाएका, ज्ञानका रस बुझेका बिचारवान्हरू कसैको कुरा नसुनीकन आई नै रहे । तिनीहरूको बदमासी थाहा पाएपछि लोकले जाली पनि भन्न थाले ।

तैपनि म आश्रममा बस्न छोडिनँ । तर मबाट पनि त्यहाँ केही राम्रो पार्ने र बलियो बनाउने वास्ता गरिनँ । तिनीहरूबाट पनि बाटोमा हिंड्न मिल्दैन हिलो, आश्रम म बस्न नमिल्ने गरी पानी चुहिन थाल्यो । मेरो बिचार यो हो कि -मेरो अनित्य शरीरमा जीवनभर भएर मात्रै पुग्दैन, मेरो जीवनमा पछि पनि शिष्य परम्परा जोडेर यो धर्मचक्र अनन्तलक्खण सुत्रको साथमा भगवान् बुद्धले बताउनु भएको "आफैले बुझेर आफैले आचरण गर्नुपर्ने" अर्काको भरले आफूलाई शान्ति मिल्दैन, दुःखबाट मुक्त हुँदैन, भगवान्को अमृतवाणी मलाई असाध्यै मनपर्छ । "त्यो के भने मैले बताएको कुरा तिमीहरूले नबुझेसम्म त्यसमा रस हुँदैन । जब आफूले बिचारद्वारा बुझ्न सक्छन् तब मात्र तिमीहरूलाई रस हुन्छ ।"

यो कुरा प्रायजसो लोप भएर गएको छ । बीज एक टुक्रा मात्र बाँकी भएको बचाई राख्ने आशाले आश्रम खोजीरहेको हुँ । अब यस आश्रममा परम्परा जोड्छ भन्ने आशा नभएकोले यहाँ प्रयास नगरेको हुँ । म पनि त्यस्तै आफ्नो प्रतिज्ञा पूरा गर्न कसैको अधीनमा नबस्ने ! खानपिन गराई मलाई बन्धनमा राख्ने युक्ति गरेको हो । तर म त्यस्तो बन्धनमा बसेर आफनो प्रतिज्ञा छोड्ने होइन ।

मलाई तिनीहरूले बेलायती कुकुर पाले जस्तै खानपिन गराएर



Downloaded from http://dhamma.digital

सुनको सिक्रीले बाँधेर दर्शकलाई टिकट काट्न लगाएर कमाउने युक्ति गरेको थियो। म एक सांसारिक गुण नजान्ने, स्वतन्त्र चाहिने निर्गुणी जन्तु भएकोले तिनीहरूको इच्छा पूरा नभएको हो। त्यसैले तिनीहरू रिसाएर बदनाम गर्न कराएर हिंड्न थाले। हुन देऊ! आ-आफ्नो कर्मको फल आ-आफैले भोग गर्नुपर्छ। तिनीहरूको रिसले आफूले आफैलाई किन बरबाद गर्ने भनी आफ्नो कर्तब्य नछुटाईकन होस बलियो बनाएर बसें। त्यसैले तिनीहरूले जे भने पनि त्यो मलाई होइन तिनीहरूलाई नै हो।

म एकजनालाई मन नपराएर निष्काशन गर्न खोजी रहे। मैले वास्ता नै गरिनँ। उनीहरूको लहैलहैमा लाग्नेहरूले मैले वास्ता नगरेको हुनाले फुरुङ्ग भएर बसे। तिनीहरूलाई देशभरिकाहरूले "मासु खाने भिक्षुहरू, गुप्त पाप गर्ने भिक्षुहरू" भनी निन्दा गरी विश्वास गर्न छोडे। त्यो तिनीहरूको अभिमान रूपी कालो चश्माले देखेको होइन।

यहाँको शिक्षा लिएका शिक्षितहरूलाई छकाएर सभा समूहमा पछाडि पारेर लाजले भुतुक्क पारेर इज्जत लिन पछि पर्दैनथ्यो। यता जान्ने सुन्ने भएकाहरूले त्यहाँ सवालको जवाफ दियो भने "भन्तेहरूलाई यसरी सबाल जवाफ गर्नुहुन्छ भनी सबैले निन्दा गर्थे। भन्तेहरूसँग सवालजवाफ गर्नु नहुने भएकोले कसैले ज्ञान प्राप्त गर्न नसकेको हो। भन्तेहरूले भनेकै स्वीकार गर्नुपर्ने, शंका गर्न नहुने, यो धर्म सम्यक् धर्म हुन सक्दैन। नबुझेको, चित्त नबुझेको, अप्ठ्यारो परेमा चित्त बुझाउनको लागि भगवानले मंगलसूत्रमा "कालेन धम्म साकच्छा" भन्नु भएको हो। छलफल गर्न पाएन भने ज्ञानको शब्द अशुद्ध हुन जान्छन्। शब्दको अर्थ फरक भएर जान्छ। अर्थ फरक भयो भने भाव फरक हुन्छ। भाव फरक भयो भने रस फरक हुने भय हुन्छन्। तसर्थ ज्ञान थाहा पाउन, धर्म शुद्ध पार्न बेलाबखतमा छलफल गर्नु अत्यन्त आवश्यक हुँदो रहेछ। अब आजभोलि धर्ममा शंका गर्नु हुन्न। गुरूहरूसँग जवाफ सवाल गर्नु नहुने प्रथा बनाइदिएकोले छलफल गर्ने प्रथा हटेर स्वार्थी भिक्षुहरूले आ-आफ्नो स्वार्थ घुसाएर नीति नियम र धर्मकर्मको रूप बदलेर ल्याएकोले भगवान् बुद्धको धर्म प्रकाशमा तुँवालो लागेर अँध्यारो भइरह्यो। यस प्रकारले धर्म मलिन भयो कि पछि सुधार हुने आशा नै हुँदैन। भगवान् बुद्धको ज्ञान अत्यन्त नै अमूल्य रत्न हो। यसलोकमा सुखी, परलोकमा कल्याण र जन्म मरणबाट मुक्त भई निर्वाणसम्म प्राप्त



Downloaded from http://dhamma.digital

हुनसक्ने ज्ञान हो । यहाँ वर्तमान बुद्धको ज्ञानलाई अर्कै रमभ्रमको धर्मले छोपेर लुकाएर केवल बुद्ध, धर्म, संघको नामले मात्र पुग्ने धर्म हो भनी आ-आफ्नो स्वार्थपूर्ण हुने काम गरीरहेका छन् । यदि कसैले भगवान् बुद्धको सदुपयोग परमार्थ ज्ञान, उपदेश गर्‍यो भने त्यो उपदेशक मगज बिग्रिएको, शासन नष्ट गर्न आएको, परस्त्रीहरूको धर्म नष्ट गर्ने इत्यादि प्रकारले प्रपोगाण्डा फैलाई, त्यति गरेर पनि भएन भने श्रोतावर्गलाई बाटो छेकेर त्यस्तो परमार्थ उपदेश सुन्न नदिने, रोकेर रोक्न नसके पछि तिनीहरूले नै शासन नष्ट गर्नेहरू भनी पार्टी छुटाएर कलह गरी झगडा गर्ने भयो । तसर्थ यो बुद्ध शासन भविष्यमा विकास हुने आशा हरायो ।

## पुनःस्मृतिको कुरा

म एक शैवमार्गीको कोखमा जन्म भएर पनि अन्वेषण गर्दा गर्दै बल्लतल्ल प्राप्त भएको सार धर्म भनी बौद्ध धर्म स्वीकार गर्दै वि.स. १९८२ सालमा प्रव्रज्जित भएर नागार्जुनमा बसेर बौद्ध धर्म प्रचार गरी रहँदा व्राम्हण, श्रेष्ठ र बज्राचार्यहरू मिलेर श्री ३ महाराज चन्द्र शम्सेरको हजूरीमा चुक्ली लगाएर समात्न लगाए। श्री ३ महाराजले यो धर्म छुटाउने कोशिश गर्नुभो। तर असफल भएछि देश निकाला गर्‍यो। बुद्धगयामा वर्माको स्थविरवाद भिक्षु देखेर त्यहीं नै हामी श्रामणेर भयौं। वर्मा पुगेर ई.सं. १९३० मा वर्मा देशमा बैशाख पूर्णिमाको दिनमा उपसम्पदा प्राप्त भयो। रंगुनबाट अर्कान पुगें। त्यहीं नै कर्मशील भिक्षुलाई मबाट उपसम्पन्न गरी मेरो नाम जोडी "प्रज्ञानन्द भिक्षु" नामाकरण गरी नेपालमा पठाएँ। गृहस्थाश्रम छुटेका पनि मैले दिएको उपदेशले प्रव्रज्जित हुने "कर्मशील भिक्षु" भएको पनि मबाट नै। वि.सं. १९८७ सालमा म गुप्त रूपमा नेपाल गएको बेला राणाहरूलाई थाहा नदिई अमृतानन्द भिक्षुले स्वयम्भुको तल पूर्णवीर उपासकको घरमा लुकाइ राख्यो। अमृतानन्दलाई पनि चन्द्रमणि महास्थविरले श्रामणेर बनाइ कालिम्पोंगमा मकहाँ पठायो। तस्मात् अमृतानन्द मकहाँ नै हुर्किएको हो।

## बुद्ध शासनमा अस्थिरता

तत्पश्चात् कर्मशील भोटे भिक्षु (माहिला काजी, अंछिमि बज्यै, चन्द्रमाया बज्राचार्य, पुण्यतारा सापूनी) यिनीहरूलाई लगेर कुशीनगरमा



Downloaded from http://dhamma.digital

प्रव्रज्जित गरीदिएँ। कति दुःख सहेर स्थविरवाद बुद्ध शासन नेपालमा ल्याएँ, नेपालवासीहरूको सुधार हुँदै आयो। आज त्यही स्थविरवादको नामले भिक्षु भएर मनपरी गरी स्थविरवाद बुद्ध शासनलाई कालो धब्बा लगाएर मासु, माछा, फुल खाएर अनागारिकाहरू कप्पियकार राखेर विनय पालन नगरी मतलबी कथा (भगवान्ले बताउनु भएको भनी) सुनाएर शासन नष्ट गर्न थाले। तिनीहरूले नै मलाई "शासन नष्ट गर्ने" भनी बदनाम गर्न थाले।

वर्मा गएर आउने भिक्षुले वर्माको परम्परा र लंका गएर आउने भिक्षुहरूले लंकाको चलन चलाउन थाले। लंका वर्मा नजाने भिक्षुहरू बीचमा परे। तीन प्रकारको मत मिलेन। अखिल नेपाल भिक्षु संघका नायक भइरहेका प्रज्ञानन्द महास्थविरले भिक्षु संघलाई नियममा राख्न सकेनन्। जसले जे गरे पनि नबोलिकन सज्जन मान्छे बनीरहेकोले नेपालमा बुद्ध शासन बिग्रँदै गएको हो। म एक पुरानो थकालीको हैसियतले बोल्ने हक पाएको थिएँ। सबै मिलेर आ-आफ्नो बलियो बनाउने बिचारले मलाई जालमा पारी भिक्षुहरूले षडयन्त्र रचेर अलग्ग पारेर बोल्ने हक खोसे। त्यसैले पनि नेपालमा बुद्ध शासन पुनरुद्धार हुने आशा देखिएन।

विदेशी कोही भिक्षु आएर भगवान् बुद्धको परमार्थ ज्ञान बताउन आयो भने नेपालका भिक्षुहरूले हावा खुस्केको भनी हाहु गरेर तर्साएर भगाउँथे। यस प्रकारले नेपालमा बुद्ध शासन बर्वाद भएको देखेर मैले आफनो मन धैर्य गर्न सकिन, बौलाह जस्तै भएँ।

म कस्तो भएँ भनें 'हात नभएकी आईमाईको बच्चो नदीले बगाउँदा आमा चाहिं गुहारेर रोएर बसिरहेकी' जस्तै भएँ। बच्चो लिन जाउँ भन्दा दुइटै हात काटिएको छ, आँखाले देखिरह्यो मनले मानेन।

घरमा बसीरहेकी बुढी आमालाई बोक्सी भनेर एकातिर पन्छाई छोरा बुहारीहरू झगडा गरेर सम्पत्ति वर्वाद पारिसक्यो। बुढी आमाको मनले सहन सक्नु भएन, बोलुँभने बोक्सी बुढी भनेर वास्ता नै गरेको होइन। उँहा जस्तै म पनि भै रहें। मलाई पनि भिक्षुहरूले तिनीहरूको समूहमा मिलाउने प्रयासमा अनेक योजना बनाई हिँडे। मलाई आफ्नो पक्षमा पार्न सकेनन्। म पनि उस्तै रहेछु, जस्को लागि मैले जीवन अर्पण गरेर प्रतिज्ञा गरें त्यही प्रतिज्ञा पुरा गर्नु बाहेक अर्को पञ्चकाम विषयको लोभमा लाग्ने होइन। लोकमा भने आ-आफ्नो मतलब मिलाउने तिर



Downloaded from http://dhamma.digital

लाग्ने मात्रै छन्। म पनि आफ्नो प्रतिज्ञा पूर्ण गर्न लागें। मेरो प्रतिज्ञा यो हो कि भगवान्ले स्वयं अनुभवले बोध गर्नु भएको बहुजनहित हुने परमार्थ महाप्रज्ञातत्वज्ञानको बीजमात्र भए पनि चिरस्थायी हुने गरी रक्षा गर्ने हो। वर्तमान भिक्षुहरूका बिचार भने संसारमा परिस्थिति बदले जस्तै धर्म पनि बदल्नु पर्छ। त्यो बिचार मलाइ चित्त बुझ्दैन। किनभने भगवान्को धर्म ब्यक्ति सुधारक हो। परिस्थितिको श्रोत सँगै खाडलमा जाक्ने धर्म होइन। परिस्थिति भनेको तृष्णा र स्वार्थको धारमा बदलिरहेको छ। भगवान्को धर्म सम्यक् दृष्टि हो। वर्तमानमा चलिहरेको परिस्थितिलाई यथार्थ देखिन्छ। त्यो परिस्थितिको परिणाम के हो त्यो पनि हेरिन्छ। यदि परिणाममा अकल्याणकारक हुन्छ भने त्यो परिस्थितिको हेतु के हो ? त्यो खोजेर पत्ता लगाएर, त्यो हेतु त्याग गर्ने, त्यसमा आफ्नो परिस्थिति कल्याणकारक हुन्छ। दुःख, दुःखको हेतु, दुःख निरोध र दुःख निरोध हुने उपाय यी चार आर्य सत्य यथार्थमा देख्नु पर्ने सम्यक् दृष्टि हो।

## बिर्सन नसक्ने कुरो

लोकमा परिस्थिति भनेको मनको बिचार र समाजको ब्यवहार मात्रै हो। धर्ममा परिवर्तन हुने होइन। भगवान्ले बताउनु भएको धर्ममा परिवर्तन गर्न मिल्दैन। आकाशमा चन्द्रमा जस्तै कहिंले देखिन्छ, कहिले देखिंदैन। त्यो त केबल बादलको दोष हो। शुक्लपक्ष र कृष्णपक्ष नियम परिवर्तन हुँदैन। त्यसरी संसारमा जन्म भएका प्राणी मृत्यु हुनुपर्ने त्यो हेतु प्रत्येक पदार्थ नाशवान् हुन्। गरेको कर्मको फल भोग गर्ने कर्ताको भाग हो, मात्र यो नियम परिवर्तन कहिल्यैं हुँदैन। आँखाले देख्ने, कानले सुन्ने, नाकले गन्ध ग्रहण गर्ने, जिब्रोले रसास्वाद अनुभव गर्ने, शरीरले स्पर्श गर्ने यस पाँच इन्द्रियको पनि नियम परिवर्तन हुँदैन। पापको फलले सुख प्राप्त हुँदैन, धर्मको फलले दुःख हुदैन्। कर्मको फल भोग्नु पर्छ, त्यो नियम परिवर्तन हुँदैन। फेरि भगवान्को ज्ञानले नै तत्वज्ञान बोध हुने हो। तत्वको स्वभाव धर्म पनि परिवर्तन हुँदैन।

जस्तो कि हातमा भएको ईंटा फयाँक्ने वा नफयाँक्ने आफ्नो अधिकार हो। यदि आकाशतिर फयाँक्यो भने त्यो ईट्टा खस्नु स्वभाव धर्म हो। चुपीले आफ्नो शरीरमा घाउ पार्नु नपार्नु आफनो अधिकार हो। यदि घाउ पार्‍यो भने घाउ बेदना हुने स्वभाव धर्म हो।



Downloaded from http://dhamma.digital

यदि मन नपर्ने विपाक भोग गर्न मन पर्दैन भने विपाक नगर, भोग गर्नु पर्दैन्। यदि विपाक बनाउन पुगेछ भने त्यो विपाक स्वभाव धर्म हो तसर्थ कर्मशुद्धि अवश्य गर्नै पर्छ। तत्पश्चात् इन्द्रिय शुद्धि, इन्द्रिय शुद्धिले मन शुद्धि हुन्छ, मन शुद्धि नभैकन आनन्द प्राप्त हुँदैन। मनमा आनन्द नभैकन तत्वज्ञान बोध हुँदैन्, महाप्रज्ञा तत्वज्ञान बोध नभैकन, क्लेश निरोध हुँदैन। क्लेश निरोधले मात्रै जन्ममरणको चक्रले मुक्त हुन्छ।

यस प्रकारको शुद्ध बुद्धको धर्मलाई संसारको परिस्थितिसँग परिवर्तन गरी लैजाने बिचार असल देखिंदैन, स्वार्थ मनको मात्रै हो जस्तो लाग्छ।

भगवान्‌को अमृत उपदेश महाप्रज्ञा तत्वज्ञानलाई विकास गर्न सूचना निदेशार्थ चीवरको वर्णद्वारा लोकजनलाई सम्बोधन गरेरै "एहि पस्सिको" भनी आह्वान गरीराखेको चीवरले भगवान्‌को अमृत उपदेश नदेख्ने गरी छोपेर चीवर मात्रै पूजा गर्न लगाएर अमृत उपदेश लोप गरे त्यो पनि मेरो मनले सहन सकेन त्यसैले म वर्तमान भिक्षुहरूको समूहमा नपरेको हुँ। भिक्षुहरूको षड्यन्त्रद्वारा उपासक उपासिकाहरूलाई जजमान बन्न कर लगाएर अर्को सद्धर्म श्रवण गर्न पाउने ठाऊँमा जान दिएनन्। मकहाँ धर्म विषयमा छलफल गर्न आउन डराइडराईकन आउनु पर्‍यो। मकहाँ को को उपासक उपासिकाहरू आउँछन्? हेर्न जासूसहरू छोडेर आएका जतिलाई चिनेर गाली गर्ने, धम्क्याउने, ब्यंग्य कथा सुनाउने, आउन अप्ठ्यारो पर्ने गरी जाल अड्काई राख्न थाले।

प्रपोगाण्डा फैलाउनेहरू कति राम्रा कुरा गर्छन् "के गर्ने महाप्रज्ञा गुरू बूढो भएर भिक्षुहरूसँग नमिलीकन दुःख पाउनु भयो। उहाँ पुराना पनि हो। सम्पूर्ण भिक्षुहरूका गुरू भइरहनु भएका बूढा उमेरमा दुःख पाउनु भयो। उहाँले दुःख पाएको देखेर हेर्न नसकेर भिक्षुहरूसँग मेलमिलाप गरी दिउँ भनेको मान्नु भएन।" भनी मप्रति करुणा राखेर कुरा गरेर सज्जन बन्ने प्रयास गरे। तिनीहरूको कुरा सुन्नेहरूको मनमा "यस्तो विधि दया राख्नेहरूको कुरा नसुनीकन महाप्रज्ञा गुरूले किन दुःख पाईराख्नु भएको होला?" उता त्यो जासूसहरूले भन्थ्यो कि "कहाँ हाम्रो कुरा सुन्छ? उहाँलाई स्त्रीहरूले हातमा लिइराखेको छ। त्यसैले ऊ बिग्री सक्यो, त्यसरी भ्रष्ट भइसकेकोले बुद्धधर्म पनि भ्रष्ट गरी सक्यो। त्यसकहाँ जानु धर्म हुँदैन चुक्ली गरेर मानिसहरूको श्रद्धा घट्ने कुरा गर्ने हुनाले बिचार नपुगेकाहरू भक्त भक्तिनीहरूले मेरो अनुहार समेत हेरेनन्। एकदुई जना बिचारवान्‌हरू 'रे' भन्ने कुराको पछि लाग्नु हुँदैन,



Downloaded from http://dhamma.digital

हो होंइन भनी बिचार गरी हेर्नुपर्छ भनी मकहाँ आएर ज्ञानको कुरा बिचार गरी हेर्न आए। मकहाँ आउने भक्तभक्तिनीहरूको चालचलन हेरे, मेरो उपदेश पनि सुने, अनेक प्रकारले बिचार गरी हेरे। बिचार सहनशीलता र व्रम्हचर्य, फेरी मनमा शान्ति प्राप्त गर्ने उपदेश प्रदान भइरहेको देखेर परीक्षार्थीहरू सन्तोष र आनन्द मानेर भिक्षुहरूको दोष थाहा पाएर यतै नै सिक्ने ज्ञान प्राप्त गर्ने कोशिश गर्न थाल्यो। यो कुरा थाहा पाई भिक्षुहरूको छाती जलन भयो। झन् झन् तिनीहरूले मेरो विषयमा नाना भाँतीका कुरा गरेर बदनाम गरेर हिंडे।

## धम्मवंशलाई जवाफ

एकदिन भिक्षु धम्मवंश धर्म चक्र आश्रममा बास बस्न आउनु भयो। एकान्त समयमा मलाई भन्नुभयो "महाप्रज्ञाजी ! हजूरलाई म एउटा कुरा भन्छु, त्यो कुरा हजूरलाई कल्याण हुन्छ, अकल्याण हुने होइन, यदि हजूर रिसाउनु हुन्न भने म भन्छु।

मैले भनें "यदि गुणकारक हो भने रिसाउनु पर्ने के छ र ? रिसाउँदिन भन्नुहोस्।"

भिक्षुले भन्नुभयो "हजूरले आफूले आफैंलाई ऋषि भनी नाम राख्नु भयो। बुद्ध शासनमा ऋषि भन्नेहरू नै छैनन्, अर्को ऋषिको भेष पनि छैन, ऋषिहरूको कस्तो नियम हो, त्यो पनि थाहा छैन, त्यसरी स्वतन्त्र मार्गमा जानु ठीक छैन, एक सम्प्रदायको बन्धनमा बस्नैपर्छ, एक सम्प्रदायको अनुसार भेष धारण नगरी हुन्न, एक सम्प्रदायमा आवद्ध हुनै पर्छ, सरकारले पनि धर्म स्वतन्त्र गर्न दिंदैन, सरकारले राष्ट्रको मात्र जिम्मा लिने होइन कि धर्मको पनि नियम पालना गराउँछ, सम्प्रदायको नियम नभइकन राख्दैनन्।

मैले उत्तर दिएँ "ऋषि भनेकाहरू कुनै सम्प्रदायको बन्धनमा बस्दैनन्। प्रबज्याको बन्धनमा पनि बस्दैनन्, सम्प्रदायको बन्धनमा पनि बस्दैनन्, गृहस्थको बन्धनमा पनि बस्दैनन्। भगवान् बुद्ध पनि कसैको बन्धनमा नबसी स्वतन्त्र बिचारले नै बुद्ध पद प्राप्त गर्नुभयो। तस्मात् स्वतन्त्रतार्थ कुनै गुरूसँग दीक्षा लिनु नपर्ने ऋषि चर्या मैले पनि ग्रहण गरेको हुँ। ऋषिहरूको कुनै भेषको पनि निर्दिष्ट छैन। बत्कल वस्त्र अर्थात् सरल प्रकारले प्राप्त भएको वस्त्र धारण गर्छन्। भेष भनेको सम्प्रदायको झण्डा हो। जो ऋषि सम्प्रदायमा प्रवेश गर्दैन, त्यसको



Downloaded from http://dhamma.digital

भेषको निर्दिष्ट हुँदैन, ऋषिहरू पुरोहित बन्दैनन्, शिष्यहरूलाई पनि बन्धनमा राख्दैनन् । श्रद्धा भएका, शिक्षाकामी, अर्थ बुझ्ने इच्छा भएका आउँछन् जान्छन्, आउनु पर्छ भन्ने कर छैन । लोकमा ब्यवहार गर्नुपर्छ भन्ने छैन, कसैलाई कर गरेर पनि खाँदैनन् जस्तो प्राप्त हुन्छ त्यस्तै जीविका चलाउँछन् । मैले कसैसँग भिक्षा मागेर पनि खाइनँ, चन्दा पनि लिइन, भेष देखाएर ठगेर खाइनँ, सरकारले मलाई केमा दोष लगाउँछ ? ऋषिहरू राजद्रोही हुँदैनन्, धर्ममा भेदभाव गर्दैनन्, धर्म ज्ञानमा परमार्थ रोजेर लिन्छन्, परधर्म भनेर कसैलाई तुच्छ गन्दैनन् । जातिभेद पनि मान्दैनन् । कुनै पनि देवताको भरोसा लिंदैनन्, आफ्नै कर्तब्यको भरोसा लिन्छन् । कोही जजमानसँग आड भरोसा पनि लिंदैनन्, आकाश बृत्ति हुन्छ । प्रवृत्ति बृद्धि गर्ने वास्ता गर्दैनन् निवृत्तितिर कोशिश गर्छन् । मन स्वतन्त्र हुँदैन मनको करले मुक्त हुन खोज्छ ।

भगवान् बुद्धको सद्धर्म बुझ्न स्वतन्त्र बिचार नै आवश्यक रहेछ । कुनै सम्प्रदायको बन्धनमा बसेर स्वतन्त्र बिचारको विकास हुन सक्दैन । किनभने प्रत्येक सम्प्रदायको प्रत्येक परिभाषा हुन्छ । ईश्वर मान्ने सम्प्रदायले ईश्वर नै मान्नु पर्छ । कर्तब्य मान्ने सम्प्रदायले कर्तब्य नै मान्नुपर्छ । आ-आफ्नो परिभाषाको विरोधको कुरा गर्नु हुँदैन । यदि आ-आफ्नो परिभाषाको विरोध हुन थाल्यो भने त्यो समाजले बहिष्कार गर्छन् । समाजले बहिष्कार गर्नासाथ त्यस समाजमा प्राप्त गरेका नाम, दाम र काममा हानि पुग्न जान्छ । त्यो हानि हुने भय हुनेले सत्यासत्यको पर्वाह नगरी नाम र दाम कमाउने लोभले थाहा पाइकन सम्प्रदायको पक्ष लिएर कुरागर्न कर लाग्छ । सरासर सत्यासत्यको विवेचना गरी आफ्नो जीवन सार परमार्थमा पुर्‍याउने श्रद्धा भएका ब्यक्तिले स्वतन्त्र बिचारको विकास गर्न कसैको सम्प्रदायको छत्रछायाँको आधारमा नबसेर लाभ-अलाभ, मान-अपमानको पर्वाह नगरी भित्र बाहिर अभ्यन्तरको धर्म परिचित भई त्याज्य विषय त्याग गर्ने कर्तब्य पालना गर्नुपर्ने गर्छन् । त्यस्तो निःस्वार्थ निराभिमानी, त्यागी र समदर्शीलाई नै ऋषि मुनि भनिन्छ । ऋषिमुनिहरूको भेषको नियम हुँदैन, सरल प्रकारले प्राप्त भएको वस्त्र धारण गर्छन् । कसैको सम्प्रदायमा प्रवेश गर्दैनन्, आफूले पनि कसैलाई सम्प्रदायको बन्धनमा राख्दैनन्, स्त्री र पुरुष जातिलाई लोकायनी दृष्टिकोणले हेरिंदैन, तत्व बिचार समान भावले हेरिन्छ ।

ऋषि प्रवज्जित भनी कुनै गुरूसँग केश मुण्डन गरी दीक्षा लिंदैन ।



Downloaded from http://dhamma.digital

प्रवज्याको अर्थ हो त्याग। बन्धन जति नै त्याग गर्नु प्रवज्या हो। बन्धनमा बसेर केश मुण्डन गरेर मात्र प्रवज्या हुँदैन। यी कुरा सुनी सकेपछि धम्मवंश भिक्षुले भन्नुभयो "त्यसो हो भने राम्रो कुरा हो, भगवान् बुद्धले कसैको सम्प्रदाय बन्धनमा नबसेर आफ्नै बिचारले सरासर रोजेंर सुख पनि होइन, दुःख पनि होइन मध्यम मार्ग बसेर मात्रै बोधिज्ञान प्राप्त गर्नुभयो।" धन्य, धन्य भन्दै उठ्नु भयो।

## ठाउँको दूर्दशा र लोकको चाला

धर्मचक्र आश्रममा म बस्न नहुने भयो, न हिउँदलाई हुन्छ न वर्षालाई केबल गर्मी महिनाको लागि हुने रहेछ। २०२९ साल आषाढ महिनादेखि बाथ रोगले च्याप्यो। कारण भित्तामा पाताले नछोपेको हुनाले सधैं भित्ता रसाउने, छानाबाट पानी चुहिने, झयालढोका खोलेर सुत्दा हावाले सबै जिउ दुख्न थाल्यो। झयालढोका थुनेर सुत्दा बाफ आउन थाल्यो स्वास्थ्यलाई बिगार्‍यो। त्यसैले पनि रोग बढ्न थाल्यो। अर्को कुरा बाटो हिलो, दाताहरूलाई पनि म बसेको मन परेन किनभने भीड जम्मा गरेर नायक बन्ने इच्छाले चन्दा उठाएर ठाउँ सुधारेर नाम राख्ने इच्छा हुनाले मलाई उठाएर अरू भिक्षुहरू राखेर भीड जम्मा गर्ने बिचार थियो।

म भने भीडभाड न गर्ने बिचारको थिएँ। म एकान्तमा बसेर आफ्नो स्मृति बलियो बनाएर अध्यात्म परमार्थ ज्ञान नछुटाइकन बस्नु पर्ने, एक दुई जना मान्छे आए पनि सिक्ने, सिकाउने, बुझाउने, शंका निबारण गर्ने, मनमा आनन्द लिनेहरू मात्र आउँछन्। मलाई पनि त्यस्तै मात्र मन पर्छ। तमासा, रमझम, भीडभाड मन पर्दैन। तसर्थ नाम राखेर दाम कमाउन खोज्नेहरू बसेको मन पर्दैन। बाहिर आगो भएर चाकडी चाप्लुसी गरी कुरा गर्ने मलाई भने पेच कसेर उठाउन खोज्ने, लोकको नजरमा मनै खराब देखियो।

लोकले जे भने पनि आफ्नो शान्ति पद रक्षा गर्ने मेरो कर्तब्य हो। आफ्नो कर्तब्य टुटेन भने मेरो जीवन सार भयो। लोकको विषयले मेरो जीवनमा केही हानि वा लाभ हुने होइन। हो, यदि लोकले निन्दा प्रशंसा गर्दा मेरो मन चञ्चल भयो भने अबश्य पनि मलाई हानी हुन्छ। यदि मेरो मन उपेक्षा ज्ञानले अचल गरी राख्न् सक्यो भने कसैले हानि गर्दा हानि हुँदैन। हानिकारक गर्‍यो भने हानि हुन्छ। लोकको स्वभाव पनि मैले थाहा पाएँ 'रे' भन्ने को पछि लाग्ने, बिचार गरेर हेर्न



Downloaded from http://dhamma.digital

नसक्नेहरू हुन् । पुनः आफू जतातिर हेर्‌यो परलाई पनि आफू जस्तै सोच्ने स्वभावका छन् । आफ्नो आँखामा कस्तो रङ्गको चश्मा राखिन्छ जहाँ हेरे पनि त्यही रङ्ग देखीरहने स्वभाव हो । आफू शुद्ध भएर बस्ने जसले जे भने पनि भन्न देऊ । मनपर्नेलाई राख्ने ठाउँ छैन, मन नपर्ने बस्ने ठाउँ नभएको संसार हो ।

संसारमा अत्यन्त नै भयंकरको समस्या यो छ कि जान्ने सुन्ने विद्वान पण्डित भनाउँदाहरू ठूलाबडा भनेकाहरू अति नै डरलाग्दा छन् । किनभने तिनीहरूको अगाडि शीलवान्, विवेक, बिचार, सत्यवादी, यथार्थवादी, क्षान्तिवादी परमार्थीहरू देखि नै सहँदैनन् ।

गण्यमान्यहरू वक्ता भएर उच्च श्रेणीमा बस्नेहरू, परमार्थीहरू कर्तब्य परायण भएर सहनशीलको तप गरी निराभिमानी भएर शान्त र सन्तोषले कोमली दर्जामा बस्नेहरूलाई सकेसम्म दबाएर, उपहासपूर्वक निन्दा गरेर प्रवचन गरीरहेको ठाउँबाट उठाउन खोज्छन् । ती गण्यमान्यहरूले थाहा नपाएका होइनन्, आ-आफैलाई थाहा छ कि हामीहरूले लोकजनहरूलाई डर देखाएर, कर गरेर, रहर हुने गरी रमझम गर्न लगाएर लाभ सत्कार लिइरह्यौं । यी परमार्थी लोकजनहरूलाई ज्ञान बताइ दियौं भने लोकजनहरूले हामीलाई मान्यता दिंदैन । त्यसैले यसलाई यहाँ राख्नु भएन भनेर आफ्नो समृद्धिका लागि परमार्थी तपस्वीहरूलाई उपहास गरेर, दोषारोपन गरी लोकजनको आँखामा धूलोले छ्यापेर आफनो स्वार्थ पूर्ण गर्न खोज्छन् । परमार्थीहरू शान्ति क्षान्ति भएकाले दुष्टजनहरूले गरेको सफल भइरहेका हुन्छन् । परमार्थीहरूले कसैलाई दबाउन खोज्दैनन्, झगडा गर्दैनन्, असत्य बिचारले जित्ने युक्ति गर्दैनन् ।

## महाप्रज्ञा तत्वज्ञान

यस्तो लोकमा लोक धर्मलाई नछोइकन बस्न सक्यो भने मात्र आफनो कर्तब्य सफल गर्न सकिन्छ, नत्र लोकको हावाले उडाएर अथाह समुद्रमा डुबाउँछ ।

आठ प्रकारका लोक धर्ममध्ये एउटाले पनि छुन नसक्ने गरी समथ भावनाले मात्र पुग्दैन, समथ भावनाले ध्यानमा बसुञ्जेल मात्र बचिन्छ अन्यथा बचिंदैन । अष्टलोक धर्मले छुन नदिन अध्यात्म बिदर्शन भावना र वाह्यात्म उपेक्षा भावनाले नटुटाइकन अप्रमादी भएमा मात्र बच्छ ।

यति पूरा गर्न सजिलो छैन । पहिले संसार दुःखमय देख्नेले दुःख मुक्त



Downloaded from http://dhamma.digital

हुने श्रद्धा उदय हुनुपर्छ। दुःखबाट मुक्त हुन कर्म सुधार गर्नुपर्छ। कर्म सुधार हुनेको मन शुद्ध हुन्छ। मन शुद्ध भएकोले शुद्ध मनले दुःख निरोध तत्व साक्षात्कार गर्छ। तत्पश्चात् सम्यक् स्मृति भन्ने अध्यात्म तत्वको साधना गर्छन। अध्यात्म नाम-रूप तत्व बुझ्यो भने मात्रै अष्टाङ्ग चर्या सिद्धिएर जन्म मरणको चक्रबाट मुक्त भई निर्वाण पद प्राप्त गर्छन्।

अष्टाङ्ग मार्ग चर्या गर्न मैले भनेको भ्रम हटाउनु अत्यन्त आवश्यक छ। आचरणमा श्रद्धा राख्ने त 'म' भन्ने आत्मभाव नै हो। जुन मध्यम मार्गमा गमन गर्ने आफू नै हो। त्यसैले त्यही 'म' भन्ने आत्मभाव नै हटाउनको लागि हो। यस महाप्रज्ञा तत्व ज्ञान बुझ्न सजिलो छैन। जुन योगीले महाप्रज्ञा तत्वज्ञानको चर्या गर्छ, त्यस योगीले आहारको लागि बन्धनमा बस्दैन। सुखले बस्ने आवासको लागि पनि बन्धनमा बस्दैन। वस्त्र वा भेषको लागि पनि बन्धनमा बस्दैन। मानको आशाले दानको लोभले पनि कसैको बन्धनमा बस्दैन्। सम्प्रदायको अभिमान पनि गर्दैन, जातको अभिमान पनि गर्दैन, कसैको धर्म मतमतान्तरलाई तुच्छ सम्झिदैन्। कसैको दोषलाई वास्ता गर्दैन। दश प्रकारको सुचरित्र शील सुन्दर प्रकारले पालना गर्छ। निवासस्थान सजाउने बिचार गर्दैन, बस्दैन, भेषको अभिमान गर्दैन, बल्कल वस्त्र (सजिलै प्राप्त हुने वस्त्र) धारण गर्छ। किन्नु नपर्ने, माग्नु नपर्ने, बनाउन नपर्ने, कसैलाई दुःख दिनु नपर्ने गरी प्राप्त गरेको वस्त्र धारण गर्छ। निवासस्थानको लागि कसैलाई दुःख नदिइकन चन्दा लिनु नपर्ने, कूत तिर्नु नपर्ने, भाडा तिर्नु नपर्ने, उठाउँछ भन्ने भय नभएको, कसैसँग झगडा गर्नु नपर्ने, मर्मत गर्नु नपर्ने मतलब यो हो कि निवास स्थानको कारणले मनलाई अशान्ति हुने ठाउँमा बस्दैन। जङ्गलमा, रूखको छहारीमा, कसैको घरमा स्वतन्त्र भएर बस्छ। गुरू मेरो भनी, शिष्य मेरो भनी, स्थान मेरो भनी, धर्म मेरो भनी, काय वा काय संम्बन्धी प्राणी वा पदार्थ सम्बन्धी अधिकारी हुँदैन। जहाँ म मेरो भन्ने भ्रम रहन्छ त्यस्तो भाव सबै त्यागेर आकाश जस्तै निर्मल तत्व मात्रको महाप्रज्ञा तत्वज्ञानले आवरण निवारण भए जति काटेर निर्वाण मग्न भएर जान्छ। कसैले लिन्छ, गाली गर्छ, प्रशँसा गर्छ, दान दिन्छ, वन्दना गर्छ। उसमा पनि मलाई मेरो भन्ने भावना उत्पन्न हुनसक्छ। त्यहाँ पनि अप्रमादी भएर म भाव हटाएर होश बलियो बनाई राख्ने कोशिश गर्नुपर्छ। फेरि अर्को दुःख सुखमा पनि म मलाई मेरो भन्ने भाव उत्पन्न हुन सक्छ, त्यसमा पनि स्वभाव धर्म कसैको वशमा होइन,



Downloaded from http://dhamma.digital

कसैको नहुन पनि सक्छ त्यो पनि मैले गरेको हुँ, न मैले बनाएको हूँ, न म आफै हूँ केवल तत्वको स्वभाव धर्म मात्र हो भनेर महाप्रज्ञा तत्व ज्ञानले थाहा पाएर हेरेर भ्रममा नपरीकन अप्रमादी भइरहन्छ। नाम रूपद्वारा बनीरहेको शरीर हो। रूप भनेको चार महाभूतको धातु हो। नाम भनेको अरूप चेतन तत्व हो। पृथ्वी, आप(पानी), तेज, वायु चार धातुको आधारमा कुशलाकुशल कर्मको विपाक भोगार्थ प्रतिसन्धी बस्न आउने संस्कार हो। प्रतिसन्धी बसेको नै नाम र रूप हो। नाम र रूपको अङ्ग ६ आयतन हुन। ६ आयतनमा सम्बन्ध हुन गएको विषय स्पर्श थाहा भएको विज्ञान हो। त्यसमा सुख दुःख अनुभव भएको वेदना हो। त्यसमा खुलेको तत्व एक संज्ञा हो। यहाँ खुलेको अनुभव भएको, थाहा पाएको रूप हो। त्यसमा संस्कारले जीवीतेन्द्रिय बचाई राखेकोले स्पर्श जति अनुभव भएर सुख दुःखादि उत्पन्न भइरहेकोले भ्रमले म बाँकी रहेको हो। भ्रम भनेको हो जस्तै मात्र हो, साँच्चिकैको होइन। पञ्च स्कन्धको कृया तत्वमा अप्रमादपूर्वक स्वभाव धर्म बुझ्रेर त्यसमा पनि न मेरो भन्ने छ, न त्यसमा म छु भन्ने छ, न मनै हुँ भन्नु छ भन्ने यथार्थ बुझ्रेर संज्ञा, वेदना, विज्ञान तीनवटै एउटा, एउटाको तीनवटा भइरहेको स्वभावलाई तत्व मात्रै हो भनी महाप्रज्ञा तत्व ज्ञानमा अप्रमाद भएर निर्वाण भएर जाने हो।

## महाप्रज्ञा आश्रमको समाचार

म ७० वर्ष पुगें। जराजीर्णताको रोगले आक्रमण गर्न थाल्यो। थकान शुरु भयो। ७१ बर्ष टेक्दा बाथ रोगले पाता कस्न शुरु गर्‍यो। ७२ वर्ष पुग्दा चार दिन पनि सञ्चो हुन गाह्रो भयो। सञ्चो नभएको अबस्थामा सहायक चैत्यप्रभा, वसुमाया र रत्नशोभा यी तीन जनाले दुःख सहेर उपकार गरे। शाक्यमुनि, चिनीकाजीहरूले आर्थिक सहयोग गरे, चुनुमाया पनि बेलाबखतमा अर्थ सहायक हुन्। तुलसी बहादुर, नानीछोरी, नारी हिरा, प्राणमायाहरूले पनि आफूले सक्दो उपकार गर्नुभयो। बिरामी भइरहेको अबस्थामा बस्ने ठाउँ अप्ठेरो भन्ने थाहा पाई डिल्ली बजारको घट्टेकूलोमा नारांभाइ उपासकले आधा रोपनी जग्गा प्रदान गर्नुभयो। त्यहाँ नै सुबिस्ता सँग राख्न सक्नेले सक्दो सहयोग गरी आश्रम निर्माण कार्य आरम्भ गरे। माघ महिना अन्त हुने दिन मसान्तमा शिलान्यास भयो।

त्यस अबस्थामा शाक्यमुनि उपासकले भन्यो “गुरूको जीवन



Downloaded from http://dhamma.digital

छउञ्जेल हामीहरूको व्यस्तताले समयले नेटो काट्यो। अब गुरूको शरीरमा रोग जराब्याधिले आक्रमण गरेर ल्यायो। हामीहरूले केही सिक्न सकेनौं।"

मैलै भनें "शाक्यमुनि ! गुरु सँग सिकेर लिने शब्द मात्र हो। मुख्य सिक्नु पर्ने मोहको पर्दा च्यातेर अविद्या हटाएर लोकको भनाइलाई त्यागेर आफ्नो त्रिकाय परिशुद्ध गर्न अल्छी नमानी गल्ती नगरीकन शील पालना गर्नु हो। शीलले परिशुद्ध भएकाले मनको आँखा खोलेर बिचार बलियो बनाइ परमार्थमा प्रवेश गरी प्रपञ्च जालबाट मुक्त हुने श्रद्धा उत्पन्न हुन्छ। त्यो ब्यक्ति आनन्द भूमि साक्षात्कार भएर संसार चक्रबाट मुक्त हुन्छ।"

गुरूले साँचो मात्र दिन्छ, अलंकार बस्त्र चिटिक्क पारेर लगाउने आफ्नो बिचार र तरिका हो। मैले बताउने कुरा जति लेखबद्ध गरी राखेको छु। त्यो हेरेर आफूलाई आवश्यक आनन्दको भागी भइ दिनुहोस्।

## बुद्धम् शरणम् भने पुग्छ गच्छामि होइन

एकदिन लक्ष्मीप्रभा उपासिकाले धर्मचक्र आश्रममा आएर प्रश्न गरिन् "गुरू ! नबुझेको एउटा कुरो गुरुसँग सोध्ने इच्छा भयो, सोध्नु हुन्छ ?"

उत्तर "हुन्छ, किन हुँदैन, भगवान्को धर्म सबै बुझ्न आवश्यक छ। जहाँसम्मन् आफूले धर्म बुझदैन, त्यहाँसम्म त्यो धर्मले रस दिन सक्दैन। आजभोलि भने बताउने र सुन्नेमा सीमित राखीराख्यो, बुझ्नु पर्छ भन्ने वास्ता नै भएन। के सोध्ने हो, सोध्नुहोस्।"

प्रश्न -"अरूको होइन गुरू ! हामीहरूले दिनदिनै "बुद्धं शरणं गच्छामिं भनी पढी रह्यौं। त्यसको अर्थ थाहा छैन, यही नै एकपल्ट सोध्ने इच्छा हो।"

उत्तर -"बुद्धं शरणं गच्छामि भन्नुको अर्थ यो हो कि "बुद्ध को शरणमा जान्छु" भनेको हो।"

प्रश्न -"बुद्धको शरणमा गइरहेको नै छु, पुनः जान्छु भन्नुपर्छ र ?"

उत्तर -"अब के गर्ने, त्यस्तो नै भन्ने गरी राखे। खास गरेर "बुद्धं शरणं" मात्र भने पुग्छ। 'गच्छामि' भन्यो भने, जानु पर्ने भयो।

प्रश्न -"शरण" को अर्थ पनि थाहा पाउनु पर्‍यो।

उत्तर -"शरण" को अर्थ भरोसा, आड वा आधार।



Downloaded from http://dhamma.digital

प्रश्न -"गुरु ! त्यत्तिकै त बुझेन, एउटा उपमा राख्नु भयो भने बुझ्न सक्ला कि ?"

उत्तर -उपमा - कोही बालक खेल्न जाँदा कुकुरले लखेट्यो। त्यो बालकको भर लिइदिने कोही नभएर आफ्नो आमा पुकार्दै, आमा भएको ठाउँमा दगुरेर आएर आमाको काखमा लुटुपुटियो आमाले बालकको रक्षा गर्नुभयो। यसरी नै हामीलाई सांसारिक दुःखले पछ्याइरहेकोले जाने ठाउँ कहीं नभएर बुद्धको भरमा आधार लिएर बुद्धको शरणमा भनी जीवन अर्पण गर्ने हो।

साधु, साधु बल्ल अब बुझें। "म बिदा हुन्छु है त गुरू ! म शील ग्रहण गर्नलाई जानुपर्छ।"

## शील दिने पनि होइन लिने पनि होइन पालना गर्ने

शील लिने र दिने यो प्रथा ठीक जस्तो लागेन। शील भनेको दिने पनि होइन लिने पनि होइन, शील भनेको पालना गर्ने हो। शील पढ्न नजाने पनि भन्तेहरूले सिकाई दिनुहुन्छ। पढ्न नजाने पनि आफैले शील अधिस्थान गरी पालना गर्ने हो।

आफ्नो जीवनको माया भएकोले परको जीवनमा घातक गरिंदैन। आफ्नो धन रक्षा गर्न मन पर्नेले पर धनमा लोभ गर्दैनन्। आफ्नो दम्पत्तिलाई माया भएकोले पर दम्पतिलाई ब्यभिचार गर्दैन। आफूलाई कसैले मिथ्या वाक्यद्वारा धोका दिन नचाहनेले कसैलाई पनि मिथ्या वाक्यद्वारा धोका दिन चाहँदैन। आफ्नो जीवन अमूल्य भन्ने थाहा पाउनेले मादक पदार्थ सेवन गर्दैन। आफ्नो घरमा शान्ति चाहनेले परलाई चुक्ली गरेर झगडा गराउँदैन। आफूलाई कसैले कडा वचन बोलेको मन नपर्नेले अरूलाई पनि कडा वचन बोल्दैन्। आफ्नो जीवन सार गर्न चाहनेले ब्यर्थैमा फाल्तु कुरा गर्दैन। आफ्नो मन शुद्ध गर्नुपर्नेले अर्काको धनको आशा गर्दैन। आफ्नो मनमा शान्ति चाहनेले परको दोष सम्झेर बस्दैन। नर जन्म सारमा पार्नुपर्नेले आफूले गरेको कर्मको फल आफैले भोग गर्नुपर्छ भनी यथार्थ बुझेर बस्छ।

यस प्रकारले शील पालना गर्नुपर्ने कारण थाहा पाएर बसेकाले राम्ररी शील पालना गर्छ। शील भनेको कसैले दिएर पाउने पनि होइन्, कोही कसैसँग लिएर आउने पनि होइन्। नजानेसम्म सिक्नुपर्छ, सिकेपछि राम्ररी पालना गर्नुपर्छ।



Downloaded from http://dhamma.digital

शील पालना राम्ररी भयो भने सहनशीलले पाप कट्छ, पाप कट्दै गएपछि मनमा आनन्द आउँछ। शील पालना गर्ने पापबाट बच्छ। पापबाट बच्यो भने कायिक र मानसिक शान्ति हुन्छ।

त्यसैले शील पालना नै आवश्यक छ। जीवनमा शान्ति, पुनर्जन्ममा शान्ति र जन्ममरणको चक्रबाट मुक्त हुनलाई शील नै प्रधान छ। यति शीलको वर्णन !

## भावनाको कुरा

भन्ते गुरु ! मेरी दिदी ज्ञानप्रभाले बताउनु भएको छ "कर्मस्थानाचार्य महाप्रज्ञा भन्तेले बताउनु हुने र अरू भन्तेले बताउनु हुने भावनाको कुरा उस्तै छैन। महाप्रज्ञा भन्तेले बताउनु हुने मात्रै चित्त बुझ्दो छ" भन्ने गर्थिन्, त्यो नमिलेको के भएर ?

श्रीमती लक्ष्मीप्रभा ! त्यो भावना उस्तै नभएको एउटा कारण छ, त्यो के भने सिकेर बताउने र अनुभवीले बताउने कुरामा अलिकति फरक हुन्छ। जस्तै : कोही रोगी व्यक्तिको अनुहार कस्तो हुन्छ, शब्द बोलेको कस्तो हुन्छ ? ठीक त्यसरी नै अनुहार पारेर शब्द उसैले जस्तै निकालेर कराएमा हेरीरहेकालाई त्यति प्रभाव पार्दैन। जति रोगी कराउँदा संवेग उत्पन्न हुने हो। त्यसरी नै भावना वा साधना भएका योगीले बताउँदा खेरि जति बुझिन्छ त्यति पढेर जानेकाले बताउने हुँदैन।

पढेर मात्रै सिकेकाहरूद्वारा संसारमा बुद्ध शासनको प्रचार गरीरहेको हो। धर्म प्रचार भएको होइन।

"भन्ते ! बुद्ध शासन भनेकै धर्म होइन र ?"

"लक्ष्मी ! बुद्ध शासन भनेको बुद्धको खवर हो। धर्म भनेको चर्याको नाम हो। त्यसको लागि संसारमा बुद्ध शासन मात्रै चल्यो, धर्म लोप भएर गयो। अहिले त झन बुद्धको नामले संघ ठूलो भयो, धर्म चर्याको नाम हराउँदै जान थाल्यो।"

"भन्ते ! धर्म चर्या कस्तोलाई भनिन्छ ?"

"लक्ष्मी ! धर्म भनेको शील र भावना हो। शील र भावनाको फल 'धर्मानन्द' ! संसारको जालबाट अलग्ग भएर कहिल्यै नसकिने आनन्द, रागादि क्लेशले छुन सक्दैन।"

"भन्ते। भावना भनेको कस्तो हो ? हामीले पनि सुन्न सकिएला ?"

"लक्ष्मी ! भावना भनेको बिचार हो। बुद्ध गुण, धर्म गुण, संघ



Downloaded from http://dhamma.digital

गुणको महिमा बिचार गरेर हेर्नेलाई भावना भनिन्छ।"

अर्को आफनो जीवन कस्तो हो ? बिचार गरेर हेर्ने। वर्तमान जीवनमा पहिलेको र अहिलेको जीवन कति फरक भयो ? पहिलेभन्दा अहिले राम्रो भयो कि नराम्रो भएर बिग्र्यो ? बिचार गर्ने। अहिले जस्तै भइरह्यो भने पछि हुँदा 'म यस्तो हुन्छु' भनी सिक्नु भावना हो। आज मैले कति असल काम गरें ? खराव कति गरें ? भन्ने बिचार गरी हेर्नु भावना हो।

भावना यथार्थ हुनलाई पहिले शील परिशुद्ध हुनुपर्छ, शील पालना गरेको छु भनेर आमिष भोजन(मांस मदिरा) सेवन गरिरहनेहरूको पनि भावना शुद्ध हुँदैन। शील नै पालना नगर्नेको नामो निशान नै रहन्न।

ठूलो हुनु पर्ने, मान खोज्ने, धन बनाउन चाहने, प्रसिद्धि खोज्ने यस्ता स्वार्थीहरूले पनि भावना गर्न सक्दैनन्। भावना ध्यान समाधिको ढोंग रच्नेहरूले भावना गर्न सक्दैनन्। भावना गर्नेले आफूले गरेको ध्यान भावना प्रकाश गर्दैनन्।

ध्यान भावना गर्ने ध्यानीहरूले आफूलाइ ध्यान भावना गर्न मिल्ने ठाउँ खोजी हिंड्छन्। ध्यानीहरूले मलाई ध्यान गर्न ठाउँ बन्दोवस्त गर, मलाई ध्यान गर्न सामान ठीक पार भन्दैनन्। आफनो ध्यान भावना गर्न कसैलाई केही नभनी, कसैलाई दुःख नदिइकन, कसैलाई थाहा नदिइकन गुपचुपले आफ्नो कर्तब्य पालना गर्नु उत्तम हुन्छ।

शून्य निर्जन ठाउँमा, निःशब्द, निष्कलंक ठाउँमा बसेर, शीलले परिशुद्ध भएर मैत्री भावलेयुक्त भई, कसैको बन्धनमा नपरी, करले मुक्त व्यक्तिले आफनो मन परिशुद्ध गर्ने भावनाले रट्छन्।

यस शरीरमा सुकर्मी, कुकर्मी, दुःखी, सुखी भइरहेको मन हो। मनलाई नै संभार गर्नको लागि भावना गर्नुपरेको हो। मनको भावना गर्ने साधकले पहिले विक्षिप्त बेपत्ता भइरहेको मनलाई पत्ता लगाउनु पर्‍यो। त्यही वेपत्ता भइरहेको मनले राम्रा, नराम्रा मिसिएको कर्म गर्छ। जे जस्तो कर्म गर्छ त्यस्तै विपाक भोग गर्न जन्म मरणको चक्रमा घुम्दै घुम्दै, पुरानो भोग गर्दै नयाँ कर्म बनाउँदा बनाउँदै कहिल्यै शान्ति नहुने भुमरीमा परीरहन्छ भन्ने थाहा पाएर मनबाटै समाधान गर्नको लागि भावना गर्ने हो।

वेपत्ता भइरहेको मन पत्ता लगाएर पनि सम्हाल्न गाह्रो छ। तथापि मनको गति थाहा पाउँदै आउँछ। मनले समाधान गर्न नसकेर विरक्त



Downloaded from http://dhamma.digital

भएर आउँछ। विरक्तले साधकको जोश बृद्धि भएर मनले देखेको ठाउँमा स्मृति राखेर नचाहिंदो गर्न नसक्ने स्मृति पहरा राख्ने कोशिश गर्छ। स्मृति पहरा राखी दिएकोले मन कायल भएर शिथिल भएर आएपछि ध्यानले मनलाई यताउती गर्न नसक्ने गरी नियन्त्रण गर्छ। नियन्त्रणमा राख्न सकेपछि त्यसले सुख दिन्छ। सुखी मनले निर्वाण मार्गको चर्या गर्न सक्छ। निर्वाण मार्ग हेर्नुहोस्, बुझ्दै आउँछ।

## टेप रेकर्ड पनि भयो

म ७२ वर्ष पुग्न ३ महिना बाँकी छँदा डिल्लिबजारका हिरालाल उपासकका सुपुत्री नानी माया उपासिकाले प्रार्थना गरेकीले "महाप्रज्ञा अमूल्य उपदेश" नामको पुस्तक लेखें। त्यो उपदेश उहाँ नानीमाया उपासिकाले टेप रेकर्ड भरेर लिनुभयो।

त्यसमा नै अनुत्तर बोधिज्ञान अर्थात् चार आर्य सत्यको शारांस ज्ञान उल्लेख भएको छ।

## श्रद्धाहुनेहरूको अनुरोध

२०२९ साल चैत्र संक्रान्तिको दिन हिरालाल उपासकको घरमा बुद्ध मूर्ति पनि स्थापना गरें। त्यस मूर्तिका कलाकार खिचापोखरीका चैत्यप्रभा उपासिका हुन्।

चैत्यप्रभा उपासिकाले भनिन् "गुरु! हजूरले मलाई ज्ञान, ध्यान, शिल्पकला समेत शिक्षा प्रदान गर्नुभयो। स्थान स्थानमा हामीले बनाएका मूर्तिहरू स्थापना भए। हजूरको यो गुण कहिल्यै बिर्सन सक्दिनँ। अहिले हजूर नजिकै धर्मचक्र आश्रममा बस्नु भएकोले हामीहरूले गुरूको सेवा गर्न सौभाग्य पाएका छौं। अब पुनः हजूर टाढा बस्न जान लाग्नु भयो। टाढिंदा हामीले सेवा गर्न पाउँला र?

"भो उपासिका! श्रद्धा भएकाहरू कहाँ कहाँ पुग्छन्, मप्रति श्रद्धा भएकाहरू डिल्लीबजारसम्म आउन टाढा भयो त?"

"हजूरले धर्मचक्र आश्रम किन छोड्न लाग्नु भएको हो? यहीं बस्नु भए हुन्थ्यो नि?"

"उपासिका! अर्कालाई मन नपरेको ठाउँमा बसीरह्यो भने चोखे लाग्छ। त्यसैगरी बिरामी पर्छ। दाताज्यूहरूले मप्रति कपट चित्त गर्नु भई, विरोधी भाषा बोल्न थाल्नु भयो। तिनीहरूको इच्छा अनुसार नहुँदा



Downloaded from http://dhamma.digital

तिनीहरूको मनमा म बसीरहेको मन परेन् । म भने कसैको बन्धनमा बस्न चाहन्न । तिनीहरू भने भिक्षुहरूको कुरा सुनेर मलाई धर्म प्रचार गर्न अप्ठ्यारो पर्ने गरी साहू महाजनहरू लगाएर कहीं नजाऊ सम्पूर्ण आवश्यकता हामी पुरयाई दिन्छौं भन्न थाले ।"

"म कसैको बन्धनमा बस्न घरबार छोडेर आएको होइन्, धर्म प्रचार गर्छु भनी आएको हुँ" भनें ।

तिनीहरूले भने "धर्म प्रचार यहीं बसेर पनि गर्न सकिन्छ, गर्नुहोस्, चाहनेहरू यहीं नै आउँछन् ।"

## एकै ठाउँमा बस्नेहरू शीलवान् होइनन्

आवश्यक भएकाहरू यहीं नै आउँछन् भनेर भगवान् बुद्ध एकै ठाउँमा बस्नु भएन भनेपछि म किन बसीरहने ? यही कुरा तिनीहरूलाई चित्त नबुझेको हो । तिनीहरूको बिचार यो हो कि यसलाई बस्न नसक्ने गरी उठाएर पठाए पछि भिक्षुहरू राख्न ल्याउने ।

तिनीहरूको इच्छा पूरा गरी दिउँ । अरूको इच्छा बिरूद्ध लडिरहनु पनि धर्म होइन । तिनीहरूको इच्छा पूरा गरी दिऊँ । तिनीहरूको इच्छा पूरा होस्, म छोडी दिन्छु ।

गुरू ! लोकले यस्तो पनि भन्न थाल्यो कि "महाप्रज्ञा कहीं पनि टिक्न नसकेको नै असल नभएकोले हो" भनी नराम्ररी भनी हिंड्न थाले ।

"भो उपासिका ! भन्न देऊ ! असल भिक्षुहरू शीलवान् र विनय पालना गर्ने हो भने एकै ठाउँमा कहीं पनि बस्दैनन् । जस्तो कि बग्ने पानी गन्हाउँदैन भने जस्तै एकै ठाउमा नबस्ने ऋषि मुनिहरूसँग माया र तृष्णा रूपी क्लेश हुँदैन ।"

"गुरू ! हजूर वृद्धाबस्थामा पुग्नुभयो, रोगले पनि छोडेको होइन । अब एकै ठाउँमा बसेर आफ्नो ध्यान गर्नुहोस् ।"

"भो उपासिका ! सकेसम्म बदलीरहन्छु, नसक्ने घडीमा आफै एक ठाउँमा थला परेर बस्छु ।" उपासक उपासिकाहरू मौन भएर बसीरहे ।

## यस्तो पनि सुन्नु पर्‍यो

२०३० सालमा म पाटन जाँदाखेरि मंगलबजारमा कालु उपासकको पसलमा बसीरहँदा हर्षवीर उपासकले भन्यो "सुमंगल विहारको हाल हजूरले थाहा पाउनु भयो ?" मलाई त थाहा थिएन, किन के भयो ?



Downloaded from http://dhamma.digital

हजूरलाई विहारबाट निष्काशन गरेको पापको फल पाक्दै आयो । त्यही सुमंगल विहारका बुद्धघोष भिक्षु र शिष्य याणपुन्निक भिक्षु घमासान झगडा गरेर उपासकहरू पनि दुई पक्ष भएर झगडा गरीरहेका छन् ।

पुनः एकदिन धर्मचक्र आश्रममा पांगाका कृष्ण बहादुर उपासक आएर भन्यो "नेपालका भिक्षुहरूले हजूर जस्तो निर्दोषीलाई दोषारोपण गरी निन्दा गरेको फल निस्क्यो । प्रत्येक विहारमा आ-आफै झगडा गरेर धर्म नाश गर्दै आइरहेका छन् ।"

## आश्रमको नियम

२०२९ सालमा डिल्लीबजारका नारान महर्जनले आधा रोपनी खेत अर्पण गर्नुभयो । त्यसैको परमार्थ धर्म परम्परा चलाउने श्रद्धा र धर्मस्थल आफ्ना मुख्य शिष्य चैत्यप्रभालाई आचार्य पदमा स्थापना गरें ।

यो धर्मस्थल कसैको निजी बिर्ता हुँदैन । कसैले कसैलाई बेच्न वा बकसपत्र लेखेर दिने हक हुँदैन । सञ्चालनको निम्ति विश्वासीलाई जिम्मासम्म दिने हक आचार्यलाई छ । यो जग्गा गुठीको हो तसर्थ बर्सेनी कालमोचन गुठीमा दस्तुर बाली तिरेर आफनो धर्म पालना गर्नुपर्छ । यस धर्मस्थलमा बस्नेहरू अवश्य नै व्रम्हचर्या पालना गर्नुपर्छ, सपरिवारलाई धर्मस्थलमा स्थान पाउँदैन । यस धर्मस्थलमा बस्नेहरूले स्थापित आचार्यको उपदेश नियम पालना गर्नुपर्छ । आदेश पालना नगर्नेहरूलाई स्थापित आचार्यले निष्काशन गर्ने हक छ । स्थापितका जीवन पछि सञ्चालक आचार्यले छानेका सदर हुनुपर्छ । यसमा कमिटी भन्ने छैन । आचार्य परम्पराद्वारा सञ्चालन हुन्छ । यस स्थानमा बिचारवादी परमार्थ ज्ञानको पालना हुन्छ । यहाँ कुनै सम्प्रदाय हुँदैन, कुनै मतमतान्तर बनाउन पाइँदैन् । सार्वजनिक परमार्थ धर्म मात्र लागू भइरहन्छ । ऋषि प्रवज्जितहरू बसेर ऋषिप्रवज्या प्रदान गर्ने प्रथा चल्दैन । स्वतन्त्र बिचारले छानेर शान्ति पथलाई आवश्यक ज्ञान स्वीकार गरिन्छ ।

शास्त्रमा लेखी राखेपनि, सार्वजनिक मान्यता दिए पनि, पहिलेदेखि चलेर आएको भए पनि आफ्नो बिचारले अरूचि भएमा, परमार्थ नमिलेमा स्वीकार नगर्ने ब्यक्तिगत अधिकार छ । यसरी नै गर्नुपर्छ भन्ने कर लाग्दैन ।

तर यहाँ एउटा कर लागेको छ । त्यो के भने परमार्थज्ञान विपरीतहरूलाई स्थान छैन । यो एक ध्रुबसत्यकर रहिरहन्छ । अर्को एक



Downloaded from http://dhamma.digital

व्रम्हचर्या पालना नगर्नेलाई यहाँ बास राख्दैन । यसमा विवेचना बिचार गर्ने स्थापित आचार्यको हक छ ।

परमार्थको मुख्य मूल नियम व्रम्हचारी हुनुपर्छ, रिस, राग, लोभ, हुनुहुँदैन ।

## महाप्रज्ञा तत्वज्ञानः पञ्च स्कन्ध परिच्छेद

नाम र रूप । रूपस्कन्ध अर्थात् पृथ्वी, आप, तेज, वायु ४ प्रकारले रूप स्कन्धमा पनि ४ प्रकारका महाभूत छन् अर्थात् पृथ्वी धातुले पनि ४ प्रकारले आप, वायु, तेज, पृथ्वी छन् । आपले पनि, तेजले पनि, वायूले पनि यसलाई ववत्थान भावना भनिन्छ । यो ववत्थान भावनाद्वारा बुझ्न आवश्यक छ ।

नाम स्कन्ध-संस्कार, संज्ञा, वेदना, विज्ञान हो । संस्कार भएर नै शरीरमा ३२ वटा कोठाश बन्यो । कोठाशको हेतुले नै केही स्पर्श हुनासाथ चाल पाउँछन् । चाल पाउनु नै संज्ञा हो । यसमा कोठाशले संज्ञा उत्पन्न गरेको होइन, उत्पन्न भएको हो । संज्ञाले चाल पाएकोले नै सुखदुःखादि अनुभव भएको हो । संज्ञाले वेदना अनुभब उत्पन्न गरेको होइन उत्पन्न भएको हो अनुभब भएर नै थाहा पाएको बिज्ञान हो । यस बिज्ञानले पनि अनुभब उत्पन्न गरेको होइन, उत्पन्न भएको हो थाहा नपाएको भए, अनुभब भएको ज्ञात हुँदैन, अनुभव भएकोले नै चाल पायो भन्ने बोध हुन्छ । संज्ञा, वेदना, विज्ञान तीन प्रकारले उत्पन्न भएकोले नै रूप भन्न पायौं । यसमा शास्ताको अनुग्रहले र गुरूको दयाले अर्को आफनो कोशिशले उक्त रूपको परिचय भएको हो । यी पाँच प्रकारले नै ज्ञाता होइन, ज्ञातव्य मात्र हो । रूपलाई यो थाहा छैन कि संज्ञा हो । यी पाँच प्रकारले नै ज्ञाता होइन, ज्ञातव्य मात्र हो । रूपलाई यो थाहा छैन कि संज्ञा उत्पन्न भएको, संज्ञालाई यो ज्ञान छैन कि सुखदुःख भइरह्यो भन्ने, वेदनालाई यो थाहा छैन कि वेदना भइरह्यो भनेर, विज्ञानलाई पनि यो ज्ञान छैन कि मैले यो सिकीरहेको छु । पाँचवटैले आ-आफ्नो स्वभावले के के हुनु पर्ने भइरह्यो मात्र तिनीहरू कसैको सहायक होइन, कसैको वसमा पनि छैन, प्राणी पनि होइन, ब्यक्ति पनि होइन् आत्मा पनि होइन् -गतिशील हो, नश्वर हो, कसैले खटाएमा खट्ने पनि होइन । निशरण हो ।

चतुर्महाभूतको परमार्थ ....... स्पर्शानुभाव मात्र पृथ्वी भनेको हो ।



Downloaded from http://dhamma.digital

सम्बन्ध लक्षण नै आप धातु हो ।
शीतोष्ण अनुभव मात्र नै तेज हो ।
संरक्षण भइरहेको नै वायु हो ।

यति ज्ञानले मात्र स्पष्ट हुने, निर्णय हुने, अनुभव अनुसार बोध हुनुलाई नै "महाप्रज्ञा तत्वज्ञान" भनिन्छ ।

## निर्वाण

नाम रूप छ तथापि म भावसहितको क्लेश भनेको केही नै नभएका अरहन्त जीवन बाँकी छँदा नै निर्वाणको रस प्राप्त गरेको हुन्छ । सजीवनकालमा प्राप्त भएको निर्वाणको रस थाहा पाइसकेकोले अरहन्तको नाम रूप - संसारको सम्बन्धबाट मुक्त भइसक्यो । तसर्थ त्यस्तो अरहन्त मृत्युपश्चात् पुनर्जन्म हुन सक्दैन । किनभने अध्यात्म र वाह्यात्मको सम्बन्ध चुँडी सक्यो तसर्थ जन्म हुँदैन । अंकुर आउने बीज सकीसक्यो, कहाँबाट अंकुर आउँछ । जीवन छँदा नै गर्नुपर्ने आवश्यक चर्या पूर्ण भइसक्यो । तसर्थ हेतु शून्य भएर महाप्रज्ञा ज्ञानको चर्या पूर्ण भएर आकाशमा बादल बिलाइसक्यो भने कहाँ जन्म हुन्छ र ? पुरानो संस्कार क्षान्तिद्वारा भोग गरी उत्तीर्ण भयो । नयाँ संस्कार उत्पन्न नभइकन अप्रमादद्वारा बिजय भयो । त्यसैले जन्म हुनु न पर्ने भयो । त्यही ब्यक्तिले पृथ्वी पनि विजय प्राप्त गर्‍यो, देवलोक पनि विजय प्राप्त गर्‍यो, यमराजसँग पनि विजय प्राप्त गर्‍यो । तसर्थ स्वर्ग, मर्त्य, पाताल कहीं पनि उत्पन्न हुनु परेन । अरहन्त भइसकेकालाई मोह अन्धकारले छोप्न सक्दैन । किनभने अप्रमाद रूपी आलोक आलोकित भइरहेकोले अँध्यारो भन्ने हुँदैन । मोह अन्धकारमै चोर्न आउने, त्यो चोर राग हो । राग भनेको म, मेरो, मलाई भन्ने भाव हो । म भन्ने नै मेरो, मलाई भनेको दया, स्वार्थ, संसारमा सम्बन्ध राखेर काम, क्रोध, लोभ, मोह मान, दृष्टि आदि क्लेश भएर जीवनमा अशान्ति भइरहेको हो ।

मलाई भएसम्म कसैले हानि पुर्‍याइ दिएमा क्रोध उत्पन्न भएर भयंकरको संस्कार बनाई जन्म मरणको चक्रमा अखण्ड चक्र भोगीरहनु पर्ने थाहा पाएर आर्य पुद्गलहरूले सबैभन्दा पहिले रागलाई नै वैरागले निर्मूल गर्न खोज्छन् । पूर्ण वैराग नभइकन अरहन्त हुन सक्दैन । पूर्ण वैरागीहरूसँग बडा भाव हुँदैन, जम्मा पनि गर्दैन । लोक, समाजमा, संस्थामा बसेर दाम र नाम कमाउने इच्छा गर्दैनन् । अन्तमा म भन्ने



Downloaded from http://dhamma.digital

भावना नै छैन भने त्यस्ता आर्यलाई के सांसारिक हुन्छ ? केही पनि हुँदैन । त्यही नै वन्दनीय वा पूजनीय, स्मरणीय हुन्छ ।

## आयु छोटो भएको लक्षण

२०३० मा म ७३ वर्ष पुगें । ७० वर्ष टेक्दाखेरि नै मैले आफ्नो जीवन अन्त हुने समय नजिक आएको लक्षण थाहा पाएँ ।

७१ वर्ष पुग्दा विशेष प्रकारले अनित्यको चिन्ह देखा पर्न थाल्यो ।

७२ वर्ष पुग्दा मुखभित्रका दाँतहरू क्रमशः झर्न थाले ।

७२ वर्ष पुगी सकेपछि पहिले जस्तै मैले किताब लेख्न सकिन, कविता लेख्न दिमागमा आएन । नयाँ-नयाँ विषय त्यहींको त्यहीं नै बिर्सन शुरु भयो । पुरानो अनुभव भएको ज्ञान मात्रै बिर्सन सकिएन्, वर्तमानको सम्पूर्ण विषय स्मृतिमा रहेन ।

यहाँसम्म स्मृति कमजोर भएर गयो कि आज भोजन ग्रहण गरेको स्थान अर्थात् भोजनदाता को हो, कहाँका हुन् भनी सम्झन खोज्दा सम्झिन सकिन । यस्तोसम्म भयो ।

७३ वर्ष पुग्दा मैले कुरा गरेको श्रोतागणले अलि कडा भयो भन्न थाले । आफैले बिचार गरी मौन भइरहँदा पनि रिसायो भने । वाक्य प्रयोग गर्दा पनि वचन कडा भयो भन्न थाले । म के गरुँ ? यस्तो उस्तो पनि भन्न सकिएन । यो पनि अन्तिम लक्षण जस्तै बुझ्न थालें । यो २०३० साल मेरो लागि भविष्य शून्य होला कि जस्तो लाग्यो । भगवान् बुद्धको असीम कृपा र आचार्यहरूको अनुकम्पाले अर्को सुसंगतको फलले मेरो जीवन सार हुन्छ जस्तो लाग्यो । तसर्थ मनमा अत्यन्त नै आनन्द प्राप्त भयो ।

## विराग मार्गमा परेको कुरा

अर्को एक अमूल्य घटना हो । जुन घटनाद्वारा म विराग मार्गमा अग्रसर हुन सकें । संसारको स्वभाव दर्शन प्राप्त भयो । संसार जबसम्म परको आधारमा वा सम्बन्धमा बस्नु पर्ने हुन्छ, तबसम्म रागले मुक्त हुँदैन । रागको बन्धनमा बसुञ्जेल आँखाले मन नपरेका हेर्नुपर्ने हुन्छ । कानले अप्रिय शब्द सुन्नुपर्ने हुन्छ, मुखले अप्रिय वाक्य प्रयोग गर्नुपर्ने हुन्छ, खुट्टा मन नलागेको ठाउँमा जानुपर्ने हुन्छ, मनमा अशान्तिले डाहा भएर बस्नुपर्ने हुन्छ । परको अधीनमा बसुञ्जेल मनमा शान्ति दुर्लभ हुन्छ । तसर्थ यो अशान्ति दिइरहने कल्याण मित्रहरूबाट गरेर मलाई



Downloaded from http://dhamma.digital

संसारमा बास नदिइकन संसारबाट निष्काशन गरेकोले मलाई अष्टलोक धर्मले छुन सकेन, कहिल्यै नपाइने आनन्द प्राप्त भयो। तसर्थ ती मित्रहरूलाई पनि म आफैले गरेको पुण्य भाग समान रूपले बाँडी दिएँ।

संसारमा जन्म लिएपछि मृत्यु अवश्य नै हुन्छ। जन्म भएर मृत्यु अवस्थासम्ममा मैले आफ्नो कर्तब्य पालना गर्न पाएको पनि सानो भाग्यले होइन। यो नरजन्मको गुण हो।

दु:खले मुक्त हुन गर्नुपर्ने कर्तब्य के हो भनी त्यो कर्तब्यको पालना गर्नसक्ने केवल मनुष्य जन्ममा मात्रै नै हो। अर्को जन्ममा देवलोकमा पनि असम्भव हुन्छ।

तत्पश्चात् संसारमा बिभिन्न प्रकारका मत मतान्तर भएकोले त्यो सम्पूर्ण धर्मको ज्ञान श्रवण गरेर सार धर्म विवेचना गर्ने सामान प्राप्त भयो। त्यसैले जुन ज्ञानले जुन धर्मले दु:ख निरोध गर्ने हो। त्यो खोजेर लिन सक्ने र बिभिन्न प्रकारको सम्प्रदाय धर्म गर्ने महादया हो। त्यसमा विवेचनाकार, बिचार ज्ञान कहाँबाट आयो, त्यो बिचार ज्ञान नै प्रज्ञा चक्षु भएर संसारमा विदर्शन रूप दर्शन परेकोले त्यहाँ म लिप्त हुन नसकेर निष्काशनमा परेकाले सार ज्ञान खोज्ने अवसर प्राप्त भयो।

म भाव, निर्वाण मार्गको शंका, त्यो शील र ब्रतले मात्र पनि विश्वास, यी तीन प्रकारले परिशुद्ध भयो भने श्रोतापन्न हुन्छ। यस तीन प्रकारको परिशुद्धि श्रोतापन्न मात्र होइन् सकृदागामी, अनागामी र अरहन्तसम्म शुद्ध रूपले बसी नै रहन्छ। त्रिपारीशुद्धि मुख्य परमार्थको 'जरा' हो। त्यसैले सकृदागामी, अनागामी अरहन्त यी चार प्रकारले मार्ग खुलाउँदै जान्छन्।

यहाँ मुख्य सत्काय दृष्टि निरोध गर्न सजिलो छैन्। तत्व फोडेर हेर्ने महाप्रज्ञा ज्ञान नभइकन सत्काय दृष्टि (म भाव) निरोध गर्न सक्दैन्। म भाव भइ राखेकोलाई नै सत्काय दृष्टि भनिन्छ।

स्पर्श गरेर चाल पायो, चाल पाएकोले सुख दु:खादि अनुभव भयो, अनुभव भएकोले थाहा पायो। यतिको सम्बन्धले चेतन उत्पन्न भएकोले भ्रमले म भाव उत्पन्न भएको हो।

रूप-रूप मात्रै हो। त्यो म होइन। संज्ञा-संज्ञा मात्र हो, त्यो पनि म होइन। वेदना अनुभव मात्र हो, त्यो पनि म होइन। विज्ञान-शील मात्र हो, त्यो पनि म होइन। अध्यात्म वाह्यात्मको सम्बन्ध उत्पन्न भएको विज्ञान शील मात्र हो त्यो पनि म होइन।

नाम रूपको क्रिया चलिरहेकोले अध्यात्म इन्द्रिय सक्रिय भएर



Downloaded from http://dhamma.digital

वाह्यात्म विषयको सम्पर्क भएर चेतना उत्पन्न भएको हो, त्यो पनि म होइन । त्यही चेतना मन हो । संस्कार पनि संस्कार मात्र हो, त्यो पनि म होइन् । संस्कारको कर्ता मन हो ।

अज्ञानताको आधारमा मन कर्ता भयो ।

बुद्धि र स्वार्थले गरेर मन भर्ता भयो ।

मोहको अन्धकारले मन हर्ता भयो ।

मन निरोधार्थ साधन गर्नु नै युद्ध हो । ज्ञान भनेको देवता हो, क्लेश नै यक्ष हुन् । क्लेशको अधिपति नै मन हो, देवासुर संग्राम भनेको नै ज्ञान र मनको संग्राम हो ।

संसारमा प्रवृत्ति हुने मनको धर्म हो ।

संसारमा निवृत्ति हुने ज्ञानको धर्म हो ।

मनको वशमा परेका = शोक संतापको पोखरीमा डुबेर दुखाग्निमा छटपटी डाहा भएर बस्छन् । ज्ञानको वशमा परेका दुःखका हेतु भए भरका सब त्यागेर दुःखले छुन नसक्ने उपेक्षा ज्ञानले शान्ति लिएर आनन्द भोग गर्छन् ।

तसर्थ प्रज्ञा शस्त्रले= विदर्शन भावनाले विषय त्याग गरेर नाम रूप क्लेशलाई छिन्न भिन्न गरी संस्कार उत्पन्न नहुने गरी तपस्या गरी यमराजलाई थाहा नहुने गरी निरोध भएर जान्छ ।

## सम्झेको एउटा कुरो

एक समय बागबजारस्थित धर्मचक्रमा बस्दाखेरि बाथरोगले खुट्टा दुखेर बरोबर सताइरहन्थ्यो । ठाउँ सर्दी, घाममा बस्ने ठाउँ छैन, दक्षिणतिर अलिकति ठाउँ थियो त्यो पनि जग्गा धनीले घर बनाएकोले घामको आशा नै भएन । त्यो दुःख देखेर बसुमाया उपासिकाले आफ्ना दाजुहरूलाई भनेर डिल्लीबजारको घट्टेकुलो दुर्गा मील भन्ने ठाउँमा आधा रोपनी जग्गा छ हजारमा भेट्टायो । त्यहाँ सबैले हारगुहार गरेर एक तल्ले गृह निर्माण भयो । तैपनि पूर्ण गर्ने सहयोग प्राप्त नभएकोले बस्न अप्ठयारो भइरहेको थियो । रोगले गरेर आश्रममा बस्न नसक्ने भएपछि चैत्यप्रभा उपासिकाले खिचापोखरीस्थित आफ्नै घरमा लगेर बिचार गरी राखिन् । डिल्लीबजारको हिरालाल उपासकको घरमा प्रत्येक संक्रान्तिमा धर्मचक्र सूत्र पाठ गराइराखेको थियो । भाद्र महिना सकिने संक्रान्ति(मसान्त) मा पाठ गरीरहँदा मलाई पक्षघात रोग शुरू भयो । त्यहाँ तीन दिन



Downloaded from http://dhamma.digital

बसेर नानीहिरा उपासिकाले उपकारक वैद्य खोजी दिनुभयो। तत्पश्चात् सम्पूर्ण उपासक उपासिकाहरूको सल्लाहले खिचापोखरीमा राख्न लगे। त्यहाँ म पाँच महिनासम्म बसें। त्यहाँ पनि बस्ने ठाउँ नभएर डिल्ली बजार दुर्गामील नयाँ आश्रममा बस्न पुगें। कोही कसैसँग चन्दा मागिन, दाताहरूको श्रद्धाले बनाइदिएको अनुसार जसोतसो गरी बसें।

यस आश्रम "बौद्ध ऋषि महाप्रज्ञा आश्रम" नामाकरण गरियो। मलाई नित्य आवश्यक सेवा गरीरहेकाहरू :

(१) चैत्यप्रभा उपासिका

(२) वशुमाया उपासिका

(३) वक्त वक्तका सहायक - रत्नप्रभा उपासिका

(४) चिनीकाजी उपासक

(५) हिरालाल उपासक

यी पाँचजनाले गुण गरीरहेको बिर्सिन सकिन्नँ। मलाई पक्षघात हुँदा दाहिने अङ्ग हातखुट्टा चलेन। कुरा गर्न बक फुट्दैन, स्मृति छैन, यति असह्य रोगले च्याप्यो कि त्यो रोगले आराम हुने आशा कम नै भयो। तै पनि उपकारकहरू र उपासक उपासिकाहरूको दयाले कुरा गर्न सक्ने भएँ। हातले अक्षर लेख्न सक्ने भयो। बिस्तारै बिस्तारै हिंड्न सक्ने भएँ। तर बरोबर फेरि च्याप्थ्यो, नहुने। जिन्दगीमा यो रोग सफासँग निको होला जस्तो देखिएन।

## झ्याल ढोकाको कुरा

डिल्लीबजार घट्टेकुलो दुर्गा मीलमा निर्माण भएको ऋषि आश्रममा झ्याल ढोका राखी दिने कबूल उपासक दान बहादुरले गर्नुभएको थियो। मसँग उपासकत्व स्वीकार गरेर उहाँकी श्रीमती पुतली उपासिकाले पूजा सामान युक्त स्थापना गरी महिनाको एकपल्ट निमन्त्रणा दिएर धर्मचक्र पाठ गर्न लगाएर भोजन प्रदान गर्दै आउनुभएको छ। ऋषि आश्रम निर्माण भएदेखि तीनवटा जोडिएको एउटा झ्याल, चारवटा ढोका संगसँगै खाट पनि एउटा अर्पण गर्ने बचन दिनुभएको थियो। पछि ऋषि आश्रमको बिरूद्ध पार्टीहरूले थाहा पाएर दान बहादुरको मन बदली दिए। ऋषि आश्रममा झ्याल ढोका नभएकोले वर्षादमा हामीहरूलाई त्यहाँ बस्दा ठूलै विपद आइ लाग्थ्यो। दान बहादुरले झ्याल ढोका राखी दिएकै होइन्, राखी दिन्छु भन्ने मान्छे हुँदाहुँदै अरूले



Downloaded from http://dhamma.digital

राखी दिन मिलेन । आजभोलि भन्दाभन्दै सात महिना बित्यो । एउटा न एउटा बहाना बनाएर आश्रमवासीहरूलाई जालमा पारी राख्यो । आश्रमबासीहरूको विपद् देखेर अर्कै दाता देखापर्‌यो । कुरा यो हो कि झ्याल ढोकाको खापा बनाइराखेको छ, दिन्छु पनि भनेको छ तर एक एकवटा बहाना बनाएर बस्यो । उहाँ नयाँ दाताले भन्नुभयो "अब त्यसो होइन, अहिले गुरुलाई दुःख भएको हेर्न सकिएन् । अहिलेलाई गर्ज टारौं पछि दानबहादुर उपासकले खापा ल्यायो भने यो खापा झिकेर त्यो खापा राखी दिऊँ" भनेर झ्याल खापा राखी दिनु भयो । त्यो देखेर दान बहादुर क्रोधित भएर भन्न थाल्यो "यहाँ मैले झ्यालको खापा राख्छु भनेर खापा बनाइ राखें यो अर्को झ्याल खापा कसले राख्यो" भनी जाँचबुझ गरी राख्ने दाता पत्ता लगाएर भन्यो "गुरुको आश्रममा झ्याल खापा राख्न भनेर मैले खापा बनाइ राखें, झ्याल खापा त अर्कैले राखी दिइसकेको रहेछ, कसले राखदियो कुन्नि ! उहाँ गुरु हाम्रा पुराना गुरु हुनुहुन्छ, म झ्याल खापा राखीदिन्छु भन्दाभन्दै अर्कैले राखी दिइसक्यो, मैले बनाएको अब के गर्ने ? तपाईंले एकपल्ट गुरूलाई भनि दिनुहोस् न मेरो त साह्रै मन दुख्यो" भनि झ्याल खापा राख्ने मान्छे थाहा नपाएको जस्तोगरी दाताको मन बिगार्ने बिचारले कुरा गर्‌यो । ऋषि आश्रममा अलि अलि (चन्दा) सहयोग दिइरहेकोलाई सहयोग नदिलाउनको लागि चुक्ली गरेर भाँड्न खोजीरह्यो । श्रीमती चाहिं आश्रममा आई नै रहिन् । श्रीमान् आउन छोड्यो । ऋषि आश्रममा भएको कुरा घरमा गएर बताउँथिन् । खबर पठायो "मेरा गुरूलाई भनी झ्याल खापा बनाइराखें, झ्याल खापा राखी सक्यो, मैले बनाएको खापा के गर्ने हो ?" त्यस कुरालाई हिरालाल उपासकले यसरी भने "तपाईंले झ्याल राखी दिन्छु भनेकोले गुरूले कसैलाई केही भन्नुभएन घाम, पानी नभनी सहेर बस्नु भयो । गुरूले दुःख भोग्नु भएको देखेर श्री कुमारी साहूनीले देख्नुभयो र सोध्नुभयो "यहाँ उहाँ गुरुलाई झ्यालमा खापा राखी दिने कोही छैन र ?""छ, राखी दिन्छु भन्ने छन् राखी दिएनन् । ७ महिना भयो आज-आज, भोलि भोलि भन्दै, असार-श्रावणमा दिनरात पानी परीरहन्छ । त्यो समयमा गुरू कसरी बस्नु हुन्छ ?" श्री कुमारी साहूनीले भन्नुभयो "के गर्नु ला ! गुरूलाई साह्रै नै दुःख भयो । राखी दिन्छु भन्ने हुँदाहुँदै हामीले राखी दिनु राम्रो हुन्छ त, के गर्ने होला ?" त्यसमा चुनु उपासिकाले भन्नुभयो "तपाईलाई राख्ने श्रद्धा भएमा राखीदिनु होस्न ! आफूले पनि राखेको



Downloaded from http://dhamma.digital

होइन अरूलाई पनि राख्न दिएको होइन भनेकोले तुरुन्त नै गुरूको सुविस्ताको लागि दया गर्नुभयो । अहिले पनि केही बिग्रेको छैन, तपाईंले बनाउन लगाउनु भएको झ्याल खापाहरू ल्याउनुहोस्, राखीसकेको खापा निकालेर एक ठाउँमा राखौंला, तपाईंले ल्याउनु भएको खापा राखीदिन्छ, ल्याउनुहोस् भने ।

दानबहादुरले खबर गर्‍यो "भयो, राखीसकेको खापा ननिकाल मैले बनाएको खापा अन्तै राखीदिन्छु ।" यति कुराले थाहा पायौं कि यहाँ भित्र जाल छ । त्यो खापा नराख्ने नै योजना बनाएको ठहर्न गयो । त्यो खापा कहाँ राख्न लाने हो, त्यहाँ बस्नेहरूको जाल हो, भन्ने थाहा पाएँ । यो सबै भिक्षुहरूको जाल रहेछ ।

## परमार्थको पहिलो प्रकरण

२०२९ साल फागुण संक्रान्तिको दिन ऋषि आश्रमको जग हाल्यौं । एक तल्ले आश्रम बनायौं । २०३० सालको मंसिर महिनामा जसोतसो बस्नसम्म मिल्यो । २०३० साल पौष १५ गते सम्पूर्ण उपासक उपासिकाहरू आएर मलाई निमन्त्रणा गरि सिन्दूर जात्रा गरेर स्वागत गरी ऋषि आश्रममा स्थापना गरे ।

आश्रम निर्माण गर्नमा धेरै परिश्रम गर्नुहुने रोगी गुरुलाई सुबिधा साथ बसाउनको लागि उपासिका चैत्यप्रभाले दुःख सहेर काम गरेकोले धेरै धन्यवाद छ । त्यही ऋषि आश्रममा बस्दाखेरि चैत्यप्रभा उपासिकाले प्रार्थना गरिन् –

"गुरु ! म बच्चै बेलादेखि आमा बुबाले त्यागेका दुःखी भएर आफन्तले हेला गरी दुई भाइलाई पालनपोषण गरी दुःख पाइरहेकीले के धर्म गरेमा सुख पाउन सकिन्छ भन्ने आशाले ठाउँठाउँमा धर्मकर्म गरी हिंडें । तै पनि सुख पाउने बाटो भेट्टाएको छुइनँ । आज हजूर गुरु प्राप्त भयो, हजूरको उपदेशद्वारा मैले थाहा पाएँ कि संसारमा सुख प्राप्त गर्न ज्ञान आवश्यक रहेछ । ज्ञान कसरी प्राप्त हुन्छ ? प्रत्येकले आ-आफ्नै तरिकाले उपदेश गर्छन् । यो त्यो नै भन्न सकिन्नँ, के भन्ने हो ? देव भक्तिले सुख हुन्छ भनेकोले देव भक्ति गरी सकें, गंगा स्नान पनि गरी सकें, अष्टमी व्रत पूजा आदि गरीसकें, साधु सन्त र भिक्षुहरूको सेवा पनि गरिसकें । सबैको एक मत छैन, यति धेरै भावभक्ति सेवाभक्ति गरी सकें उपदेशादि सुनीसकें । मैले मार्ग पत्ता लगाउन सकीरहेकी छैन ।



Downloaded from http://dhamma.digital

गुरू ! हजूरको उपदेशले केही लाइन पत्ता लागे जस्तो भयो। हजूरकै शरणमा भयौं, हजूरले उपदेश गर्नुहोस्।"

महाप्रज्ञा "सुन नानी ! म बताउँछु, राम्ररी सुन, त्यसमा बिचार गर हो कि होइन, चित्त बुझेमा बुझ्यो भन्नू नबुझेमा बुझेन भन्नू।"

चैत्य "गुरूदेव ! हजूरको यो कुरा मलाई राम्रो लाग्यो, अरू कसैले यसरी भनेनन् सिर्फ बताएको सुनेर बस्ने, विश्वास गर्ने, चित्त बुझेन भन्नु हुँदैन।

गुरू "बताउने गुरू पनि यस्तो हुनुपर्छ कि चित्त नबुझ्नेलाई बुझ्ने गरी, नबुझेकोलाई नबुझेसम्म दृष्टान्त दिएर, उपमा राखेर मन आनन्द हुने गरी, बुझ्ने गरी, दिक्क नभइकन, गाह्रो नमानीकन बताउनु पर्छ।"

चैत्य "अब मैले पहिले के गर्नु पर्‍यो आज्ञा होस्।"

गुरू "नानी ! पहिले तिमीले राम्रो संगत गर्न जान्नुपर्छ। नराम्रो संगतमा पर्‍यो भने दुराचार हुन्छ। दुराचारी भयो भने मन शुद्ध हुँदैन। अशुद्ध मनले विवेक बिचार गर्न सक्दैन। विवेक बिचार नभएकोले असल उपदेश दिए पनि बुझ्न सक्दैन, सत्य असत्य थाहा पाउँदैन, सार असार छान्न जाँन्दैन। छान्न नजाने, बुझ्न नसके सुनेको फल प्राप्त हुँदैन। सुनेकोमा केही फाइदा लिन सकेन भने आफू सुध्रिँदैन। त्यसैले बिचार पनि गर्न सक्नुपर्छ। बिचार गरेको जस्तै चर्या पनि गर्न सक्नुपर्छ। सत्संगत, बिचार र चर्या यो तीन प्रकारको उपाय ज्ञान राख्ने भाँडो हो। यस तीन प्रकारको उपाय बिना जस्तोसुकै धर्मशास्त्र हेरेर अध्ययन गरे पनि, सुनेपनि आफूलाई आवश्यक ज्ञान प्राप्त गर्न सक्दैन। ज्ञान नबुझेसम्म मनुष्य जीवनमा प्राप्त गर्नुपर्ने सुख शान्ति प्राप्त गर्न सक्दैन।

ज्ञान भएको व्यक्ति संसारमा मार्ग भ्रष्ट हुँदैन। मति भएका नर अन्धकारमा बाटो बिराउँदैनन्। मार्ग अभ्रष्ट भएका दुःखमा डुबीरहँदैनन्, दुःखमा नडुबेको नै स्वतन्त्र भएर मुक्तिको अधिकारी हुन्छ।

ज्ञान भएका व्यक्ति संसारमा धोका खाँदै गएपछि ज्ञान परिपक्क भएर आउँछ। ज्ञानले परिपक्व भएको नै संसारको प्रपञ्चमा विरक्त भएर तीव्र त्यागी बन्छ। जति जति तीव्र त्यागी हुन्छ त्यति नै जालले मुक्त शान्त हृदयको हुन्छ। पञ्च विषयमा आशक्त हुने भएकोले नै प्रपञ्चको जालमा जाकिन सक्छ। पञ्च विषय मध्ये (हाकिम) गण नायक भइरहेको मुख्यचाहिं कनक र कामिनी हुन। यो उक्त जालको



Downloaded from http://dhamma.digital

त्याज्य विषय हो। त्याज्य विषय त्याग गर्ने बिचार रहितको जप, तप, पाठ, पूजा, होम यज्ञादि यी सबै पुण्य कार्य मात्रै हो। दुःखले मुक्त र मनमा शान्ति प्राप्त हुने होइन। फेरि अर्को लोकमा ब्यवहार मिलाउनु पर्ने, समाजमा मिलेर बस्नु पर्ने र साथी चाहिने पनि स्वतन्त्र बिचारमा बाधा हुने हो। विवेक र बिचारले निर्णय भएको नियमाचारमा अटल दृढ भएर दुःखादिको हेतु निरोध हुने उपायले श्रद्धा भएको नै साच्चिकैको श्रद्धावान् हो। जातपात, सम्प्रदाय, समाज, कुल, नीति आदि जति बन्धन हो, त्यो सबै परतन्त्र हो। परतन्त्रले स्वतन्त्र बिचार विकास हुन सक्दैन। लौकिक इच्छा, समभावमा बाधाको द्वैत, ब्यर्थ भय, परमार्थमा लौकिक लाज यी चार प्रकारको साधनाद्वारा विजय कर्तब्य हो।

दर्शन शास्त्र, सुसंगत, सुबिचार, विषयको कुशल त्याग यी चार प्रकारको सार बिचार विपरितको सबै असम्यक हुन्छ। दश सुचरित्रशील चरन, मुठी भिक्षा दान, रोगी उपचार, शत्रु मित्र समभाव, एक्लै विचरण भनाईले लाग्ने बिचार गरीरहनु पर्छ। सुलभ वस्त्र धारण, जसोतसो जीवन यापन, कथा, कहानी उपन्यासमा भुलेर, कोकशास्त्र अदर्शनीय, दुःशीलीहरू असेवनीय। परमार्थको पहिलो प्रकरण यति नै भयो।

## परमार्थको दोस्रो प्रकरण

असल संगत र सत् बिचार सदाचार पुनः अकुशल त्यागी ब्यक्ति नै मात्र ज्ञान पात्र हुन योग्य छ। अयोग्य ब्यक्तिलाई ज्ञानीजनको सत्संगत भए पनि घाँसीलाई अमृत भेट्टाउनु जस्तै हुन्छ। बच्चाहरूलाई नीलमणि प्राप्त भयो भने काँचको टुक्रा जस्तै हुन्छ। त्यसरी नै विषय विलासीहरू, कुसंगतिहरू, अबिचारीहरू र दुराचारीहरूलाई ज्ञान भनेको गधालाई कोर्रा जस्तै हुन्छ, सिवाय उपकारक हुन सक्दैन्।

रूप शब्द गन्ध, रस, स्पर्श, धन, सम्पत्ति परिवार आदि अज्ञानीहरूको लागि अमृत तुल्य नै हुन्छन्। त्यही अमृत ज्ञानीहरूको दृष्टिमा विष जस्तै हुन्छ। दाहक अग्नि जस्तै हुन्छ। अरण्यको ब्याघ्र जस्तै भयंकर हुन्छ।

हो, गुरूदेव ! रूप भनेको वर्णाकार मात्रै हो। त्यो रूपमा मोह हुने जीवनमा शान्ति भनेको रति मात्र पनि हुँदैन। रूपमा मोह भएर समय बितेको होस नै हुँदैन, देख्ने जतिलाई लोभ लाग्छ, हराउने भय हुन्छ। पुनः अनित्य भएर सकिन्छ। सिद्धिएपछि शोक सन्ताप हुन्छ। न धन



Downloaded from http://dhamma.digital

नै नित्य, न जन नै नित्य, न मान नित्य, न रूप नित्य, न यौवन नै नित्य, संसारमा कुनै पदार्थ पनि नित्य छैन। भ्रममा नित्य डुबिरहेको हुन्छ। अनित्य हुँदा शोकमा डुब्छ, दुःख हुन्छ, पछुतो हुन्छ, हृदय जल्छ, झलझली सम्झना आउँदा मनले विरह थाम्न नसकी बेहोससम्म हुन जान्छ। संसारमा सृष्टि भएजति, माथि बसेर अजम्बर भन्ने समेत पनि नित्य भइरहेको केही छैन। चौध भुवनको चक्रवर्ती भइसकेको रावण पनि अनित्य भएर गयो। त्यस्तो रावणलाई पनि तीरले उडाउन सक्ने राजा रामचन्द्र पनि नित्य हुन सकेन। कस्ता कस्ता वरदान प्राप्त गरी अमर भइरहेका हिरण्यकशिपु यक्ष पनि नित्य भएर बस्न सकेन। हामीहरू आहाराको भरमा बाँचीरहेकाहरू नित्य हुन सकौंला ? जन्मेको प्राणी मृत्यु नहुने केही कारण नै छैन। अमर पद वरदान दिन सक्ने कुनै देवता छैन्। त्यसको लागि ज्ञानीजनहरूले अनित्य नबिर्सीकन जाग्रत भएर मोहमा नपरी सक्रिय भइरहेको हुन्छ। अनित्य भावना अटुट अखण्ड हुन थाल्यो भने मात्र संसारको वृत्ति शून्य हुन्छ, मन पनि शून्य हुन्छ। महाभूत जोडेर आ-आफ्नो प्रकृति अनुसार स्वभाव चलिरहेको तत्व फोडेर हेर्न सक्यो भने (जगत् केलाई भन्ने ? निर्णय गर्न सक्दैन, त्यहाँ जगत् अभावको धारण हुन जान्छ। जगत् अभाव गर्नको लागि मनमा लय हुनुपर्छ।) मनमा लय पैदा गर्न मनोवृत्ति शून्य गर्नुपर्छ। मनोवृत्ति शून्य गर्नलाई स्वार्थ र प्रपञ्च त्याग गर्नुपर्छ। स्वार्थ र प्रपञ्च त्याग गर्नलाई स्वार्थले कतिसम्म हानि गर्‍यो, हानि कस्तो भइरहयो जान्नु आवश्यक छ। प्रपञ्च त्याग गर्नलाई क्रमशः मौका छोप्ने अभ्यासको साधना गर्नुपर्छ। जीवन रक्षार्थ र मन शान्तार्थ आवश्यक सुसंगत, शुद्धाचार, स्मृति र प्रज्ञा बाहेक संसारमा अरू सबै नै दुःख र दुःखको कारण मात्र हो भन्ने थाहा पाएर त्याग गर्ने हो। गर्नुपर्ने आचरण, धर्माचरण, तपस्या र साधना भन्नु नै यही उक्त त्याग गर्ने चर्या, असार भएकोले दुःख, सार ज्ञानले सुख शान्ति प्राप्त हुने ज्ञान विवेचन गर्नु हो। धातुमात्र, तत्वमात्र, स्वभाव धर्म मात्रको ज्ञान बोध हुने ज्ञान नै महाप्रज्ञा तत्व ज्ञान हुन्।

## धातु मात्र

पृथ्वी, आप, तेज, वायु भनी चार महाभूतको कृयाले नै उत्पन्न हुँदै नष्ट पनि भइरह्यो तसर्थ जगत् अनित्य नै हो। अनित्य भनी सबै एकै पल्ट नै नासीने होइन्। कतै उत्पन्न भइरहेको हुन्छ, नासिंदै गइरहेको



Downloaded from http://dhamma.digital

छ, उत्पन्न भइ नै रहयो, जीर्ण भएर नासिंदै गयो तसर्थ जगत् असार हो । आँखाले देखिने रूप, छोएर हेर्दा स्पर्श भएको हेतुले उत्पन्न भएको सबै नै परिवर्तनशील हो, कसैको अधीनमा होइन तसर्थ अनात्मा हुन् ।

## तत्व भाव

आखाँले देखिन्छ तत्व मात्रै हो । कानले सुन्ने तत्व मात्रै हो । नाकले वासना थाहा पाउने तत्व मात्रै हो । जिभ्रोले स्वाद थाहा पाउनु तत्व मात्रै हो । कायले स्पर्श भएको महसुस हुने तत्व मात्र हुन् । त्यो तत्व भए जति सबै आफैले भने जस्तो एउटा पनि हुन सक्दैन । त्यो तत्वले आफ्नै धर्म सिवाय अर्को काम गर्दैन । आ-आफ्नै स्वभावमा अटल भइरहने मात्रै हो । पञ्च इन्द्रिय पाँच प्रकारको एउटै शरीरमा भए पनि पञ्च इन्द्रियका तत्वको पाँचवटै स्वभाव हुन्छ । तसर्थ त्यो तत्व न म हुँ, न मेरो हो, न मेरो अधीनमा छ ।

## स्वभाव धर्म

भएको पदार्थ नाशिनु स्वभाव हो । पृथ्वी धातु कडा हुने वा स्पर्श हुने स्वभाव हो, आप धातु पातलो हुनु स्वभाव धर्म हो । तेजो धातु शीतोष्ण हुनु स्वभाव धर्म हो । वायु धातु चल्नु स्वभाव धर्म हो । इन्द्रियद्वारा क्लेश उत्पन्न हुने स्वभाव धर्म हो । कर्मानुसार संस्कार बन्ने स्वभाव धर्म हो । संस्कार अनुसार विपाक भोग गर्नुपर्ने पनि स्वभाव धर्म हो । जगत्मा उत्पत्ति स्थिति संहार भइरहने स्वभाव हो । आश्रव क्षय नभएसम्म जन्म मरण भइरहने स्वभाव धर्म हुन् । अज्ञानी, दुःखी हुने स्वभाव धर्म हुन् ।

## ज्ञान बोध

धातु मात्र र तत्व मात्रको जगत्मा अज्ञानवश कल्पनाले संसार उत्पन्न भयो । संसारमा काम, क्रोध, लोभ, मोह र दृष्टि उत्पन्न भएर संसारमा दुःख दौर्मन, शोक, पश्चाताप छटपटादि मनमा अशान्ति भइरह्यो । यदि यी छ क्लेशले छुन नसक्ने गरी मुक्त हुने अभिलाषा छ भने सुसंगत आवश्यक छ । सदाचार र सत्बिचार बिना ज्ञान उदय हुँदैन । ज्ञान उदय भएको ब्यक्ति पापदेखि विरक्त हुन्छ । पापले विरक्त भएकोले कुआहार सेवन गर्दैन । शुद्ध आहार, शुद्ध बिचारको लागि संसारमा आफ्नो जीवन स्वतन्त्रता प्राप्त गर्न खोज्छन् । पर बन्धनमा



Downloaded from http://dhamma.digital

परिरहेकोलाई कथंकदाचित स्वतन्त्रता प्राप्त हुँदैन । पर बन्धनबाट मुक्त हुन सांसारिक व्यवहार त्याग्न आवश्यक छ । सांसारिक व्यवहार त्याग्न सजिलो छैन । अत्यन्त नै शुद्ध र तीक्ष्ण बिचार आवश्यक छ । दु:खको जङ्गललाई फाँड्न सके मात्र स्वतन्त्रको मैदानमा पुग्छन । त्यस मैदानमा मात्रै अध्यात्म बुझ्दै आउँछन् । अध्यात्म ज्ञान भित्र नै महाप्रज्ञा ज्ञान खुल्छ । परमार्थ ज्ञान खुलेकालाई संसारको जङ्गलको भय हुँदैन । त्यही नै महाप्रज्ञा तत्व ज्ञान बोध हुन्छ, जन्म मरणको जालबाट मुक्त पनि हुन्छ ।

चैत्यप्रभाको प्रश्न- गुरु देव ! साँच्चिकैको यथार्थ अहिले मात्र सुन्न पाएँ । संसारमा अनेक प्रकारका सम्प्रदाय छन्, बाहिर अत्यन्त नै राम्रो देखिन्छ, कथा पनि राम्रो भेषपनि राम्रो रीतिरिवाज पनि राम्रो, भित्र गएर अर्थात् गर्न हेर्दा धर्म ज्ञान सबै लोकमै पर्छन् ।

"नानी चैत्यप्रभा ! पहिलो ज्ञान धर्म बाहिरै पर्छन । एकै पल्ट भित्रको ज्ञान बुझिंदैन, बाहिरको ज्ञान, धर्म, जनताहरूलाई आह्वान गर्ने मन्त्र मात्रै हो । सत्संगत हुँदै गयो भने बिचार गर्दै क्रमश: हृदय परिमार्जन हुँदै बिस्तारै भित्रको कुरा बुझ्छन् । नानीले पनि मेरो संगत गरे पनि एकै पल्ट भित्रको कुरा बुझ्दैनौ । बाहिर धेरै घुम्दैघुम्दै पछि मात्र भित्र र बाहिर भन्ने थाहा पायौ ।"

अर्को कुरा के छ भने बताउने वा सुन्ने दुई प्रकारको हुन्छ । त्यो स्वतन्त्र र परतन्त्र ! स्वतन्त्र भनेको आफ्नो स्वच्छ बिचार, परतन्त्र भनेको परको करमा पर्नु, सम्प्रदायको करमा परेकाले बताउने र समाजको करमा परेकोले सुन्ने कुरा बाहिर बाहिरै हुन्छ । आफ्नो बिचारले छ्यानेर बताउनेले आफ्नो बिचारले छ्यानेर यथार्थ बुझेर मन प्रशन्न हुन्छ, अन्यथा कथा मात्रै हुन्छ ।

चैत्य "गुरुदेव ! कथा मात्र भनेको कस्तो हो ?"

गुरु "कथा भनेको कान शुद्ध हुने हो । शंका नगरीकन श्रद्धापूर्वक सुन्नुपर्ने हो । अद्भुत अद्भुतको कुरा निस्क्यो भने कथा राम्रो हुन्छ । कथाले ज्ञान बोध हुँदैन् । ज्ञानको कुरा निस्के पनि साधारण बिचारले बुझ्ने होइन् । कथा सुनाउने कथा सुनाउन दिनेको अधिनमा पर्न सक्छ । सुन्नेहरू पनि आयोजकको मन राख्नलाई मात्र सुन्न आएको हुन सक्छ । तसर्थ ज्ञानबोध हुने असम्भव । यस कथाले मात्रै ज्ञान बोध हुन्छ । बोध भएको ज्ञानले नै मात्र मन शान्त हुन्छ ।"

एकदिन वसुमाया उपासिकाले प्रश्न गरिन् "भन्ते गुरूदेव ! भित्रको



Downloaded from http://dhamma.digital

भनेको कस्तो, बाहिरको भनेको कस्तो ?"

बाहिरको भनेको इतिहास, कथा, देवताहरूको लीला, पण्डितहरूले बनाइराखेको रमाइलो, अदभुत्को कुरा अथवा विश्वासले मात्र फल प्राप्त हुने धर्म, यस्तो कुराहरू सबै बाहिरका हुन् । पूजा गर्ने, सजाउने, कृति राख्ने, नाम राख्ने, दान प्रदानले यश लाभ गर्ने, स्वर्ग लोकमा देवता र दैत्यहरू संग्राम भएको, जन्तुहरूको बयान, ऋतुको कुरा, रमाइलो कविता यो सबै बाहिरको हो ।

"भन्ते ! भित्रको भनेको कस्तो हुन्छ त ?"

भित्रको अध्यात्म बारे बताई राखेको ज्ञानको वर्णन जति भित्रको हो । पञ्च इन्द्रिय, पञ्च विषय, पञ्च विज्ञानद्वारा भएर आउने कुशलाकुशल र तत्द्वारा उत्पन्न सुख दुःखको उपदेश त्यही पञ्च विषयको बन्धनले मुक्त हुने उपायको शिक्षा भित्रको हो । प्रतित्य समुत्पाद, अष्टादश लक्षण ज्ञान, अष्टादश धातुको ज्ञान, चतुर्महाभूत पंचस्कन्ध यो सबै भित्रको कुरो हो ।

स्पर्श चाल पाउने, चाल पाएकोले थाहा पाउने, थाहा पाएकोले जानेको, जानेकोले नै राग आउने, रागले द्वेष, थाहा नभएको मोह अर्थात् अरूप तत्व भएकोले गुह्य पनि भनिन्छ । जसले तत्व छुट्याएर शून्य ज्ञानको अनुभव गर्ने ज्ञानको नाम नै महाप्रज्ञा ज्ञान हो ।

गुह्य भनेको अरूप धर्मको रस, ज्ञानको रस, चर्याको रस अर्थात् ज्ञानले थाहा पाएर, चर्याले बुझेर अनुभवले रस प्राप्त गर्ने गुह्य हो ।

जस्तो कि चक्षु मात्र भएर पुग्दैन रूप पनि चाहिन्छ । रूप मात्र भएर पुग्दैन चक्षु पनि चाहिन्छ । दुई तत्वको परस्परले मात्र रस प्राप्त हुन्छ । फेरि जस्तो कि नारीत्वको भावले मात्र पुग्दैन्, पुरुषत्वको भावले पनि पुग्दैन्, दुईजनाको परस्स्पर मैथुनको सम्पर्कले प्राप्त हुने रस अत्यन्त गुह्य हो । देख्ने पनि होइन, देखाउन पनि सकिंदैन, बुझाएर बुझिने पनि होइन केवल योग्य ब्यक्तिले स्वयं बुझ्ने मात्रै हो । यसरी ज्ञानको रूप पनि छैन, चर्याको रूप पनि छैन केबल भाव मात्रै हो । बिचार र त्यागको सम्बन्धले म भन्ने आत्मा शून्यको अबस्थामा प्राप्त हुने रस हो, त्यसलाई गुह्य भनिन्छ । त्यो रस न वर्ण छ, न शब्द छ, न गन्ध छ, न जिव्हाको रस हो, न कायको स्पर्श हो, न मनको भाव हो । दृश्य - द्रष्टा-दर्शन, यो तीन प्रकारको पनि विप्रयुक्त शून्य, महाशून्य हो । त्यो बज्र चल्ने पनि होइन, बिग्रने पनि होइन । जस्तो आकाश त्यस्तै नै गुह्य आकाश शून्य



Downloaded from http://dhamma.digital

निर्वाण हो । यसलाई नै महाप्रज्ञा तत्व ज्ञान भनिन्छ ।

यसलाई चैत्यप्रभा उपासिकाले साधु ! साधु ! साधु ! भन्दै अनुमोदन गर्दै बसुमायाको अनुहार हेर्दै भनिन् "दिदी ! यस प्रकारले वाह्य अभ्यन्तर गुह्यको ज्ञान हातमा राखेर देखाउनु हुने गुरूहरू संसारमा दुर्लभ हुनुहुन्छ । धन्य हाम्रा गुरूको करूणा, धन्य हाम्रो जीवनको संयोग, गर्नमात्र सक्यौं भने, मार्ग अगाडि नै प्राप्त हुन्छ ।

## अन्तिम उपदेश

भगवान्को भक्त भएर दुःखले भरिएको जगत्मा सुखानुभव पान गरी आनन्द शैयामा आराम गरी पाल्नुभइरहेका सुखीहरूको विधान यो हो -

नर जन्म पारसमणि जतिकै अमूल्य भन्दा पनि दुर्लभ जन्म हो । बजारमा खोजेर पाउने जन्म पनि होइन । कसैको आशीर्वाद वा वरदानले प्राप्त हुने वा भाग्य उदय हुने जन्म पनि होइन । सुसंगत बिचार, अर्को कर्तब्यादिको सार प्रत्येक जन्म पिच्छे सुधारिएर अनेकौं जीवन बिते पछि त्यसरी नै सुसंगत, बिचार, कर्तब्यरूपी पुष्प वृक्ष बिकसित भएको पुष्प जस्तै शुद्ध बिचार र कर्तब्यको प्रभावले नर जन्म उत्पन्न भएर भगवान्को सार रूप दर्शन प्राप्त हुने हो । यस्तो संयोग समागम भएको परिशुद्ध शील ब्यक्तिले मात्रै उक्त ज्ञानको सेवक हुन्छ ।

नरसिंह, प्राणीहरू मध्ये नर जाति उत्तम जन्म हो । देवलोकमा देवताको मालिक इन्द्र भएको पनि मनुष्य नै हो । बडा बुद्धिमान् र राजाहरू पनि मनुष्य नै हुन् । ठूला ठूला तपस्वीहरू पनि मनुष्य नै हुन्, महात्मा भन्नेहरू पनि मनुष्य नै हुन् । उक्त लक्षणादी सबै नै आ-आफ्नो कर्तब्यको फलले बनेको हो । यस्तो दुर्लभ जन्ममा पनि भगवान् दर्शन प्राप्त हुने भाग्य एकदुई जन्मको कुशलले मात्र पनि प्राप्त हुने होइन । हजारौं हजार वर्ष -प्रत्येक जन्म-मनुष्य जन्म भएर सुसंगतको अमृत पान पनि हुनुपर्छ । जन्मे पछि बिचारवान् पनि हुनुपर्छ, कर्तब्य पनि पालना गरेर आएको हुनुपर्छ । यस जन्मसम्ममा उक्त शुद्ध संयोग भएको हुनुपर्छ । त्यस्तो पुण्यवान् भएर मात्रै घुम्दैफिर्दै सत्संगत गर्दै, बिचार गर्दै, कर्तब्यको पारखले परीक्षा गर्दै समय संयोग प्राप्त भएपछि भाग्य उदय हुन्छ । यस प्रकारले धार्मिकहरू नै भगवान्का भक्त हुन्छन् । भगवान्का भक्तहरू सिंह जतिकै बहादुर हुन्छन् । आफूले कसैलाई पनि अपराध



Downloaded from http://dhamma.digital

गर्दैनन्, कोही देखेर पनि डराउँदैनन् । जहाँ पनि कहिल्यै काथर हुँदैनन्, शील पालना क्षान्ति धर्ममा शुरवीर हुन्छन् । अधिस्थान गर्नमा शक्तिहीन नामर्द हुँदैन् । ज्ञान धर्ममा सर्वाङ्ग आफैले नै बुझ्नसक्ने हुन्छन् । आफैले नै बुझ्ने भएकोले विश्वासिलो हुन्छन् । स्वयं आफैले बोध गर्ने हुन्छ । यस्तो नै ज्ञानी हुन्छन् । भगवान्का भक्तले प्राणी मात्रको समान भाव देख्छन्, भेदभाव गर्दैनन् । नाना प्राणीको नाना रूप भइरहेको हुन्छ । मन नपर्ने, मृत्यु हुन मन नपराउने, सबैको एउटै हो । दुइटा छैन, मृत्यु हुने, खानुपर्ने, निन्द्रा लाग्ने सबैको उस्तै नै हो । मुख्य कुरो दुःख मन पराउने कोही हुँदैन भन्ने समान भावले देख्तछन् । प्राणी मात्र नै कर्मको बन्धन हो । कर्मको विपाक भोग गर्नु नपर्ने छँदै छैन । क्लेश युक्त कर्म विपाक भोगले रहित हुँदैन । यो पनि सबैको समान हो । कृत कर्मको विपाकमा भेद छैन, कृत कर्मको विपाक भोग ग्रहण गर्नुपर्ने पनि कति हुन्छन् । कृत कर्मको विपाक ग्रहण गर्नुपर्ने छैन भन्न मिल्दैन सबैको लागि समान नै हो । यस कृत कर्मको विपाक सबैको समान भावले कसैको वरदान पनि आशीर्वाद पनि निरर्थक हो भन्ने दृष्टि बज्र हुन्छ, भेदभाव नभएको नरसिंहको शत्रु मित्र भन्ने पनि हुँदैन उपकारक मित्र हुन्छ, अपकारक शत्रु हुन्छ । स्वार्थी उपकारक पनि हुन्छ, अपकारक पनि हुन्छ । आफूलाई मन पर्ने गरी गर्ने उपकारक हुन्छ, मन नपर्ने गरी गर्ने अपकारक हुन्छ । स्वार्थ नभएकोले पनि न शत्रु हुन्छ न मित्र नै ! सबै समानुभावले द्वेष भनेको तिलको टुप्पो जति पनि हुँदैन । भगवान्हरूले भेदभाव नगरीकन मन पर्ने, नपर्ने, शत्रु र मित्र नभएर बिहानको प्रहर जस्तै मन हलुङ्गो भई शीतल भइरहन्छ । जस्तो कि आकाशमा कसैले केही दाग लगाउन खोज्दा, कसैले प्रहार गर्न खोज्दा पनि चोट पर्दैन । कसैले केही भन्यो भने मनमा केही हर्ष, बिस्मात नभएको जस्तै आकाशमा पनि केही हुँदैन । मल नभएको निर्मल शुद्ध आनन्द चित्त हुन्छ ।

परतन्त्र कोही छैन शुद्ध स्वतन्त्र-परको करमा नपरको, कसैको अधीनमा नपरेको भएर नै धर्म यथार्थ थाहा पाउँछन् । आफनो शरीरमा भइसकेको र भइरहेको, स्वभावले हुने, हेतुले हुने, प्रकृति धर्म सबै जस्तो बोध हुन्छ । धर्म बिचार गर्ने, सरासर छानेर लिने, आफैले स्वीकार गर्ने वा परलाई बताउने स्वतन्त्रता हुन्छ । पराधीनमा पर्दैन । वाह्य गुह्य अभ्यन्तर भइरहँदा नै सबैको रूप अरूप तत्वको स्वभावानुसारले चलिरहेको यथार्थ अनुसार बुझ्नसक्ने हुन्छ । देखे जतिको रूप,



Downloaded from http://dhamma.digital

चलिरहेको जति, उत्पत्ति भइरहेको पदार्थ अनित्य हो। अरूप मात्र नभएकोले अरूप जति सबै शून्य हो। तत्व स्वभाव कृयाले चलेर रूपमा स्पर्श भएको प्रभाव चाल पाएको थाहा भएको, थाहा भएको चेतना भइरहेकोले भ्रमले मात्रै म भनीरहेकोले अहं भावले मात्र भइरहेको हो। कर्ता बिना चलीरहेको तत्व स्वभावको क्रियालाई नै संस्कार भनेको हो।

कुनै बन्धनमा नपरेको शुद्ध स्वतन्त्र ऋषिले मात्रै बुझ्न सक्ने ज्ञान हो। परतन्त्रमा परेर धुरन्धुर पण्डित वा उपाधि प्राप्त आचार्यले थाहा पाउन सक्ने ज्ञान होइन।

असार संसार त्याग एउटै मात्र सार हो, जसमा शान्ति हुन्छ। निर्मल क्लेश भएपछि आनन्द पद प्राप्त हुन्छ। त्यस आनन्द अबस्थामा न अनित्य हुने केही छ, न दुःख भन्ने छ, न अनाधीन भन्ने नै छ। त्यहाँ आफूलाई मन नपर्ने हुनेगरी केही छैन।

न स्त्री, न पुरूष, न नपुंसक भाव केही पनि छैन। शुद्ध स्वभावको शून्य रूप पनि नभएको अबस्था हो। त्यो अबस्था कहाँ हुन्छ ? यहाँ छ, त्यहाँ छ भन्नु छैन, नभएको ठाउँ पनि छैन सर्वत्र छ।

नास्ति वर्ण = वर्ण भएको पनि होइन्, निराकार=आकार भएको पनि होइन, निर्विकल्प=कल्पनाद्वारा देख्ने पनि होइन, असंसय= शंकासम्म पनि छैन, शून्य भएकोले स्पर्श हुने पनि सम्भव छैन। न रूपादि स्कन्ध भन्ने छ। स्कन्धादि केही पनि नभएकोले 'म' भन्ने अहंकार पनि छैन। निर्विकल्प कल्पना पनि केही नभएको, शंका पनि केही नभएको, त्यहाँ केही भनी राखेको प्रज्ञप्त शब्द पनि केही नभएको, संज्ञा पनि नभएको शून्यता, क्रिया चलीरहेको होइन, केही बनाइराखेको पनि होइन, कर्तब्य गर्ने पनि केही छैन, गरेको पनि होइन।

शून्य स्थान भएकोले आधार लिने ठाउँ पनि छैन, समाउने वस्तु पनि छैन, शरणार्थीलाई स्वीकार ग्रहण गर्ने पनि होइन, शून्य मात्र हो, जस्तो छ त्यस्तै सर्वदा शून्य, समान अबस्था हो, चल्ने स्वभाव छैन, कहिल्यै नचल्ने, नबिग्रने सत्य स्वभाव हो। सबैतिर ब्याप्त भइरहेको, खण्डखण्ड नभइकन सीमाना रहितको सिङ्गै जोडिएको शून्यता ! त्यो जोडिएको अबस्था रातमा पनि होइन, दिनमा पनि होइन्, साँझमा पनि होइन, सदा एउटै याम भइरहेको छ। 'शून्य' समान भइरहेको अबस्था हो। त्यो अबस्थामा स्थान पनि छैन्, न तल, न माथि, न बीचमा कहीं देखाइराखेको छैन, केवल शून्य मात्रै हो। भित्र पनि होइन, बाहिर



Downloaded from http://dhamma.digital

पनि होइन, फलाना भुवन भन्ने पनि छैन्, एक मात्र शून्यता हो। कसैले केही बनाई राखेको होइन, शून्य रूप, उपन्यासकहरूले कण्ठ गरेर लेख्न सकेको पनि होइन। भगवान्को शून्य रूप मात्रै केबल कहिल्यै नसकिने शान्तको लक्षण मात्रै हो। त्यो सत्य स्वभावले मात्रै भगवान्लाई चिन्ने बुझ्ने बुद्ध तथागत हुन्। शुद्ध स्वतन्त्र भगवान्को भक्त भएका महाप्रज्ञा ज्ञानले पारंगत भएकोले त्याग र अप्रमादको भावनाले मात्रै भावनाद्वारा दर्शन प्राप्त गर्ने हो। त्यही हो जन्म मरण रहितको निर्वाण।

## स्वतन्त्रको अर्थ

स्वतन्त्र भनेको खान, बान, मान, थानको लागि कसैको बन्धनमा नपर्ने इन्द्रिय सम्बन्धी ! कसैको बन्धनमा नपर्ने काम, द्वेष, लोभ पनि ! कसैको बन्धनमा नपर्ने पाँच स्कन्धको विश्वासमा नपरेकोलाई शुद्ध स्वतन्त्र भनिन्छ। बन्धन जति भए पनि केही बन्धन नभएकोलाई 'महाऋषि' भनिन्छ। यति शुद्ध स्वतन्त्रताको मूल अर्थ भयो।

### धर्माचरण

श्री नरसिंह स्वयं बुद्धज्ञानी।
यावत् प्राणी सबै समदर्शी ॥१॥
भेद र भाव केही पनि छैन दृष्टि।
शत्रु र मित्र भनेसम्म नास्ति ॥२॥
सम्पूर्ण समानको भाव बिचारले।
द्वेष भन्ने छैन तिल प्रमाणले ॥३॥
शीतल भयो प्रभात समानले।
गगन समान निर्मल शुद्धले ॥४॥
परतन्त्र केही छैन शुद्ध स्वतन्त्र।
ज्ञान विकासको मूख्य मन्त्र ॥५॥
वाह्य अभ्यन्तर गुह्य अरूप।
तत्व स्वभावको दर्शन प्राप्त ॥६॥
रूप अनित्य अरूपको शून्य।
शुद्ध स्वभाव अहं भ्रम शून्य ॥७॥
कर्ताविना सम्पूर्ण तत्त्व स्वभाव।
ज्ञात महाऋषि बोधित्व प्रज्ञा ॥८॥



Downloaded from http://dhamma.digital

### भगवान्

असारे सार एकेव शात्यानन्द सुनिर्मल ।
अनित्य दु:खानाधीन नाम नास्ती अकिंचन ॥१॥
लिंगत्रय भाव नास्ती शुद्ध रूप अरूपता ।
अत्र तत्र नाम नास्ती सर्वत्र ब्याप्त शून्यता ॥२॥
नास्ती वर्ण निराकार शून्य स्पर्श असंभव ।
नस्कन्धं निरअहंकार निर्विकल्प अशंसय ॥३॥
प्रज्ञप्त नास्ती किंचापि असंज्ञा नाम शून्यता ।
संस्कारादि क्रिया नास्ती सर्व कर्म विवर्जित ॥४॥
निराधार निरातम्य शरण स्थान शून्यता ।
तथ्यता सर्वदा शून्य निश्चय भाव सत्यता ॥५॥
असीमानन्त सर्वत्र अखण्ड एक शून्यता ।
नैव रात्री नच दिवा न संध्या सम शून्यता ॥६॥
अधोऊर्द्ध मध्यनाम नास्ती निर्देश शून्यता ।
वाह्या भ्यन्तर किंचापि भूवन नास्ती शून्यता ॥७॥
अनिर्भिन शून्य रूप नोपयासक ख्येमता ।
भगवान शून्य रूपेच मात्र लक्षण मेवच ॥८॥
सत्य स्वभाव मात्रेक ज्ञाता बुद्ध तथागत ।
शुद्ध स्वतन्त्र भावेन महाप्रज्ञा सुभावित ॥९॥

## महाप्रज्ञाको शालिकको प्रस्ताव

यस प्रकारले बुझ्दाबुझ्दै अगाडि नै देखेको जस्तो सुनिरहँदा मार्ग फल प्राप्त भएको जस्तो उठेर जाने इच्छा नहुने, बुझ्ने गरी बताउने संसारमा उहाँ महाप्रज्ञा एकजना मात्रै देखें । त्यसैले नै उहाँ महाप्रज्ञा भन्ते अर्कन (बर्मा)काहरूले अरहन्त भनेको हुनुपर्छ । उहाँको भन्तेको शालिक यस ऋषि आश्रममा राख्न योग्य छ । जतिसुकै खर्च भए पनि उहाँको शालिक म राख्छु भनी दानबहादुर उपासकले श्रद्धा चित्त उत्पन्न गर्नुभयो । २०३३ सालको कार्तिक महिनादेखि नै कार्य आरम्भ भयो ।



Downloaded from http://dhamma.digital



देहावसान पश्चात् भिक्षुगणसँग



मलामीहरूको धूपबाट आफैं अग्नी प्रज्ज्वलित भएको

Downloaded from http://dhamma.digital

# महाप्रज्ञाको संक्षिप्त जीवनी

| | |
|---|---|
| जेठ, १९५८ | काठमाडौंको जैसीदेवलमा जन्म (घरको नाम नानीकाजी) |
| | माता : हेरामाया (ख्या:जु, थिमि) |
| | पिता : कुलनारायण नायोजु (ब्यासी, भक्तपुर) |
| १९७२-७६ | नाट्यकर्म (इन्द्रजात्रा नाटक लेखन, निर्देशन र अभिनय) |
| १९७७ | नारायणहिटीमा तालिम/राजा त्रिभुवनकहाँ जागिर (नाम : प्रेमबहादुर) |
| १९७९ | क्यांछा लामाको प्रवचनले धर्ममा श्रद्धा उत्पन्न |
| १९८१ | गृहत्याग गरी महायानी लामाअनुरुप प्रव्रजित (नाम : पल्देन श्यरब) |
| १९८२ | अन्य चार साथीहरुसहित नेपालबाट निष्काशन |
| १९८३ | तिब्बत यात्रा |
| १९८४ | थेरवादीअनुरुप प्रव्रजित (नाम : श्रामणेर महाप्रज्ञा) |
| १९८६ | उपसम्पदा : भिक्षु महाप्रज्ञा |
| १९९० | कर्मशील उपसम्पदा : प्रज्ञानन्द भिक्षु |
| १९९२ | शिष्य अमृतानन्द प्रव्रजित |
| १९९३ | भोजपुर (टक्सार)मा सर्वप्रथम थेरवादी विहार स्थापना |
| १९९६ | ललितविस्तर र अन्य स्वलिखित पुस्तक महाप्रज्ञा प्रेसबाट प्रकाशित |
| १९९८ | शुक्रासय र धातुको रोगबाट ग्रस्त |
| २००२ | चीवर त्याग गरी चिनिमायासँग दाम्पत्य जीवन |
| २००३ | पुत्री रत्नदेवीको जन्म (महाप्रज्ञा उपासक) |
| २००४ | पुत्र मदनकुमार जन्म (एम.पी. प्रधान) |
| २०१३ | च्वसापासाबाट 'साहित्यसुत्ता' उपाधि ग्रहण |
| २००५–२०१६ | परिवारको निम्ति घर र पसल प्रबन्ध (रेलिरोड, कालिम्पोङ) |
| २०१७ | पुन: दोस्रोपटक गृहस्थ धर्म त्याग (बौद्धर्षि महाप्रज्ञा) |
| २०१८ | २५ वर्षपछि दोस्रोपटक भोजपुर यात्रा |
| २०२१ | आत्मकथा लेखन प्रारम्भ |
| २०२२ | पाल्पा तानसेन |
| २०२४ | आत्मकथाको दोस्रो भाग लेखन |
| २०२५ | सुमंगल विहार, ललितपुरमा |
| २०२५ | गण महाविहार, काठमाडौंमा |
| २०२७ | धर्मचक्र आश्रम, बागबजारमा |
| २०३१ | ऋषि आश्रम, बागबजारमा |
| २०३३ | स्वमूर्ति निर्माण |
| २०३५ | देहावसान (निर्वाण) चैत्र ९ गते |

Downloaded from http://dhamma.digital